# ख्रीष्टियान विश्वासहरू

shepherds
GLOBAL CLASSROOM

Shepherds Global Classroom ख्रीष्टको शरीरलाई सुसज्जित गर्न विश्वभरका उदीयमान ख्रीष्टियन नेताहरूलाई पाठ्यक्रम प्रदान गरेर सेवा गर्छ। हामी प्रत्येक देशका आत्मिक प्रशिक्षकहरूको हातमा २०-पाठ्यक्रमको उपकरण राखेर स्वदेशी प्रशिक्षण कार्यक्रमहरूलाई गुणात्मक रूपमा बढाउन चाहन्छौं।

यो पुस्तक https://www.shepherdsglobal.org/courses मा निःशुल्क डाउनलोड गर्न उपलब्ध छ।

मुख्य लेखक: Dr. Stephen K. Gibson (डा. स्टिफन के. गिब्सन)

यो पाठ्यपुस्तकको लागि केही सामग्रीहरू ओहियो, सिन्सिनाटीमा रहेको गड्स बाइबल स्कूल एण्ड कलेजको शिक्षण मण्डलद्वारा लिखित *आइ बिलिभ* भन्ने पुस्तकबाट लिइएको थियो।

प्रतिलिपि अधिकार © २०२३ Shepherds Global Classroom

तेस्रो संस्करण अंग्रेजीबाट नेपालीमा अनुवाद गरिएको।

सर्वाधिकार सुरक्षित।

सबै अधिकार सुरक्षित।

तेस्रो-पक्ष सामग्री तिनीहरूको सम्बन्धित मालिकहरूको प्रतिलिपि अधिकार हो र विभिन्न अनुमतिपत्र अन्तर्गत साझेदारी गरिएको छ।

कतै इंगित नगरिएसम्म, नेपाली बाइबलका सबै पदहरू NNRV® Bible (पवित्र बाइबल, नेपाली न्यू रिभाइज्ड भर्जन®) बाट उद्धृत गरिएका छन्, प्रतिलिपि अधिकार © २०१२ नेपाल बाइबल सोसाइटी।

**अनुमतिसम्बन्धी सूचना:**

यो पुस्तकलाई निम्न दिशानिर्देशहरू अन्तर्गत मुद्रण र डिजिटल ढाँचाहरूमा स्वतन्त्र रूपमा वितरण गर्न सकिन्छ: (१) पुस्तकको सामग्रीलाई कुनै पनि रूपमा परिवर्तन गर्न सकिँदैन; (२) नाफाको लागि प्रतिलिपिहरू बेच्न सकिँदैन; (३) शैक्षिक संस्थाहरूले यो पुस्तक प्रयोग/प्रतिलिपि गर्न स्वतन्त्र छन्, चाहे उनीहरूले ट्युसन शुल्क लिऊन्; (४) Shepherds Global Classroom को अनुमति र पर्यवेक्षण बिना पुस्तकलाई अनुवाद गर्न सकिँदैन।

# विषयवस्तु

पाठ्यपुस्तकको समीक्षा ........ ५

(१) परमेश्वरको पुस्तक ........ ९

(२) परमेश्वरका गुणहरू ........ २३

(३) त्रिएकत्व ........ ३३

(४) मानव जाति ........ ४३

(५) पाप ........ ५३

(६) आत्मिक प्राणीहरू ........ ६३

(७) ख्रीष्ट ........ ७३

(८) मुक्ति ........ ८७

(९) मुक्तिका मुद्दाहरू ........ ९९

(१०) पवित्र आत्मा ........ ११३

(११) ख्रीष्टियान पवित्रता ........ १२५

(१२) मण्डली ........ १३७

(१३) अनन्त नियति ........ १४७

(१४) अन्तिम घटनाहरू ........ १५५

(१५) प्राचीन विश्वासका मतहरू ........ १६३

सिफारिस गरिएका स्रोतहरू ........ १७३

क्रियाकलापको रेकर्ड ........ १७७

# पाठ्यपुस्तकको समीक्षा

## पाठ्यपुस्तकको विवरण

यस पाठ्यपुस्तकले ख्रीष्टियन ईश्वरशास्त्रको प्रमुख वर्गिकरणहरू जस्तै: परमेश्वर, ख्रीष्ट, पाप, मुक्ति र अन्य मुख्य धर्मसिद्धान्तहरूको आधारभूत धर्मसिद्धान्तहरूको बुझाइ प्रदान गर्छ। विद्यार्थीहरूले धर्मसिद्धान्तका त्रुटीहरूबाट कसरी जोगिने भन्ने सिक्ने छन्। विद्यार्थीहरू अरूहरूलाई ख्रीष्टियन धर्मसिद्धान्त सिकाउन सुसज्जित हुनेछन्।

## पाठ्यपुस्तकको उद्देश्यहरू

(१) ख्रीष्टियन विश्वासको आधारभूत धर्मसिद्धान्तहरू सिक्ने।

(२) धर्मसिद्धान्तको लागि स्रोत र अख्तियारको रूपमा बाइबललाई ठीकसँग प्रयोग गर्ने।

(३) धर्मसिद्धान्तका महत्वपूर्ण त्रुटीहरूको पहिचान गर्ने।

(४) परमेश्वरसँगको हाम्रो सम्बन्धलाई प्रगाढ बनाउनमा मद्दत गर्ने बुझाइ प्राप्त गर्ने।

(५) अरूहरूलाई सिकाउन विषयवस्तु र संरचना प्राप्त गर्ने।

## कक्षाका अगुवाहरूका लागि निर्देशनहरू

यी निर्देशनहरूले उच्च गुणस्तरका साथ कसरी सिकाउन सकिन्छ भनेर बताउँछन्। कक्षाको अगुवाले Shepherds Global Classroom वा यसद्वारा सम्बन्धन प्राप्त निकायबाट प्रमाण-पत्र लिने विद्यार्थीहरूमा यस स्तरलाई कायम राख्नु पर्छ। यी अपेक्षाहरू पूरा गर्न नसक्ने अन्य समूहरूको हकमा, त्यसको शिक्षकले तिनीहरूकै क्षमता अनुसारको अपेक्षाहरू पूरा गर्न र अर्कै प्रमाण-पत्र दिन सक्छ।

हाम्रो अनुमान अनुसार एउटा पाठले ९० मिनट वा त्यो भन्दा बढी समय लिनेछ। प्रत्येक पाठको लागि समूहले दुई पटक भेट्नु राम्रो हुन्छ। यदि समूहले दुई पटक भेट्छ भने, केही निर्देशहरू पछ्याउनु पर्छ। उदाहरणको लागि दुवै पटक जाँच लिइने छैन।

प्रत्येक विद्यार्थीसँग यो किताबको एक प्रति हुनुपर्छ।

यस पाठ्य पुस्तकको अवधिभर पाठहरूका केही विशेष भागहरूका लागि कक्षाका अगुवाहरूलाई निर्देशनहरू सहितको नोट संलग्न छ। *तिनीहरूलाई छड्के पारिएको छ।*

कक्षाको सुरुवातमा अगिल्लो पाठको **जाँच** दिनुहोस्। प्रत्येक विद्यार्थीले कसैको सहायता बिना आफ्नो स्मरणबाट उत्तरहरू लेख्नु पर्छ। यदि कुनै विद्यार्थीले त्यो जाँच पास गर्न सक्दैन भने, तपाईंले उसलाई अर्को पटक फेरि प्रयास गर्ने मौका दिन सक्नुहुन्छ। (जाँचको समय: १० मि.) उत्तर-कुञ्जिका ShepherdsGlobal.org बाट डाउनलोड गर्न सकिन्छ।

जाँचपछि, अघिल्लो पाठको उद्देश्यका बुँदाहरूलाई पुनरावलोकन प्रश्नहरूका रूपमा प्रयोग गर्नुहोस्। प्रत्यक उद्देश्यका लागि प्रश्न सोध्नुहोस् र विद्यार्थीहरूलाई व्याख्या गर्न दिनुहोस्। (अनुमानित समय: १५ मिनेट)

दिइएको खण्ड विद्यार्थीलाई पढ्न लगाएर नयाँ पाठ शुरु गर्नुहोस्। उक्त खण्डले पाठको विषयवस्तु बारे के भन्छ त्यो विद्यार्थीहरूलाई छलफल गर्न दिनुहोस्। (अनुमानित समय: १० मिनेट)

हरेक भागलाई पढ्दै र व्याख्या गर्दै पाठको सामाग्रीलाई अध्ययन गर्नुहोस्। कक्षामा सहभागीहरूले पनि केही भागहरू सिकाउन सक्छन्। (अनुमानित समय: ४५ मिनेट)

पाठ्यक्रममा धेरै **धर्मशास्त्रका पदहरू** प्रयोग गरिएका छन्। कोष्ठक भित्र *पढ्नुहोस्* शब्दका साथ उल्लेखित पदहरूलाई ठूलो स्वरले वाचन गर्नुपर्नेछ। बाँकी धर्मशास्त्रका पदहरूले केवल समर्थन प्रदान गर्छन्। ती खण्डहरूलाई पढ्नु वा धर्मशास्त्रमा हेरिहाल्नु आवश्यक छैन।

**छलफलका लागि प्रश्नहरू** र **कक्षा भित्रका क्रियाकलाप** लाई वाण रूपको बुँदाहरूले प्रतिनिधि गरेका हुन्छन्। कहिलेकाहीँ छलफलका प्रश्नहरूले भागको परिचय दिँदछ; कहिलेकाहीँ यसले अध्ययन सकिएको भागको पुनरावलोकन दिँदछ। कक्षा अगुवाले प्रश्न सोधेर विद्यार्थीहरूलाई उत्तर छलफल गर्न समय दिन पर्नेछ। यदि त्यो प्रश्नले भागको परिचय गराउदै छ भने, पूर्ण उत्तरको पुरै व्याख्या गरिराख्न आवश्यक छैन।

पाठको अन्त्यमा **"विश्वासको सार"** लाई कक्षाले एकै साथ दुई पटक पढ्न पर्दछ।

हरेक पाठको अन्त्यमा विद्यार्थीहरूलाई प्रदान गरिने सूची बाट उनीहरुलाई एउटा धर्मशास्त्रको पद दिइन्छ। अर्को पाठ शुरु गर्न अघि, उनीहरूले पद पढेर त्यसले अघिल्लो पाठ बारे सिकाउने कुरोलाई एक अनुच्छेदमा लेख्न पर्दछ। अर्को कक्षामा उनीहरूले आफूले लेखेका अनुच्छेदलाई शिक्षक समक्ष प्रस्तुत गर्नु पर्नेछ।

यस पाठ्यक्रमको अवधिमा विद्यार्थीले कम्तीमा पनि तीन पटक कक्षाबाहिरका मानिसहरूलाई एउटा पाठ वा त्यसको केहि भाग सिकाउनुपर्नेछ। यसलाई मण्डलीमा, बाइबल अध्ययन समूहमा वा अन्य बन्दोवस्त मिलाएर गर्न सकिनेछ। हरेक पाठको अन्त्य तिर विद्यार्थीहरूलाई यस बारे पूर्ण जानकारी दिन पर्नेछ र उनीहरूले सिकाउने काम गरेमा रिपोर्ट बुझाउन अवसर दिन पर्नेछ।

कक्षाको अन्त्यमा, अर्को पाठको सामाग्री पढेर आउन विद्यार्थीहरूलाई याद दिलाउन पर्नेछ। (सूचना र गर्नुपर्ने कार्य लागि अन्दाजी समय: १० मिनेट)

यदि विद्यार्थीले प्रमाण पत्र **Shepherds Global Classroom वा यसद्वारा सम्बन्धन प्राप्त निकायबाट प्राप्त गर्न** चाहन्छन् भने, उसले कक्षामा सहभागिता जनाउन पर्नेछ र गर्नुपर्ने कार्य पूरा गर्न पर्नेछ। कक्षा छुटेको खण्डमा, विद्यार्थीले छुटेको पाठ अध्ययन गरेर जाँच र गर्नुपर्ने कार्य गर्न पर्नेछ। पाठ्यक्रमको अन्त्यमा पूरा गरिएका गर्नुपर्ने कार्य रेकर्ड गर्न फारम दिइनेछ।

## विद्यार्थीहरूलाई निर्देशन

कक्षा शुरु हुन अगाडि नै प्रत्येक पाठका लागि सामग्री पढेर आउनुपर्नेछ ताकि छलफलमा राम्रो बुझाइका साथ सहभागी हुन सकेको होस्।

प्रत्यक कक्षाको शुरुवातमा अघिल्लो पाठको जाँच लिन तैयार रहनु होस्। दिइएको जाँचका प्रश्नहरूलाई अध्ययन गर्नुहोस्।

बाइबल, पाठको छपाइ गरिएको प्रतिलिपि र आफ्नो नोट थप्नका लागि एउटा कलम सधैँ लिएर आउनुहोस्।

धर्मशास्त्रका संदर्भहरू खोज्न, छलफलका प्रश्नहरूको उत्तर दिन, र कक्षा अगुवाले निर्देशन गरेअनुसार सहभागी जनाउन तयारी हुनुहोस्।

हरेक पाठको अन्त्यमा तपाईंलाई एउटा धर्मशास्त्र पद तोकिनेछ। अर्को पाठ शुरु गर्न अघि, पद पढेर त्यसले अघिल्लो पाठ बारे सिकाउने कुरोलाई एक अनुच्छेदमा लेख्न पर्दछ। आफूले लेखेका अनुच्छेदलाई शिक्षक समक्ष प्रस्तुत गर्नु पर्नेछ।

यस पाठ्यक्रमको अवधिमा कम्तीमा पनि तीन पटक कक्षाबाहिरका मानिसहरूलाई एउटा पाठ वा त्यसको केहि भाग सिकाउनुपर्नेछ। यो सिकाइ मण्डलीको कक्षा, घरमा बाइबल अध्ययन समूह, वा अन्य कुनै ठाउँमा गर्न सकिनेछ। तपाईंले हरेक पल्ट कसैलाई सिकाउँदा कक्षा अगुवालाई रिपोर्ट गर्नुहोस्।

# पाठ १

# परमेश्वरको पुस्तक

## पाठका उद्देश्यहरू

(१) विद्यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- सामान्य र विशेष प्रकाशका अवधारणहरू।
- बाइबल परमेश्वरको वचन हो भन्ने प्रमाण।
- धर्मशास्त्रको प्रेरणा।
- किन धर्मशास्त्रको प्रेरणाले यो त्रुटिरहित छ भनेर संकेत गर्छ?
- शब्दावली *प्रेरणादायिक*, *अचुक*, र *त्रुटीरहीत।*
- किन बाइबल पूर्ण छ र यसमा नयाँ थप्न सकिंदैन?
- कसरी धर्मसिद्धान्तका लागि बाइबल प्राथमिक स्रोत र अन्तिम अख्तियार हो?
- दैनिक ख्रीष्टियान जीवनका लागि कसरी बाइबल महत्वपूर्ण छ?
- बाइबलबारे ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) गलत अख्तियारलाई सुन्ने वा सीमित उद्देश्यका साथ बाइबल पढ्ने कुराबाट विद्यार्थी जोगिने छन्।

## परिचय

*कक्षा अगुवाको लागि नोटः सामान्यता सत्रको सुरुवात अघिल्लो पाठको जाँच र उद्देश्यहरूको पुनरावलोकनबाट हुँदछ। तर यो नै पहिलो पाठ भएको हुनाले, तल दिइएको धर्मशास्त्रको खण्डलाई पढ्नुहोस्।*

► भजनसंग्रह ११९:१-१६ सबैले एक साथ पढ्नुहोस्। यस खण्डले बाइबलको विषयमा के बताउँदछ ?

संसारको सृष्टिकर्ता, परमेश्वरले बोल्नुभएको छ। उहाँले आफैंलाई र यस सृष्टिको उद्देश्यलाई प्रकट गर्नुभएको छ। परमेश्वरले हामीलाई प्रकट गर्नुभएको सत्यतालाई प्रकाश भनिन्छ। बाइबलमा 'प्रकाश' नामक पुस्तक छ, तर *प्रकाश* शब्द परमेश्वरले प्रकट गराउनुभएको सबै सत्यतालाई बुझाउन पनि प्रयोग गर्न सकिन्छ।

► परमेश्वरले सत्यतालाई हामी समक्ष प्रकट गराउनुभएको केही माध्यमहरू के-के हुन्?

## प्रकाशका केही माध्यमहरू

किनकि परमेश्वरले सत्यतालाई विभिन्न प्रकारले प्रकट गर्नुभएको छ, हामी दुई वर्गीकरणबारे छलफल गर्नेछौं: सामान्य प्रकाश र विशेष प्रकाश।

### सामान्य प्रकाश

**परमेश्वरले आफ्नो सृष्टिद्वारा आफू लाई जसरी प्रकट गराउनुभ एको छ त्यसैलाई सामान्य प्रकाश भनि न्ृछ।।** हामीले उहाँको आश्चर्यजनक बौद्धिकता र शक्तिलाई यस ब्रह्माण्डको डिजाइनबाट देख्न सक्छौं।

परमेश्वरको उच्चस्तरीय सृष्टि मानव जाति हुन्। मानव जातिको डिजाइन अवलोकन गरेर पनि हामीले उहाँको बारे केही जान्न सक्छौं। हामीले तर्क गर्न सक्ने क्षमता, सुन्दरतालाई कदर गर्ने र (सिद्धताका साथ नभए पनि) सहि अनि गलत बीच फरक छुट्याउन सक्ने क्षमताले यहि देखाउँदछ कि उहाँमा पनि यी गुणहरू उच्चस्तरीय चरणमा निहित भएको हुन पर्दछ। हामीलाई यो थाहा छ कि परमेश्वर पनि सोच्न र संचार गर्न सक्नुहुन्छ किनभने हामीसँग ती गुणाहरू छन्।

सामान्य प्रकाशले परमेश्वर बोल्न सक्नुहुन्छ भन्ने देखाएकोले, हामीले महसुस गर्न सक्छौं कि विशेष प्रकाश हुन सम्भव छ। परमेश्वर बोल्न सक्ने हुनुभएकोले, उहाँबाट सन्देश र पुस्तक समेत आउन सम्भव छ।

> "व्यवस्था प्रचार नगर्नेले सुसमाचार प्रचार गर्न सक्छ भनी म विश्वास गर्दिनँ। व्यवस्थालाई नजरअन्दाज गर्नु भनेको मानिसले आफ्नो गल्ती देख्ने ज्योतिलाई मधुरो बनाउनु हो।"
> चार्ल्स स्पर्जन

सामान्य प्रकाश मार्फत मानिसहरूले त्यहाँ परमेश्वर हुनुहुन्छ, उहाँको आज्ञाकारी हुनु पर्छ, र उनीहरूले पहिले बाटै अनाज्ञाकारी भइसके भनेर जान्न सक्छन्। (रोमी १:२०-२१ पढ्नुहोस्) तर सामान्य प्रकाशले उहाँको सम्बन्धमा कसरी सही प्रकारले आउने भन्ने बारे बताउँदैन। सामान्य प्रकाशले विशेष प्रकाशको आवश्यकताबारे देखाउँदछ किनकि यसले मानिस पापी छन् र सृष्टिकर्ता सामु बहानारहित छन् भन्ने तथ्य देखाउँदछ, यद्यपि समाधान चाहिँ दिंदैन।

### विशेष प्रकाश

**अभिप्रेरित वचन र उहाँको पुत्र येशु मार्फत परमेश्वरले विशेष प्रकाश दिनुभएको छ।** सामान्य प्रकाशले हामी पतित र दोषी छौं भन्ने जुन स्थिति हाम्रो देखाउँछ त्यसको व्याख्या चाहिँ विशेष प्रकाशले गर्छ। विशेष प्रकाशले उहाँलाई व्याख्या गर्छ, पाप र पतनको वर्णन गर्दछ र उहाँसित फेरि सम्बन्धमा जोडिनका लागि मार्ग प्रकट गराउँदछ।

कल्पना गर्नुहोस् कि बाइबलको अस्तित्व छ भन्ने कुरो तपाईंलाई थाहा थिएन। त्यहाँ परमेश्‍वर हुनुहुन्छ भन्ने कुरो तपाईंलाई महसुस भयो। तपाईंलाई थाहा भयो कि उहाँसित तपाईंको सम्बन्धमा समस्या छ। मृत्युपछि के हुनेछ तपाईंलाई थाहा छैन। आफ्नो जीवनको उद्देश्य तपाईंलाई थाहा छैन। उहाँसम्म कसरी पुग्ने भनेर थाहा छैन।

अनि कल्पना गर्नुहोस् कि कसैले तपाईंलाई एउटा पुस्तक देखाएर त्यो उहाँबाट उत्तरहरूको रूपमा आएको हो भनी भन्दछ। के तपाईं कल्पना गर्न सक्नुहुन्छ कि त्यो पुस्तक कत्तिको मुल्यवान होला?

## बाइबलको दाबी

► आफ्नै बारे बाइबलको कस्तो दाबी रहेको छ? बाइबलबाट त्यस्ता भनाइहरूका केही उदाहरणहरू दिनुहोस् जसले यो परमेश्‍वरबाट आएको हो भन्ने दाबीलाई देखाउँछ।

आफ्नो विषयमा बाइबलले गर्ने दाबीलाई हेरौं। त्यसपछि, हामी बाइबल सत्त छ भन्ने प्रमाणलाई हेर्ने छौं। बाइबलले आफैलाई परमेश्‍वरको वचन हो। भनेर दाबी गर्दछ। पुरानो करारमा उहाँबाट आएका ३००० भन्दा बढी संदेशहरू छन् जुन "परमप्रभु भन्नुहुन्छ..." [1] भनेर इंगित गरिएको पाइन्छ। येशू आफैंले पनि पुरानो करारलाई परमेश्‍वरको प्रेरणा पाएको वचन भनी मानिलिनु भएको छ। (मत्ती ५:१७-१८; यूहन्ना १०:३५; मर्कूस १२:३६ पढ्नुहोस्) नयाँ करारका लेखकहरुले पनि पुरानो करारलाई परमेश्‍वरबाट हो भनी मानिलिएका छन्। (प्रेरित ३:१८; २ तिमोथी ३:१६; २ पत्रुस १:२०-२१ पढ्नुहोस्) ती लेखकहरूले नयाँ करार पनि परमेश्‍वर द्वारा प्रेरणा प्राप्त हो भन्ने कुरा स्वीकार गरेका छन्। (१ कोरिन्थी १४:३७; २ पत्रुस ३:१६ पढ्नुहोस्)

> "व्यवस्थाले रोग पत्ता लगाउँछ; सुसमाचारले समाधान प्रदान गर्दछ।"
> मार्टिन लुथर

यदि कसैले बाइबलको आफ्नै दाबीलाई स्वीकार्दैन भने उसले प्रमाणहरूलाई हेर्नु पर्नेछ। फेरी कल्पना गर्नुहोस् कि तपाईंलाई बाइबलबारे थाहा थिएन। तपाईंलाई थाहा छ कि उहाँ एक व्यक्ति हुनुहुन्छ जो चाहिएको खण्डमा बोल्न सक्षम हुनुहुन्छ। यसकारण तपाईं जान्न सक्नुहुन्छ कि उहाँबाट पुस्तक पनि सम्भव छ। अनि कसैले तपाईंलाई एउटा पुस्तक देखाएर त्यो परमेश्‍वरबाट हो भनी भन्दछ।

► बाइबल साँच्चै नै परमेश्‍वरको वचन हो भनी तपाईं कसरी निश्चित हुन सक्नुहुन्छ? तपाईंको कस्तो अपेक्षा हुन सक्ला?

[1] उदाहरणका लागि, गन्ती ३४:१; गन्ती ३५:१, ९ हेर्नुहोस्।

जब संसारमा कतै पनि सुसमाचार प्रचार गरिन्छ, मानिसहरूले सत्यताको एक भित्रि अनुभव गरेका छन्। जब उनीहरूले सुसमाचार विश्वास र ग्रहण गर्छन्, तब परमेश्वरको क्षमा र जीवन परिवर्तन अनुभव गर्दछन्। अधिकांश मानिसहरूका लागि बाइबलमाथि विश्वास गर्ने पहिलो कारण यहि रहेको पाइन्छ। (१ थेस्लोनिकी १:५ पढ्नुहोस्)

अनि जो उहाँसित सम्बन्धमा छन्, समझ र विश्वस्तता सहित उहाँको आत्माले वचन द्वारा बोल्नुहुन्छ। बाइबललाई जसरी पवित्र आत्माले प्रयोग गर्नुहुन्छ, यसै बाट सिद्ध हुन्छ कि यो परमेश्वरको वचन हो। (एफिसी ६:१७ पढ्नुहोस्)

जब हामी परमेश्वर सितको सम्बन्धमा यात्रा गर्छौ, हामीले जान्न सक्छौं कि बाइबलले उहाँको प्रवृत्ति र हामे सित गर्नुहुने काम बारे स्पस्ट बताउँदछ। उहाँ सित सम्बन्ध शुरु गर्ने र उहाँ सित लागिरहने मार्ग बाइबलले देखाउदछ। बाइबल उहाँको वचन हो भन्ने प्रमाण यहि हो। (भजनसंग्रह ११९:१-२ पढ्नुहोस्)

तर आफ्नै आत्मिकी अनुभव बाहेकको अरू प्रमाण चाहिएमा के गर्ने त? किनकि अन्य धर्महरूमा पनि आत्मिकी अनुभवहरू अवश्य छन् तर ती सत्यतामा आधारित हुँदैनन्। कसरी जान्ने कि हाम्रो अनुभव चाहिं सत्यतामा आधारित छन्?

► आफूले बोल्ने कुरामा के बाइबल सहि छ भन्नका लागि प्रमाण छन्?

१५०० वर्षको अवधिमा ४० जना भन्दा बढी लेखकहरू द्वारा बाइबल लेखिएको थियो जसले खासै एक अर्कालाई चिन्दैन थिए र सम्बन्धित पनि थिएनन्। त्यस्तो पुस्तकबाट हामीले कस्तो अपेक्षा राख्छौं होला? हामीले पक्का पनि सोच्न सकौंला कि त्यस्तो पुस्तकमा निकै गल्ती र बिरोधावासहरू हुनेछन्। तर बाइबल बारे यी तथ्यलाई मध्यनजर गर्नुहोस्। बाइबलमा भएका हजारौं भौगोलिक स्थानहरू पत्ता लागिएका छन्; हजारौ ऐतिहासिक घटनाहरू र व्यक्तिहरू बारे इतिहासमा पुष्टि भएका छन्; कुनै पनि अनुसन्धानले बाइबलका खण्डहरूलाई काटेको पाइदैन; र बाइबल कहिल्यै आफैं सित बिरोधावास भएको विवरण छैन। यस्तो तथ्य अन्य कुनै पुस्तककामा पाइँदैन। प्रमाणहरूले बाइबलको दाबीलाई पुष्टिकरण गर्दछ।

हामीले ६ बुँदाहरूमा बाइबलको प्रेरणाको दाबीलाई सारांशमा देखाउन सक्छौं। हामीलाई थाहा छ कि बाइबल साच्चै नै परमेश्वरको वचन हो किनकि:

- हजारौं बाइबलीय तथ्यहरू पुष्टि भएका छन्।
- बाइबलको कुनै पनि भनाइलाई अस्वीकार गरिएको छैन।
- बाइबल आफैं मा विरोधाभास छैन।
- सुसमाचार यसको प्रभावहरूद्वारा प्रमाणित छ।
- परमेश्वरको आत्मा बाइबल मार्फ त बोल्नुहुन्छ।
- बाइबलले परमेश्वरसँगको हाम्रो सम्बन्धलाई मार्गदर्शन दिन्छ।

## प्रेरणाको परिभाषा

► बाइबल अभिप्रेरित छ भन्नाले हामी के बुझ्दछौं?

परमेश्वरले आफैलाई प्रकट गराउनुभएको र त्यो प्रकटीकरणलाई लिखित रूपमा दिनुभएको अलौकिक कार्य नै प्रेरणा हो। बाइबल चाहिँ त्यस प्रेरणाको अन्तिम फल हो। कुनै अन्य पुस्तकमा बाइबलको जस्तो प्रेरणा छैन। **बाइबलको प्रेरणाको अर्थ यही हो कि यो पूर्ण रूपले परमेश्वरको वचन हो, यसमा प्रयोग भएका प्रत्यक शब्दहरू सहित।**

कहिलेकाहीँ मानिसहरू सित महान विचारहरू हुँदा उनीहरूले आफूले प्रेरणा पाएको अनुभूत गर्दछन् तर जब बाइबलले आफैंलाई परमेश्वरबाट प्रेरित भनि घोषणा गर्छ त्यो अझै आम मानिसको विचार भन्दा महान हो।

> सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ,। (२ तिमोथी ३:१६)

यद्यपि धर्मशास्त्र मानवीय कलमद्वारा लेखिए, यस पदको भाव यो छ कि बाइबल परमेश्वरबाट आएको हो। यसकारण सिद्धान्तका लागि यो विश्वसनीय छ। मानिसले गर्ने भन्दा पनि यो अझै उत्कृष्ट छ।

> सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा **पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्**। (२ पत्रुस १:२०-२१)

२ पत्रुसको यी वचनले यहि बोध गराउँदछ कि लेखकहरूमा पवित्र आत्माको प्रेरणा थियो। बाइबलका लेखकहरूको शुद्धता उनीहरूको आफ्नै ज्ञानमा निर्भर थिएन। उनीहरूलाई पवित्र आत्माले नै परिचालन गर्नुभएको हुनाले उनीहरूको लेखको विश्वसनीयता परमेश्वरमै निर्भर थियो भनी देखाउँदछ। परमेश्वर जत्ति विश्वासनीय हुनुहुन्छ बाइबल पनि त्यत्ति नै विश्वासनीय छ।

## प्रेरणा कस्तो खाले थियो?

► आफूले लेख्न अघि बाइबलका लेखकहरूले परमेश्वरबाट प्राप्त गरेको सत्यताका माध्यमहरू के-के थिए?

कहिलेकाहीँ मानिसहरू अचम्मित पर्दछन् कि प्रेरणाले कसरी काम गऱ्यो। कसरी परमेश्वरले आफ्ना सत्यतालाई संचार गर्नुभयो र पक्का गर्नुभयो कि ती विश्वासयोग्य तवरले दस्तावेज गरिए? हामीले जान्नै पर्ने पहिलो तथ्य यो छ कि परमेश्वरको प्रकाशका विविध रूपहरू थिए। उहाँ केवल एक मात्रै तरिकामा सीमित हुनुहुन्न। (हिब्रू १:१ पढ्नुहोस्)

कहिलेकाहीँ मोशालाई झैं परमेश्वरले सुन्न सकिने आवाजमा बोल्नुभयो (प्रस्थान ३३:११)। अरु समयमा उहाँले सपना वा दर्शन दिनुभयो र लेखकहरूले ती वर्णन गरे।[2] परमेश्वरबाट सिधै आएको खण्ड सायद इस्राएल सित गरिएको करार थियो जुन उहाँकै औंलाद्वारा लेखिएका थिए (व्यवस्था ९:१०)। प्रस्थान, लेवी र गन्तीहरूमा भएका मुख्य खण्डहरू जस्ता धर्मशास्त्रका अरू भागहरूमा "परमप्रभु मोशा सित बोल्नुभयो..." भन्ने माध्यम पाउन सकिन्छ।

प्रेरणाको अर्थ परमेश्वरले लेखक सित सुन्न सकिने आवाजमा बोल्नुभयो भन्ने होइन। लेखकहरूका लेखहरूमा स्पष्ट रुपले नै लेखन शैली र चरित्रमा फरकपन पाउन सकिन्छ। उदाहरणका लागि, पत्रुसको भन्दा पावलको शैली धेरै फरक छ। प्रेरणा सम्बन्धी हाम्रो धारणाले परमेश्वरले प्रयोग गर्नुभएको लेखकहरूको चरित्र, शब्दावली, लेखन शैली, शिक्षा र ऐतिहासिक अनुसन्धानलाई पहिचान गर्दछ।

तर प्रेरणाको सही अवधारणा चाहिँ यो हो कि परमेश्वरले एक व्यक्तिलाई पूर्ण तवरले प्रयोग गर्नुभयो, आफ्नो ईश्वरीय सत्यता उल्लेख गर्न उसको कल्पना र चरित्रलाई प्रयोग गरेर अनि लेखन शैलीमा समेत शुद्धता प्रदान गर्न निरीक्षण गर्नुभयो।

कोही यस्तो पनि विचार गर्नेहरू छन् कि सायद परमेश्वरले आफूलाई व्यक्त गर्न आफ्ना विचारहरू मात्रै दिनुभयो अनि मानवीय लेखकहरूले ती कुरालाई सकभर बुझ्ने शैलीमा लेख्ने प्रयत्न गरे जसका कारण मानवीय त्रुटीहरू रहन गयो। तर यो अवधारणा आफैँ पनि प्रेरणा सम्बन्धी बाइबलको दाबीसित कदापि मेल खाँदैन। बाइबलले लेखकहरू पवित्र आत्मा द्वारा दोहोऱ्याइएका थिए भनि स्पष्टीकरण दिँदछ जसकारण हामीले जान्न सक्छौं कि उनीहरूलाई आफ्नो त्रुटीको छाप छोड्ने कुनै मौका थिएन।

परमेश्वरले भूल गर्न हुन्न र बाइबल उहाँको वचन भएको कारण कुनै पनि गलत कुरा सिकाउँदैन (हितोपदेश ३०:५ पढ्नुहोस्)। परमेश्वरले आफैँलाई बाइबलका इतिहासमा प्रकट गराउनु भएको हुनाले, बाइबलमा भएका यी विवरणहरू विश्वासयोग्यको हुनै पर्छ ताकि हामी सित उहाँको भरपर्दो प्रकाश रहेको होस्। त्यसकारण, प्रेरणाको बाइबलीय व्याख्याका कारण हामी जान्दछौ कि उहाँले नै लेख्ने प्रक्रियालाई डोऱ्याउनुभयो ताकि ती पूर्ण सिद्ध होस्।

## बाइबलको पूर्ण सिद्धतालाई प्रतिरक्षा गर्ने शब्दावलीहरू

### अभिप्रेरित

बाइबल अभिप्रेरित छ पूर्णतया परमेश्वरको वचन हो, प्रयोग गरिएका हरेक शब्दहरू पनि। यो शब्द शुरुमा आफैंमा बाइबलको पूर्ण विश्वसनीयता र सिद्धता जनाउनका लागि काफी थियो तर आज केही मानिसहरू जसले बाइबलको

[2] दर्शनद्वारा प्रकाशको उदाहरणका लागि दानिएल ७ र ८ अनि प्रकाशको पुस्तकका धेरै खण्डहरू हेर्नुहोला।

प्रेरणालाई विश्वास त गर्छन् तर पूर्ण सिद्ध छ भने इन्कार गर्दछन्। त्यसैले प्रेरणाका केही आवश्यक पक्षहरूलाई प्रतिरक्षा गर्न यी शब्दावलीहरू प्रयोगमा ल्याइएका छन्।

**अचुक**

यस शब्दावलीको अर्थ हुन्छ "चुक्न सक्दैन"। यसको अर्थ बाइबल भरोसामय छ र कहिल्यै हामीलाई गलत निर्देशन गर्दैन। धर्मसिद्धान्तमा मात्रै होइन तर हरेक वाक्यांशमा बाइबल अचुक छ।

**त्रुटीरहित**

यस शब्दको अर्थ हुन्छ "त्रुटी बिनाको"। बाइबल आफ्नो हरेक कुरामा भूलरहीत छ। परमेश्वर कहिल्यै झूटो नबोल्ने र भूल नगर्ने भएको कारण (तितस १:२ पढ्नुहोस्) र बाइबल उहाँको वचन भएको कारण, हामी निश्चित हुन् सक्छौं कि यो भूलरहित छ। लेखन कार्यमा मानवीय साधनको प्रयोग भएको कारण यदि कसैले बाइबलमा भूलहरू हुन सक्छ भन्छन् भने उसले २ पत्रुस १:२१ मा प्रेरणाको विवरणलाई भुल्दैछ जसले स्पष्ट बताउँदछ कि लेखकहरू पवित्र आत्माद्वारा परिचालित थिए। प्रेरणाको बाइबलीय र ऐतिहासिक अवधारणा यो छ कि सम्पूर्ण बाइबल प्रेरणादायिक हो, हरेक शब्द अनि त्यसकारण भूलरहित छ। (मत्ती ५:१८ पढ्नुहोस्)

**प्रतिलिपिका लागि नक्कल गर्ने क्रममा भएका भूलहरू बारे नि?**

छपाई यन्त्रको आविष्कार अगाडि बाइबल सहित सबै दस्तावेजहरूका प्रतिलिपि हातद्वारा नै बनाइन्थ्यो। पावल, यशैया वा मोशाद्वारा लेखिएका सक्कली दस्तावेजहरू हामीसित छैनन्। ग्रीक र हिब्रूमा भएका हजारौ प्राचीन हस्तलिखित प्रतिलिपिहरूमा केही फरकपन पाउन सकिन्छ र हामीले यकिनका साथ जान्न सक्दैनौ कि शुरुका शब्दहरू के थिए। तर, यी फरकपन आफैँमा यति न्यून छन् कि सिद्धान्तलाई भने असर पार्दैनन्। सक्कली लेखहरू भूलरहित भएको कारण र प्रतिलिपिहरूमा एकदम न्यून फरकपन भएको कारण बाइबल विश्वासयोग्य नै छ भनी हामी जान्न सक्छौँ।

► हस्त-लेखनद्वारा धेरै पल्ट प्रतिलिपि बनाइएको खण्डमा पनि कसरी बाइबल सिद्ध छ भनी जान्न सक्छौं?

► बाइबलमा भूलहरू छन् भनी केही मानिसहरूले सोच्नुको कारण के होला?

**बाइबलमा भूलहरू छन् भनी किन केही मानिसहरू सोच्दछन्?**

कहिलेकाहीँ बाइबलमा भूलहरू छन् भनि केहि मानिसहरू दाबी गर्छन्। यसको कारण बाइबलको प्रवृत्तिलाई नबुझेर हो।

बाइबलले सामान्य मानवीय भाषाको प्रयोग गरेको छ। उदाहरणका लागि, त्यहाँ सूर्य आकासमा हिँडेको उल्लेख गरिएको पद छ। वैज्ञानिक अन्वेषणका अनुसार त सूर्य वरपर पृथ्वी घुम्छ तर पनि वैज्ञानिकहरू आफैं सुर्यदय र सुर्यास्त जस्ता भाषा प्रयोग गर्दछन्। उनीहरूले जस्तो देखे त्यस्तै वर्णन गरे।

त्यहाँ कवितात्मक वाक्यांशहरू पनि पाइन्छन् जस्तै "पहाड़हरू भेड़ाहरूझैं उफ्रन लागे, डाँड़ाहरू भेड़ाका पाठाहरूझैं कुद्न लागे।" (भजनसंग्रह ११४:४) वा "सारा रूखहरूले ताली बजाउनेछन्।" (यशैया ५५:१२) तर यी साहित्यका भाषाहरू हुन् जसलाई हुबहु अर्थमा लिने होइन।

कहिलेकाहीं लेखकहरूले अन्य व्यक्तिहरूलाई उद्धृत गरे जो प्रेरित थिएनन्। (उदाहरणका लागि, अय्युबका मित्रहरूका कुराकानी उल्लेखित गरिएका छन् यद्यपि परमेश्वरले भन्नुभयो कि उनीहरूले सहि कुरो गरेनन्। (अय्युब ४२:७)

तर यी कुनै पनि कुरा प्रेरणाको सिद्धान्तको लागि समस्या होइन। लेखन प्रक्रियालाई परमेश्वरले निर्देशित गर्नुभयो ताकि अन्तिम फल उहाँको वचन भएको होस्।

कहिलेकाहीं बाइबलमा विरोधाभास छन् भनि मानिसहरू आलोचना गर्दछन् तर उनीहरूले ती विवरणलाई अझै नजिकबाट नियाल्न आवश्यक देखिन्छ। उदाहरणका लागि, मर्कूस ५:१-२ र लूका ८:२६-२७ ले येशूद्वारा निको पारिएको भुतात्मा लागेको मानिसबारे विवरण दिन्छ। मत्ति ८:२८ ले दुई जना भुतात्मा लागेको मानिसहरू बारे विवरण दिंदछ। तर यो बिरोधावास होइन। लूका र मर्कूसले त्यहाँ केवल एकै मात्र मानिस थियो भनेका होइनन्। उनीहरूले एक यस्तो मात्र मानिसलाई जोड दिए जसको त्यस क्षेत्रमा इतिहास थियो। बाइबलमा यस्ता विरोधाभास जस्ता लाग्ने विवरण देखा परेमा तत्काल निष्कर्षमा लाग्न अगाडि केही समय लिएर सन्दर्भलाई ध्यान दिनु आवश्यक छ।

## ख्रीष्टियानको लागि बाइबल

► बाइबललाई ख्रीष्टियानले प्रयोग गर्न सक्ने केही तरिकाहरू कस्तो होलान्?

बाइबलले परमेश्वरको नियम दिँदछ। नियम वा व्यवस्था मानेर हाम्रो उद्दार हुँदैन तर व्यवस्थाले निश्चय नै हामी कसरी जिएको उहाँ चाहनुहुन्छ भन्ने कुरो सिकाउँदछ। उहाँको व्यवस्थाले उहाँको स्वभाव देखाउँछ। हामीले उहाँको व्यवस्थालाई पालना गर्नुपर्छ किनकि हामी उहाँ जस्तै हुन चाहन्छौं। उहाँलाई हामी प्रेम गर्छौं त्यसैले उहाँको व्यवस्थालाई पनि प्रेम गर्छौं। भजन संग्रह ११९ ले देखाउँदछ कि कसरी उहाँका आराधकहरू उहाँको व्यवस्थामा हर्षित हुन्छन्। जसले उहाँलाई प्रेम गर्छ, उसले आफ्नो हृदयलाई उहाँकै इच्छा अनुसार चल्न र परिवर्तन हुनका निम्ति उहाँ सित प्रार्थना पनि गर्दछ। उहाँलाई प्रेम गर्नेले उहाँलाई प्रसन्न तुल्याउने कुरामा सरोकार नराख्नु असम्भव छ।

परमेश्वरको वचन ज्योति हो। प्रेरित पत्रुस सिकाउँदछन् कि यो संसार आत्मिकी अन्धकारमा छ र उहाँको वचन हामीलाई सही मार्ग देखाउन ज्योति हो। (२ पत्रुस १:१९-२१ पढ्नुहोस्; भजन संग्रह ११९:१०५ पनि हेर्नुहोस्) एक

व्यक्तिले कहिल्यै पनि उहाँको वचन विरुद्ध हुने अवधारणा वा भावनालाई शिरोपर गर्नु हुँदैन। पवित्र आत्माले कहिल्यै पनि एक व्यक्तिलाई बाइबलले गलत भन्नु भएको कुरा गर्न अगुवाइ गर्नुहुन्न।

परमेश्वरको वचन हाम्रो लागि आत्मिकी भोजन हो। राम्रो भोक स्वास्थ्यको चिह्न हो र एक ख्रीष्टियानले दुधे बालकले झैं उहाँको वचनको तृष्णा गर्दछ। (१ पत्रुस २:२) जब एक ख्रीष्टियान परिपक्क्व हुँदै जान्छ, उसले परमेश्वरको सत्यता अझै बुझ्न र पचाउन सक्षम बन्दै जान्छ जसरी एक बालक खाना खान सिक्दछ (१ कोरिन्थी ३:२)। एक ख्रीष्टियानले आफैंलाई परमेश्वरको वचनले सधैं खुवाउनु पर्छ।

> "आजको हाम्रो संस्कृतिले विश्वास गर्ने दुई ठूला झूट भनेको हामी असल मानिस हौं र परमेश्वर प्रेमिलो हुनुभएको कारण उहाँले पापलाई दण्ड दिनुहुन्न भन्ने हो"
>
> फ्रान्सिस च्यान

शैतान बिरुद्ध बाइबल हाम्रो प्रतिरक्षा हो। हामीलाई आत्मिकी कवचले आफैंलाई तैयारी राख्न वचनले आज्ञा दिंदछ। पवित्र आत्माले दिनुहुने तरवार परमेश्वरको वचन हो (एफिसी ६:१७)। शैतानको परीक्षालाई येशूले धर्म शास्त्र बाटै उत्तर दिनुभयो (मत्ति ४:३-४)।

परमेश्वरको वचन सत्य छ जसले हाम्रो प्रतिक्रियाको माग गर्दछ। येशूले यसलाई रोपिएको बीउसित तुलना गर्नुभयो (लूका ८:११-१५)। केही बीउहरूले राम्रोसँग उम्रिएनन् किनभने जमिन तयार गरिएको थिएन। हामीले बाइबल पढ़दाखेरि, परमेश्वरले उहाँका वचनद्वारा हाम्रो जीवनमा फल फलाऊनु भएको होस् भनेर यसको सत्यताप्रति प्रतिक्रिया दिन र प्रार्थना गर्न जरुरी छ कि।

## किनकि बाइबल परमेश्वरको वचन हो ...

किनकि बाइबल परमेश्वरको वचन हो ...

- यो कहिल्यै पुरानो वा असान्दर्भिक हुनेछैन। यो सबै समयका सबै ठाँउ र मानिसहरूका लागि हो।
- परमेश्वरको इच्छा जान्न यो एक निर्देशन पुस्तक हो किनकि उहाँ आफैंसित कहिल्यै विरोधाभास हुनुहुन्न न त आफ्नो मन बदल्नुहुन्छ।
- हाम्रो जीवनलाई फलदायक तुल्याउन यो हाम्रो निम्ति एक निर्देशन हो किनकि उहाँ जो हाम्रो सृष्टिकर्ता हुनुहुन्छ, उहाँले हामीलाई मार्ग निर्देशकको रूपमा दिनुभयो।
- उद्धार पाउन र परमेश्वर सितको सम्बन्धमा हिँड्नका लागि यसमा सबै जान्न पर्ने कुराहरू छन्।

यद्यपि हामी पास्टर र मण्डलीको रीतिहरूबाट सिक्दछौं, बाइबल विपरीत कुनै पनि अवधारणा अस्वीकार्य हुनेछ किनकि यहि नै हाम्रो अन्तिम अधिकार हो।

पवित्र आत्माले परमेश्वरको वचनलाई हाम्रो समझको खातिर स्पष्टीकरण गर्नुहुन्छ र त्यसलाई पालना गर्न अगुवाइ गर्नुहुन्छ।

► परमेश्वर अझै पनि बोल्नुहुन्छ, तर के हामीले अपेक्षा राख्न सक्छौं कि बाइबलमा केही थप्न अझै आवश्यक छ?

## के बाइबल पूर्ण छ?

प्रेरितहरू पछिको समयदेखि मण्डलीले बाइबललाई एक पूर्ण शास्त्रको रूपमा मान्यता दिइसकेको देखिन्छ। मण्डलीले लापरवाही रूपमा कुनै पुस्तक वा लेखहरूलाई धर्म शास्त्रको दर्जा दिएनन् बरु उनीहरूले केही पत्रहरू परमेश्वरद्वारा प्रेरणा पाएको पहिचान गरे र शास्त्रीय अधिकार स्थापना गरे। धर्मशास्त्र भनी पहिचान गरिएका पत्रहरूले ती योग्यता पूरा गरे जुन अन्य पछिका पत्रहरूले गर्न सकेनन्।

धर्मशास्त्रको रूपमा इस्राएलद्वारा सुरक्षित पारिएका पुरानो करारका लेखहरू मण्डलीले संरक्षण गरेर राखे। पछि, नयाँ करारका पुस्तकहरू उल्लेखित योग्यताका कारण धर्मशास्त्रको रूपमा पहिचान पाए:

- प्रेरितहकरूसित ऐतिहासिक संगालो
- स्व-आधिकारिक गुण
- सर्वसम्मत मण्डलीको स्वीकृति
- पुरानो करारको आदरपूर्वक प्रयोग
- झूटा शिक्षाहरू विरुद्ध लाभदायिक

परमेश्वर आज पनि बोल्नुहुन्छ, तर के अहिले बाइबलमा केही थप्न सकिन्छ र? मूल धर्मशास्त्रमा राखिन योग्य हुन अब कुनै पनि नयाँ लेखहरूले योग्यता पूरा गर्नु असम्भव छ। उदाहरणका लागि, कुनै पनि नयाँ लेखहरू प्रेरितकहरूसित जोड्न सकिंदैन किनकि उहाँहरू हामी माझ आज छैनन्। न त विश्व मण्डलीले नै अब कुनै नयाँ लेखहरू स्वीकार गर्नेछ।

मुक्ति र ख्रीष्टियान जीवनयापनका लागि धर्मशास्त्र आफैँमा पूर्ण र पर्याप्त छ (२ तिमोथी ३:१४-१७)। अब शास्त्रमा कुनै पनि महत्त्वपूर्ण र अपरिहार्य कुरा थप्न सकिंदैन किनकि जति चाहिएको छ सबै शास्त्रमा समावेश छ। जसले नयाँ प्रकाश पाएको दाबी गर्दछ, उनीहरूले बरु परमेश्वरले दिइसक्नुभएको प्रकाश पढ्नमा समय बिताउन पर्दछ। यसमा चाहिने जति सबै कुरा प्राप्त छ र भूलहरूबाट सुरक्षित हुनेछन्।

## जोगिन पर्ने त्रुटिहरू

*कक्षा अगुवाको लागि नोटः यो भाग र अर्को भागलाई कक्षाका दुई सहभागीहरूले वर्णन गर्न सक्नेछन्।*

### बाइबलीय अख्तियारको सम्झौता

तपाईंको अन्तिम अख्तियार के हो? धेरै ख्रीष्टियानहरूले बाइबललाई उनीहरूका अख्तियारका रूपमा लिन्छन् तर खासमा उनीहरू आफ्नै भावनालाई बढी भरोसा गर्छन्। एक व्यक्तिले कुनै क्रियाकलाप तब ठिक छ भन्छ जब उसलाई त्यो गर्दा कुनै गल्ती अनुभव हुँदैन। यस व्यक्तिले बाइबलभन्दा पनि आफ्नै भावनालाई अन्तिम निर्णयको अख्तियारको रूपमा हेर्दछ।

मनिसहरूले बाइबललाई गम्भीरताका साथ नलिनुका धेरै कारणहरू छन्। सायद जसलाई तिनीहरू आदर गर्छन्, उसले बाइबलीय शिक्षालाई नकार्छ अनि यसैले तिनीहरूलाई पनि प्रोत्साहन मिल्दछ। सायद बाइबलले निषेध गरेको कुरा गर्दा उनीहरू दोषी महसुस गर्छन् अनि आफ्नो कार्यलाई ठिक देखाउन कुनै बाटो खोज्दछन्। सायद तिनीहरू बाइबलले के सिकाउँछ भन्ने कुरोमा अज्ञात छन्। हामीले सकेसम्म बाइबललाई बुझ्ने र यसको अख्तियारप्रति समर्पित हुने हर प्रयास गर्न पर्छ।

### एक सीमित उद्देश्यका साथ बाइबल अध्ययन गर्नु

धर्म सिद्धान्तको प्रारम्भिक स्रोत बाइबल हो। कुनै पनि सैद्धान्तिक मामिलामा बाइबल अन्तिम निर्णयात्मक अख्तियार हो। तर, समस्या तब खडा हुन जान्छ जब मानिसहरू आफ्नै सिद्धान्तलाई सही ठहराउन बाइबल अध्ययन गर्दछन्। यिनीहरू आत्मिकी भोजनको रूपमा बाइबललाई प्रयोग गर्दैनन्। यिनीहरूको मनशाय नै कसरी अरू गलत छन् भनि देखाउनु हुन्छ। आफ्नो सिद्धान्तलाई शास्त्रद्वारा नै विकास र प्रतिरक्षा गर्नु हाम्रो लागि ठिक हुन्छ। यद्यपि, यदि बाइबल अध्ययन यति मै सीमित छ भने, हामीले परमेश्वर सितको सम्बन्धमा बाइबल अध्ययन गर्दा आउने आनन्द पक्का पनि गुमाउनेछौं।

कोही मानिसहरू प्रोत्साहनका लागि मात्र पनि बाइबल पढ्ने गर्छन्। याद गर्ने कुरो के छ भन्दा बाइबलको उद्देश्य निर्देशन, विश्वस्तता, र सुधार गर्नु पनि हो (२ तिमोथी ३:१६)। हामीलाई राम्रो महसुस गराउने प्रतिज्ञाहरू मात्रै हेरर बाइबलको आज्ञालाई नजरअन्दाज गर्न मिल्दैन। सायद आज उहाँले हामीलाई सुधार गर्न चाहन्छन् वा केही सिकाउन चाहन्छन्।

## झूटा धर्म-समूहहरूका त्रुटीहरू

कतिपय धार्मिक समुदायले बाइबलमाथि विश्वास गर्छौं भनी दाबी गर्छन् तर आफ्नो अन्तिम निर्णयात्मक अख्तियार अन्य कुरालाई स्थापित गर्छन्। उनीहरूका अनुसार केही प्रकाश वा विशेष प्रणालीको उपयोगद्वारा बाइबललाई व्याख्या गर्ने क्षमता उनीहरूसित मात्रै छ। उनीहरूका प्रमुख सिद्धान्तहरू बाइबलबाट प्रमाणित गर्न सकिंदैन।

यिनीहरूसित बाइबल बाहेक सायद अन्य थप पुस्तक पनि हुन सक्छन्। यिनीहरूले भन्न सक्छन् कि अनुवाद र प्रतिलिपिका भूलका कारण बाइबल विश्वसनीय छैन।

यस्ता अवधारणाहरूले बाइबललाई एक अपूर्ण परमेश्वरको वचन ठहराउँदछ। यिनीहरूका लागि अरू नै अन्तिम अख्तियार हुँदछ।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

## ख्रीष्टियान विश्वासहरूको वक्तव्य

बाइबल परमेश्वरको वचन हो। कुनै पनि भूलबिना लेख्न परमेश्वरले नै लेखकहरूलाई प्रेरणा दिनुभयो। पापबाट छुटकारा पाउन र परमेश्वरको सम्बन्धमा हिंड्न जान्न पर्ने सबै आवश्यक कुराहरू बाइबलमा नै छ। हाम्रो धर्म सिद्धान्तको प्रारम्भिक स्रोत र अन्तिम निर्णयात्मक अख्तियार नै बाइबल हो। ख्रीष्टियानहरूले परमेश्वरलाई अझै चिन्न, उहाँद्वारा अगुवाइ हुन, आत्मिकी रूपले भोजन पाउन र अर्थपूर्ण एवं आनन्दित जीवन यापन गर्न दैनिक रूपमा बाइबल अध्ययन गर्न आवश्यक छ।

**पाठ १ क्रियाकलाप**

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- भजनसंग्रह ११९:३३-४०
- भजनसंग्रह ११९:१२९-१३६
- हितोपदेश ३०:५-६
- मत्ति ५:१७-१९
- २ तिमोथी ३:१५-१७
- २ पत्रुस ३:१५-१६
- प्रकाश २२:१८-१९

(२) परीक्षा: तपाईंले पाठ १ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: यो पाठ्यक्रम अवधिमा कम्तिमा पनि तीन पल्ट तपाईंले यस कक्षामा सहभागी नभएका मानिसहरूलाई सिकेको पाठ वा कुनै अंश सिकाउन पर्नेछ। यसलाई मण्डलीमा, घरेलु संगतिमा, पारिवारिक भेलामा वा अन्य व्यवस्था मिलाएर सिकाउन सकिनेछ। यो अवसरलाई व्यवस्थापन गर्न तपाईं आफैँ जिम्मेवारी हुनुपर्नेछ र यसको रिपोर्ट कक्षा अगुवालाई बुझाउन पर्नेछ।

(४) अर्को कक्षाका लागि अर्को पाठ पढेर आउन नभुल्नुहोला।

## पाठ १ परीक्षा

(१) सामान्य प्रकाश भनेको के हो?

(२) विशेष प्रकाशलाई परमेश्वरले कुन दुई तरिकाले प्रदान गर्नुनु भएको छ?

(३) सामान्य प्रकाशले नसक्ने तर विशेष प्रकाशले सक्ने तीन ओटा कुराहरू के-के हुन्?

(४) बाइबलले आफ्नो लागि के दाबी गर्छ?

(५) बाइबल परमेश्वरको वचन हो भनी हामीलाई थाहा भएको छ वटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

(६) सिकाउन, हप्काउन, सुधार गर्न र धार्मिकताको तालिम दिन बाइबल किन लाभदायक छ? (२ तिमोथी ३:१६)।

(७) लेखकहरूलाई भूल गर्नबाट जोगाइएको थियो भनेर विश्वास दिलाउन बाइबलको प्रेरणाले कस्तो विवरण दिँदछ?

(८) परमेश्वरले प्रयोग गर्नुभएको प्रेरणाका चार तरिकाहरू सूचीबद्ध गर्नुहोस्।

(९) बाइबल अभिप्रेरित भएको भन्नाले के बुझिन्छ?

(१०) बाइबल अचुक छ भन्नुको अर्थ के हो?

(११) बाइबल त्रुटिरहित छ भन्नुको अर्थ के हो?

# पाठ २

# परमेश्वरका गुणहरू

## पाठका उद्‌देश्यहरू

(१) विद्‌यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- किन कुनै व्यक्तिको परमेश्वरप्रति अवधारणा यति महत्त्वपूर्ण छ।
- परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने तथ्यले उहाँलाई कसरी अरू भन्दा फरक भन्ने पुस्टि गर्छ।
- परमेश्वरका गुणहरू: उहाँ व्यक्तिगत, आत्मा, अनन्त, त्रिएक, सर्वशक्तिमान, सर्वव्यापी, अपरिवर्तनीय, सर्वज्ञानी, पवित्र, धर्मी र प्रेमिलो हुनु भनेको के हो।
- परमेश्वरको प्रत्येक गुण उहाँसँगको हाम्रो सम्बन्धको लागि कसरी महत्त्वपूर्ण छ।
- परमेश्वरको सार्वभौमिकताको बाइबलीय दृष्टिकोण।
- परमेश्वरको ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्‌यार्थीले आराधनाका स्वरूपहरूको महत्त्वलाई गलत बुझाउने त्रुटिबाट बच्नेछन्।

## परिचय

► यशैया ४० सबैले एक साथ पढ्नुहोस्। यस खण्डले परमेश्वरको विषयमा के बताउँछ भन्ने बारेमा छलफल गर्नुहोस्।

► कुनै व्यक्तिसँग परमेश्वरको सही अवधारणा छ वा छैन भन्ने कुराले किन फरक पार्छ?

परमेश्वर को हुनुहुन्छ? ए. डब्ल्यू. टोजरले यो प्रश्नको महत्वलाई यसरी व्याख्या गर्नुभयो, "मलाई यो विश्वास छ कि यहाँ विरलै यस्ता त्रुटि होलान् चाहे सिद्‌धान्तमा वा ईसाई नैतिकताको असफलमा जसको मूल कारण परमेश्वरप्रति अपूर्ण र अपमानजनक विचारहरू नहोला भन्न बिरलै सकिएला।"[3] येशुले इनारको छेउमा भेट्नुभएको सामरी स्त्रीलाई आफुले कसको आराधना गर्छन् भन्ने थाहा नभएको कारणले गर्दा नै सामरीहरूको आराधनामा समस्या आएको भन्नुभएको थियो। कुनै पनि व्यक्तिको सबैभन्दा महत्त्वपूर्ण विशेषता उसको परमेश्वरको अवधारणा हो। मानिससँग हुने ईश्वरको अवधारणा नै उसको धर्मको आधार हो। ईश्वर कस्तो हुनुहुन्छ भन्ने बारेमा गलत हुनु भन्दा ठूलो गल्ती अरू हुन सक्दैन।

---

[3] A. W. Tozer, *The Knowledge of the Holy* (New York: Harper and Row, 1961), १०.

कुनै पनि तुलनाहरू परमेश्वरलाई पूर्ण रूपमा वर्णन गर्न अपर्याप्त छन्, किनकि उहाँ हामीभन्दा माथि र असीम रूपमा हुनुहुन्छ। बाइबलले पनि हामीलाई परमेश्वरको औपचारिक परिभाषा दिएको छैन, तर यसले उहाँको अस्तित्व र उहाँको शक्तिको जतातत‍ै वर्णन गरेको छ। उत्पत्तिको पुस्तकले हामीलाई परमेश्वरले आकाश र पृथ्वी कसरी बनाउनुभयो भनी बताउँछ; बिरुवाहरू; सूर्य, चन्द्रमा र ताराहरू; र पशु जीवन; र अन्तमा मानव जाति। धर्मशास्त्रको पहिलो पाठ एकदम स्पष्ट छ: परमेश्वर सबै अस्तित्वको सृष्टिकर्ता हुनुहुन्छ। यसरी, उहाँ अस्तित्वमा रहेका सबै भन्दा भिन्न हुनुहुन्छ, किनकि उहाँ आफ्नो सृष्टिको हिस्सा हुनुहुन्न।

बाइबलभरि परमेश्वरको बारेमा अन्य धेरै विवरणहरू छन्। धर्मशास्त्रीहरूले सावधानीपूर्वक परमेश्वरका गुणहरू बाइबलीय तथ्याङ्क प्रयोग गरी सूचीमा संक्षेप गरेका छन्। यी गुणहरू हाम्रो सीमित समझले कहिल्यै बुझ्न सक्दैन। यद्यपि, परमेश्वरका गुणहरूको आदरपूर्वक अध्ययन गर्नु एक बहुमूल्य आध्यात्मिक अभ्यास हो। यसरी, हामी परमेश्वरको बारेमा निम्न विवरणहरूलाई विचार गर्छौं। तिनीहरू बाइबलमा उहाँको प्रकटीकरणमा आधारित छन्, र त्यसकारण हामी जान्दछौं कि तिनीहरू सत्य हुन्।

## परमेश्वरका गुणहरू

हामी परमेश्वरको सम्पूर्ण गुणहरूको सूची हेर्दैनौं, तर केवल ती जुन हाम्रो लागि बुझ्नको लागि सबैभन्दा महत्त्वपूर्ण छ।

► परमेश्वरका कस्ता गुणहरू सूचीबद्ध रुपमा लेख्न सक्नुहुन्छ?

### परमेश्वर व्यक्तिगत हुनुहुन्छ

यसको अर्थ उहाँमा बुद्धि, भावना र इच्छाशक्ति छ जुन एक वास्तविक, जीवित व्यक्तिमा हुन्छ।[4] उहाँ प्रकृतिको नियम वा बिजुली वा गुरुत्वाकर्षण जस्ता अवैयक्तिक शक्ति जस्तो होइन। उहाँले सृष्टि गर्नुहुन्छ, सक्रिय हुनुहुन्छ, सबै जान्नुहुन्छ, इच्छा गर्नुहुन्छ, योजना गर्नुहुन्छ र बोल्नुहुन्छ।

► यदि परमेश्वर व्यक्तिगत नहुनुभएको भए यसले हामीलाई के फरक पार्छ?

उहाँ व्यक्तिगत हुनुहुन्छ भन्ने तथ्यले नै हामीलाई उहाँसँग सम्बन्ध राख्न सम्भव बनाउँछ। यदि उहाँ व्यक्तिगत हुनुहुन्न भने, हामीले उहाँलाई प्रार्थना गर्ने मिल्दैनथ्यो। यदि उहाँ व्यक्तिगत नहुनुभएको भए उहाँको लागि खुसी वा असन्तुष्ट हुन सम्भव थिएन।

[4] उत्पत्ति ६:६, यशैया ४२:२१, यशैया ४६:१०-११, नहूम १:२, सपन्याह ३:१७, याकूब ५:११, १ पत्रुस ५:७

**परमेश्वर आत्मा हुनुहुन्छ**

"परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।" (यूहन्ना ४:२४)

उहाँ आत्मा हुनुभएकोले उहाँसँग हाम्रो आत्मिक सम्बन्ध र आराधना समर्पित गर्न सम्भव छ। प्रार्थना र आराधना कुनै भौतिक वस्तुहरू, विशिष्ट भौतिक स्थानहरू, निर्धारित कार्यक्रम, वा भवनमा निर्भर हुँदैन। ती कुराहरूले हामीलाई हाम्रो ध्यान केन्द्रित गर्न मद्दत होला, तर आराधना तिनीहरूमा निर्भर हुँदैन।

परमेश्वर आत्मा हुनुभएको कारण हामीलाई उहाँको भौतिक मूर्ति बनाउन निषेध गर्नुभयो। (प्रस्थान २०:४-६ पढ्नुहोस्)। उहाँ आफू दृश्य रूपमा प्रकट हुने बेला बाहेक (उत्पत्ति १८:१; यशैया ६:१ पढ्नुहोस्) उहाँ आत्मा हुनुभएको कारण, हाम्रो लागि सधैँ अदृश्य हुनुहुन्छ (१ तिमोथी १:१७)। हामीले परमेश्वरलाई हेर्ने क्षमता सीमित छ, उहाँ दृश्य स्वरूपमा देखा पर्दा पनि, कसैले पनि परमेश्वरलाई पूर्ण रूपमा देखेको छैन भन्नु सत्य नै रहन्छ। (प्रस्थान ३३:२०; यूहन्ना. १:१८; यूहन्ना ६:४६)

**परमेश्वर अनन्त हुनुहुन्छ**

परमेश्वरको आदि र अन्त्य छैन; न त उहाँको अस्तित्व बिनाको समय थियो न त उहाँको अस्तित्व बिनाको समय नै हुनेछ। म हुँ जो म हुँ (प्रस्थान ३:१४) नामले उहाँले आफैलाई प्रकट गराउनुभएको छ। यूहन्नाद्वारा उहाँलाई जो हुनुहुन्थ्यो, जो हुनुहुन्छ र जो हुन आउनुहुने परमेश्वरको रुपमा वर्णन गरिएको छ (प्रकाश १:८)। अनन्तदेखि अनन्तसम्म उहाँ परमेश्वर हुनुहुन्छ (भजनसंग्रह ९०:२)। केहि धर्महरूमा उनीहरूका देवताहरूका उत्पत्ति बारे मिथ्या पाउन सकिन्छ, तर एक साँचो परमेश्वर अनन्त हुन्छन्।

**परमेश्वर त्रिएक हुनुहुन्छ**

बाइबलले एक मात्र परमेश्वर छन् भनी सिकाउँदछ यद्यपि तीन अलग-अलग व्यक्तिहरूलाई परमेश्वर भनी सम्बोधन गर्दछ। त्यहाँ एक मात्र परमेश्वर छन्, तर उहाँको स्वभावमा तीन व्यक्तिहरू छन्। त्रिएकतालाई पूर्ण रुपमा बुझ्न नसके तापनि, यो अतार्किक छैन, किनकि हामीले त्यहाँ एकै कुरा तीन जना साथै एक जना छन् भनेका छैनौँ। तीन व्यक्तिहरूको अस्तित्वमा रहनुहुने त्यहाँ एक मात्रै परमेश्वर छन्। पिता, पुत्र र पवित्र आत्माले ईश्वरत्वको एकै गुणलाई अङ्गाल्ने हुनाले उहाँ प्रत्यकलाई परमेश्वर भन्न सकिन्छ र आराधना गर्न सकिन्छ। (त्रिएकताको विषयमा अझै थप विवरण हामी अर्को पाठमा हेर्नेछौं)

**परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ**

आफूलाई जे मन लाग्छ उहाँ त्यो गर्न सक्नुहुन्छ। "हाम्रा परमेश्वर स्वर्गमा हुनुहुन्छ, उहाँले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ।" (भजनसंग्रह ११५:३) आफ्नै पवित्र स्वभाव विपरीतका कार्य गर्न बाहेक उहाँमा कुनै पनि सीमा छैन र

आफूले जे प्रतिज्ञा गर्नुहुन्छ त्यो सदा कार्यान्वयन गर्नुहुन्छ। उहाँको लागि कुनै कुरा गाह्रो वा चुनौतिपूर्ण छैन। "परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमान्‌ले राज्य गर्नुहुन्छ।" (प्रकाश १९:६)

► परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ भनी जान्नुमा के फरक पार्दछ?

यो प्रोत्साहन हुनेछ, किनकि हामी जान्दछौं कि हाम्रा सङ्घर्षहरूका बीचमा उहाँले "हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ" (एफिसी ३:२०)। सबै कुरा नियन्त्रण बाहिर गए जसो लागे तापनि, हामी जान्न सक्छौं कि उहाँको माहान योजना पूरा हुनेछ। जस्तोसुकै परिस्थितिमा पनि निर्धक्कसँग हामीले प्रार्थना गर्न सक्छौं कि उहाँले हस्तक्षेप गर्न सक्नुहुन्छ।

**परमेश्वर सर्वव्यापी हुनुहुन्छ**

उहाँ बिनाको कुनै स्थान छैन, र उहाँको दृष्टिबाट लुक्ने केहि कुरै हुँदैन। "परमप्रभु यसो भन्नुहुन्छ, "स्वर्ग मेरो सिंहासन हो, र पृथ्वीचाहिँ मेरो पाउदान हो।" (यशैया ६६:१) उहाँ ब्रह्माण्डका परमेश्वर हुनुहुन्छ, र उहाँको शक्ति कुनै निश्‍चित क्षेत्रमा सङ्घर्षमित छैन। "'के कोही मानिस गुप्त ठाउँहरूमा लुक्न सक्छ र म त्यसलाई देख्न सक्दिनँ?' परमप्रभु भन्नुहुन्छ। 'के स्वर्ग र पृथ्वी दुवैलाई म ढाक्दिनँ र?' परमप्रभु भन्नुहुन्छ।" (यर्मिया २३:२४) यसले हामीलाई आश्वासन दिलाउँदछ कि उहाँलाई हाम्रो सबै समस्या र परिस्थिति बारे थाहा छ। यसले यो पनि सिकाउँदछ कि उहाँबाट कोही पनि लुक्न सक्दैनन्, वा उहाँको दृष्टिबाट लुकेर पाप गर्न सक्दैनन्। उहाँको सामु सबै कुरा खुलस्त र नाङ्गो छ। (हिब्रू ४:१३ पढ्नुहोस्)

> "हामीले अनुपस्थित परमेश्वरलाई पुकारेकोझैं सुन्यतामा कहिल्यै चिच्याउनु पर्दैन। उहाँ हाम्रो आत्माभन्दा नजिक हुनुहुन्छ, हाम्रो सबैभन्दा गोप्य विचारहरूभन्दा नजिक हुनुहुन्छ।"
> ए. डब्ल्यू. टोजर

**परमेश्वर अपरिवर्तनशील हुनुहुन्छ**

उहाँ परमेश्वर बन्नुभएको कुनै समय नै थिएन, र उहाँ कहिल्यै परमेश्वर हुन छोड्नुहुन्न। (याकुब १:१७ पढ्नुहोस्) त्यहाँ केही धर्महरू छन् जसले परमेश्वर स्वयम् विकासको प्रक्रियामा छन् भनी सिकाउँदछन् तर बाइबलले बताउँदछ कि उहाँको तत्त्व र स्वभाव, अनि उहाँको गुण र उद्‌देश्यमा उहाँ कहिल्यै परिवर्तन हुनुहुन्न। (मलाकी ३:६ पढ्नुहोस्) जे कुरा ठिक छ, उहाँले सधैँ प्रेम गर्नुहुन्छ र जे गलत छ उहाँले घृणा गर्नुहुन्छ। आफैंलाई म हुँ भनेर मोशालाई प्रकट गराउनुहुने अनन्त परमेश्वर आजका म हुँ परमेश्वर हुन्। तत्त्व, बुद्‌धि, शक्ति, पवित्रता, न्याय, भलाई र सत्यतामा उहाँ अनन्त, असिमित र अपरिवर्तनशील हुनुहुन्छ। (भज. १०२:२७)

### परमेश्वर सर्वज्ञानी हुनुहुन्छ

"हाम्रा परमप्रभु महान् हुनुहुन्छ, सर्वशक्तिमान् र सर्वज्ञानी हुनुहुन्छ।" (भजनसंग्रह १४७:५)। उहाँको निम्ति कुनै सिकाइको प्रक्रिया छैन कारण उहाँलाई सबै ज्ञान छ। कसैबाट पनि उहाँले केही कुरो सिक्नुभएन, र कसैले पनि उहाँलाई सुझाव दिन सक्दैन। (यशैया ४०:१३-१४ पढ्नुहोस्) उहाँलाई भविष्यको जानकारी छ जसकारण उहाँ कहिल्यै अच्चम्मित पर्न सक्नुहुन्न वा हुन आउने कुराका लागि तैयारी बिना रहनुहुन्न। (भजनसंग्रह १३९:४)

► परमेश्वर सर्वज्ञानी हुनुहुन्छ भनी जान्नुमा के फरक पार्दछ?

उहाँको ज्ञानसँग र उहाँको बुद्धि सृष्टि र विशेषगरी मुक्तिको योजनामा प्रकट गराइएको छ। (भजनसंग्रह १०४:२४; रोमी ११:३३ पढ्नुहोस्) उहाँले सबै कुरा जान्ने र बुझ्ने भएकाले, उहाँले सधैँ के गर्दा राम्रो होला भनी जान्नुहुन्छ। उहाँको इच्छा हाम्रो लागि सधैँ उत्तम छ किनकि उहाँले हरेक परिस्थिति जान्नुहुन्छ र हरेक कार्यको परिणाम के हुनेछ थाहा गर्न सक्नुहुन्छ।

### परमेश्वर पवित्र हुनहुन्छ

खास गरी परमेश्वरले आफैँलाई पवित्र भनेर वर्णन गर्नुभएको छ। यशैया अगमवक्ताले उहाँलाई पटक पटक "इस्राएलका एक पवित्र" भनी उल्लेख गरेका छन्। उहाँ सामु स्वर्गीय दुतहरू पनि "पवित्र, पवित्र, पवित्र" भनी कराउँदछन् (प्रकाश ४:८, यशैया ६:३)। उहाँको पवित्रता नै आराधनाको भाव थियो: "तिनीहरूले तपाईंको महान् र भय मान्नुपर्ने नाउँको प्रशंसा गरून्–उहाँ पवित्र हुनुहुन्छ।" (भजनसंग्रह ९९:३) सबै नैतिक सिद्धताका उहाँ एक निरपेक्ष मापदण्ड हुनुहुन्छ। उहाँका कार्यहरू सबै भलाइको उपस्थिति र सबै दुष्ट्याईको अनुपस्थितिद्वारा क्रियाशील छन्। उहाँको पवित्रताले यही देखाउँदछ कि अनुग्रहद्वारा परिवर्तन नभएसम्म कुनै पनि मानिस उहाँको सेवा र आराधना गर्न योग्यको छैन। (यशैया ६:५ पढ्नुहोस्) हामी पनि उहाँजस्तै पवित्र भएको परमेश्वर चाहनुहुन्छ। "तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, किनभने यो लेखिएको छ, 'तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु।'" (१ पत्रुस १:१५-१६)

### परमेश्वर धर्मी हुनुहुन्छ

परमेश्वरको कार्य सधैँ असल हुन्छ। उहाँका कार्यहरू उहाँका पवित्र स्वभावबाट बग्दछ। (व्यवस्था ३२:४ पढ्नुहोस्) जे कुरा ठिक छ त्यसको मापदण्ड उहाँको आफ्नै स्वभाव हो। उहाँ सधैँ आफ्नो वचन पूरा गर्नुहुन्छ र कहिल्यै झूटो बोल्नुहुन्न। (गन्ती २३:१९; २ शामूएल ७:२८)

► परमेश्वर धर्मी हुनुहुन्छ भन्ने कुराले किन हामीलाई फरक पार्दछ?

उहाँको व्यवस्थाको आधार नै उहाँको धार्मिकता हो जुन उहाँ र अरू प्रति हाम्रो कर्तव्यको सिद्ध मापदण्ड हो। आज्ञाकारीलाई इनाम र आज्ञा तोड्नेलाई दण्ड दिएर उहाँले न्यायपूर्वक आफ्नो व्यवस्था चलाउनुहुन्छ। यसले कष्ट

र थिचोमिचोमा परेकालाई सान्त्वना साथै दुष्ट्याई गर्नेलाई चेतावनी दिलाउँदछ। "परमप्रभुका विधिहरू सच्चा छन्, ती सर्वथा धर्ममय छन्।" (भजनसंग्रह १९:९) हरेकलाई उनीहरूका काम अनुसार उहाँले न्याय गर्नुहुन्छ। (रोमी २:६) "तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं" (रोमी १४:१०)।

**परमेश्वर प्रेम हुनुहुन्छ**

यो गुण अत्यावश्यक छ। कल्पना गर्नुहोस् कि सर्वशक्तिमान र सर्वज्ञानी परमेश्वरले यदि हामीलाई प्रेम नगर्नुभएको भए कस्तो भयानक स्थिति हुन्थ्यो? उहाँ पवित्र र धर्मी भएर पनि हामीलाई प्रेम नगर्नुभएको भए कस्तो हुन्थ्यो? उहाँको शक्ति र पवित्रतासँगै उहाँ हामीलाई प्रेम पनि गर्नुहुन्छ। (रोमी ५:८ पढ्नुहोस्) उहाँले सृष्टिलाई सामान्य आशिष दिनुभयो (उत्पत्ति १:२२, २८) उहाँले मानव जातिलाई उत्तम आशिष् दिनुभयो र मानव जातिको आनन्दित वसोवासका लागि संसारलाई सृष्टि गर्नुभयो।[5] उहाँलाई प्रेम र सेवा गर्नेहरूलाई, जीवनका हरेक परिस्थितिलाई आशिष्मा बदल्नुहुन्छ। (रोमी ८:२८) उहाँको प्रेमको कारणले नै उहाँको अनुग्रह, कृपा, धैर्यता र शान्तीले हामीलाई आशिष् दिँदछ। (प्रस्थान ३४:६; एफिसी १:७, एफिसी २:४-५ पढ्नुहोस्)

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६)। हाम्रो पाप र बिद्रोह बाबजुद, आफ्नो कृपामा उहाँले हाम्रो पापको बलिदान स्वरूप येशुलाई दिनुभई उहाँद्वारा नै आफू कहाँ आउन निमन्त्रणाका साथ हामी समक्ष पुग्नुभयो (१ यूहन्ना २:२)। क्रूसमा हाम्रो लागि प्रेम र दयाले भरिएको हृदय उहाँले देखाउनुभयो। "प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो" (१ यूहन्ना ४:१०)। परमेश्वरले जात, प्राकृतिक क्षमता, वा भौतिक भेदभाव र स्थितिको कुनै प्रभाव बिना सबैलाई प्रेम गर्नुहुन्छ र सबैलाई क्षमा दिन चाहनुहुन्छ। (रोमी २:११; याकुब २:१-५ पढ्नुहोस्) त्यसकारण, परमेश्वरले हामीलाई सबैलाई प्रेम गर्न र हामीलाई गलत गर्ने कसैलाई पनि क्षमा गर्न तयार रहन चाहनुहुन्छ। प्रेम र क्षमादान परमेश्वरको छोराछोरीको चिन्ह हो। (मत्ति ५:४३-४५ पढ्नुहोस्)

> "उहाँको मप्रतिको प्रेम पूर्णतया व्यावहारिक छ भन्ने थाहा पाउनु नै ठूलो राहत हो, किनकी उहाँलाई म कस्तो खराब छु भन्ने ज्ञान सुरुदेखि नै छ र कुनै नयाँ कुराले उहाँ भ्रममा पर्नु हुने छैन जसरी म भ्रममा पर्छु र पनि यी कुरा हुँदै गर्दा पनि उहाले मलाई आशिष् दिने दृढ संकल्प गर्नुभयो।"
>
> जे.आई. प्याकर
>
> *नोविङ्ग गड*

[5] भजनसंग्रह ८:४-६; २३; ३६:५-१०; १०३

परमेश्वरले हामीलाई उहाँको आफ्नै स्वरूपमा बनाउनुभयो। उहाँ असीमित र हामी सीमित भए तापनि, अरू सृष्टि भन्दा हामी धेरै कुरामा उहाँ जस्तै छौँ। उहाँलाई चिन्न, पुज्न र प्रेम गर्न सकून भनेर नै उहाँले हामीलाई सिर्जना गर्नुभयो। उहाँले आफ्नै लागि हामीलाई बनाउनुभयो र अगस्टिनले भनेझैँ उहाँमा विश्राम नपाएसम्म हामी कहिल्यै विश्राममा हुनेछैनौँ। उहाँ बाहेक पृथ्वीका कुनै थोक पनि महत्त्वपूर्ण र पुज्न योग्यको छैन। उहाँमा बाहेक दीर्घायु सन्तोष कतै प्राप्त गर्न असम्भव छ। उहाँको अनुग्रहका कारण हाम्रो उद्धार हुन सक्छ र सबै कुराभन्दा माथि उहाँलाई आराधना गर्न सक्छौँ, उहाँमाथि एक स्वर्गीय पिताको रूपमा भरोसा गर्न सक्छौं र जीवनको हरेक क्षेत्रमा उहाँको इच्छा अनुसार जिउन सक्छौं।

> "हतपाईंले हामीलाई आफ्नो निम्ति बनाउनुभयो, हे परमेश्वर, र हाम्रो हृदय बेचैन भइरहन्छ जबसम्म तिनीले तपाईंमा आफ्नो विश्राम पाउँदैनन्।"
> हिप्पोका अगस्टाइन

## परमेश्वर सार्वभौम हुनुहुन्छ

*कक्षा अगुवाको लागि नोटः यस कक्षाका सहाभागीले यस भागलाई वर्णन गर्न सक्नेछन्।*

परमेश्वरसँग शक्ति र अख्तियार दुवै छन्। यस ब्रह्माण्डको शासकका हैसियतले, उहाँ जे चाहनुहुन्छ त्यही गर्न सक्नुहुन्छ (भजनसंग्रह ११५:३, १३५:५-६)।

कसैप्रति समर्पित नभई, आफ्नै इच्छा अनुसार उहाँ सबै काम गर्नुहुन्छ (एफिसी १:११)। उहाँले जे निर्णय गर्नुहुन्छ, त्यो निश्चय नै पूरा हुनेछ, कारण उहाँलाई रोक्न सक्ने कोही छैनन् न कुनै परिस्थितिले उहाँलाई अवरोध नै गर्न सक्दछ (यशैया ४६:९-११ पढ्नुहोस्)। आफूले चाहे अनुसार पार्थिव शासकहरूका कार्य उहाँले नियन्त्रण गर्न सक्नुहुन्छ (उत्पत्ति ५०:२०; प्रेरित ४:२७-२८)।

तर उहाँले मानिसहरू छनौट गर्ने क्षमता दिनुभएको छ। राम्रा मध्य कुनै कुरा वा सही र गलत बीचको कुनै कुरा मानिसले चुन्न सक्दछ। परमेश्वरप्रति आज्ञाकारी हुने वा नहुने पनि मानिसले चुन्न सक्दछ। शुरुमै सृष्टि गरिएका मानिसले पाप गर्न छनौट गरे। त्यहाँदेखि हरेक व्यक्तिले छनौट गरेको छ, यद्यपि कतिले राम्रा कुरा गर्न छनौट गरे तापनि, सबै पाप पनि गरेका छन्।

यदि सबैमाथि परमेश्वर प्रभु हुनुहुन्छ भने, स्वतन्त्र इच्छा भएका प्राणीहरू रहेको यस संसारमा कसरी उहाँले आफ्नो इच्छालाई पूरा गर्न सक्नुहुन्छ?

उहाँका सृष्टि गरिएका प्राणीहरूले छनौट गर्न सकून् भन्ने नै उहाँको इच्छा हो। यसको अर्थ उनीहरूका लागि उहाँले नै सबै छनौट गरिराख्न हुन्न। यसले यो पनि जनाउछ कि त्यहाँ परिणामहरू पनि पक्का छन्; नत्र त उनीहरूले वास्तविक छनौट गरिरहेकै हुँदैन। यदि उहाँले नै एक व्यक्तिको कार्यबाट हुने परिणामलाई नियन्त्रण गर्नुहुन्छ ताकि कुनै दुष्टता नभएको होस् भने उहाँ स्वयम्ले त्यस व्यक्तिबाट दुष्टतालाई चुन्ने क्षमता हटाउनुहुनेछ।

उहाँको न्याय साँचो न्याय हो किनकि उहाँले मानिसहरूलाई उनीहरूका स्वतन्त्र कार्यहरूका खातिर न्याय गर्नुहुनेछ (प्रकाश २०:१२-१३ पढ्नुहोस्)। यदि उहाँले नै सबै कार्यहरू नियन्त्रण गर्ने हो भने सजाय र इनाम दिने कुरा तर्कसङ्गत कदापि हुँदैन।

जे जे ठिक छ त्यो छनौट मानिसले गरून् भन्ने उहाँको इच्छा हो तर उनीहरूले वास्तविक छनौट गरेको उहाँ चाहनुहुन्छ। त्यसैले आज संसार जस्तो छ त्यस्तै उहाँले हुन दिनुभयो। यो संसार परमेश्वरको असल कार्य, मानवीय असल र खराब कार्यको परिणाम र खराब कार्यबाट पनि असल गर्न सक्नुहुने उहाँको कामको समिश्रण हो।

मुक्तिको योजनामा हामीले उहाँको प्राथमिकतालाई देख्न सक्छौं। उहाँले सबैलाई मुक्तिको अवसर दिनुहुन्छ र सबैको उद्धार भएको उहाँ चाहनुहुन्छ। (१ तिमोथी २:३-४) उहाँले प्रत्येकलाई सुसमाचारप्रति प्रत्युत्तर जनाउन शक्ति दिनुहुन्छ यद्यपि प्रत्युत्तरलाई जबरजस्ती गर्नुहुन्न। त्यसैले निमन्त्रणा र विश्वास दिलाउने काम धर्मशास्त्रभरि प्रयोग गरिएको देखिन्छ।[6] परमेश्वरले मानिसलाई छनौट गर्ने अवसर दिनुहुन्छ र त्यसको परिणाम पनि वर्णन गर्नुहुन्छ।

सबै जनाले उद्धार पाउन सकून् भन्ने हेतुले पूर्ण निर्धक्कसँग हामी सुसमाचार प्रचार गर्दछौं। परमेश्वरप्रति समर्पित हुन मानिसलाई मनाउने कुरामा हाम्रो लक्ष्य नै पवित्र आत्मासँग सहकार्य गर्नु हो। (२ कोरिन्थी ५:११ पढ्नुहोस्)

► कम्तिमा पनि दुई पटक विश्वासका सारहरू पढ्नुहोस्।

### ख्रीष्टियान विश्वासहरूको वक्तव्य

परमेश्वर एक हुनुहुन्छ जसले संसार सृष्टि गर्नुभयो र सबैका प्रभु हुनुहुन्छ। उहाँ एक अनन्त, अपरिवर्तनशील आत्मा हुनुहुन्छ। उहाँ सर्वशक्तिमान, सर्वज्ञानी र सर्वव्यापी हुनुहुन्छ। आफूले गर्ने हर कार्यमा उहाँ पवित्र र धर्मी हुनहुन्छ। उहाँले सृष्टिलाई आशिष् दिनुहुन्छ र हरेक व्यक्तिलाई प्रेम गनुहुन्छ, यसकारण क्षमादान र आफुसँगको सम्बन्धमा राख्नुहुन्छ।

---

[6] व्यवस्था ३०:१५, १९; यहोशु २४:१५; यशैया १:१८; ५५:1; इजिकिएल १८:३१; प्रकाश ३:२०

## पाठ २ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- भजनसंग्रह १३९:१-४
- हितोपदेश ९:१०
- यशैया ४६
- प्रकाश ४:९-११

(२) परीक्षा: तपाईंले पाठ २ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ २ परीक्षा

(१) मानिसको सबैभन्दा महत्त्वपूर्ण विशेषता के हो?

(२) धर्मशास्त्र को पहिलो पाठ के हो?

(३) प्रत्येक भनाइसँग मेल खाने परमेश्वरको विशेषताको नाम उल्लेख गर्नुहोस्:

- परमेश्वर कस्तो देखिनु हुन्छ भनेर हामी वर्णन गर्न सक्दैनौं।
- परमेश्वर सधैं अस्तित्वमा हुनुहुन्छ।
- परमेश्वरसँग बौद्धिक क्षमता, भावना र इच्छा छ।
- परमेश्वर सधैं एकनास हुनुहुन्छ।
- परमेश्वरले जे गर्न रोज्नुहुन्छ त्यो गर्न सक्नु हुन्छ।
- परमेश्वरले सबै कुरा देख्नु हुन्छ।
- हामीले दया गर्न सकौं भनेर परमेश्वरले आफ्नो पुत्र पठाउनुभयो।
- परमेश्वर स्वभावमा तीन व्यक्तिहरू हुनुहुन्छ।
- परमेश्वरसँग नैतिक सिद्धता छ।
- परमेश्वरले कहिल्यै केही सिक्नुहुन्न।
- परमेश्वर का कार्य हरु सग निष्पक्ष र न्यायपूर्ण हुन्छ।

# पाठ ३

# त्रिएकत्व

## पाठका उद्‌देश्यहरू

(१) विद्‌यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- कसरी सारा ब्रह्माण्ड आफैँ त्रिएकत्वको एक चित्रण हो।
- त्रिएकत्व सिद्‌धान्तको बाइबलीय आधार।
- किन त्रिएकत्वको सिद्‌धान्त सुसमाचारको आधारभूत जग हो।
- त्रिएकत्व भित्र सम्बन्धको संरचना।
- कसरी त्रिएकत्वले मानव सम्बन्धको एक उदाहरण दिन्छ।
- कसरी त्रिएकत्वको विश्वासले हाम्रो आराधनालाई निर्देशन गर्छ।
- त्रिएकत्वबारे ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) त्रिएकत्वलाई व्याख्या गर्दा सामान्य रूपमा मानिसहरूले गर्ने त्रुटिहरूलाई विद्‌यार्थीले त्याग्न सिक्नेछन्।

## परिचय

► यूहन्ना १४ सँगै मिलेर पढ्नुहोस्। यस खण्डले कसरी परमेश्वर त्रिएक हुनुहुन्छ भनी देखाउँछ भनेर छलफल गर्नुहोस्।

धेरै मानिसहरू त्रिएकत्वको सिद्‌धान्तका कारण अलमल्ल भएका छन् किनभने यसले एउटा भावमा परमेश्वर तीन हुनुहुन्छ, तर फेरि अर्को भावमा उहाँ एकै हुनुहुन्छ भनी सिकाउँदछ।

तर जब हामी **ब्रह्माण्ड** लाई हेर्छौं हामी एक कुरामा तीन भएको अर्को उदाहरण देख्छौं। ब्रह्माण्डमा तीनवटा पक्षहरू छन्- अन्तरिक्ष, समय र पदार्थ। ती तीनमध्ये कुनै एक नभएको भए ब्रह्माण्ड हुने नै थिएन।

ती तीनमध्ये प्रत्येकमा तीनवटा पक्षहरू पनि छन्।

**अन्तरिक्ष** ले लम्बाइ, चौडाइ र उचाइ समावेश गर्दछ-एकमा तीन। यी आयामहरू मध्ये कुनै एक बिना, त्यहाँ कुनै अन्तरिक्ष हुन सक्दैन।

**समय** भूत, वर्तमान र भविष्य-एकमा तीन। यी पक्षहरू मध्ये कुनै एक बिना समय हुन सक्दैन।

**पदार्थ** मा *ऊर्जा चालका* कारण हुन्छ जसद्वारा उत्पादन हुने भनेको *प्रक्रिया* हो-एकमा तीन हुन्छ। यदि त्यहाँ कुनै ऊर्जा थिएन भने, त्यहाँ कुनै चाल वा प्रक्रिया हुन सक्दैनथ्यो। यदि त्यहाँ कुनै चाल थिएन भने, त्यहाँ कुनै ऊर्जा वा प्रक्रिया हुने थिएन। यदि त्यहाँ कुनै प्रक्रिया थिएन भने, त्यहाँ कुनै ऊर्जा वा चाल हुने थिएन।

यस्तो देखिन्छ कि ब्रह्माण्ड तीनमा एकको ढाँचामा सृष्टि गरिएको छ। परमेश्वरले उद्देश्य सहित ब्रह्माण्डलाई उहाँको आफ्नै स्वभाव दर्शाउने स्वरूप दिनुभएको हुन सक्छ।

बाइबलले त्रिएकत्वको बारेमा के सिकाउँछ? यसले *तीन* भिन्न व्यक्तिहरूको अस्तित्वलाई स्पष्ट पुष्टि गर्छ जसलाई ब्रह्माण्डको *एक* परमेश्वर भनेर चिनिन्छ। यो एक विरोधाभास होइन किनभने हामीले परमेश्वर एक व्यक्ति र फेरि तीन व्यक्ति दुवै हुनुहुन्छ भनेर भनिरहेका छैनौं। न त हामी परमेश्वरलाई एक परमेश्वर र तीन जना परमेश्वर हो भनिरहेका छौं। हामी भनिरहेका छौं कि परमेश्वर सारमा एक हुनुहुन्छ र व्यक्तिमा तीन हुनुहुन्छ। जसरी एउटै ब्रह्माण्ड अन्तरिक्ष, समय र पदार्थको रूपमा अस्तित्वमा छ, त्यसरी नै एक परमेश्वर पिता, पुत्र र पवित्र आत्माको रूपमा हुनुहुन्छ।

### त्रिएकत्वको बाइबलीय प्रमाण

**आधार १: त्यहाँ एक मात्र परमेश्वर हुनुहुन्छ।**

> हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। (व्यवस्था ६:४)
>
> अघि-अघिका पुराना कुराहरूलाई सम्झ। म परमेश्वर हुँ, र अरू कोही छैनँ। म परमेश्वर हुँ, मजस्तै अरू कोही छैन। (यशैया ४६:९)

**आधार २: पिता, पुत्र र पवित्र आत्मा सबै जना परमेश्वर हुनुहुन्छ।**

> पिता परमेश्वर। (गलाती १:१)
>
> आदिमा वचन हुनुहुन्थ्यो ...अनि वचन देहधारी हुनुभयो। (यूहन्ना १:१, १४)
>
> पवित्र आत्मासँग झूट बोल्ने ...शैतानले कसरी तिम्रो मनमा भरिदियो? तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ। (प्रेरित ५:३-४)

**आधार ३: यी तिन व्यक्ति एकअर्कासँग भिन्न व्यक्तिको रूपमा सम्बन्धित छन्।**

► हामी कसरी थाहा पाउँछौं कि उहाँहरू तीन व्यक्ति हुनुन्छ र फरक-फरक भूमिकामा एक मात्र व्यक्ति होइन?

मर्कूस १:१०-११ मा, येशुले बप्तिस्मा लिनुभयो, पवित्र आत्मा ढुकुर जस्तै ओर्लनुहुन्छ, र स्वर्गबाट एउटा आवाजले भन्यो, "तिमी मेरो प्यारो पुत्र हौ; म तिमीसँग खुशी छु।" हामी यहाँ थाहा गर्न सक्छौं कि पिता, पुत्र र पवित्र आत्मा एउटै व्यक्ति हुन सक्नुहुन्न; उहाँहरु एकै समयमा विभिन्न भूमिकामा प्रस्तुत हुनुभएका छन्।

आफ्नो सेवकाईको अन्त्यतिर, येशुले भन्नुभयो कि उहाँले पितालाई हामीलाई अर्को सहायक पठाउन अनुरोध गर्नुहुन्छ- पवित्र आत्मा (यूहन्ना १५:२६)। के तपाईंले यस अनुरोधमा संलग्न भएका तीन अलग व्यक्तिहरू देख्नुहुन्छ?

यदि तपाईंले यूहन्ना १४-१७ पढ्नुभयो भने, तपाईंले पिता, पुत्र र पवित्र आत्माबीचको अन्तरक्रियाका धेरै खण्डहरू फेला पार्नुहुन्छ।

**निष्कर्ष: बाइबलको एक साँचो परमेश्वरले आफूलाई तीन अलग-अलग व्यक्तिहरूमा प्रकट गराउनुभएको छ: पिता, पुत्र र पवित्र आत्मा। परमेश्वर स्वरूपमा एक हुनुहुन्छ, तर व्यक्तिमा तीन हुनुहुन्छ।**

त्यसैले, यद्यपि *त्रिएकत्व* शब्द बाइबलमा पाइँदैन, तर त्रिएकत्वको सिद्धान्त भने स्पष्ट धर्मशास्त्रमा आधारित छ। *त्रिएकत्व* शब्दले बाइबलमा सिकाइएको यो सिद्धान्तलाई संक्षेप गर्छ।

यो बाइबलीय सिद्धान्तलाई प्रेरितहरूको समयदेखि नै मण्डलीद्वारा सिकाइएको छ। तल देखाइएको चित्रलाई मण्डलीले शताब्दीदेखि त्रिएकत्वको वर्णन गर्न प्रयोग गरेको थियो।

## त्रिएकत्वको सिद्धान्त आवश्यक छ

► कुनै व्यक्तिले त्रिएकत्वमा विश्वास गर्छ वा गर्दैन भन्ने कुराले किन फरक पार्छ?

त्रिएकत्वको सिद्धान्तले सुसमाचारको लागि आवश्यक मुख्य शिक्षाहरूलाई जोड दिन्छ। उदाहरणका लागि, त्रिएकत्वलाई अस्वीकार गर्नेहरूमध्ये केहीले येशु परमेश्वर हुनुहुन्छ भनी इन्कार गर्छन्। तर यदि तपाईंले विश्वास गर्नुहुने येशु परमेश्वर हुनुहुन्न भने, तपाईंसँग बचाउन सक्ने येशु छैन! केवल एक पापरहित मानिस सबै मानिसहरूको पापको लागि मर्न सक्छ। उहाँको बलिदान असीमित हुनुपर्छ किनभने हामीले असीमित परमेश्वरको विरुद्धमा पाप गरेका छौं। किनभने येशु परमेश्वर हुनुहुन्छ, उहाँले पापरहित, असीमित बलिदान दिएर सबै मानिसहरूका पापहरूको सदाको लागि मोल तिर्नुभयो।

यदि हामीले पिता, पुत्र र पवित्र आत्मा भिन्न छन् भनी इन्कार गर्छौं भने, हामी परमेश्वरलाई उहाँको व्यक्तिगत वा सम्बन्धगत विशेषताहरूलाई अस्वीकार गर्छौं। उदाहरणको लागि, यदि उहाँले सृष्टि नगरेसम्म आफ्नो प्रेम देखाउन कुर्न पर्थ्यो भने परमेश्वर अनन्तकालदेखि प्रेम गर्ने परमेश्वर हुन सक्नु हुन्न। तर यदि परमेश्वर एक भन्दा बढी व्यक्ति हुनुहुन्छ भने, यी व्यक्तिहरूले एकअर्कालाई अनन्तकालदेखि प्रेम गर्न सक्छन्। यिनै सम्बन्धमा हुनुहुने परमेश्वरमा विश्वास गर्नु महत्त्वपूर्ण छ (जो एक अर्का सँगको प्रेममा हुनुहुन्छ) किनकि यसले हामी एकअर्कासँग र परमेश्वरसँगको सम्बन्धको कुरालाई प्रभाव पार्छ।

सायद सबैभन्दा गम्भीर पक्ष भनेको हामीले परमेश्वरको आराधना गर्नुपर्छ। त्रिएकत्वलाई अस्वीकार गर्ने मानिसहरूले सामान्यतया येशु र पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनेर इन्कार गर्छन्, त्यसैले उहाँहरूको आराधना गर्दैनन्। कि परमेश्वर नभएको व्यक्तिको आराधना गर्नु वा जो परमेश्वर हुनुहुन्छ त्यसको आराधना गर्न असफल हुनु नै कुनै व्यक्तिको सबैभन्दा ठुलो गल्तीहरूमध्ये एक हुन जान्छ।

### जोन स्टोटको दैनिक त्रिएकीय प्रार्थना

स्वर्गीय पिता, म प्रार्थना गर्दछु कि म आजको दिन तपाईंको उपस्थितिमा बाँच्न सकूँ र तपाईंलाई अधिक खुशी पार्न सकूँ।

प्रभु येशु, म प्रार्थना गर्दछु कि आजको दिन मैले मेरो क्रुस उठाएर तपाईंलाई पछ्याउन सकूँ।

पवित्र आत्मा, म प्रार्थना गर्दछु कि आजको दिन तपाईंले मलाई आफैँले भर्नुहुनेछ र मेरो जीवनमा तपाईंको फल देखा पारिदिनु हुनेछः प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वासीता, नम्रता, र संयम।

पवित्र, धन्य, र महिमामय त्रिएकत्व, एक परमेश्वरमा तीन व्यक्तिहरू, ममाथि कृपा गर्नुहोस्।

सर्वशक्तिमान परमेश्वर, ब्रह्माण्डको सृष्टिकर्ता र पालनकर्ता, म तपाईंलाई आराधना गर्छु।

प्रभु येशु ख्रीष्ट, मुक्तिदाता र संसारका प्रभु, म तपाईंलाई आराधना गर्दछु।

पवित्र आत्मा, परमेश्वरका मानिसहरूको पवित्रकर्ता, म तपाईंलाई आराधना गर्दछु।

पिता र पुत्र र पवित्र आत्माको महिमा होस्,

जसरी सुरुमा थियो, अहिले छ, र सधैँभरि रहनेछ, आमेन।

## पिता, पुत्र र पवित्र आत्मा *व्यक्तिहरू* सम्बन्धमा हुनुहुन्छ

पिता, पुत्र र पवित्र आत्मा प्रत्येक व्यक्ति सरह हुनुहुन्छ र सधैँ एकअर्कासँग व्यक्तिगत सम्बन्धमा हुनुहुन्छ। हामी उहाँहरूलाई व्यक्ति भन्छौँ किनभने उहाँहरू एकअर्कासँग सम्बन्धमा हुनुहुन्छ। उहाँहरू एकअर्कालाई प्रेम गर्नुहुन्छ, एकअर्कामा आदान प्रदान गर्नुहुन्छ, एकअर्कासँग कुरा गर्नुहुन्छ, र एकअर्काको लागि जिउनुहुन्छ। यसले देखाउँछ कि उहाँ *व्यक्तिहरू* हुनुहुन्छ।

### त्रिएकत्वको संरचना

पिता, पुत्र र पवित्र आत्मा सधैं सम्बन्धमा अवस्थित हुनुहुन्छ। पिता शिर हुनुहुन्छ, त्यसपछि पुत्र, त्यसपछि आत्मा। यी तीन अनन्त र समान व्यक्तिहरू एकअर्कासँगको सम्बन्धको आधारमा अख्तियारको पदहरू छन्। अधिकारको यो

संरचना परिवार र मण्डलीमा प्रतिबिम्बित छ। त्रिएकत्वका सदस्यहरू जस्तै, परिवार वा मण्डलीका सबै सदस्यहरूको समान मूल्य हुन्छ, तर सबैसँग अधिकारको एउटै स्थान हुँदैन।

**पुत्रको पितासँगको सम्बन्ध**

पितासँग पुत्रको सम्बन्ध कस्तो छ? जसरी पिता आफैँमा जीवन छ (यूहन्ना ५:२६) त्यसरी नै पिताले पुत्रलाई आफैँमा जीवन पाउनको लागि दिनुभएको थियो भनी येशुले भन्नुभयो। अनन्तकालदेखि पुत्र पिताको एकमात्र पुत्र हुनुहुन्छ (यूहन्ना ३:१६)। पुत्र सदाको लागि परमेश्वरको रूपमा स्वयं अस्तित्वमा हुनुहुन्छ, र पिता जस्तै स्वभावको हुनुहुन्छ, तर उहाँको अस्तित्व पिताबाट हो। सदाको लागि, पुत्रले पितासँग पुत्रको रूपमा सम्बन्ध राखेको छ, र पिताले पुत्रसँग पिताको रूपमा सम्बन्ध राखेका छन्, यद्यपि भौतिक अर्थमा होइन।

येशु स्वभावमा पिता बराबर नै हुनुहुन्छ। उहाँलाई पिताको समान स्तरमा आराधना र महिमा गरिनुपर्छ। येशुले भन्नुभयो कि सबैले उहाँलाई आदर गर्नुपर्छ जसरी तिनीहरूले पितालाई आदर गर्छन् (यूहन्ना ५:२३)।

**पवित्र आत्माको पिता र पुत्रसँग सम्बन्ध**

यूहन्ना १५:२६ मा, येशुले भन्नुभयो कि उहाँले हामीलाई पवित्र आत्मा पठाउनुहुनेछ, जो पिताबाट आउनुहुन्छ। पिताबाट आउनु भए तापनि उहाँ पिता र पुत्र बराबर हुनुहुन्छ, र उहाँलाई समान रूपमा सम्मानित गरिनुपर्छ। स्मरण रहोस् यो आउने र पठाउने कार्य एक अर्कासँग प्रेम सम्बन्धमा बस्ने तीन व्यक्तिहरू बीच भइरहेको छ।

**परमेश्वरको एकताको रक्षा गर्नु**

त्रिएकत्वका तीन व्यक्तिहरूलाई अलग-अलग व्यक्तिहरू मानिँदैन। उहाँहरूको अस्तित्वको एकताको अर्थ उहाँहरू एउटै सारका हुनुहुन्छ *र* कि तीन व्यक्तिहरू एकअर्कामा व्याप्त हुनुहुन्छ, एकअर्कामा रहनुहुन्छ, र एकअर्कासँग आफ्ना विशेषताहरू साझा गर्नुहुन्छ। पिता, पुत्र र पवित्र आत्माले मानिसले नसक्ने तरिकामा एक आपसमा रहनुहुन्छ।

प्रत्येक मानव केवल एक व्यक्ति र केवल एक अस्तित्वको प्राणी हो। परमेश्वर तीन व्यक्ति हुनुहुन्छ, तर एक मात्र अस्तित्वको हुनुहुन्छ। परमेश्वरको एकताको बाइबलीय अवधारणाको रक्षा गर्नको लागि, हामी त्रिएकत्वका सदस्यहरूलाई एकअर्काबाट अलग (व्यक्ति) होइन, तर फरक (व्यक्तिहरू) को रूपमा बोल्दछौँ।

**हामी परमेश्वरको व्यक्तित्व र सम्बन्ध प्रतिबिम्बित गर्छौं**

परमेश्वरले हामीलाई उहाँको स्वरूपमा व्यक्तिको रूपमा-एक अर्कासँग र परमेश्वरसँग सम्बन्ध राख्ने क्षमता भएको बनाउनुभयो। सम्बन्धको उद्देश्यका लागि हामी प्रत्येकको मन, इच्छा र भावना हुन्छ।

**व्यक्तिगत रूपमा हामी अपूर्ण छौं**

परमेश्वरले आदमलाई सृष्टि गर्नुभएपछि, उहाँले भन्नुभयो, "मानिस एकलो रहन असल छैन" (उत्पत्ति २:१८)। त्यसपछि उहाँले हव्वा बनाउनुभयो। आदम हव्वाबिना अधूरो थियो किनभने, उनीबिना, उनीसँग सम्बन्धित अर्को मानव थिएन। वास्तवमा, एउटा धर्मशास्त्रले सुझाव दिन्छ कि आदम र हव्वाले *सँगै* परमेश्वरको स्वरूप प्रतिबिम्बित गरे: "यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो" (उत्पत्ति १:२७)। त्यहाँ आदम र हव्वा बीचको सम्बन्धको बारेमा केहि छ जस्तो देखिन्छ जसले तिनीहरूलाई सँगै परमेश्वरको स्वरूपलाई आदम आफैले भन्दा बढी प्रतिबिम्बित बनायो।

हाम्रो लागि यसको अर्थ बारे सोच्नुहोस्। त्रिएकत्वका व्यक्तिहरू जस्तै हामी अरूसँग सम्बन्धमा नभएसम्म हामी पूर्ण व्यक्तिको रूपमा काम गर्दैनौं। यसको मतलब यो होइन कि हामीले विवाह गर्नु पर्छ (स्वर्गमा कोही पनि विवाहित हुनेछैन, तर हामी अझै पनि व्यक्ति हुनेछौं), तर हामीले अरूसँग संगति गर्न आवश्यक छ।

**परमेश्वरको स्वरूप प्रतिबिम्बित गर्न सम्बन्धित**

परमेश्वरको प्रकृति र मण्डलीको प्रकृति बीचको अद्भुत तुलना छ। परमेश्वर र मण्डली दुवै भित्र एकता र विविधता छ। १ कोरिन्थी १२ अनुसार, ख्रीष्टको शरीर एक उद्देश्यको लागि काम गर्ने धेरै भागहरू मिलेर बनेको एकता हो। ख्रीष्टको शरीरले परमेश्वरको स्वरूपलाई कसरी प्रतिबिम्बित गर्छ भनी देख्न सक्नुहुन्छ? पावलले मण्डलीका विभिन्न सदस्यहरू ख्रीष्टमा एउटै रूपमा वृद्धि हुने अपेक्षा गरे। पावलले प्रार्थना गरे कि हामी:

> बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ। उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ (एफिसी ४:१५-१६)।

हामी सबैले एक अर्कालाई ख्रीष्टको एकतामा बढ्न मद्दत गर्न आफ्नो वरदान र क्षमताहरू प्रयोग गर्नुपर्छ। हामीले एकअर्कालाई अनुग्रहमा बढ्न मद्दत गरेर उहाँको सम्बन्धको प्रकृतिलाई प्रतिबिम्बित गर्ने परमेश्वर चाहनुहुन्छ। आत्मिक वृद्धि समुदायमा हुन्छ, जहाँ अन्य विश्वासीहरूसँग प्रतिबद्ध सङ्गति सामेल भइन्छ। यसले परमेश्वरको सामाजिक प्रकृतिलाई प्रतिबिम्बित गर्दछ।

यदि त्रिएकका सदस्यहरू अनन्तकालको लागि एकअर्काको लागि बलिदानपुर्ण प्रेममा बाँचेका छन् भने, हामीले अरूसँग प्रेमिलो सम्बन्धमा बाँच्नुपर्दछ। हामी उहाँको स्वरूपमा सामाजिक, सापेक्ष प्राणीको रूपमा बनाइएका छौं, त्यसैले हामीले आफूलाई भन्दा अरूमा ध्यान केन्द्रित गर्नुपर्छ। हामीले हाम्रो व्यक्तित्व भन्दा समुदायलाई जोड दिनुपर्छ। हामीले अरूसँगको हाम्रो सम्बन्धमा उहाँको त्रिएक स्वरूप प्रतिबिम्बित गर्ने प्रयास गर्दा परमेश्वरले हामीलाई आशिष् दिनुहुनेछ।

## त्रिएकीय आराधना

त्रिएकीय आराधना अनुसार हामी आत्माको सहायताले र पुत्रको प्रायश्चित कार्यको आधारमा पिताकहाँ आउँछौँ। त्रिएकवादीका रूपमा, हामीले आत्मामा रहेर पुत्रद्वारा पितालाई प्रार्थना गर्नुपर्छ।

त्रिएकका सदस्यहरूले एकअर्काको लागि गरेको प्रेम सम्बन्धमा प्रवेश गर्नु आराधनाको महत्त्वपूर्ण लक्ष्य हो। बाबु र छोराको बीचमा रहेको प्रेमको बारेमा सोच्नुहोस्। ख्रीष्टले क्रूसमा के गर्नुभयो भनेर सोच्नुहोस् ताकि हामीले त्यो प्रेम अनुभव गर्न सकौँ। पिता र छोरा एकअर्कासँग अद्भुत सङ्गतमा बस्छन्, र पुत्रको प्रायश्चित कार्यको कारण, आत्माले हामीलाई त्यो उत्कट प्रेम सम्बन्धमा भाग लिन मद्दत गर्न सक्षम हुनुहुन्छ।

त्रिएकवादीका रूपमा, हामी पितालाई, आत्मामा, पुत्रद्वारा प्रार्थना मात्र गर्दैनौँ, तर हामी पिता, पुत्र र आत्मालाई पनि प्रार्थना गर्छौं। त्रिएकत्वका सदस्यहरू मध्ये प्रत्येकलाई आदर र महिमा गरिनुपर्दछ, किनकि तिनीहरू सबै परमेश्वर हुन् र समान रूपमा आदर हुनुपर्छ। हाम्रो मुक्तिमा प्रत्येकले खेल्ने भूमिकालाई पहिचान गर्दै, त्रिएकीय आराधनाले त्रिएकताका प्रत्येक सदस्यलाई समान रूपमा महिमा ल्याउँछ।

"सर्वशक्तिमान् र अनन्त परमेश्वर, तपाईंले हामी सेवकहरूलाई अनन्त त्रिएकत्वको महिमा स्वीकार गर्नको लागि साँचो विश्वासद्वारा अनुग्रह, र ईश्वरीय महिमाको शक्तिमा त्रिएकत्वको आराधना गर्न दिनुभएको छ। हामीलाई यस विश्वासमा स्थिर राख्नुहोस्, ताकि हामी सधैँ सबै विरोधीहरूबाट बचाउन सकौँ: हाम्रा प्रभु येशु ख्रीष्टद्वारा, जो अहिले र सदासर्वदा राज्य गर्नुहुन्छ र पवित्र आत्मा, एकै परमेश्वर, जो अहिले र सदासर्वदा हुनुहुन्छ। आमेन।"

*बुक अफ कमन प्रेयर*

## जोगिन पर्ने त्रुटिहरू: त्रिएकत्वबारे सिद्धान्तहरू

*कक्षा अगुवाको लागि नोट: कक्षाको सदस्यले यो खण्डको व्याख्या गर्न सक्छ।*

किन फोहोरमा बीउ बढ्छ, वा मस्तिष्कले कसरी काम गर्छ, वा कुन बलहरूले ताराहरूलाई तिनीहरूको ठाउँमा राख्छ हामी बुझ्दैनौँ। वैज्ञानिकहरूले के हुन्छ अवलोकन गर्छन्, तर यो किन र कसरी हुन्छ भनेर व्याख्या गर्न सक्दैनन्। एक व्यक्तिले त्रिएकताको सिद्धान्तलाई पूरा व्याख्या गर्न नसकेर यसलाई अस्वीकार गर्नुको कुनै अर्थ छैन। परमेश्वरको बारेमा हरेक सिद्धान्त हाम्रो व्याख्या भन्दा बाहिर छ। उदाहरणका लागि, परमेश्वर सबै ठाउँमा कसरी हुन सक्नुहुन्छ र सबै कुरा जान्नुहुन्छ भनेर कसैले व्याख्या गर्न सक्दैन। त्रिएकका तथ्यहरू अतार्किक छैनन्, तर तिनीहरू मानव अनुभव र शब्दावलीहरू भन्दा बाहिर छन्। समुन्द्रमा रहेको माछा, बुद्धिमान नै भए पनि, उसलाई मानव हुनु कस्तो हो भनेर बुझाइए पनि उसले कहिल्यै बुझ्न सक्दैन।

त्रिएकताको तथ्य यो हो कि त्यहाँ तीन व्यक्तिहरूमा अवस्थित एक परमेश्वर हुनुहुन्छ जो प्रकृति र ईश्वरत्वमा समान छन्। मानिसहरूले यो व्याख्या गर्ने प्रयास गरेका छन्, तर तिनीहरूले अक्सर महत्त्वपूर्ण भाग गुमाउँछन्। तल त्रुटिहरूको केही उदाहरणहरू छन्।

१. **परमेश्वर साँच्चै एक व्यक्ति हुनुहुन्छ जसले विभिन्न भूमिकाहरू लिनुभएको छ।** यस सिद्धान्तमा, स्वर्गमा परमेश्वर पिता हुनुहुन्थ्यो, पृथ्वीमा उहाँ येशु हुनुहुन्थ्यो, र अब उहाँ हामीसँग पवित्र आत्माको रूपमा बोल्नुहुन्छ। तर यूहन्ना १४-१६ को अध्यायहरूमा येशुका शब्दहरूले उहाँ, पिता र पवित्र आत्माबीचको अन्तरक्रियालाई वर्णन गर्दछ। यदि उहाँहरू तीन अलग-अलग व्यक्तिहरू नभएको भए यो विवरणको अर्थ हुँदैन।.

२. **पिता, पुत्र र पवित्र आत्मा अलग-अलग व्यक्तिहरू हुनुहुन्छ।** यस सिद्धान्तमा, उहाँहरूको प्रकृतिमा भिन्नता हुन सक्छ। उदाहरणका लागि, पिता न्याय गर्न चाहने हुन सक्छ, तर पुत्रले दया देखाउन चाहन्छ। यो विचारले बाइबलको एक मात्रै परमेश्वर छन् भन्ने सिद्धान्तको विरोध गर्दछ।

३. **त्रिएकको एक व्यक्ति अर्को भन्दा सानो छ।** यस विचारलाई विश्वास गर्ने व्यक्तिले पितालाई मात्रै परमेश्वर तर पुत्र र पवित्र आत्मालाई सानो प्राणी ठान्दछ। उसले आत्माको व्यक्तित्वलाई अस्वीकार गर्न सक्छ र पुत्रलाई परमेश्वरले प्रयोग गर्नुभएको एक विशेष व्यक्तिको रूपमा सोच्न सक्छ। यो त्रुटिले मानिसहरूलाई परमेश्वरको रूपमा पुत्र र पवित्र आत्माको आराधना नगर्ने र झूटो सुसमाचार तिर डोर्याउन सक्छ।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

**ख्रीष्टियान विश्वासहरूको वक्तव्य**

परमेश्वर त्रिएक हुनुहुन्छ, तीन व्यक्तिमा एक परमेश्वर हुनुहुन्छ, पिता, पुत्र र पवित्र आत्मा। तीनैजना भूमिकामा फरक हुनुहुन्छ तर प्रकृतिमा र ईश्वरीय स्वभाव समान हुनुहुन्छ र आराधनाको लागि समान हुनुहुन्छ।

## पाठ ३ क्रियाकलाप

(१) पद खण्ड कार्यभार: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- यूहन्ना १५:२६
- यूहन्ना १७:१-५
- एफिसी १:१७-२३
- कलस्सी १:१२-१९
- हिब्रू १:१-३, ८

(२) परीक्षा: तपाईंले पाठ ३ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ ३ परीक्षा

(१) ब्रह्माण्डले परमेश्वरको प्रकृतिलाई कसरी चित्रण गर्छ?

(२) त्रिएकत्वको सिद्धा न्तको लागि कुन तीनवटा बाइबलीय परिसरहरू आधार हुन्?

(३) त्रिएक भित्रको सम्बन्धको संरचना कस्तो छ?

(४) परिवार वा मण्डलीको संरचना कसरी त्रिएकको संरचनासँग तुलना गर्न सकिन्छ?

(५) त्रिएकमा विश्वास गर्ने हामीले कसलाई प्रार्थना गर्नुपर्छ?

(६) त्रिएकको बारेमा तीनवटा सामान्य गलत सिद्धान्तहरूको नाम दिनुहोस्।

# पाठ ४

# मानव जाति

## पाठका उद्देश्यहरू

(१) विद्यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- हामी कसरी थाहा रूपमा पाउन सक्छौँ कि मानवमा भएको परमेश्वरको स्वरूप भौतिक होइन?
- मानव जातिमा परमेश्वरको स्वरूपको आठ विशेषताहरू।
- कसरी मानिस विशेष रूपमा परमेश्वरसँगको सम्बन्धको लागि सृष्टि गरिएको हो।
- कसरी मानिससँग स्वतन्त्र इच्छा छ।
- मानिसहरूको मूल्य पार्थिव जीवनभन्दा असीम मूल्यको छ।
- मानवताको बारेमा ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्यार्थीले बुझ्नेछन् कि कसरी परमेश्वरसँगको सम्बन्धविना एक व्यक्ति पूर्ण रूपमा आफै सन्तुष्ट हुन सक्दैन।

## मानव जाति-परमेश्वरको स्वरूपमा बनाइएको प्राणी

► एक साथ सबैले भजनसंग्रह ८ पढ्नुहोस्। यस खण्डले हामीलाई मान्छेको बारेमा के बताउँछ?

► संसारका हरेक मानिसमा हुने उस्तै कुराहरू के के हुन्?

हामीलाई हाम्रो पहिचान के कुराले दिन्छ भनेर सोच्नुहोस्। वास्तवमा मानिस हुनुको अर्थ के होला?

► एक साथ सबैले उत्पत्ति १:२६-२७ पढ्नुहोस्।

हाम्रा धेरै स्वभावहरू परमेश्वर जस्तै छ। हामी परमेश्वर त होइनौँ, तर केही न केही कुराले हामीलाई पशुभन्दा अलग र अद्वितीय बनाउँछ। भजनसंग्रह ८:५ मा, लेखकले हामीलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्रामा सानो बनाइएका छौँ र महिमा र सम्मानको मुकुट लगाइएका छौँ भनेर आनन्दित छन्।

पृथ्वी र यसमा बस्ने प्राणीहरूको व्यवस्थापन गर्न परमेश्वरले मानिसहरूलाई विशेष जिम्मेवारी दिनुभयो (भजनसंग्रह ८:६)। मानिसहरूले जीवित प्रजातिहरूको क्षतिबाट बच्न, स्रोतसाधनको बुद्धिमानी प्रयोग गर्न र भविष्यका पुस्ताहरूका लागि पृथ्वीलाई राम्रो अवस्थामा छाड्नका लागि पृथ्वीलाई सावधानीपूर्वक व्यवस्थापन गर्नु पर्दछ।

मानव जातिको यो उच्च दृष्टिकोण पक्कै पनि हाम्रो आत्म-सम्मानको लागि विकासको सिद्धान्तभन्दा श्रेष्ठ छ! विकासवाद सिद्धान्तमा मानव जीवनमा कुनै विशेष महत्त्व छैन, कुनै उद्देश्य छैन, कुनै अर्थ छैन, मानव हुनुमा केही विशेष छैन।

केही पुरातन मिथकहरू अनुसार, मानिसहरू संयोगवश कुनै उद्देश्य बिना र कुनै सृष्टिकर्ताले प्रेम नगरेको प्राणीका रूपमा बनाइएका थिए। तर बाइबलले हामी परमेश्वरको स्वरूपमा बनाइएका विशेष सृष्टि हौँ भनी सिकाउँछ। त्यसको मतलब के हो?

मानिसमा परमेश्वरको स्वरूप हुनुको अर्थ शारीरिक समानता होइन।

► मानिसमा परमेश्वरको स्वरूप हुनुको अर्थ शारीरिक समानता होइन भनेर हामी कसरी थाह पाउँछौं?

**(१) परमेश्वर आत्मा हुनुहुन्छ** (यूहन्ना ४:२४)। सोलोमनले बुझे कि सारा स्वर्ग र पृथ्वीले परमेश्वरलाई अटाउन सक्दैन (१ राजा ८:२७)। परमेश्वर आफूले चाहेको जस्तोसुकै रूपमा देखा हुन सक्नुहुन्छ, तर परमेश्वरजस्तो देखिने एउटा पनि रूप छैन। यस कारणले गर्दा नै हामीले आराधना गर्नको लागि उहाँको मूर्तिहरू बनाउनु हुँदैन।

**(२) परमेश्वरको स्वरूपलाई व्यक्तिको जस्तो देखाउनु मूर्तिपूजा हो।** (रोमी १:२३ पढ्नुहोस्)।

**(३) मानिसहरूलाई भौतिक रूपमा पृथ्वीमा जीवनको लागि सृजना गरिएको हो,** खुट्टाहरू हिँड्नका लागि, हातहरू सामानहरू सार्नको लागि, र दृष्टि र श्रवण धारणा गर्नका लागि सृजना गरिएको हो। परमेश्वरले हामीलाई पृथ्वीमा जीवनको लागि सृजना गर्नुभयो। तर परमेश्वर सारा ब्रह्माण्डमा बास गर्नुहुन्छ। उहाँले आफ्नो वचनद्वारा सबै बनाउन र हल्लाउन सक्नुहुन्छ। उहाँसँग हाम्रो कुनै तुलना छैन। उहाँसँग मानव शारीरिक रूप छ भनेर सोच्नुपर्ने कुनै कारण छैन।

## मानवलाई दिइएको परमेश्वरको स्वरूपका तत्वहरू

► परमेश्वरको स्वरूपलाई प्रतिबिम्बित गर्ने मानिसहरूका केही विशेषताहरू के के हुन्?

ईश्वरशास्त्रीहरूले मानिस परमेश्वरको स्वरूपमा हुनुको अर्थ के हो भन्ने बारेमा धेरै चिन्तन गरेका छन् र निम्न गुणहरूको बारेमा धेरैजसो सहमत छन्।

### सृजनात्मक प्रवृत्ति

हामीमा एउटा सृजनात्मक प्रवृत्ति छ जुन हामीमा भएको परमेश्वरको स्वरूपबाट प्रकट हुन्छ। हाम्रो सृष्टिकर्ताले हामीलाई सृजनात्मक बनाउनु भएको छ! कहिलेकाहीँ जनावरहरूलाई चिन्हहरू अर्थात् केही कला बनाउने तालिम दिइएको हुन्छ। तर यो एक विचार व्यक्त गर्ने व्यक्तिद्वारा निर्मित कलाभन्दा धेरै फरक हुन्छ। गुफाहरूमा प्राचीन

चित्रहरू फेला परेका छन्। हामीलाई ती चित्र कोरेको मानिसहरूको बारेमा धेरै थाहा छैन, तर कसैलाई यो शङ्का छैन कि तिनीहरू जनावरहरूले नभई मानिसहरूले बनाएका हुन्।

सङ्गीतमा पनि सृजना प्रकट हुन्छ। सङ्गीतमा हाम्रो विचार र भावना व्यक्त गर्ने अद्भुत क्षमता हुन्छ। सङ्गीतको माध्यमबाट विचारहरू संवाद गर्ने क्षमता हामी भित्रको परमेश्वरको स्वरूपबाट आउँछ।

**सोच्ने क्षमता**

सोच्न सक्नु अर्को ईश्वरीय-क्षमता जस्तै हो। जनावरहरूको पनि दिमाग हुन्छ, तर हामीले भन्न सक्छौँ कि जनावरहरूको मस्तिष्क गतिविधि आधारभूत वृत्ति र अन्तर्ज्ञानको स्तरभन्दा माथि उठ्दैन। केवल मानव जातिहरू विश्लेषण गर्न, मूल्याङ्कन गर्न र प्रतिबिम्बित र त्यसका साथै प्रस्टसँग सञ्चार गर्न सक्षम छन्।

हामीले सोच्न मात्रै हैन, के सोचिराखेको छौँ भनेर पनि सोच्न सक्छौँ। हामी विचार प्रक्रियाहरू विश्लेषण गर्न सक्छौँ। हामी तार्किक रूपमा मात्र नभएर तर्कको बारेमा सोच्न सक्छौँ।

**सञ्चार गर्ने क्षमता**

मानिसमा संवाद गर्ने क्षमता हुन्छ। यसलाई भाषाको प्रयोगद्वारा प्रदर्शन गरिन्छ, जहाँ विचारहरूलाई अन्य मानिसहरूले बुझ्ने ध्वनि वा प्रतीकहरूमा राखिन्छ। कुकुर र चराहरू जस्ता जनावरहरूमा आवाजको माध्यमबाट संवाद भएपनि यो मानव भाषा जत्तिको जटिल छैन। जनावरहरूसँग अरूलाई धम्की दिने, क्षेत्र दाबी गर्ने वा खाना बाँड्ने तरिकाहरू छन्, तर तिनीहरू बीच जीवनको अर्थको बारेमा छलफल भएको देखिन्न।

संवाद सोच्ने र तर्क गर्ने क्षमतामा निर्भर गर्दछ। जनावरहरूले शब्दहरू भन्न सक्दैनन्, तर यदि तिनीहरूले संवाद गर्न सक्ने भए तर्क गर्न नसक्ने भएकोले तिनीहरूमा संवाद गर्ने धेरै कुरो हुँदैन।

**सामाजिक प्राणी**

मानिसमा सामाजिक स्वभाव हुन्छ। हामी अन्य व्यक्तिहरूसँग अन्तरक्रिया गर्न, अरूप्रति प्रतिबद्धताहरू र अरूमा निर्भर गर्न सक्ने गरी सृष्टि गरिएका छौं। हामी पूर्णतया अरूमा निर्भर भएर नै सुरु गर्छौँ, र बच्चालाई वयस्क हुन धेरै वर्ष लाग्छ। किनभने परमेश्वरको लागि सम्बन्धहरू एकदम महत्त्वपूर्ण छन्।

परमेश्वरले मानव जीवनको यसरी सृजना गर्नुभएको छ कि मानिसहरूले सँगै काम गर्न र उनीहरूको दैनिक आवश्यकताहरू पूरा गर्न सम्बन्धहरू कायम राख्नुपर्छ। यदि कुनै व्यक्तिले कसैको सहयोग बिना खाना र आश्रय जस्ता वस्तुहरू प्राप्त गर्न सके पनि, उसको महत्त्वपूर्ण आवश्यकताहरू हुन्छन् जुन अरूसँगको सम्बन्धमा मात्र पूरा हुन्छन्। मानवको सामाजिक प्रकृतिले परमेश्वरको प्रकृतिलाई प्रतिबिम्बित गर्दछ। परमेश्वर त्रिएक हुनुहुन्छ र अनन्त सम्बन्धमा हुनुहुन्छ।

मानव सम्बन्धमा धेरै समस्याहरू छन्। समस्याहरूको कारण, केही मानिसहरू सोच्छन् कि उनीहरू अझ बढी स्वतन्त्र हुन आवश्यक छ। तिनीहरू कसैमा निर्भर नभइकनै बाँच्न चाहन्छन्। एक्लै बाँच्नु समाधान होइन र परमेश्वरले हाम्रो लागि सृष्टि गर्नुभएको जीवन यो होइन। बरु, उहाँले हामीलाई सम्बन्धमा रहने सिद्धान्तहरू दिनुभयो। समस्याहरू तब आउँछन् जब हामी परमेश्वरको सृष्टिलाई पछ्याउँदैनौं।

### नैतिक चेतना

हामीसँग हाम्रो स्वभावको एउटा पाटोको रूपमा नैतिक चेतना छ। हामीभित्र केही कुरा छ जसले केही कार्यहरू सही छन् र केही गलत छन् भनी बताउँछ। (रोमी १:२०, रोमी २:१५ पढ्नुहोस्)। यसले हामीलाई कुनै इच्छाको पछि लाग्नु सही हो वा होइन भनेर बताउँछ। आदम र हव्वालाई पवित्र सृष्टि गरिएको थियो र पूर्ण रूपमा परमेश्वरको इच्छा पालन गर्न सक्षम थिए।

किनभने मानव जाति पापमा परेको छ र त्यो आधारभूत नैतिक धारणालाई क्षति पुर्‍याएको छ, यो पूर्ण रूपमा सही छैन, तर हामी प्रत्येक भित्र अझै पनि सही र गलतको अवधारणाहरू बुझ्ने क्षमता छ।

किनभने हामीसँग नैतिक भावना छ, हामीसँग सही गर्नुपर्छ भन्ने कर्तव्यको भावना छ र यदि हामीले पाप गर्छौं भने हामी दोषी छौं। हामी जनावरहरू जस्तै होइनौं, जसले अपराधको भावना बिना आफ्नो प्राकृतिक प्रवृत्तिलाई पछ्याउँछ।

> "आज मानिसहरूले आफूलाई आफ्नो मर्यादामा हेर्न खोजिरहेका छन्, तर उनीहरूलाई थाहा छैन कि यो कुरा कसरी गर्न सकिन्छ, किनकि उनीहरूले मानिस ईश्वरको स्वरूपमा बनेको हो भन्ने सत्य गुमाए...। हामीले हाम्रो समाजमा यो हेर्न सक्छौं कि यदि हामीले लामो समयसम्म कसैलाई तिमीहरू मेसिनहरू हौ भनेर प्रस्तुत गरिरहयौं भने उनीहरु वास्तविक रूपमा नै यस्तै स्वभाव आफ्नो कार्यमा देखाउन थाल्छ।"
>
> फ्रान्सिस ए. शेफर

### छनौट गर्ने क्षमता

स्वतन्त्र इच्छा, वा छनौट गर्ने क्षमता, मानिसको विशेषता हो। यसको विपरीत, जनावरहरूको छनौट क्षणिक आवेगमा र प्रवृत्तिको स्तरमा हुन्छ। जनावरहरूले नैतिकता वा तिनीहरूका कार्यहरूको व्यावहारिक नतिजाहरूलाई विचार गर्दै होसियार, सोचेर निर्णय गर्दैनन्। मानिसमा अर्थपूर्ण, जीवन परिवर्तन गर्न सक्ने छनौट गर्ने क्षमता हुन्छ। (यहोशू २४:१५ पढ्नुहोस्)।

► किन स्वतन्त्र इच्छा मानिसको एक महत्त्वपूर्ण पक्ष हो?

हामीले वास्तविक छनौटहरू गर्ने भएकाले हामी परमेश्वरमा जवाफदेही छौं। उहाँले पापको न्याय गर्नुहुनेछ र धार्मिकतालाई इनाम दिनुहुनेछ (प्रकाश २०:१२-१३)।

हामी पापी स्वभाव लिएर जन्मेका हुनाले, हामी स्वाभाविक रूपमा परमेश्वरको आदर गर्नमा स्वतन्त्र इच्छा प्रयोग गर्दैनौं। एक व्यक्ति आफूले केही सही गर्न नसक्ने र स्वभावैले पापको दास हो (रोमी ६:१६-१७, एफिसी २:१-३ पढ्नुहोस्), तर परमेश्वरको अनुग्रह हरेक व्यक्तिमा सुसमाचारप्रति प्रतिक्रिया दिने इच्छा र क्षमता प्रदान गर्दै आउँछ। त्यसकारण नै एक व्यक्तिले पश्चात्ताप गर्ने र सुसमाचारमा विश्वास गर्ने छनौट गर्न सक्छ। (मर्कूस १:१५ पढ्नुहोस्)।

**अमरता**

अमरता परमेश्वरको स्वरूपको एक आवश्यक गुण हो। एक समय थियो जब हामी अस्तित्वमा थिएनौं, तर प्रत्येक व्यक्ति उसले गर्भधारण गरेको समयदेखि सदाको लागि रहनेछ। हामी भौतिक प्राणी मात्र होइनौं, तर हामी आत्मिक प्राणी पनि हौं जो सधैंभरि बाँच्नेछ, र हाम्रा शरीरहरू पनि अनन्त रूपमा पुनरुत्थान हुनेछन्। (१ कोरिन्थी १५:१६-२२, ५२-५४ पढ्नुहोस्) परमेश्वरले हामी प्रत्येकलाई अनन्त उद्देश्यको लागि सृष्टि गर्नुभयो। हामी अमर भएकोले हाम्रा छनौटहरू अनन्त सम्म महत्त्वपूर्ण हुन्छ किनभने यहि छनौटले गर्दा नै हामी स्वर्ग वा नरकमा सधैंभरि हुनेछौं।

**प्रेम गर्ने क्षमता**

प्रेम गर्ने क्षमता परमेश्वरको स्वरूपको एक अंश हो। जनावरहरूमा एक अर्कासँगको सम्बन्धहरू एकदम सीमित र प्रायः प्रवृत्तिद्वारा नियन्त्रित भएका हुन्छन्।

मानवका अन्य विशेषताहरू यही प्रेमका लागि महत्त्वपूर्ण छन्। यदि हामीसँग सञ्चार गर्ने क्षमता, हामीले प्रेम गर्नेहरूलाई छनौट गर्ने र प्रतिबद्धता गर्ने क्षमता, र अरूबाट प्रेम प्राप्त गर्दा बुझेर प्रतिक्रिया दिने क्षमता नभएको भए प्रेमको धेरै अर्थ हुँदैन।

मानव प्रेम एक अर्काको सम्बन्धको आनन्द प्रतिज्ञाहरू गर्ने र पालना गर्ने, बलिदान दिने र सेवा गर्ने, र क्षमामा व्यक्त भएको देखिन्छ। यी सबै परमेश्वरको प्रेमको अभिव्यक्ति हुन्।

**आराधना गर्ने क्षमता**

हाम्रो सबैभन्दा महत्त्वपूर्ण विशेषता भनेको आराधना गर्न सक्ने क्षमता हो। आफ्नो मनपर्ने भजन वा कोरस बारे सोच्नुहोस्। हामी गाउँछौं, "हाम्रो परमेश्वर महान् छन्।" "कति महान्, कति महान्" आराधनाको एक कालातीत भजन हो। भजनसंग्रह रचयिताले भने, "हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर, ए मेरो सारा अन्तस्करण, उहाँको पवित्र नाउँको स्तुति गर।" (भजनसंग्रह १०३:१)। यी अभिव्यक्तिहरू हामीमा रहेको ईश्वरको स्वरूपद्वारा सम्भव छन् किनभने हामी जसको स्वरूपमा बनेका छौं, त्यो स्वरूपले उहाँलाई चिन्न र प्रतिक्रिया दिन मद्धत गर्छ!

## मानवमा परमेश्वरको स्वरूपको उद्देश्य

परमेश्वरले हामीलाई किन उहाँको स्वरूपमा बनाउनुभयो भनेर बेला बखत सोच्नु राम्रो हो। हामी किन अरू सबै सृष्टिभन्दा फरक छौं? जवाफ यो हो कि हामी विशेष रूपमा परमेश्वरसँग सम्बन्ध राख्न र उहाँको उपासना गर्नेलाई बनाइएकों हौं।

बाइबलले हामीलाई बताउँछ कि सृष्टिले सामान्यतया परमेश्वरलाई महिमा दिन्छ। उहाँले बनाउनु भएको कुराहरूमा हामी परमेश्वरको महानता देख्छौं। तर अन्य प्राणीहरूले यो कुरा नबुझेर पनि परमेश्वरको महिमा गर्छन्। तिनीहरूले परमेश्वर कस्तो हुनुहुन्छ भनेर बुझ्न सक्दैनन् किनभने तिनीहरूसँग उहाँसँग सम्बन्ध राख्न सक्ने प्रकृति छैन।

हामी परमेश्वरको असीम रचनात्मकताको प्रशंसा गर्न सक्छौं किनभने हामीसँग केहि रचनात्मकता छ। हामी उहाँको पवित्रता र धार्मिकताको उपासना गर्न सक्छौं किनभने हामीसँग सही र गलत छुटाउन सक्ने भावना छ। हामी उहाँको असीम प्रेमबाट छक्क पर्न सक्छौं किनभने हामीसँग प्रेम गर्ने क्षमता छ।

हामी परमेश्वरलाई बौद्धिक ज्ञानमा मात्र नभई सम्बन्धमा जति राम्रोसँग चिन्छौं, त्यति नै हामी उहाँलाई प्रेम र आराधना गर्न सक्छौं। हामी परमेश्वरसँगको सम्बन्धमा आनन्द र पूर्णता पाउँछौं किनभने उहाँले हामीलाई यस सम्बन्धको लागि नै बनाउनु भएको थियो।

## अन्य महत्त्वपूर्ण विचारहरू

**(१) सबै मानिसमा ईश्वरको स्वरूप छ** (उत्पत्ति १:२७)। यस्ता धेरै मानिसहरू पनि छन् जो मानसिक सीमितताका कारण तर्क गर्न सक्दैनन्, आफूलाई रचनात्मक रूपमा व्यक्त गर्न सक्दैनन्, वा स्वतन्त्र इच्छाको अभ्यास गर्न सक्दैनन्। तिनीहरूमा पनि परमेश्वरको स्वरूप बनाइएको छ, तर यो तिनीहरूको पार्थिव जीवनमा पूरा नहुन सक्छ।

**(२) प्रत्येक मानव जीवनको अनन्त र असीम मूल्य हुन्छ।** कहिलेकाहीँ हामीले व्यक्तिको व्यावहारिक मूल्य, उसको बुद्धि, शिक्षा, प्रतिभा, वा बल जस्ता कुराहरू याद गर्छौं। तर हरेक व्यक्तिको एउटा मूल्य हुन्छ जुन उसको व्यवहारिक मूल्यभन्दा महत्त्वपूर्ण हुन्छ, किनभने ऊ परमेश्वरको स्वरूपमा बनाइएको हो। यसैले हरेक व्यक्ति एक मानवको रूपमा सम्मानको योग्य छ चाहे उसमा मानिसहरूलाई व्यावहारिक मूल्य दिने बस्तुहरूको अभाव भएपनि र चाहे त्यो एक दुष्ट व्यक्ति किन नहोस। परमेश्वरको स्वरूप भएकै कारण प्रत्येक बच्चा परमेश्वरको लागि मूल्यवान छ, र गर्भपात एक भयानक पाप हो (उत्पत्ति ९:६, भजनसंग्रह १३९:१३-१४, यशैया ४४:२४)।

**(३) स्वर्गदूतहरू पनि सृष्टिमा अद्वितीय छन्।** तिनीहरूसँग उच्च बुद्धि, तर्क क्षमता, संचार क्षमता, र आराधना गर्ने क्षमता छ। त्यसकारण तिनीहरूसँग परमेश्वरको स्वरूपका केही पक्षहरू छन् र तिनीहरूलाई धर्मशास्त्रमा परमेश्वरका पुत्रहरू भनिएको छ (अय्यूब १:६)। वर्तमान रुपमा हामी शक्तिमा स्वर्गदूतहरू भन्दा कम छौं (भजनसंग्रह ८:५), तर पनि उनीहरूले हाम्रो सेवा गर्छन् (हिब्रू १:१४)। अनन्तकालमा, हामी स्वर्गदूतहरू भन्दा उच्च स्थानमा

हुनेछौं (१ कोरिन्थी ६:३ पढ्नुहोस्), र ख्रीष्टसँग शासन गर्नेछौं। यसले मानिसहरूलाई स्वर्गदूतहरू भन्दा पूर्ण रूपमा परमेश्वरको स्वरूपमा बनाइएको हो भन्ने संकेत गर्छ।

**(४) संसार यसको मौलिक रूपमा छैन।** एक सुन्दर चित्रकलाको कल्पना गर्नुहोस् जो एक प्रतिभाशाली कलाकारद्वारा बनाइएको छ। कल्पना गर्नुहोस् कि त्यो चित्रकला भुइँमा फ्याँकिएको छ, र मानिसहरू हिलो जुत्ता लगाएर त्यसमा हिँडेका छन्। यदि तपाइँले त्यो चित्रकला हेर्नुभयो भने तपाइँले अझै पनि यसमा भएको महान प्रतिभा देख्न सक्नुहुन्छ, तर त्यो चित्रकला कलाकारले पहिलो पटक कोरेको रुपमा भने छैन। सृष्टिको अवस्था पनि यस्तै छ। यो ठ्याक्कै परमेश्वरले चाहेको जस्तो देखिदैन, तर उहाँको महिमा अझै पनि प्रष्ट रुपमा देखिन्छ।

**(५) पापले मानिसहरूमा "इश्वर-जस्तै" क्षमताहरूको विकृत गरेको छ।** उदाहरणका लागि, कलात्मक अभिव्यक्तिले दुष्ट हृदयलाई प्रकट गर्न सक्छ र शैतानको औजार बन्न सक्छ, यद्यपि यो उपहार आफैं परमेश्वरबाट आएको हो। यद्यपि, अनुग्रहको हस्तक्षेपको कारण, पापले हामी भित्रको परमेश्वरको स्वरूपलाई पूर्ण रूपमा मेटाउन सकेको छैन। हाम्रो सृष्टिकर्ताको महिमाको लागि हामीमा रहेको परमेश्वरको स्वरूपलाई अनुग्रहद्वारा नवीकरण, विकास र अभिव्यक्त गर्न सकिन्छ! (कलस्सी ३:१०; एफिसी ४:२२-२४; २ कोरिन्थी ३:१८ पढ्नुहोस्)।

**(६) हामीमा रहेको परमेश्वरको स्वरूप नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो।** हामीमा रहेको परमेश्वरको स्वरूपले हामीलाई सुसमाचारमा प्रतिक्रिया दिन सम्भव बनाउँछ। हाम्रो नैतिक भावनाले अनुग्रहलाई हाम्रो अन्तस्करण जगाउन र पापको दोषी ठहराउन सम्भव बनाउँछ। अनुग्रहद्वारा स्वतन्त्र इच्छाको पुनर्स्थापितले हामीलाई कसको सेवा गर्ने भन्ने कुरामा छनोट गर्न सम्भव बनाउँछ। हाम्रो सृजनात्मक प्रवृत्ति मार्फत हामी परमेश्वरलाई महिमा र सम्मान ल्याउन सक्छौं। तर्क प्रयोग गरेर, हामी लुकेका सत्यहरू खोज्न सक्छौं र परमेश्वर र उहाँका मार्गहरूको बारेमा केही बुझ्न सक्छौं। परमेश्वरलाई बुझ्ने खोज एक आराधनामा परिणत हुन्छ जब हामी हाम्रा सृष्टिकर्ताको पूर्ण अद्भुतताको बारेमा बढ्दो सचेत हुन्छौं जसले हामीलाई महिमा र सम्मानको मुकुट दिनुभएको छ!

## जोगिनुपर्ने त्रुटि

कहिलेकाहीँ मानिसहरूलाई लाग्छ कि परमेश्वरसँगको सम्बन्ध मृत्यु पछिको जीवनको लागि मात्र महत्त्वपूर्ण छ। तिनीहरू सोच्छन् कि यदि एक व्यक्तिले पृथ्वीमा राम्रो जीवन बिताउँछ भने त्यो ख्रीष्टियान भए पनि वा नभए पनि, यसले धेरै फरक पार्दैन। तर यदि हामीले बुझ्छौं कि मानवताको प्रकृति ईश्वरसँगको सम्बन्धको लागि सृजना गरिएको हो, हामीले बुझ्छौं कि यदि हामीले परमेश्वरलाई चिन्न सकेनौं भने हाम्रो जीवन प्रायः बर्बाद हुन्छ। हामीलाई हामी भित्र परमेश्वरको आत्मा चाहिन्छ, जसले हामीलाई मार्गदर्शन गर्न, क्षमता पूरा गर्न, र हामीले गर्ने सबै कुरामा अनन्त परिप्रेक्ष्य दिनुहुन्छ।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

## ख्रीष्टियान विश्‍वासहरूको वक्तव्य

परमेश्‍वरलाई प्रेम गर्ने र आराधना गर्ने उद्‌देश्यले मानिसहरूलाई परमेश्‍वरको स्वरूपमा सृष्टि गरिएको हो। परमेश्‍वरले मानिसहरूलाई सोच्न, कुराकानी गर्ने र प्रेम गर्ने क्षमताको साथ सृजना गर्नुभयो। एक व्यक्तिसँग नैतिक भावना, व्यक्तिगत इच्छा र अमर आत्मा हुन्छ। परमेश्‍वरको अनुग्रहले व्यक्तिलाई स्वतन्त्र निर्णय गर्ने शक्ति दिन्छ। प्रत्येक मानव जीवनको अनन्त र असीम मूल्य हुन्छ।

## पाठ ४ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्‌यार्थीलाई तल सूचीबद्‌ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- उत्पत्ति ३:१-६
- यहोशू २४:१४-१८
- रोमी ६:१२-२३
- रोमी ८:२२-२६
- एफिसी २:१-९
- १ थेसलोनिकी ५:२३
- याकूब १:१२-१५

(२) परीक्षा: तपाईंले पाठ ४ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्‍नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ ४ परीक्षा

(१) उत्पत्ति १:२६-२७ अनुसार, मानिसहरू कसरी बाँकी सृष्टिभन्दा अद्‌वितीय छन्?

(२) मानिसमा परमेश्वरको स्वरूप शारीरिक समानता होइन भनी हामीलाई थाहा भएको तीन वटा कारणहरू उल्लेख गर्नुहोस्।

(३) मनुष्यत्वमा परमेश्वरको स्वरूपका सात तत्वहरू सूचीबद्‌ध गर्नुहोस्।

(४) हामी कुन दुई मुख्य कारणका लागि परमेश्वरको स्वरूपमा सृष्टि भएका छौँ?

(५) नैतिक भावनाबाट कस्तो क्षमता आउँछ?

(६) वास्तविक छनोट गर्ने क्षमता भएका मानिसहरूको महत्त्व के हो?

# पाठ ५

# पाप

## पाठका उद्‌देश्यहरू

(१) विद्‌यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- पापको सुरुवात।
- पापको लागि प्रयोग गरिने बाइबलीय शब्दहरू।
- वंशानुगत भ्रष्टताको परिभाषा र वर्णन।
- जानाजानी गरिने पापको बाइबलीय अवधारणा।
- पापबारे ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्‌यार्थीले जानाजानी गरिने पापको स्पष्ट परिभाषा पाएर व्यक्तिगत रूपान्तरणलाई अझ राम्रोसँग बुझ्न सक्नेछन्।

## परिचय

► एक साथ सबैले उत्पत्ति ३ पढ्नुहोस्। यस खण्डले हामीलाई पापको बारेमा के बताउँछ?

► हामीले पापलाई बुझ्नु आवश्यक किन छ?

हामीले पाप बुझ्नुपर्छ:

१. **संसारको अवस्था थाहा गर्न।** बाइबलले हामीलाई बताउँछ कि पाप मानव दुखको कारक हो। पापले गर्दा संसारमा मृत्यु आयो (रोमी ५:१२ पढ्नुहोस्)। पापको श्रापको कारणले गर्दा रोग, बुढ्यौली र पीडा हुन्छ। झूट बोल्ने, चोरी गर्ने, हत्या गर्ने, व्यभिचार गर्ने, मद्‌यपान गर्ने र दमन गर्ने जस्ता पापपूर्ण कामहरूले संसारलाई दुःखमा भरिदिएको छ। हृदयको पापबाट नै घृणा, अभिलाषा, लोभ, घमण्ड र स्वार्थ जस्ता पाप कार्यहरू आउँछन्।

२. **अनुग्रह र मुक्ति बुझ्न।** हामीलाई पापबाट बचाउनको लागि परमेश्वरले अनुग्रह दिनुहुन्छ (मत्ती १:२१; रोमी ५:२०-२१)।

३. **पवित्रता बुझ्न।** पाप स्वभाव पवित्रताको विपरीत छ। यो परमेश्वरको भक्तिको कार्यको विरोधमा हुन्छ। एक व्यक्ति परमेश्वरको अपेक्षा अनुसार पवित्र हुनको लागि (१ पत्रुस १:१५-१६), ऊ पापबाट अलग हुनुपर्छ।

## पापको उत्पत्ति

परमेश्वरको सृष्टि सिद्ध थियो, र उहाँले बनाउनु भएको सबै कुरा दोषरहित थियो। जब परमेश्वरले सृष्टि बनाइ सिध्याउनुभयो, उहाँले सबै कुरा असल देख्नुभयो (उत्पत्ति १:३१)। त्यसकारण, हामी जान्दछौँ कि पाप संसारमा हुनुमा परमेश्वरको गल्ती थिएन।

आदम र हव्वा परमेश्वरसँगको सम्बन्धमा थिए। तिनीहरूले परमेश्वरलाई खुसी पार्न चाहन्थे र तिनीहरुमा सबै कुरा असल गर्न सक्ने क्षमता थियो। शैतानले हव्वालाई परमेश्वरप्रति अनाज्ञाकारी हुन प्रलोभनमा पार्‍यो। यसबाट हामीलाई थाहा हुन्छ कि संसारमा पाप पहिलेदेखि नै थियो। शैतान पहिले नै पापमा फसेको थियो। तर पाप अझै मानवता वा सृष्टिको भागमा प्रवेश गरेको थिएन जुन संसार मानवको अधिकारमा थियो।

आदम र हव्वामा स्वतन्त्र इच्छा थियो। तिनीहरू स्वतन्त्र छनौट गर्न सक्षम भएको कारणले नै पापको सम्भावना रह्यो। तिनीहरूले परमेश्वरको व्यवस्था तोड्ने छनौट गरे, र त्यो मानव पापको सुरुवात हुन गयो।

पापको पहिलो कार्यले मानवलाई परमेश्वरबाट अलग गर्‍यो। पापले मानवको प्रकृतिलाई पनि भ्रष्ट बनायो (भजनसंग्रह ५१:५ पढ्नुहोस्)। त्यसपछि अब जन्मने सबै छोराछोरीहरू भ्रष्ट र तिनीहरूले पाप कर्महरू गर्ने स्वभावका भए। (रोमी ५:१२, १४, १८-१९ पढ्नुहोस्)।

पापले सबै सृष्टिमा श्राप ल्यायो (उत्पत्ति ३:१६-१९)। पापको कारणले जीवन परिवर्तन भयो। पीडा, बुढ्यौली र मृत्यु सुरु भयो (१ कोरिन्थी १५:२२ पढ्नुहोस्)। काम गरेर खान र बाँच्न गाह्रो भयो। मानव सम्बन्धहरू द्वन्दमा परिवर्तन हुन थाले। जब वर्षौं बित्दै गयो र मानिसहरूको सङ्ख्या बढ्दै गयो, पापको नतिजा आदम र हव्वाले सोचेको भन्दा धेरै बढ्यो।

## पापको लागि हिब्रू र ग्रीक शब्दहरू

धेरैजसो भाषाहरूमा पापका फरक-फरक पर्यायवाची शब्दहरू छन्। हिब्रू र ग्रीक जुन धर्मशास्त्रको मूल भाषाहरू हुन्, त्यसमा पनि धेरै फरक शब्दहरू छन् जसले पापलाई परिभाषित वा व्याख्या गर्दछ, जसलाई तल स्पष्ट गरिएको छ। जब यी व्याख्यालाई एकसाथ लिइन्छ, यी शब्दहरूले पापको विस्तृत चित्र प्रस्तुत गर्दछ।

> "पाप र परमेश्वरको सन्तान परस्पर-विरोधी हुन्। तिनीहरू कहिलेकाहीं एक साथमा हुन सक्ला [तर] यी दुई कुराहरू एकै साथ हुन सक्दैनन्।"
> जोन स्टट

- अख्तियारको अस्वीकार वा विद्रोहको रूपमा पाप: (भजनसंग्रह ५१:१) यो हिब्रू शब्द जब याकूबले लाबानसँग क्रोधित भएर उसको विरुद्धमा के अपराध गरेको छ भनी बताउन अनुरोध गर्दछ, त्यहि

अपराध जनाउन प्रयोग गरेको छ (उत्पत्ति ३१:३६)। यो शब्दले मोआबका राजाले राजा यहोराम विरुद्ध गरेको कार्यलाई पनि वर्णन गर्दछ (२ राजा ३:७)।

- दूषित वा विकृतिको रूपमा पाप - जुन कार्य बिग्रिएको वा मोडिएको हुन्छ (भजनसंग्रह ५१:२ क)। शैतानले कुनै पनि कुरा सृजना गर्न सक्दैन, त्यसैले सबै पाप परमेश्वरले सृष्टि गर्नुभएको असल कुराको विकृति हो।

- निशान छुटेको वा लक्ष्य पूरा नभएको रूपमा पाप। भजनसंग्रह ५१:२ ख मा प्रयोग गरिएको पापको हिब्रू शब्दको अर्थ यही हुन आउछ। उही शब्द न्यायकर्ता २०:१६ मा फरक अर्थमा प्रयोग गरिएको छ, जसमा ७०० बायाँ-हाते योद्धाहरूले कुनै निशाना नचुक्ने गरी एउटा ढुङ्गालाई केशमा लाग्ने गरी फ्याँक्न सक्थे भन्ने कुरालाई जनाएको छ। परमेश्वरको सत्यता, पवित्रता वा धार्मिकताको निशान सम्म पुग्न नसक्नु नै पाप हो।

- नयाँ करारमा प्रयोग गरिएको एउटा ग्रीक शब्दको पनि त्यस्तै अर्थ छ। त्यो शब्दलाई सम्पूर्ण संसारका पापहरू (मत्ती १:२१) वा कुनै एक व्यक्तिको पापहरू जस्तै येशूको खुट्टा धुने स्त्रीको पाप (लूका ७:४८-५०) वा व्यक्तिगत पाप जस्तै स्तिफनसको हत्याको पाप (प्रेरित ७:६०) जस्ता घटनामा प्रयोग गरिएको देखिन्छ। पाप परमेश्वरको इच्छाबाट विचलित हुन्छ।

- पापलाई नराम्रो, असलको विपरीतको रूपमा (भजनसंग्रह ५१:४)। यही हिब्रू शब्द फारोको सपनामा (उत्पत्ति ४१:१९) सातवटा कमजोर गोरूहरू र यर्मिया २४:२ मा खान नसकिने अञ्जिरहरूको वर्णन गर्न प्रयोग गरिएको छ।

- असल सुन्न नचाहनु वा नसक्नुको रूपमा हुने पाप, जसले सक्रिय अनाज्ञाकारिताको परिणाम ल्याउँछ (रोमी ५:१९)। यो व्यवहारको उदाहरण प्रेरित ७:५७ मा दिइएको छ, जहाँ स्तिफनसलाई ढुङ्गाले हिर्काउनेहरूले आफ्नो कान छोपेका थिए। यस प्रयोग भएको ग्रीक शब्दको उत्तम सारांश आज्ञालङ्घन हो।

- कुनै खास व्यवस्था भङ्ग गर्नुको रूपमा पाप - परमेश्वरले चाहेको विपरीत गर्नु (१ यूहन्ना ३:४)। यो ग्रीक शब्द दुई शब्दहरू मिलेर बनेको छ जसको अर्थ "नियममा नरहनु" वा "अधर्मी हुनु" हो।

- परमेश्वरले इच्छा गर्नुभएको वा चाहनुभएको कुरादेखि जानाजानी टाढिँदै जानु वा आवश्यकता भन्दा बाहिर हुँदा गरिने पाप (प्रस्थान ३२:७-८)। यस खण्डमा, जब मोशा सीनै पर्वतमा थिए, तब मानिसहरू परमेश्वरबाट टाढा हुन थाले।

- अन्जानमा गरिने पापहरू (लेवी ४:२)। पुरानो र नयाँ करार दुवैमा यस प्रकारको पापको चर्चा गरिएको छ। हिब्रू ९:७ मा प्रयोग गरिएको ग्रीक शब्द एउटा क्रियाबाट आएको हो जसको अर्थ "अज्ञात हुनु" वा "नबुझ्नु"

> भन्ने हो र त्यसैले यसको अर्थ "अज्ञानताद्वारा पाप गर्नु" हुन जान्छ। यस पदले मानिसहरूको अन्जानमा गरेको पापको लागि प्रधान पुजाहारीले गरेको प्रायश्चितको वर्णन गर्दछ।

यी शब्दहरूबाट हामी देख्छौँ कि पाप बहुआयामी समस्या हो। केही शब्दहरूले पापलाई यसको सबैभन्दा सामान्य अर्थमा वर्णन गर्दछ। अरू शब्दहरूले पापलाई परमेश्वरको वचन सुन्न नसक्दा आउने परिणाम, मापदण्ड पूरा गर्न नसक्नुको पाप, जानाजानी पूर्वनियोजित पापहरू, वा अज्ञानतामा हुने पापहरू वा आकस्मिक पापहरूजस्तो कुरालाई चित्रण गर्छन्। कारण जे होस्, मानिसहरूलाई तिनीहरूको पापबाट बचाउनको लागि येशु क्रूसमा मर्नुभयो भनेर सम्झनु धन्यको विचार हो (मत्ती १:२१)।

## स्वेच्छाले गरिने पाप

► स्वेच्छाले गरिने पाप के हो?

स्वेच्छाले गरिने पाप भनेको परमेश्वरको प्रकट गरिएको इच्छाको पूर्ण उल्लङ्घन हो। (१ यूहन्ना ३:४; याकूब ४:१७ पढ्नुहोस्) जब मानिसहरू आफूलाई गलत हो भन्ने थाहा हुँदा पनि ती कुराको छनौट गर्छन वा असल कुरा गर्न चाहँदैनन्, त्यो पापलाई स्वेच्छाले गरिने पाप भन्न सकिन्छ। यो जानाजानी गरिने गलत काम हो।

१ यूहन्ना ३:५-६ मा प्रेरित यूहन्नाले लेख्छन्,

> पापहरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरू जान्दछौ। र उहाँमा कुनै पाप छैन। उहाँमा रहने कसैले पाप गरिरहँदैन। पाप गरिरहने कसैले उहाँलाई न देखेको छ न त चिनेको नै छ।

यहाँ भनिएको पाप जानाजानी गरिने पापको निरन्तर अभ्यास हो। यसको प्रस्ट अनुवाद यस प्रकारले गर्न सकिन्छ: यदि कोही **निरन्तर रूपमा** येशुमा हुन्छ, उसमा **निरन्तर** वा **सधैँ पाप गर्ने बानी** हुँदैन र यदि उसमा **निरन्तर वा सधैँ पाप गर्ने बानी** छ र भने उसले येशुलाई देखेको वा चिनेको छैन।

यदि कसैले यो कुरालाई सबैभन्दा सामान्य अर्थमा पाप हो भनेर व्याख्या गर्छ (अज्ञानताका पापहरू र अनजानमा गरिएका पापहरू सहित), यो भनाइले प्रस्ट अर्थ दिन सक्दैन। ख्रीष्टियानहरू नचाहँदा नचाहँदै पनि पापमा पर्छन्। यद्यपि, यदि कसैले *पाप* (यस वचनको खण्ड) को अर्थ "परमेश्वरको व्यवस्थाको जानाजानी अस्वीकार" भन्ने बुझ्दछ भने, यो खण्डले पूर्ण रूपमा अर्थ दिन्छ।

## वंशानुगत भ्रष्टता

► मानिसहरू जन्मँदै लिएर आउने पापी स्वभावलाई तपाईं कसरी वर्णन गर्नुहुन्छ?

**वंशानुगत भ्रष्टता** मानिसको नैतिक स्वभावको भ्रष्टता हो जसले उसलाई जन्मदेखि नै पापतिर झुकाउँछ। यसलाई कहिलेकाहीँ मौलिक पाप भनिन्छ। यो पापी प्रकृति आदमको पापको कारण हामीमा जन्मदेखि आएको छ।

सबै मानिसमा जन्मदेखि नै दुष्टता तर्फ झुकाव हुन्छ। (भजनसंग्रह ५८:३ पढ्नुहोस्)। मानिस पापी प्रवृत्ति लिएर जन्मेको कारणले नै उसको स्वभाव विकृत भइसकेको हुन्छ। मानिसले जब छनौट गर्न थाल्छ, त्यो बेलादेखि नै उसमा रहेको पापले देखा पर्न थाल्छ। यो पापपूर्ण प्रवृत्ति उसले आफ्नो वातावरणबाट सिकेको कुरा होइन।

दाऊदले आफू अधर्ममा जन्मिएका र गर्भधारण गरेदेखि नै पापमा भएको कुरो भन्छन। (भजनसंग्रह ५१:५ पढ्नुहोस्)। तिनको मतलब उसको आमाले केही पाप गर्नुभएको भन्ने होइन। उसको मतलब जब गर्भमा बच्चा बन्छ, उसको स्वभाव पापले भ्रष्ट भइसकेको हुन्छ भन्नु हो।

भ्रष्ट प्रकृतिको कारणले गर्दा, मानिसहरूमा परमेश्वरको स्वरूप बिग्रन्छ। प्रत्येक व्यक्ति आफू-केन्द्रित र पाप तर्फ झुकाएको इच्छा लिएर जन्मेको हुन्छ (रोमी ३:१०-१२)। परमेश्वरले हामीलाई इच्छा र बल दिनुभएन भने हाम्रा इच्छाहरू सही छनौट गर्न स्वतन्त्र हुँदैनन्। (रोमी ६:१६-१७ पढ्नुहोस्)।

वंशानुगत भ्रष्टताले घमण्ड, ईर्ष्या, घृणा र क्षमाशीलता जस्ता भित्री पापहरूलाई उत्प्रेरित गर्छ। यसले पापको कार्यलाई पनि उत्प्रेरित गर्छ।

मानिसहरूमा परमेश्वरको अख्तियारप्रति विद्रोह गर्ने मनोवृत्ति र उहाँको व्यवस्थाप्रतिको रिस स्वाभाविक रूपमा देखिन्छ। पापीहरूलाई तिनीहरूको पापका कार्यहरूको लागि मात्र होइन तर तिनीहरूको परमेश्वरको विरुद्धमा विद्रोह गर्ने मनोवृत्तिको लागि पनि न्याय गरिनेछ। (यहूदा १:१५ पढ्नुहोस्)।

पापी स्वभाव भएको व्यक्ति स्वाभाविक रूपमा आफू-केन्द्रित हुन्छ। ऊ परमेश्वर र अरूको अख्तियारको अधीनमा बस्नुको सट्टा आफ्नै इच्छालाई जोड दिन चाहन्छ। ऊ परमेश्वरलाई खुसी पार्नुको सट्टा आफ्नै इच्छाहरू पूरा गर्न चाहन्छ। ऊ आफैंमा भरोसा राख्छ र परमेश्वरमा भर पर्न चाहँदैन। परमेश्वरको महिमा भन्दा आफ्नै सफलता उसको लागि महत्त्वपूर्ण हुन्छ।

मानिसहरूले यथार्थमा सही र गलत छुट्याउन सक्दैनन्, किनभने तिनीहरूको समझ अन्धकारले भरिएको हुन्छ। (एफिसी ४:१७-१८ पढ्नुहोस्)। स्वभावैले तिनीहरू विद्रोही संसारको निर्देशन, शैतानको नियन्त्रण र आफ्नै पापी इच्छाहरू पछ्याउँछन्। अनि तिनीहरूले आफैमा परमेश्वरको क्रोध ल्याउँछन्। (एफिसी २:२-३ पढ्नुहोस्)। तिनीहरूको स्वभाविक झुकाव हरेक क्षण पापतिर केन्द्रित हुन्छ (उत्पत्ति ६:५)।

परमेश्वरको अनुग्रहले गरेको भिन्नता बिना, मानिसहरू केही असल गर्न सक्षम हुनेछैनन्; न त तिनीहरूले असल काम गर्न चाहन्छन्। तिनीहरू पश्चात्ताप गर्न वा परमेश्वरलाई खोज्न असमर्थ हुन्छन्। (यूहन्ना ६:४४ पढ्नुहोस्)। तिनीहरू अपराध र पापमा मरेका छन् (एफिसी २:१)। धर्मशास्त्रीहरूले यस अवस्थालाई "पूर्ण भ्रष्टता" भनेर वर्णन गर्छन्।

परमेश्वरको अनुग्रहले वंशानुगत भ्रष्टतालाई कसरी प्रतिक्रिया दिन्छ भनी जान्न महत्त्वपूर्ण छ। पहिलो, परमेश्वरको शक्ति सुसमाचार सन्देशको साथ आउँछ, जसले हराएको व्यक्तिलाई सुसमाचारमा प्रतिक्रिया दिने इच्छा र क्षमता दिन्छ। (रोमी १:१६ पढ्नुहोस्)। त्यसपछि, जब एक व्यक्तिले मुक्ति पाउँछ, उसलाई पापको नियन्त्रणबाट छुटकारा दिइन्छ (रोमी ६:११-१४)। यद्यपि, वंशानुगत भ्रष्टताको प्रभाव नयाँ ख्रीष्टियानमा जारी भइरहन्छ।

ख्रीष्टियानमा वंशानुगत भ्रष्टताको प्रभाव धेरै तरिकामा देखिन्छ।

१. नयाँ ख्रीष्टियानले कहिलेकाहीँ परिक्षाको समयमा आफ्नै इच्छासँग सङ्घर्ष गर्नेछ।
२. नयाँ ख्रीष्टियनले गलत मनसाय महसुस गर्नेछन् जसको तिनले प्रतिरोध गर्नुपर्छ।
३. नयाँ ख्रीष्टियनले गलत प्रतिक्रियाहरू र मनोवृत्तिहरू अनुभव गर्नेछन् जसले गर्दा ऊ बुझ्नुअघि ती गलत छन्।

नयाँ ख्रीष्टियनलाई प्रोत्साहन दिनुपर्छ ताकि उसले आफ्नो विश्वास त्याग्न नपरोस् किनभने उसलाई अझै पनि आफुमा पापपूर्ण झुकाव छ जस्तो लग्न सक्छ। उसले परमेश्वरको आत्माद्वारा सम्पन्न हुने शक्ति र परिवर्तनको खोजी गरिरहनुपर्छ।

पास्टरले नयाँ ख्रीष्टियनहरूसँग धैर्य गर्नुपर्छ। आफूले भनेको र गर्ने सबै कुरामा तिनीहरू पूर्णरूपले ख्रीष्टियन हुने छैनन् भनी उसले बुझ्नुपर्छ। तिनीहरूले आफ्नो समस्या तुरुन्तै देख्न सक्दैनन्।

## अनायासै उल्लङ्घनहरू

कहिलेकाहीँ एक व्यक्तिले परमेश्वरको वचनलाई संयोगवश वा **अनजानमा उल्लङ्घन** गर्छ। लेवी ४:२-३ मा, हामी देख्छौँ कि यस अवस्थामा, एक व्यक्तिले आफूले केही गल्ती गरेको महसुस गर्ने बित्तिकै बलिदान दिन आवश्यक छ। किनकि ख्रीष्टको मृत्युले पुरानो करारका सबै बलिदानहरूको ठाउँ लिन्छ, हामीलाई थाहा छ कि ख्रीष्टियनहरू अनजानमा हुने उल्लङ्घनहरूबाट पनि छुटकारा पाउनेछन्।

जबसम्म हाम्रो बुझाइ सीमित छ तबसम्म अनायासै उल्लङ्घन अपरिहार्य छन्। तिनीहरूले परमेश्वरसँगको हाम्रो सम्बन्ध तोड्दैनन् किनभने तिनीहरू परमेश्वरप्रतिको हाम्रो प्रेमसँग टकराव गर्दैनन्। परमेश्वरले भन्नुभयो कि उहाँप्रतिको पूर्ण प्रेमले उहाँले हामीबाट चाहनुभएको कुरा पूरा गर्नुहुन्छ। (मत्ती २२:३७-४०; रोमी १३:८-१० पढ्नुहोस्)। हामीलाई थाहा नभएको कुराको लागि हामी जिम्मेवार हुँदैनौं। (याकूब ४:१७ पढ्नुहोस्)।

> "परमेश्वरको राज्यमा महानता आज्ञाकारिताको आधारमा मापन गरिन्छ।"
> जोन स्टट

जब हामी उज्यालोमा हिंड्छौँ (हामीले थाहा पाएको सत्य अनुसार जीवन बिताउँछौँ), हामी सबै पापबाट शुद्ध हुन्छौं। (१ यूहन्ना १:७ पढ्नुहोस्)। अज्ञात उल्लङ्घनले परमेश्वरसँगको हाम्रो सम्बन्ध टुट्नेछ भनी डराउनु पर्दैन, किनभने हामी ख्रीष्टको बलिदानमा भरोसा राख्छौं।

लेवीको पुस्तकले देखाउँछ कि जब हामीले थाहा नपाएर केही गल्ती गरेको महसुस गर्छौं हामीले पश्चात्ताप गर्नुपर्छ, परमेश्वरसँग क्षमा माग्नु पर्छ र हाम्रो जीवनलाई परमेश्वरले चाहनुहुने बनाउनु पर्छ।

जब हामी परमेश्वरको वचनको अध्ययन गर्छौं, पवित्र आत्माको अनुसरण गर्छौं, अन्य विश्वासीहरूसँग सङ्गति गर्छौं, र परिपक्वतामा बढ्दै जान्छौं, हामीले अनजानमा परमेश्वरको इच्छालाई उल्लङ्घन गर्ने व्यवहारहरूबाट परिवर्तन हुनुपर्छ।

► हामीले किन परमेश्वरको इच्छालाई अझ राम्ररी जान्न र पुरा गर्न चाहनुपर्छ?

हामीले परमेश्वरको इच्छालाई राम्ररी बुझ्न र यसलाई पूर्ण रूपमा पालना गर्न चाहनुपर्ने केही कारणहरू:

१. हामी परमेश्वरलाई मन नपर्ने कुनै पनि काम गर्न चाहँदैनौं।
२. अनजानमा गरिएको भए तापनि गलत कामको नतिजा नराम्रै हुन्छ।
३. ख्रीष्टियानको हैसियतमा हामीले असल उदाहरण हुनुपर्छ।
४. यदि हामीले परमेश्वरको इच्छाबाट भाग्न खोज्यौं भने हामी पापको दोषी हुन्छौं।

जब हामी परमेश्वरको इच्छालाई बुझ्दै जान्छौं, हामी कहिलेकाहीं हाम्रो जीवनमा गलत कामहरू पहिचान गर्दछौं। यदि हामीले थाहा पाउँछौँ कि हामीले केही गलत गरि राखेका छौँ र त्यो कुरा गर्न रोकदैनौँ भने, यो अब अज्ञानताको त्रुटि मात्र होइन। यदि हामीले परिवर्तन गर्न अस्वीकार गर्‍यौ भने, त्यो गलत काम जानाजानी पाप हुन्छ।

## निष्कर्ष

कहिलेकाहीँ धर्मशास्त्रीहरूले पापको वर्गहरू बीच भेद गर्दैनन्। तिनीहरूले भन्न सक्छन् कि पवित्रताको पूर्णताको तुलनामा भन्दा कम हुने सबै कुरा पाप हो, वा केवल एक जानाजानी हुने कार्य पाप हो। यदि हामीले पापका वर्गहरू बुझ्यौं भने, हामी परमेश्वरले उहाँको अनुग्रहद्वारा हाम्रो लागि के गर्न चाहनुहुन्छ भन्ने सत्यता अझ राम्ररी बुझ्न सक्छौँ।

- इच्छापूर्वक गरिने पाप लाई कुनै व्यक्ति नयाँ जन्म हुने बितिकै विजयी गर्नुपर्छ। यूहन्नाले घोषणा गर्दछ कि जो व्यक्ति नयाँ जन्मेको छ उसमा सधैं पाप गर्ने बानी हुदैन (१ यूहन्ना ३:४-९)। जानाजानी गरिने पाप ख्रीष्टमा विश्वास-सङ्गत छैन। जानाजानी गरिने विद्रोह सामान्य विश्वासीको बानी हुनु हुदैन।

- पवित्रीकरण भनेको मानव प्रकृतिका पापहरू मा गरिने परमेश्वरको परिवर्तित काम हो, जसले गर्दा विश्वासीहरूलाई पूर्ण रूपमा पवित्र बनाइन्छ (१ थेसलोनिकी ५:२३)। तिनीहरूको सम्पूर्ण आत्मा, आत्मा र शरीर दोषरहित हुन्छ। पवित्रताले मानव स्वभावका पापहरूलाई जित्छ।
- अज्ञात पापहरू जानी जानी गरिने अवज्ञा होइनन्, र पापपूर्ण प्रकृतिबाट होइन, तर यो हाम्रो पतित शरीर र समझबाट आउँछ। पार्थिव जीवनमा यस प्रकारको पापबाट पूर्णतया छुटकारा पाउने कुनै सम्भावना छैन। पुनरुत्थानमा, महिमित सन्तहरू पूर्ण र स्थायी रूपमा सबै प्रकारका पापहरूबाट मुक्त हुनेछन्।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

**ख्रीष्टियान विश्वासहरूको वक्तव्य**

मानवमा भएको पापको उत्पत्ति पहिलो-सृष्टि गरिएका मानिसले आफ्नो स्वतन्त्र निर्णयबाट परमेश्वरको अनाज्ञाकारी गरेकोले भएको हो। येशु बाहेक सबै मानिसहरूले आदमको भ्रष्टता वंशानुगत रूपमा पाएका छन् र पापका कार्यहरूका दोषी पनि छन्। मानवीय त्रुटिहरूले परमेश्वरको व्यवस्थालाई उल्लङ्घन गर्न सक्ला तर परमेश्वरसँगको हाम्रो सम्बन्धलाई तोड्दैन। प्रत्येक पापीलाई यदि उसले अन्तिम न्यायको अघि परमेश्वरको क्षमा पाउन सकेन भने अनन्तको लागि दोषी ठहराइनेछ।

## पाठ ५ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- रोमी १:२१-३२
- रोमी ३:१०-२०
- गलाती ५:१६-२१
- एफिसी ५:१-८
- तीतस १:१०-१६
- याकूब ४:१-४
- २ पत्रुस २:९-१७

(२) परीक्षा: तपाईंले पाठ ५ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ ५ परीक्षा

(१) हामीले पाप बुझ्नु पर्ने तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

(२) पाप परमेश्‍वरको गल्ती थिएन भनेर हामीले कसरी थाहा पाउन सक्छौं?

(३) निम्न मध्ये प्रत्येकको एक-वाक्यमा परिभाषा दिनुहोस्: जानाजानी गरिने पाप, वंशानुगत भ्रष्टता, र अनजानमा हुने उल्लङ्घनहरू।

(४) हामीले किन परमेश्‍वरको इच्छालाई अझ राम्र री बुझ्न र पालना गर्न चाहनुपर्छ?

# पाठ ६

# आत्मिक प्राणीहरू

## पाठका उद्‌देश्यहरू

(१) विद्‌यार्थीले व्याख्या गर्न सक्षम हुनेछः

- स्वर्गदूतहरूको चरित्रबारे केही विवरण।
- विश्वासीको जीवनमा स्वर्गदूतहरूको संलग्नता।
- शैतान र अरू दुष्ट आत्माहरूको पतन।
- आत्मिक संसारमा हुने आत्मिक लडाइ।
- दुष्ट शक्तिहरूमाथि परमेश्वर र विश्वासीहरूको निर्णायक विजय।
- आत्माहरूबारे ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्‌यार्थी आत्मिक संसारका बारेमा गलत अर्थ बुझ्नबाट जोगिने छन्।

## स्वर्गदूतहरू कस्ता हुन्छन्

► एकसाथ मत्ती ४:१-११ पढ्नुहोस्। यस खण्डले हामीलाई दुष्ट आत्माहरूको बारेमा के बताउँछ?

जब मानिसहरूले स्वर्गदूतहरूको बारेमा कुरा गर्छन्, प्रायः पहिलो प्रश्न, "स्वर्गदूतहरू कस्तो देखिन्छन्?" भनेर उठ्ने गर्छ। धेरै चित्रकारहरूले यो कुरोलाई वर्णन गर्ने प्रयास गरेका छन्।

► स्वर्गदूतहरू कस्तो देखिन्छन्?

के स्वर्गदूतहरूको पखेटा हुन्छ? यशैयाले देखेका सराफका छवटा पखेटा थिए (यशैया ६:२)। परमेश्वरले मोशालाई करारको सन्दुकमा करूबहरूको छवि बनाउन लगाउनुभयो जसमा पनि पखेटाहरू थिए (प्रस्थान २५:२०)। इजकिएलले देखेका करूबहरूका चारवटा पखेटा थिए (इजकिएल १:६, इजकिएल १०:१५)।

सामान्यतया स्वर्गदूतहरूसँग पखेटा छन् वा छैनन् भन्ने कुरो हामीलाई थाहा छैन। उनीहरूलाई कतै यात्राको लागि पखेटा चाहिँदैन, किनभने तिनीहरू आत्मा हुन् र पखेटाले उड्ने भन्दा छिटो गतिमा यात्रा गर्न सक्छन्। आत्माजस्तै भएकाले तिनीहरूको भौतिक शरीर हुँदैन। स्वर्गदूतहरूको लागि पखेटाहरू अक्सर आवश्यक छैनन्।

हामीले देख्ने धेरै कलाको विपरित, बाइबलले स्वर्गदूतहरूलाई महिला वा बालबालिकाहरू जस्तो देखिने भनेर वर्णन गर्दैन। तिनीहरू पुरुषको रूपमा देखा परेका छन्, तर मानव रूपले हेर्दा उनीहरू न पुरुष हुन् र महिला नै। उनीहरूमा

वैवाहिक वा पारिवारिक सम्बन्ध जस्तो केही हुँदैन। (मत्ती २२:३० पढ्नुहोस्) प्रत्येकलाई फरक रूपले सृष्टि गरिएको थियो।

स्वर्गदूतहरू सामान्यतया मानिसहरूको सामुन्ने अदृश्य हुन्छन्, तर तिनीहरू उद्देश्य हुँदा देखा पर्न सक्छन्। कहिलेकाहीँ कुनै स्वर्गदूत देखा पर्दा, मानिसहरूले सुरुमा उनीहरुलाई एक साधारण मानिस हो भनेर सोच्ने गर्थे (उत्पत्ति १९:१-२)। अन्य समयमा स्वर्गदूतहरू यस्तो चमकका साथ देखा पर्छन् कि मानिसहरू डरले भुइँमा लड्छन् (मत्ती २८:२-४)। जब एकजना स्वर्गदूत कसैकहाँ देखा पर्यो, तब उसले सामान्यतया "नडराऊ" भन्ने शब्दहरूद्वारा अभिवादन गरेको देखिन्छ। (लूका १:१३, ३०; लूका २:१० पढ्नुहोस्)।

स्वर्गदूतहरू आत्मिक प्राणीहरू हुन्। (हिब्रू १:१४),[7] तर हामीले तिनीहरूलाई आत्मा जस्तो छन् भन्दैमा भौतिक रूपमा अस्तित्व विहिन हुन्छन भन्ने सोच्नु हुँदैन। बाइबलले भन्दछ कि आत्माहरू भौतिक प्राणी भन्दा पनि शक्तिशाली छन्। (यशैया ३१:१, ३ पढ्नुहोस्)।

स्वर्गदूतहरूलाई परमेश्वरका छोराहरू भनिन्छ (अय्यूब १:६) र तिनीहरूमा पनि परमेश्वरको स्वरूपको केही अंश छ, तर मानिसहरूसँग भएको मात्रामा हुँदैन। वर्तमान समयमा शक्ति र बुद्धिमा स्वर्गदूतहरू मानिसहरू भन्दा धेरै उच्च छन्, तर मानिसहरू कुनै दिन स्वर्गदूतहरू भन्दा माथि हुनेछन्। (१ कोरिन्थी ६:३ पढ्नुहोस्)।

स्वर्गदूतहरूको सृष्टि उत्पत्तिको पुस्तकमा उल्लेख गरिएको छैन। तिनीहरू पृथ्वी भन्दा अगाडि सृष्टि गरिएका थिए, र परमेश्वरले संसार बनाउने बेला तिनीहरूले खुसिसाथ उत्सव मनाए (अय्यूब ३८:४-७)।

स्वर्गदूतहरू कहिल्यै मर्दैनन् (लूका २०:३६)। तिनीहरू पृथ्वीभन्दा अगाडि सृष्टि गरिएका थिए सृष्टि भएको कारणले सबै स्वर्गदूतहरूले हजारौं हजार वर्षसम्म बाँचेका छन् र सम्पूर्ण मानव इतिहासलाई अवलोकन गरेका छन्।

स्वर्गदूतहरूसँग व्यक्तिमा हुने स्वभाव छ। तिनीहरू बोल्छन र कुराकानी गर्छन सक्छन् (लूका १:१८-२०)। तिनीहरूले परमेश्वरको आराधना गर्छन्, जसको अर्थ तिनीहरूले उहाँलाई केही मात्रामा बुझ्न सक्छन् र त्यसलाई आदरका साथ प्रतिक्रिया दिन सक्छन् (हिब्रू १:६)। पापीले पश्चाताप गर्दा तिनीहरू आनन्दित हुन्छन्, तिनीहरूमा भावनाहरू छन् भनी देखाउँछ। (लूका १५:१० पढ्नुहोस्)। तिनीहरू मुक्तिको योजना बुझ्नमा गहिरो चासो राख्छन्, तिनीहरूमा बौद्धिक क्षमता छ। भनी देखाउँछ। (१ पत्रुस १:१२ पढ्नुहोस्) तिनीहरूले येशुको जन्मको घोषणामा उत्सव मनाए (लूका २:१३-१४)।

स्वर्गदूतहरू सबै उस्तै किसिमका हुँदैनन्, कोहीलाई करूबहरु (भजनसंग्रह ८०:१) र कसैलाई सराफहरू (यशैया ६:२) भनिन्छ। स्वर्गदूतहरूको स्तरहरू पनि रहेको देखिन्छ, किनकि बाइबलले स्वर्गदूतहरू र कम्तिमा एक प्रधान दूतको

---

[7] मत्ती ८:१६, मत्ती १२:४५ मा भूतहरूलाई "भूत आत्मा" पनि भनिएको छ; प्रेरित १९:१२; र अन्य खण्डहरु।

बारेमा बोल्छ र "शैतान र त्यसका दूतहरू" (मत्ती २५:४१) लाई उल्लेख गर्दछ। तिनीहरूको बीचमा एक अख्तियारको संरचना छ, जसलाई सिंहासन, प्रभुत्व, र प्रधानताहरू भनिन्छ। (एफिसी ६:१२; कलस्सी १:१६ पढ्नुहोस्)।

यहूदी र ख्रीष्टियान परम्परागत बुझाइ दुवैमा स्वर्गदूतहरूको बारेमा धेरै लेखिएको छ, जुन हामीले धर्मशास्त्रबाट थाहा पाएको भन्दा धेरै फरक देखिन्छ।

स्वर्गदूतहरू बीचको भिन्नताको बारेमा धर्मशास्त्रमा धेरै खुलासा गरिएको छैन। शब्द *प्रधान दूत* बाइबलमा दुई पटक मात्र प्रयोग गरिएको छ। माइकललाई प्रधान दूत भनिन्छ, र येशुको पुनरागमनमा प्रधान दूतको आवाज सुनिनेछ (१ थेसलोनिकी ४:१६; यहूदा १:९)। शब्द *प्रधान दूत* को शाब्दिक अर्थ "मुख्य स्वर्गदूत" हो। हामीलाई कतिजना प्रधान दूतहरू अवस्थित छन् भन्ने बारेमा थाहा छैन।

सराफलाई बाइबलमा यशैया ६ मा मात्र उल्लेख गरिएको छ। तिनीहरूसँग छवटा पखेटा छन्। तिनीहरूका पखेटाहरूलाई नहेर्ने हो भने केही हदसम्म मानव जस्तै देखिन सक्छन्, किनभने तिनीहरूका हात, खुट्टा र अनुहारहरू थिए।

आदम र हव्वालाई हटाइएपछि अदनको बगैंचामा करूब र ज्वालमय तरवार राखिएको थियो (उत्पत्ति ३:२४)। यो बगैचामा कसैलाई जान नदिनको लागि थियो। इजकिएलले देखेको करूबहरूको वर्णन हामीले थाहा पाएको कुनै पनि प्राणीभन्दा धेरै फरक छ। तिनीहरूका चार पखेटाहरू, चारवटा अनुहारहरू धेरै हातहरू, आगो जस्तै चमक, बिजुलीको चमक, र बिजुलीको गति थिए जुन सबै कुरा भन्दा फरक थियो। (इजकिएल १:५-१४, इजकिएल १०:१५)।



दुई करूबहरूको चित्रहरू करारको सन्दूकको छेउमा राखिएको थियो र तिनीहरूको बीचमा कृपा-आसन थियो।[8] परमेश्वरलाई बारम्बार करूबहरूको माथि सिंहासनमा विराजमान भनिन्छ।[9] यसले उहाँलाई मन्दिरमा आराधना गर्न सकिने इस्राराएलका परमेश्वरको रूपमा पहिचान र उहाँले निर्देशन दिएका तरिकाहरू बाहेक उहाँमा पुग्नु असम्भव थियो भनेर पनि देखाउँछ।

परमेश्वरको शक्ति र महिमा उहाँको सबै प्रकारका सेवकहरूमा फरक रूपले देखिन्छ। करूबहरू यस्ता प्राणी हुन् जसलाई देखेर मानिसले आफूले ईश्वरलाई देखेको र यसलाई पूजा गर्न झुकाव उत्पन्न हुन सक्छ, तर यो केवल परमेश्वरको सेवक मात्र हो।

[8] दृश्य: "Ark of the Covenant engraving", *Illustrated Bible Dictionary* (1893), उद्धृत गरिएको https://commons.wikimedia.org/wiki/File:Ark_of_the_Covenant_engraving.jpg, public domain.

[9] उदाहरणका लागि, २ राजाहरू १९:१५, १ इतिहास १३:६; यशैया ३७:१६

परमेश्वर धेरै स्वर्गदूतहरूको बीचमा उपस्थित हुनुहुन्छ भन्ने तथ्यले उहाँको महिमा देखाउँछ। प्रेरित यूहन्नाले परमेश्वरको सिंहासनको वरिपरि स्वर्गदूतहरूको भीड देखे जुन उनले यसरी व्यक्त गरे: "तिनीहरूको संख्या लाखौँ र करोडौँ थियो" (प्रकाश ५:११)।

स्वर्गदूतको शक्ति असीमित छैन, किनकि हामीले पढेका छौँ कि दानिएलको लागि सन्देश ल्याउने क्रममा भएको लडाइले गर्दा सन्देश आउन ढिलाइ भएको थियो। (दानिएल १०:१२-१३ पढ्नुहोस्)। तैपनि परमेश्वरले उनीहरूलाई जुनसुकै कामको लागि आवश्यक पर्ने शक्ति दिन सक्नुहुन्छ, उदाहरणका लागि एकैचोटी १८५,००० सिपाहीहरूलाई मार्ने समयमा दिइएको सक्ति (२ राजाहरु १९:३५)।

स्वर्गदूतहरूलाई स्पष्ट रूपमा जिम्मेवारी दिइएको छ। बाइबलले हामीलाई बताउँछ कि तिनीहरू मुक्ति प्राप्त गर्नेहरूको सेवा गर्न पठाइएका हुन्। (हिब्रू १:१४ पढ्नुहोस्) स्वर्गदूतहरूले परमेश्वरको सेवा गर्ने उनीहरूले घेर्छन र सुरक्षा दिन्छन्। (भजन ३४:७)। धेरै स्वर्गदूतहरू हामीसँग सधैं उपस्थित छन् भन्ने कुरालाई हामी मान्न सक्छौँ। येशुले भन्नुभयो कि बालकहरू वरिपरी स्वर्गदूतहरू खटाइएका छन्। (मत्ती १८:१० पढ्नुहोस्) प्रधान दूत माइकललाई इस्राएल राष्ट्रको रक्षा गर्ने राजकुमार भनिन्छ (दानिएल १२:१)।

हामीले स्वर्गदूतहरूलाई प्रार्थना गर्नुपर्छ भनेर बाइबलले कहिले पनि भन्दैन। हामीले उनीहरूसँग कुराकानी गर्ने प्रयास गर्नुपर्छ भनेर कहिल्यै पनि भन्दैन। तिनीहरू हामी र परमेश्वरको बीचमा मध्यस्थकर्ता होइनन्। स्वर्गदूतहरूको आराधना गर्ने र आत्मिक संसारमा आफुले वास्तवमा नबुझेका कुराहरूमा संलग्न हुने मानिसहरूको बारेमा यस्तो चेतावनी छ। (कलस्सी २:१८ पढ्नुहोस्) यदि हामीले परमेश्वरले इच्छा गर्नु भएको भन्दा फरक रुपले स्वर्गदूतहरूसँग घुलमिल हुने प्रयास गर्‍यौं भने, परमेश्वरका स्वर्गदूतहरूको सट्टा दुष्ट आत्माहरूले हामीलाई प्रतिक्रिया दिनेछ।

## शैतान र पतन भएका स्वर्गदूतहरू

► दुष्ट आत्माहरूको उत्पत्ति कसरी भएको हो?

दुष्ट आत्माहरू परमेश्वरको विरुद्धमा विद्रोह गर्ने स्वर्गदूतहरू हुन्। यो विद्रोह मानव जातिको सृष्टि हुनु अघि भएको थियो, र बाइबलले यसको बारेमा धेरै खुलासा गर्दैन। शैतान विद्रोहको अगुवा थियो, र स्वर्गदूतहरूको एक तिहाइले उसलाई पछ्याए (प्रकाश १२:४)। यहूदाले आफ्नो पहिलो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूको कुरा गर्छ (यहूदा १:६)। तिनीहरू पहिले नै परमेश्वरको न्यायद्वारा दण्डित गरिएको छ। (यूहन्ना १६:११; २ पत्रुस २:४ पढ्नुहोस्)।

अगमवक्ताका पुस्तकहरूमा दुईवटा खण्डहरू छन् जसले शैतानको पतनलाई सङ्केत गरेको भन्न सकिन्छ (यशैया १४:१२-१७ र इजकिएल २८:१२-१९)। यी दुवै खण्डले पृथ्वीका मानव राजाको बारेमा कुरा गर्छ, तर यी खण्डले राजाहरूको पतनलाई शैतानको पतनसँग तुलना गरेको हुन सक्छ।

यस्तो देखिन्छ कि शैतान घमण्डी भयो र परमेश्वरबाट स्वतन्त्र हुन खोज्यो। प्रेरित पावलले कोही एक व्यक्ति घमण्डी हुन सक्छ र शैतानको जस्तै पतनमा पर्न सक्छ भनि चेताउनी दिएका छन्। (१ तिमोथी ३:६ पढ्नुहोस्) यो त्यही प्रलोभन थियो जुन शैतानले आदम र हव्वालाई, "तिमीहरू परमेश्वर जस्तै हुनेछौ" भनेर दिएको थियो। यो परमेश्वरको अख्तियारलाई अस्वीकार गर्ने र आफै ईश्वर बन्ने प्रलोभन हो।

► शैतानको बारेमा हामीले के थाहा पाउन सक्छौं?

> "शैतानले आफूलाई पापीको हृदय, आँखा र जिब्रोको मालिक बनाउँछ। उसको हृदय पापको भरिएको छ; उसले आफ्नो आँखा अन्धो बनाउँछ ताकि आफूलाई आउने अपराध र यसबाट आउने विनाश देख्दैन र उसको जिब्रोलाई प्रार्थना गर्नबाट रोक्छ।"
>
> एडम क्लार्क
>
> *ख्रीष्टियान थिओलोजी,* "गुड एंड ब्याड एन्जिल्स"

शैतानले अझै पनि परमेश्वरको विरुद्धमा विद्रोहको नेतृत्व गर्छ। उसलाई आकाशको शक्तिको मालिक भनिन्छ (एफिसी २:२)। शैतानलाई यस संसारको शासक भनिन्छ किनभने यस संसारका मानिसहरू प्रायः परमेश्वरको विरुद्धमा विद्रोहमा छन् (यूहन्ना १२:३१)। उसले संसारका राज्यहरूको स्वामित्वको दाबी गर्छ, जसले आफूले रोजेकाहरुलाई यो राज्य अस्थायी रूपमा दिन्छ (लूका ४:४-६)। पापीहरूलाई सुसमाचार ग्रहण गर्नबाट तिनीहरूको दिमागलाई अन्धो बनाइदिन्छ (२ कोरिन्थी ४:४ पढ्नुहोस्)। पश्चात्ताप नगर्ने पापीहरू साँच्चै उसको कैदीहरू हुन् (२ तिमोथी २:२६)। उसले मानिसहरूको दिमागबाट परमेश्वरको वचन निकाल्छ ताकि यसले प्रभाव नपरोस्। (मर्कूस ४:१५ पढ्नुहोस्)। उसले हननिया र सफीराको हृदयमा मण्डली र पवित्र आत्मालाई झूट बोल्ने योजना राख्यो (प्रेरित ५:३), र येशुलाई धोका दिने इच्छा लिएर यहूदामा प्रवेश गर्‍यो (लूका २२:३) उसले गलत धार्मिक सिद्धान्तहरू आविष्कार गर्छ र मानिसहरूलाई यही कुराहरू सिकाउन प्रोत्साहन दिन्छ। (१ तिमोथी ४:१ पढ्नुहोस्)।

शैतानले परमेश्वरलाई घृणा गर्छ र त्यसैले मानिसहरूलाई घृणा गर्दछ किनभने तिनीहरू परमेश्वरको स्वरूपमा सृष्टि गरिएका छन् र तिनीहरूले परमेश्वरको सबैभन्दा ठूलो अनुग्रह पाउँछन्। उसले सकेसम्म धेरै मानिसहरूलाई परमेश्वरको विरुद्ध विद्रोह गर्न प्रभाव पारेर आफूले प्राप्त गरेको समान दण्डमा ल्याउन खोज्छ।

चेतना हुँदा हुदै पनि शैतानको सेवा गर्नेहरू संसारमा सबैभन्दा ठगिएका मानिसहरू हुन्, किनकि तिनीहरू आफू जित्न नसक्नेसँग युद्धमा छन्, र तिनीहरूले आफुलाई घृणा गर्ने र नष्ट गर्न मात्र रुचि राख्ने मालिकको सेवा गरिरहेका छन् (१ पत्रुस ५:८)। उसले आफुले पुरा गर्न नसक्ने प्रतिज्ञाहरू गर्छ जुन उसलाई थाहा छ कि उसले पूरा गर्न कहिले पनि सक्दैन (यूहन्ना ८:४४)।

अरू धेरैले अन्जानमा शैतानलाई पछ्याउँछन् जब तिनीहरू पापमा बाँच्न छनौट गर्छन् (एफिसी २:२-३)। त्यसकारण उसले प्रलोभन र छलमा धेरै समय र शक्ति खर्च गर्छ (२ कोरिन्थी ४:४, २ कोरिन्थी ११:३, १४)। उसले मानिसहरूलाई परमेश्वरको आराधना गर्नुको सट्टा सृष्टि गरिएका वस्तुहरूका मूर्तिहरू बनाउन र परमेश्वरमा विश्वास अस्वीकार गर्न प्रेरित गराउँछ (रोमी १:२५)। उसको प्रलोभनहरू एक कपटिपना हो किनकि उसँग वास्तवमा परमेश्वरले सृष्टि गर्नुभएका कुरालाई विकृति गर्न बाहेक अरू केही पनि छैन। शैतानले कुनै रमाइलो वा आनन्दित कुराको सिर्जना गरेको छैन; परमेश्वरले ती सबैलाई आफैले सृष्टि गर्नुभयो। शैतानले दुरुपयोग गरिएका कुराहरूमा मात्र आनन्द प्रदान गर्न सक्छ जुन परमेश्वरको इच्छा बाहिर छन्। वास्तवमा, शैतानले केही पनि बनाउन सक्दैन; परमेश्वरले सृष्टि गर्नुभएका असल कुराहरूलाई मात्र उसले बिगारेर विकृत गर्न सक्छ।

केही दुष्ट आत्माहरू स्पष्ट रूपमा विशिष्ट भौगोलिक क्षेत्र वा मानिसहरूका समूहहरूमा केन्द्रित हुन्छन्। जसरी स्वर्गदूत माइकललाई इस्राएलको रक्षा गर्ने राजकुमार भनिन्छ, त्यहाँ दुष्ट आत्माहरूलाई फारस र ग्रीसका राजकुमारहरू भनिन्छ (दानिएल १०:१३, २०)। केही आत्माहरू राष्ट्रहरूको ईश्वर बने।

शैतान आराधना चाहन्छ। (मत्ती ४:९ पढ्नुहोस्) झूटा धर्महरूद्वारा दुष्ट आत्माहरूले काम गर्छन्। बाइबलले हामीलाई बताउँछ कि मानिसहरूले मूर्तिहरूको पूजा गर्दा तिनीहरू भूतहरूको पूजा गरिरहेका छन्। (व्यवस्था ३२:१७; १ कोरिन्थी १०:२०-२१ पढ्नुहोस्)। आफूले के पुजा गरिरहेछन् भनी थाह नभएका मानिसहरूको उपासनामा प्रेतहरूले प्रतिक्रिया दिन्छन्। जसरी परमात्माको आराधक ईश्वरजस्तै हुन्छ र पवित्रतामा रमाउँछ, त्यसरी नै दुष्ट आत्माको पूजक पनि दुष्ट र दुष्टतामा प्रसन्न हुन्छ। मानिसहरूले सायद सबैभन्दा खराब उपासना नै आफ्ना छोराछोरीहरूलाई भूतहरूलाई बलिदान दिँदा भएको थियो। (भजनसंग्रह १०६:३७-३८ पढ्नुहोस्)।

शैतान र अन्य भूतप्रेतहरूले मानिसहरूको दिमाग र व्यवहारलाई पूर्ण रूपमा नियन्त्रण गर्न खोज्छन्। यसलाई "भूतआत्मा लागेको मानिस" भनिन्छ। केही मानिसहरूले यस्तो प्रकारको स्वामित्वमा आफूलाई सचेत रूपमा सुम्पेका छन्; सायद अरू धेरैले आफुले के गरिरहेको भन्ने थाहै नपाई यसलाई अनुमति दिएका छन्। कतिपय मानिसहरू यस अवस्थामा एक पाइला देखि अर्को पाइलामा पुगेका छन्, यो सोचेर कि उनीहरुले आफ्नो उद्देश्यका लागि शक्तिहरु प्राप्त गर्न सक्छन। यसरी भूतआत्मा लागेको मानिस दुष्ट आत्माहरूको दास बन्छ, आत्म-विनाशतर्फ धकेलिन्छ, र उसले मन र भावनाहरूको भयानक पीडा भोग्छ। (मर्कूस ५:२-५ पढ्नुहोस्)। येशूले मात्र मानिसलाई यस बन्धनबाट छुटकारा दिन सक्नुहुन्छ।

## परमेश्वरको विजय

सुसमाचार व्यापक रूपमा प्रचार गरिएको देशहरूमा, दुष्ट आत्माहरूको गतिविधि सामान्यतया गुप्त भेषमा हुन्छ। विडम्बनाको कुरा, यी "सभ्य" देशहरूका मानिसहरू सबैभन्दा धर्मनिरपेक्ष, कुनै पनि अलौकिक कुराको खिल्ली उडाउँने र आत्माहरूको अस्तित्वलाई अस्वीकार गर्छन्। यस्तो वातावरणमा दुष्ट आत्माहरू खुलेर काम गर्दैनन्, किनकि यदि

तिनीहरूले सुसमाचार सुनेका मानिसहरूलाई खुल्ले-आम तर्साए भने तीमध्ये धेरै मानिसहरू मुक्ति र सुरक्षाको लागि परमेश्‍वरमा फर्कनेछन्।

सुसमाचारको बारेमा थोरै जानकारी नभएका देशहरूमा दुष्ट आत्माहरू बढी खुलेर काम गर्छन्। त्यहाँका मानिसहरूलाई थाहा छैन कि तिनीहरू मुक्तिको लागि ख्रीष्टमा फर्कन सक्छन्, त्यसैले भूतहरूको शक्तिले तिनीहरूलाई डर देखाउँछ र तिनीहरूलाई अधीनमा ल्याउँछ। मानिसहरूले भूत-आत्माहरूको स्वेच्छा र आनन्दले सेवा गर्ने त होइन, तर डराएर गर्छन। सुसमाचार मुक्ति र स्वतन्त्रताको अद्‌भुत सन्देशको रूपमा प्रकट भएको छ।

> "यदि तपाईंले प्रतिरोध गरिरहनुभयो भने शैतानले तपाईंलाई जित्न सक्दैन। ऊ जत्तिकै बलियो छ, परमेश्‍वरले उसलाई उसको प्रतिरोध गर्न जारी राख्ने मानिसलाई जित्न कहिल्यै अनुमति दिनुहुन्न। उसले मानव इच्छालाई जबरजस्ती गर्न सक्दैन।"
> एडम क्लार्क
> ख्रीष्टियान थिओलोजी, "गुड एंड ब्याड एन्जिल्स"

शैतानको निरन्तर आक्रमणको कारण हामी सधैँ एक आत्मिक युद्‌धमा छौं। हामीलाई कि हाम्रो युद्‌ध आत्मिक संसारमा र भौतिक शत्रुहरू विरुद्‌ध होइन भनेर याद गर्नुपर्ने चेतावनी दिइएको छ। (एफिसी ६:१२ पढ्नुहोस्)। हामीलाई आत्मिक हातहतियार प्रयोग गर्नुपर्छ भनिएको छ, ताकि हामी आफ्नो सुरक्षा गर्न सक्छौँ (एफिसी ६:१३)। हामी विजयको लागि विश्‍वस्त हुन सक्छौँ किनकि शैतानले हामीमा रहेको परमेश्‍वरको शक्तिको प्रतिरोध गर्न सक्दैन, र जब हामीले शैतानको प्रतिरोध गर्छौं, ऊ हामीबाट भाग्नेछ (याकूब ४:७)।

► के शैतान परमेश्‍वरको विपरीतमा छ?

शैतानसँग मानिसहरूको वर्तमान र मरणशील अवस्था भन्दा धेरै शक्ति छ। यद्‌यपि, उसको शक्ति परमेश्‍वरको तुलनामा केही होइन। उसलाई परमेश्‍वरको ठिक विपरीतमा छ भनेर हामी सोच्दै गर्दा उसमा र परमेश्‍वरसँग बराबर शक्ति छ भनेर सोच्नु गलत हो। कतिपय दार्शनिकहरूले संसारमा राम्रो र नराम्रोका लागि शक्ति समान छन् भनी सोच्छन्। यो कुरा सत्यबाट टाढा छ। शैतान सबै ठाउँमा उपस्थित हुन सक्दैन, उसलाई सबै कुरा थाहा छैन, र उसले गल्ती गर्छ। परमेश्‍वर आत्माहरूको सृष्टिकर्ता हुनुहुन्छ, र तिनीहरूले उहाँलाई हराउन सक्दैनन्। जब मानिसको परिक्षणको समय समाप्त हुन्छ, सबै दुष्ट आत्माहरूलाई पापी मानिसहरूसँगै न्याय, बन्दी र सजाय दिइनेछ।

शैतानको पराजय धेरै पहिले नै प्रतिज्ञा गरिएको थियो। परमेश्‍वरले सर्पको टाउको कुल्चनका लागि मुक्तिदाता पठाउने प्रतिज्ञा गर्नुभयो (उत्पत्ति ३:१५)। येशु शैतानको कामहरू नष्ट गर्न र हामीलाई पापमाथि विजय दिन आउनुभयो। (१ यूहन्ना ३:८ पढ्नुहोस्) येशुले आफ्नो मृत्यु र पुनरुत्थानद्‌वारा शैतानलाई मृत्युमाथि अधिकार राख्न दिनुभएन (हिब्रू २:१४; प्रकाश १:१८)। शैतान र अग्नी -कुण्ड आत्माहरूको अन्तिम र अनन्त गन्तव्य आगोको भट्‌टी हो। (मत्ती २५:४१ पढ्नुहोस्)।

शैतानले गर्न सक्ने कुरामा परमेश्वरले पहिले नै सीमा राख्नुभएको छ (अय्यूब १:१२, अय्यूब २:६)। यसै कारणले गर्दा शैतानले हामीलाई के गर्न सक्छ भनेर डराएर बस्नुपर्दैन। परमेश्वरले अनुमति बिना केही पनि हुन सक्दैन, र हामीले कति मात्रामा सहन सक्छौँ भन्ने उहाँलाई राम्रोसँग थाहा छ (१ कोरिन्थी १०:१३)।

हामीलाई शैतानको आक्रमणबाट बचाउने मात्र होइन, तर हामीसँग शैतानको राज्यको विरुद्धमा परमेश्वरको राज्यलाई अगाडि बढाउने शक्ति पनि छ। येशुले आफ्ना प्रेरितहरूलाई मात्र नभई आफ्ना चेलाहरूलाई पनि दुष्टात्माहरूलाई बाहिर निकाल्ने शक्ति दिनुभयो। (लूका १०:१७ पढ्नुहोस्)। हामीले सुसमाचार प्रचार गर्दा, परमेश्वरले उहाँको सत्य प्रचार गर्नलाई शक्ति दिनुहुन्छ, र सुसमाचारमा प्रतिक्रिया दिनेहरूलाई शैतानबाट छुटकारा दिनुहुन्छ।

### जोगिनुपर्ने त्रुटि: आत्मिक संसारमा गलत प्रकारको चासो

*कक्षा अगुवाको लागि नोटः कक्षाको सदस्यले यो खण्डको व्याख्या गर्न सक्छ।*

कतिपय मानिसहरू आत्मिक संसारको कुरामा मोहित हुन्छन्। तिनीहरू स्वर्गदूतहरूका बारेमा अध्ययन गर्न थाल्छन् र तिनीहरूसँग अन्तरक्रिया गर्ने प्रयास गर्न खोज्छन्। बाइबलले हामीलाई स्वर्गदूतहरूलाई प्रार्थना गर्न वा तिनीहरूसँग सम्बन्ध राख्ने प्रयास गर्न कहिल्यै भन्दैन। बाइबलले हामीलाई तिनीहरूको उपासना नगर्न वा हामीले बुझ्न सक्ने भन्दा बढी कुरो जान्न प्रयास नगर्न चेतावनी दिन्छ (कलस्सी २:१८)।

यदि कुनै व्यक्ति दुष्ट आत्माहरूमा धेरै चासो राख्छ भने, यो अझ खतरनाक हुन्छ। कतिपय मानिसहरू तिनीहरूको शक्ति र तिनीहरूले गर्ने कामहरूबाट मोहित हुन्छन्। आत्माहरूसँग अन्तरक्रिया गर्ने खेलहरू पनि छन्। आत्माबाट जानकारी प्राप्त गर्न मानिसहरूले विभिन्न तरिकाहरू प्रयोग गरेका छन्। परमेश्वरको शक्तिद्वारा तिनीहरूको प्रतिरोध गर्न बाहेक हामीलाई दुष्ट आत्माहरूसँग कहिल्यै संलग्न हुन आदेश दिइएको छैन (याकूब ४:७, १ पत्रुस ५:८-९)।

केही मानिसहरूले आत्मिक संसार र यसले कसरी काम गर्छ भन्ने जटिल र विस्तृत व्याख्याहरू विकास गरेका छन्। यद्यपि, हामीले आत्मिक संसारको बारेमा जान्न आवश्यक हुने सबै कुरा परमेश्वरले बाइबलमा प्रकट गर्नुभएको छ।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

### ख्रीष्टियान विश्वासहरूको वक्तव्य

परमेश्वरले सबै आत्माहरू सृष्टि गर्नुभयो। पवित्र स्वर्गदूतहरूले परमेश्वरको आराधना गर्छन् र विश्वासीहरूलाई रक्षा गर्छन्। स्वर्गदूतहरू अमर, व्यक्तिगत प्राणी हुन् जसले बोल्न, आराधना गर्न र तर्क गर्न सक्छन्। तिनीहरू नैतिक छनौट गर्न सक्छन्। शैतान र अरु स्वर्गदूतहरू पापमा परे र परमेश्वर र मानवताका शत्रुहरू भए। परमेश्वरले शैतानको शक्तिलाई सीमित गर्नु भएको र उसलाई अनन्त दण्डको लागि नियुक्त गर्नुभएको छ।

## पाठ ६ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- मत्ती १२:४३-४५
- लूका ८:२७-३५
- प्रेरित १२:७-११
- २ कोरिन्थी ११:१३-१५
- १ पत्रुस ५:८-९

(२) परीक्षा: तपाईंले पाठ ६ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ ६ परीक्षा

(१) सामान्यतया स्वर्गदूतहरूको भौतिक शरीर हुँदैन भनेर हामी कसरी थाहा गर्छौं?

(२) स्वर्गदूतहरू कहिले बनाइएका थिए?

(३) के स्वर्गदूतहरू मर्छन्?

(४) स्वर्गदूतहरूको व्यक्तित्व छ भनेर हामीले थाहा पाउने चार तरिकाहरू उल्लेख गर्नुहोस्।

(५) स्वर्गदूतहरूलाई बुझाउन बाइबलमा प्रयोग गरिएका चार शब्दहरूको नाम लेख्नुहोस्।

(६) परमेश्वरको सेवा गर्ने मानिसहरूका लागि स्वर्गदूतहरूले गर्ने काम के हो?

(७) दुष्ट आत्माहरूको उत्पत्ति कसरी भयो?

(८) वास्तवमा एउटा मूर्तिपूजकले के को आराधना गरिरहेको हुन्छ?

(९) शैतान र अन्य दुष्ट आत्माहरूको अन्तिम गन्तव्य के हो?

(१०) आत्मिक आक्रमणबाट आफूलाई जोगाउन विश्वासीहरूले के गर्नुपर्छ?

# पाठ ७

# ख्रीष्ट

## पाठका उद्देश्यहरू

(१) विद्यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- येशु मसीह हुनुहुन्छ भन्नुको अर्थ के हो?
- "प्रभु येशु ख्रीष्ट" वाक्यांशमा रहेको विश्वासको सार।
- येशुको मनुष्यत्वको प्रमाण र यसको महत्त्व।
- येशुको ईश्वरत्वको प्रमाण र महत्त्व।
- पाप क्षमाको लागि ख्रीष्टको मृत्युको पर्याप्तता।
- ख्रीष्टियान विश्वासमा पुनरुत्थानको महत्त्व।
- ख्रीष्टको बारेमा ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) अन्य धर्मका मानिसहरूले ख्रीष्टको बारेमा के भन्छन् भन्ने कुरा विद्यार्थीले सिक्नेछन्।

## परिचय

► एकसाथ प्रकाश ५:११-१४ पढ्नुहोस्। यस खण्डले हामीलाई येशुको बारेमा के बताउँछ?

## झूटा ख्रीष्टहरू

आखिरी दिनहरूमा झूटा ख्रीष्ट र झूटा अगमवक्ताहरूले धेरैलाई धोका दिनेछन् भनी बाइबलले भविष्यवाणी गरेको छ। धेरै मानिसहरूले तिनीहरूलाई बचाउन नसक्ने झूटा वा मनगढन्ते ख्रीष्टहरूमा आफ्नो विश्वास राखिरहेका छन्। तपाईंले यस्तै दुई झूटा ख्रीष्टहरूका बारेमा सुन्नुभएको हुनसक्छ, जो मर्मन र यहोवाकासाक्षीहरू भनेर परिचित छन्।

### मर्मनको येशु

यदि कोही मर्मनले तपाईंको ढोका ढकढक्याउँछ, उसले एक यस्तो येशुलाई परिचित गराउँदछ जो लुसिफरको आत्मा-भाइ समानको हो। उनीहरूले येशुलाई हाम्रो "स्वर्गीय पिता" र हाम्रो "स्वर्गीय आमा" ले यस ब्रह्माण्डमा ल्याउनुभएको अर्बौं आत्मिक प्राणीहरूमध्ये एक हो भन्ने सिकाउँछन्। मर्मनहरूका अनुसार, जब येशु पृथ्वीमा बस्नुभयो, उहाँका धेरै पत्नीहरू थिए, जसमध्ये एक मरियम मग्दलिनी थिइन्। आफ्नो मृत्यु र पुनरुत्थान पछि उनी मूल निवासी अमेरिकीहरूलाई प्रचार गर्न अमेरिका गए।

### यहोवाका साक्षीहरूको येशु

यहोवाका साक्षीहरूले येशुलाई मिखाएल प्रधान दूत हुन् भनेर बताउनेछन् जो पहिलो सृष्टि गरिएको प्राणी, जो मानिस बने र क्रुसको सट्टा ठाडो खम्बामा मरे। उहाँ एक आत्मिक प्राणीको रूपमा हुर्कनुभयो र मरेपछि उहाँको शरीर हावामा बिलायो र पूर्ण फेरी मिखाएल प्रधान दूत बन्नुभयो।

### वास्तविक येशु

म पक्का छु कि तपाईंले यी झुटो धर्ममतहरूका येशु बाइबलका येशुभन्दा फरक हुनुहुन्छ भनेर चिन्न सक्नुहुन्छ तर के तपाईं साँचो, बाइबलीय येशुको वर्णन गर्न सक्नुहुन्छ? लाखौं मानिसहरूको मस्तिकमा झूटा ख्रीष्टको अवधारणा छ, जसमा तिनीहरूलाई बचाउन सक्ने शक्ति छैन।

येशुको बारेमा आफ्नो विश्वासमा निश्चित हुनु तपाईंको लागि एकदम महत्त्वपूर्ण छ ताकि तपाईलाई धोका नहोस्, र तपाईंले अरूसँग येशुको परिचय गराउन सजिलै सक्नुभएको होस्।

*कक्षा अगुवाको लागि नोटः अन्य धर्महरूले येशुको बारेमा के सिकाउँछ भन्ने बारे थप जानकारीको लागि यस पाठको अन्तिम खण्डमा रहेको "अन्य धर्महरूले के भन्छ" शीर्षकलाई हेर्नुहोस्*

### येशु मसीह

► मसीहको बारेमा बाइबलमा रहेका केही भविष्यवाणीहरू के हुन्?

चार सुसमाचारहरूले येशुलाई इस्राएलको आउनुहुने मसीहको रूपमा प्रस्तुत गर्दछ। मसीहको बारेमा धेरै कुराहरू भविष्यवाणी गरिएको थियो। उहाँ राजा दाऊदको वंशज हुनुहुनेछ र त्यसैले राजा हुन योग्य हुनुहुनेछ। उहाँले आफ्ना मानिसहरूलाई दमन र बन्धनबाट बचाउनुहुनेछ। आफ्नो मिशन पूरा गर्नको लागि उहाँ विशेष रूपमा परमेश्वरद्वारा अभिषेक हुनुहुने थियो। मसीह शब्दको अर्थ "अभिषेक पाएको व्यक्ति" हो जुन नाउँको उपाधि इस्राएलमा राजाहरूको मात्र थियो।

पुरानो नियममा भएका मसीहको बारेमा केही महत्त्वपूर्ण विवरणहरू नयाँ नियम नलेखिएसम्म स्पष्ट रूपमा व्याख्या गरिएको थिएन। उहाँको प्राथमिकता आफ्ना मानिसहरूलाई पापबाट छुटकारा दिनु थियो। (मत्ती १:२१; लूका १:७४-७५ पढ्नुहोस्)। उहाँको राज्य यस संसारमा आधारित थिएन, तर आत्मिक र स्वर्गीय थियो (यूहन्ना १८:३६ पढ्नुहोस्), यद्यपि अन्ततः उहाँको राज्यले सम्पूर्ण पृथ्वीलाई ढाक्नेछ (फिलिप्पी २:१०-११; प्रकाश १९:११-१६; प्रकाश २०:६)।

मसीह हिब्रू शब्द हो। यसलाई ग्रीकमा *ख्रीष्टोसले* जनाउँछ जसबाट हामीले ख्रीष्ट शब्द पाउँछौं। "येशु ख्रीष्ट" वाक्यांश प्रयोग गर्नु भनेको येशु नै मसीह हुनुहुन्छ भनी घोषणा गर्नु हो।

## येशु प्रभु हुनुहुन्छ

सुरुको मण्डलीले येशु सर्वोच्च हुनुहुन्छ जसको अधीनमा हामी बस्नुपर्छ भनेर बताउन *प्रभु* शब्दको प्रयोग गरे। जब तिनीहरूले "येशु प्रभु हुनुहुन्छ" भने, तब तिनीहरूले उहाँ सबैका प्रभु, सृष्टिकर्ता र ब्रह्माण्डको परमेश्वर हुनुहुन्छ। विश्वासको यो कथनले ख्रीष्टियानहरूलाई अलग बनायो, किनभने ख्रीष्टियानहरूले मात्र विश्वास गर्थे कि पृथ्वीमा हिंडेका मानिस येशु सबैभन्दा उच्चको परमेश्वर हुनुहुन्छ।

"प्रभु येशु ख्रीष्ट" शब्दहरूले गहिरो भाव व्यक्त गरिरहेको छ। तिनीहरूले येशु नै मसीह हुनुहुन्छ र उहाँ परमेश्वर पनि हुनुहुन्छ भनी भनिरहेका छन्। यी सबै शब्दहरू फिलिप्पी २:१०-११ मा भेटिन्छन्। ती पदहरूले हामीलाई बताउँछन् कि भविष्यमा यस्तो समय आउनेछ जब संसारका सबैले येशु ख्रीष्ट प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नुपर्नेछ।

"म विश्वास गर्छु ...
एक प्रभु येशु ख्रीष्टमा,
परमेश्वरको एक मात्र पुत्र;
सारा संसारका सामु आफ्नो पिताबाट
संसारमा जन्मनुभएको
ईश्वरको ईश्वर ज्योतिको ज्योति,
असलको असल,
संसारमा जन्मनुभएको, सृष्टि
गरिएको हैन
पिता जस्तै एकै रुपमा हुनु; जसद्वारा
सबै चीजहरू बनाइएका थिए।"
*नाइसियन क्रिड*

## तीन विशेष दिनहरू

येशुको बारेमा हाम्रो आधारभूत विश्वासहरूलाई तीन वर्गहरूमा जुन तीनवटा विशेष दिनहरूमा जोडिएको छ।

### चन देहधारी हुनुभएको कारण हामी ख्रीष्टमस मनाउँछौं

ख्रीष्टमसमा एक कन्या आमाद्वारा भएको येशुको जन्म दिन मनाइन्छ, किनकि येशु पवित्र आत्माद्वारा जन्मनुभएको थियो। (लूका १:३४-३५ पढ्नुहोस्)। यद्दपी येशु मानव हुनुहुन्थ्यो किनभने उहाँ एउटी स्त्रीबाट जन्मनुभएको थियो, उहाँ आफैंमा परमेश्वर पनि हुनुहुन्थ्यो, उहाँले जुन संसारमा प्रवेश गर्नुभएको थियो, त्यही संसारको सृष्टिकर्ता पनि हुनुहुन्थ्यो। यो अचम्मको छ तर सत्य छ: जब येशु बालक हुनुहुन्थ्यो, उहाँकी आमा मरियमले आफ्नो सृस्तिकर्तालाई धारण गर्नुभयो।

परमेश्वरका छोराहरू शब्द विश्वासी र स्वर्गदूतहरूका लागि प्रयोग गरिन्छ (यूहन्ना १:१२; अय्युब १:६), तर येशु एक अद्वितीय प्रकारले परमेश्वरका पुत्र हुनुहुन्छ (यूहन्ना ३:१६)। उहाँ पिताको स्वभावलाई पूर्णरूपमा धारण गर्ने एक मात्र प्राणी हुनुहुन्छ। उहाँ पूर्णरूपमा पिताको स्वरूप हुनुहुन्छ तसर्थ, उहाँ पितासरह परमेश्वर हुनुहुन्छ (हिब्रू १:२-३ पढ्नुहोस्)।

परमेश्वरको स्वभाव र मानव स्वभाव येशुको व्यक्तित्व एकसाथ आयो। यसलाई देह धारण, भनिन्छ, जसको अर्थ परमेश्वरले मानव शरीर धारण गर्दै, मानिस बन्नु हो। येशु मात्र हुनुहुन्छ जो हाम्रो मुक्तिदाता हुन सक्नुहुन्छ किनभने उहाँ ब्रह्माण्डमा एक मात्र व्यक्ति हुनुहुन्छ जो मानिस र परमेश्वर दुवै हुनुहुन्छ।

**येशु एक मानिस हुनुहुन्छ**

नयाँ करारका येशुलाई साँच्चै मानवको रूपमा चिन्न गाह्रो छैन। उहाँ आमाको गर्भमा जन्मनु भयो, हुर्किनु भयो, सिक्दै जानुभयो र एक व्यक्तिको रूपमा विकसित हुनुभयो। (लूका २:५२ पढ्नुहोस्)। उहाँ थकित हुनुभयो, सुत्नुभयो, परीक्षामा पर्नुभयो, र पापबाहेक मानिसले गर्ने लगभग सबै काम गर्नुभयो (हिब्रू ४:१४-१५)। उहाँको मृत्यु समेत भयो। उहाँले हामी जस्तै भएर मानव जातिसँग नजिक रूपमा परिचित हुनुभयो। (यूहन्ना १:१४ पढ्नुहोस्)।

► येशु मानिस हुनु किन महत्त्वपूर्ण छ?

किनभने येशु एक मानिस हुनुहुन्छ:

१. **उहाँ कष्ट भोग्न र बलिदानको रूपमा मर्न सक्नु हुन्छ** (एफिसी ५:२, हिब्रू ७:२६-२७)। यदि उहाँ मानिस नभएर परमेश्वर मात्र हुनुहुन्थ्यो भने उहाँ शारीरिक रूपमा कष्ट भोग्न र मर्न सक्नुहुन्थ्यो।

२. **उहाँको धार्मिकताले हामीलाई धर्मी बनाउन र जीवन दिन सक्छ।** जब पहिलो आदमले पाप गऱ्यो र परमेश्वरबाट अलग भयो उसले सम्पूर्ण मानवताको प्रतिनिधित्व गरे। यसले सबै मानिसहरूमा मृत्यु ल्यायो। येशुले पापरहित जीवन बिताउनुभयो र परमेश्वरका सबै आवश्यकताहरू पूरा गर्नुभयो। उहाँसँगै हुने सबैलाई उहाँले अनन्त जीवन दिनुहुन्छ। उहाँलाई धर्मशास्त्रमा अन्तिम आदम भनिएको छ (१ कोरिन्थी १५:२२, ४५-४९; रोमी ५:१७-१९)।

३. **उहाँ परमेश्वरको अघि हाम्रो प्रतिनिधित्व गर्ने पूजाहारी बन्न सक्नुहुन्छ।** हाम्रो मध्यस्थकर्ताको रूपमा, उहाँले हाम्रो लागि मात्र प्राथना मात्र गर्दैनन् तर उहाँले वास्तवमा हामीलाई प्रतिनिधित्व गर्नुहुन्छ। हामी र परमेश्वरको बीचमा मेलमिलाप गराउन उहाँ मानिस हुनु आवश्यक थियो। (हिब्रू २:१७ पढ्नुहोस्)। पूजाहारीको रूपमा उहाँको भूमिकाले हामीमा अनन्त मुक्ति प्रदान गराउछ (हिब्रू ५:९, हिब्रू १०:५-७)। येशुको मानवता सुसमाचारको एक आवश्यक विषय-बस्तु हो। (१ यूहन्ना ५:१ पढ्नुहोस्)।

*कक्षा अगुवाको लागि नोट: येशु मानिस हुनुहुन्थ्यो भन्ने थप बाइबलीय प्रमाणको लागि, यस पाठको अन्तिममा रहेको "येशुको मानवताको धर्मशास्त्रीय प्रमाण" खण्ड हेर्नुहोस्।*

## येशु परमेश्वर हुनुहुन्छ

### *येशुले आफू परमेश्वर भएको दाबी गर्नुभयो।*

बाइबलको येशु एक मानिस हुनुहुन्छ तर उहाँ केवल एक मानिस मात्र हुनुहुन्न। उहाँ ब्रह्माण्डको एक अनन्त (असीमित) ईश्वर पनि हुनुहुन्छ। येशु आफैले यो दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "म र पिता एक हौं" (यूहन्ना १०:३०)। जब उहाँले यसो भन्नुभयो, यहूदीहरूले उहाँलाई ढुङ्गाले हान्न लागे किनभने तिनीहरूले उहाँ आफैले आफूलाई परमेश्वरको बराबरी तुल्याउनुभएको कुरो भनी बुझेका थिए। के येशुले तिनीहरूलाई भन्नुभयो, "होइन, तिमीहरूले मलाई गलत बुझ्यौ। म साँच्चै परमेश्वर होइन!" होइन, येशुले आफ्ना शब्दहरूमा तिनीहरूको व्याख्या स्वीकार गर्नुभयो। उहाँले सिकाउनुभयो कि उहाँ परमेश्वर पिता बराबर हुनुहुन्छ।

> "जसरी पिताले म हुँ भन्ने अभिव्यक्ति प्रयोग गर्नुहुन्छ, त्यसैगरी ख्रीष्टले पनि प्रयोग गर्नुहुन्छ, किनकि यसले समयद्वारा प्रभावित नहुने निरन्तर अस्तित्वलाई जनाउँछ।"
> जोन क्रिसोस्टोम

येशुले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु।" (यूहन्ना ८:५८) उहाँले प्रस्थान ३:१४ को म हुँ, ब्रह्माण्डको स्व-अस्तित्वमा रहेको परमेश्वर हुँ भनी दाबी गरिरहनुभएको थियो। यहूदीहरूले उहाँलाई यो दाबीको लागि ढुङ्गा हिर्काउने प्रयास गरे (यूहन्ना ८:५९)।

### *पृथ्वीमा हुँदा येशुले ईश्वरीय कार्यहरू गर्नुभयो।*

पृथ्वीमा हुँदा येशुले ईश्वरीय कार्यहरू गर्नुभयो। उहाँले अनन्त जीवन दिनुभयो। (यूहन्ना १०:२८ पढ्नुहोस्) उहाँले पापहरू क्षमा गर्नुभयो (मर्कूस २:१०)। यी कुराहरू मात्र परमेश्वरले गर्न सक्नुहुन्छ।

जब येशुले पक्षाघातीका पापहरू क्षमा गर्नुभयो, उहाँले त्यस मानिसलाई निको पारेर उहाँसँग पृथ्वीमा पापहरू क्षमा गर्ने अधिकार छ भनेर प्रमाणित गर्नुभयो (मर्कूस २:५, १०-१२)। एउटा कार्य अर्कोको प्रमाण दिएको थियो, जसले स्पष्ट पारेको थियो कि येशुले केवल परमेश्वरद्वारा अभिषिक्त अगमवक्ताझैँ निको पार्ने चमत्कार गर्नुभएन। येशुसँग क्षमा गर्ने र निको पार्ने दुवै ईश्वरीय अधिकार र शक्ति थियो।

येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ।" (यूहन्ना ११:२५)। यो ईश्वरीय दावीको साथमा अर्को ईश्वरीय कार्य थियो। केवल परमेश्वरले मात्र आफूमा पुनरुत्थान गर्ने शक्ति भएको दावी गर्न सक्नुहुन्छ किनभने यो केवल परमेश्वरको शक्ति हो जसले कसैलाई मृत्युबाट बौरी उठाउन सक्छ। येशुले आफूलाई जीवनदाता भएको दाबी गर्नुभयो र त्यसपछि लाजरसलाई जीवन दिनुभयो र आफूले दाबी गरेको व्यक्ति आफै हुनुहुन्छ भनी देखाउनुभयो। यस घटनामा, येशुले अरू अगमवक्ताहरू र परमेश्वरको

शक्तिद्वारा मानिसहरूलाई मरेकाहरूबाट जीवित पार्ने प्रेरितहरूबाट आफूलाई स्पष्ट रूपमा अलग छुट्याउनुभयो। यीमध्ये कसैले पनि चमत्कार गर्ने शक्ति आफूमा भएको दाबी गरेनन्। तिनीहरू केवल परमेश्‍वरका सेवकहरू थिए। यूहन्ना ५:२१ मा, येशुले भन्नुभयो कि उहाँले मरेकाहरूलाई जीवित पार्नुहुन्छ जसरी पिताले पनि मरेकाहरूलाई जीवित पार्नुहुन्छ।

जब येशुले आफ्ना चमत्कारहरू गर्नुभयो, उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, (यूहन्ना २:११) जुन पिताबाट एकमात्र पुत्रको महिमा, अनुग्रह र सत्यले भरिएको जस्तै थियो (यूहन्ना १:१४)। यी चमत्कारहरूमा परमेश्‍वरको पुत्रको महिमित शक्तिको प्रदर्शन भएको थियो जसले उहाँमा ईश्‍वरीय हुनुहुन्छ भनेर पुष्टि गर्थ्यो।

### *-येशु सृष्टिकर्ता र पालनपोषणकर्ता हुनुहुन्छ।*

प्रेरित यूहन्ना र पावलका अनुसार, येशुले सबै कुरा सृष्टि गर्नुभयो र सबै कुरालाई एकै ठाउँमा थाम्नुहुन्छ, र सबै कुरा उहाँको लागि अस्तित्वमा छन्। (यूहन्ना १:३ पढ्नुहोस्; कलस्सी १:१७)। पक्कै पनि यो परमेश्‍वर बाहेक अरू कसैको बारेमा भन्न सकिँदैन।

► येशु नै परमेश्‍वर हुनुहुन्छ भनी जान्नु हाम्रो लागि किन महत्त्वपूर्ण छ?

किनकि येशु परमेश्‍वर हुनुहुन्छ,

१. उहाँको बलिदानमय मृत्यु अनन्त मूल्यको छ-संसारका पापहरूको क्षमाको लागि पर्याप्त छ (१ यूहन्ना २:२)।
२. उहाँसँग हाम्रो उद्धार गर्ने शक्ति, सत्य र जीवन हुनुहुन्छ (यूहन्ना १४:६)।
३. हामीले पितालाई जसरी उहाँको आराधना गर्नुपर्छ। (यूहन्ना ५:२३ पढ्नुहोस्)।

यदि हामीले येशुलाई परमेश्‍वरको रूपमा देख्न असफल भयौं भने, हामी उहाँलाई परमेश्‍वरको रूपमा आदर गर्दैनौं। यदि हामीले पिता र पुत्र दुवैलाई परमेश्‍वरको रूपमा आदर गर्दैनौं भने हामी उद्धार हुदैन।

ख्रीष्टियनमत येशुको शिक्षा र कार्यहरूमा मात्र होइन, तर येशुको अद्वितीय व्यक्तिमा आधारित छ। उहाँ मुक्तिको सन्देशका कुनै एक शिक्षकको जस्तो मात्र होइनन्। उहाँ आफैं मुक्तिदाता हुनुहुन्छ, र उहाँ मात्र-ईश्‍वर-मानव-मुक्तिदाता हुन सक्नुहुन्थ्यो।

*कक्षा अगुवाको लागि नोट: येशु नै परमेश्‍वर हुनुहुन्छ भन्ने थप बाइबली प्रमाणको लागि, यस पाठको अन्तिमा रहेको "येशुको ईश्‍वरत्वको धर्मशास्त्रीय प्रमाण" खण्ड हेर्नुहोस्।*

### येशु एक व्यक्ति हुनुहुन्छ

यद्यपि येशुमा परमेश्वरको सबै प्रकृति र मानवको सबै प्रकृति छ, उहाँ दुई व्यक्तिहरूको संयुक्त हुनुहुन्न। दुई प्रकृतिहरू मिलेर नै उहाँमा एक व्यक्ति पूर्ण मेलमा बनिएको हो। येशु एउटै ईश्वर-मानव हुनुहुन्छ, र येशुको प्रत्येक कार्यलाई उहाँको पूर्ण मानवता र पूर्ण ईश्वरत्वको प्रकाशमा बुझिनुपर्छ। मण्डलीले सधैं सिकाएको छ कि येशुमा भएका दुई प्रकृतिहरू एकअर्काबाट अलग गर्न सकिँदैन, तापनि तिनीहरू मिसिएका छैनन् जसले गर्दा एउटा प्रकृतिले आफ्नो विशेषताहरू गुमाउँछ।[10]

येशुको प्रकृतिलाई पवित्र धर्मशास्त्रको शैलीसँग तुलना गर्नु उपयोगी हुन सक्छ। येशु जस्तै, बाइबल पूर्णतया ईश्वरीय र पूर्ण मानवीयद्वारा लेखिएको हो। मानव पुस्तक भएकाले यसमा कुनै पनि मानव पुस्तकको विशेषता छ तर यसमा कुनै गल्ती छैन। ईश्वरीय भएकोले, यसले अन्य कुनै पुस्तकले गर्न नसक्ने विशेषताहरू देखाउँछ। त्यसै गरी, येशुले मानव र ईश्वरीय दुवै गुणहरू देखाउनुहुन्छ। बाइबलले ईश्वरीय गुणहरू देखाउँछ भन्ने तथ्यले हुदै गर्दा यसलाई मानव पुस्तक होइन भन्न सकिँदैन। त्यस्तै गरी, येशुले आफ्नो ईश्वरत्वमा काम गर्नुहुन्छ भन्ने तथ्यले उहाँ मानव होइन भन्न मिल्दैन। येशुले आफ्नो मानवताको गुण देखाउनु हुँदा उहाँमा ईश्वरीय छैन भन्न सकिँदैन।

### सिद्धान्तको सामान्य त्रुटिहरू

ख्रीष्टको बारेमा कुरा गर्दा मानिसहरूले गर्ने सिद्धान्तको सबैभन्दा सामान्य त्रुटिहरू यी हुन्:

- येशु परमेश्वर हुनुहुन्छ भनी इन्कार गर्नु।
- येशु मानव हुनुहुन्छ भनेर इन्कार गर्नु
- उहाँको ईश्वरत्व वा मानवतालाई महत्वहीन ठानेर न्यूनीकरण गर्नु
- ख्रीष्टको व्यक्तिको एकतालाई अस्वीकार गर्नु

यीमध्ये कुनै पनि त्रुटि देह धारणको अस्वीकारको रूपमा लिन सकिन्छ। हाम्रो मुक्तिको लागि देह धारण आवश्यक थियो, त्यसैले यदि कुनै व्यक्तिले देह धारणलाई अस्वीकार गर्छ भने उसले झूटो सुसमाचार र मुक्तिको झूटो मार्गमा विश्वास गर्छ।

[10] पाठ १५ मा समावेश गरिएको चाल्सेडोनियन सभा (इ.सं. ४५१), ले बताउँछ ख्रीष्टका दुई स्वभावहरू अपरिवर्तनीय, अविभाज्य, छुट्ट्याउन नसकिने र स्पष्ट छन्।

## अन्य धर्मले के भन्छ

*कक्षा अगुवाको लागि नोट: कक्षाको सदस्यले यो खण्डको व्याख्या गर्न सक्छ।*

येशु मानिस हुनुहुन्थ्यो भनी यहोवाका साक्षीहरू बताउँछन्। तिनीहरू विश्वास गर्छन् कि उहाँ सबैभन्दा महान् व्यक्ति हुनुहुन्थ्यो, तर पनि एक मानिस मात्र हुनुहुन्छ। यसैले उहाँको मृत्यु हाम्रो मुक्तिको लागि पर्याप्त बलिदान हो भनेर तिनीहरू विश्वास गर्दैनन्। तिनीहरूसँग कामद्वारा मुक्ति हुन्छ भन्ने सुसमाचार छ। तिनीहरू ख्रीष्टियान भएको दाबी गर्छन्, तर तिनीहरू फरक धर्मबाट हुन्।

मर्मनहरूले विश्वास गर्छन् कि येशु मूल रूपमा लुसिफरको भाइ जस्तै परमेश्वरद्वारा सृजित आत्मा हुनुहुन्थ्यो। उहाँलाई पृथ्वीमा मानिस येशु को रूपमा जन्म लिन पठाइएको थियो। मर्मनहरूले येशु परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्दैनन्।

मुस्लिमहरू विश्वास गर्छन् कि येशु परमेश्वरले पठाउनुभएको अगमवक्ता हुनुहुन्थ्यो। उहाँ परमेश्वर हुनुहुन्छ वा त्रिएक परमेश्वर हुनुहुन्छ भनेर तिनीहरू विश्वास गर्दैनन्। उहाँ क्रूसमा टाँगिनुभयो वा उहाँ मरेकाहरूबाट जीवित भई उठ्नुभयो भनी तिनीहरूले विश्वास गर्दैनन्।

हिन्दू र बौद्धहरूले विश्वास गर्छन् कि येशु एक पवित्र व्यक्ति हुनुहुन्थ्यो जसले चमत्कारहरू गर्नुभयो। उहाँ तिनीहरूको धर्मको लागि महत्त्वपूर्ण छैन। तिनीहरू एक परमेश्वरमा विश्वास गर्दैनन् जो सृष्टिकर्ता र प्रभु हुनुहुन्छ, त्यसैले तिनीहरू विश्वास गर्दैनन् कि येशु देहधारी परमेश्वर हुनुहुन्छ।

## हामी असल शुक्रबार मनाउँछौं कारण त्यो हाम्रो पापको प्रायश्चितको दिन हो

असल शुक्रबार त्यो दिन हो जुन दिन येशुलाई क्रूसमा टाँगिएको थियो। यस दुखद र अद्भुत दिनमा येशुले हाम्रा पापहरूलाई क्रूसमा लैजानुभयो। उहाँ हाम्रा पापहरूको लागि बलिदानको रूपमा मर्नुभयो ताकि हामीले क्षमा पाउन सकौं।

### एक बलिदान आवश्यक थियो

परमेश्वरले हामीलाई क्षमा गर्दा आफू न्यायी र पवित्र नै भएको देखिन भनेर नै पापको उहाँमा बलिदान दिनु आवश्यक थियो। यो सिद्धान्त पुरानो करारमा परमेश्वरले आवश्यक पर्ने बलिदानहरूद्वारा सिकाइएको थियो (हिब्रू ९:२२)। यदि परमेश्वरले कुनै आधार बिना नै पाप क्षमा गर्नुभयो भने यसले उहाँ न्यायी हुनुहुन्न र पाप गम्भीर छैन रहेछ भनेर सङ्केत गर्दछ। तर कसैले पनि येशुको क्रूसमा भएको मृत्युलाई हेरेर पाप गम्भीर छैन भनी भन्न सक्दैनन्। उहाँको बलिदानले हाम्रो क्षमाको लागि आधार प्रदान गर्‍यो।

### येशु मात्र पर्याप्त बलिदान हुन सक्नुहुन्छ

► किन पापको लागि बलिदान हुन सक्ने येशु मात्र हुनुहुन्छ?

परमेश्वरको न्याय र पापको गम्भीरताको लागि कुनै पनि सृष्टि गरिएको कुरा भन्दा ठूलो बलिदान चाहिन्छ (हिब्रू १०:४ पढ्नुहोस्) हामीले असीम परमेश्वरको विरुद्धमा पाप गरेका छौं, जसले हामीमाथि असीमित दोष ल्याउँछ। त्यसकारण येशु मात्र बलिदान हुन सक्नुहुन्छ। उहाँ योग्य हुनुहुन्थ्यो किनभने उहाँ परमेश्वर हुनुहुन्छ र उहाँ मानिस हुनुहुन्छ। उहाँको ईश्वरत्वको कारण, उहाँ पापरहित हुनुहुन्थ्यो, र उहाँको बलिदानको असीम मूल्यको थियो। उहाँको मानवताको कारण, उहाँले हाम्रो प्रतिनिधित्व गर्न सक्नुहुन्छ र हाम्रो सट्टामा मर्न सक्नुहुन्छ।

### येशुको रगतले उहाँको बलिदानीय मृत्युलाई प्रतिनिधित्व गर्दछ

परमेश्वरले बलिदानहरू स्थापना गरेर प्रायश्चितको बारेमा मानिसहरूलाई सिकाउनुभयो। पुजारीहरूले जनावरहरूलाई मारे र तिनीहरूको रगतले तिनीहरूको मृत्युको प्रतिनिधित्व गर्थ्यो। हिब्रूको पुस्तकले बताउँछ कि रगत नबगाई पापको क्षमा हुँदैन (हिब्रू ९:१८-२२)।

परमेश्वरले मानिसहरूलाई रगतलाई विशेष रूपमा सम्बोधन गर्ने आज्ञा दिनुभयो किनभने यसले प्राणीको जीवनलाई प्रतिनिधित्व गर्दछ (लेवी १७:११, १४)। रगत बगाउनु भनेको मर्नु सरह हो (उत्पत्ति ९:५-६)। मन्दिरमा रगत प्रयोग गरिनुको अर्थ एउटा जनावरको बलिदान गरिएको थियो भन्ने बुझिन्छ।

ख्रीष्टको मृत्यु अन्तिम बलिदान थियो जसले सबैको लागि सधैं मुक्ति उपलब्ध गराएको थियो। (हिब्रू १०:४, १२ पढ्नुहोस्) उहाँले आफ्नो बलिदानको मृत्युलाई प्रतिनिधित्व गर्दै स्वर्गमा आफ्नो रगत चढाउनुभयो। (हिब्रू ९:१२, २४ पढ्नुहोस्) येशुको रगतले उहाँको मृत्युलाई प्रतिनिधित्व गर्छ, यसले हामीलाई मुक्ति प्रदान गर्छ किनभने उहाँ बलिदानको रूपमा मर्नुभयो ताकि हाम्रो मुक्ति भएको होस्।

किन क्रुसमा येशु मर्नुको सट्टा अर्को उपाय थिएन? पुरानो नियमको समयमा, एक व्यक्तिलाई रूखमा झुण्ड्याउनु परमेश्वरको श्रापको चिन्ह थियो (व्यवस्था २१:२३)। प्रेरित पावलले हामीलाई बताउँछन् कि येशुले रूखमा टाँगेर परमेश्वरको श्राप आफैंमा लिनुभयो (गलाती ३:१३)।

### येशुले परमेश्वर र मानिसलाईसँगै ल्याउनुभयो

येशुले दुई अलग पक्षहरू मिलाउन आउनुभयो-परमेश्वर र मानिस। मध्यस्थकर्ताको रूपमा, येशुले एकै समयमा दुवै पक्षहरूको प्रतिनिधित्व गर्नुपर्थ्यो। परमेश्वरको रूपमा, उहाँले मानिसलाई परमेश्वरको प्रतिनिधित्व गर्नुभयो। मानिसको रूपमा, उहाँले परमेश्वरलाई मानिसको प्रतिनिधित्व गर्नुभयो। दुवै पक्षलाई पूर्ण रूपमा प्रतिनिधित्व गरेर, येशुले मानिस र परमेश्वरलाई एकसाथ ल्याउनुभयो। उहाले मेलमिलाप गराउन सबै पक्षले गर्नुपर्ने काम गर्नुभयो।

## हामी इस्टर आइतवार मनाउँछौं किनकि यो दिन पुनरुत्थान भएको थियो

इस्टर मनाउने धेरै परम्परागत तरिकाहरू छन्, तर धेरै मानिसहरूले आफूले गरिरहेको कामको अर्थ बुझ्दैनन् र येशुको पुनरुत्थानको बारेमा के महत्त्वपूर्ण छ भनेर उनीहरूलाई थाहा नहुन सक्छ। क्रुसमा टाँगिएको तेस्रो दिन येशु इस्टरको बिहान चिहानबाट जीवित भई उठ्नुभयो। यसबाट पाप, मृत्यु र शैतानमाथि उहाँको शक्ति छ भनी उहाँले देखाउनुभयो। उहाँले हाम्रो मृत्यु मात्र लिनुभएन तर पूर्ण-जीवनले पनि यी कुराहरूमाथि जित्नुभयो। किनभने उहाँ विजयी हुनुहुन्थ्यो, हामी पनि हुन विजयी हुन सक्छौं!

## येशु शारीरिक रूपमा पुनर्जीवित हुनुभयो

येशुले एक पटक यहूदीहरूलाई भन्नुभयो, "यस मन्दिरलाई नष्ट गर, र म यसलाई तीन दिनमा खड़ा गर्नेछु।" यद्यपि यहूदीहरूले सोचेका थिए कि उनले हेरोदले बनाएको मन्दिरलाई सङ्केत गर्दै थिए, तर यूहन्नाको सुसमाचारले वर्णन गर्दछ कि येशुले वास्तवमा आफ्नो शरीरलाई सङ्केत गर्दै हुनुहुन्छ (यूहन्ना २:१९-२१)। सबै सुसमाचारका पुस्तकहरूले यो तथ्यलाई लेखेको देखिन्छ कि येशुको चिहान त्यहाँ गाडिएको तीन दिनपछि खाली थियो। येशुले उहाँको पुनरुत्थान पछि चेलाहरूलाई देखाउनुभयो, "मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर। किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरू देख्छौ, मेरा त छन्।" (लूका २४:३९)। उहाँले शारीरिक रूपमा मृतकबाट जीवित भई उठेको प्रमाणित गरिरहनुभएको थियो।

► यदि येशु मरेकाहरूबाट जीवित भई उठ्नुभएन भने के फरक पर्थ्यो?

१. **येशुको शारी रिक पुनरुत्थानले पाप र मृत्युत्युमाथि उहाँको विजयलाई प्रदर्शन गऱ्यो।** (कलस्सी २:१२-१५ पढ्नुहोस्; प्रकाश १:१७-१८)

२. **येशुको शारीरिक पुनरुत्थानले उहाँ आफू जो हुँ भनी दाबी गर्नुभयो सो उहाँ हुनुहुन्थ्यो भन्ने प्रमाणित गऱ्यो** (मत्ती १७:२२-२३, यूहन्ना २:१६-२२)। यसरी, यसले सुसमाचारलाई पनि प्रमाणित गऱ्यो। येशु मृत्युबाट बौरी उठ्नुभयो भनी अस्वीकार गर्ने मानिसहरूले पनि सुसमाचारलाई अस्वीकार गर्छन्। (१ कोरिन्थी १५:१७ पढ्नुहोस्)।

३. **येशुको पुनरुत्थानले हामीलाई आश्वासन दिलाउँछ कि हामी पनि मृत्युबाट जीवित भई उठ्नेछौं।** येशुले मरेकाहरूलाई जीवित पार्ने प्रतिज्ञा गर्नुभयो। त्यो प्रतिज्ञा उहाँ आफै जीवित भई नउठ्ने बेला पत्याउन नसकिने कुरा जस्तो हुनेथ्यो (यूहन्ना ५:२८-२९)। हामी येशुको महिमित शरीर जस्तै शरीर पाउनको लागि उठ्नेछौं। (१ यूहन्ना ३:२ पढ्नुहोस्)।

**येशु अझै मानव हुनुहुन्छ**

पुनरुत्थानले हामीलाई देखाउँछ कि देह धारण स्थायी छ। येशु सधैं मानव र ईश्वरीय हुनुहुनेछ। येशु, जो अझै पनि ईश्वर-मानव हुनुहुन्छ, अब पितासँग हाम्रो लागि मध्यस्थता गर्नुहुन्छ (रोमी ८:३४), र कुनै दिन हामीलाई स्वर्गमा लैजान फर्कनुहुनेछ (१ थेसलोनिकी ४:१६-१७)।

**उहाँ जो हुनुहुन्छ र उहाँले जे गर्नुभयो भन्ने जानेर नै हामी येशुलाई समर्पण गर्छौं**

विश्वासीहरूको रूपमा हामी ख्रीष्टसँग दैनिक सम्बन्धमा बस्छौं। उहाँ इतिहासको व्यक्ति मात्र होइन, र स्वर्गमा हुनुहुने ईश्वर मात्र होइन, उहाँ हामीसँग उपस्थित हुनुहुन्छ। उहाँले आफ्ना चेलाहरूसँग सधैं रहने वाचा गर्नुभयो (मत्ती २८:२०)।

उहाँ मण्डलीमा विशेष रूपमा उपस्थित हुनुहुन्छ। उहाँ मण्डलीको शिर हुनुहुन्छ, र मण्डलीलाई उहाँको शरीर भनिन्छ (एफिसी १:२२-२३)। उहाँले मण्डलीलाई डोऱ्याउनुहुन्छ, यसलाई सँगै राख्नुहुन्छ, र यसको हेरविचार पनि गर्नुहुन्छ। (कलस्सी २:१९ पढ्नुहोस्)

येशुको बारेमा सत्य स्वीकार गर्ने व्यक्तिले विश्वास र आज्ञाकारिताका साथ प्रतिक्रिया दिनुपर्छ। तपाईंले तलको जस्तै प्रार्थना गरेर अरूलाई विश्वासी बन्न मद्दत गर्न सक्नुहुन्छ।

> पिता, म धन्यवाद दिन्छु किनकी तपाइले मलाई पर्याप्त प्रेम गर्नुभएकोले आफ्नो पुत्र येशुलाई मेरो खातिर संसारमा पठाउनु भयो। म विश्वास गर्छु कि येशु पापरहित ईश्वर-मानिस हुनुहुन्छ जो मर्नुभयो र फेरि जीवित भई उठ्नुभयो ताकि म मेरा पापहरूको लागि क्षमा पाउन सकूँ र तपाईंसँग सम्बन्धमा पुनर्स्थापित हुन सकूँ। मैले गरेका सबै पापहरूको लागि म क्षमा माग्छु। मलाई थाहा छ मेरा पापहरूले येशुलाई क्रुसमा टाँगे। अहिले, हरेक गलत कुराहरू जे छन् ती सबै कुराबाट म फर्कन्छु, र म येशुलाई मेरो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छु। अब देखि मलाई चलाउनु होस्। म तपाईंको लागि सधैंभरि बाँच्न जाँदैछु! मलाई माफ गर्नुभएकोमा धन्यवाद भएको होस्। म तपाईंलाई सधैँ प्रेम गर्छु। आमेन।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

**ख्रीष्टियान विश्वासहरूको वक्तव्य**

येशु, एक कन्याबाट जन्मनुभएको परमेश्वरको पुत्र, सबै मानव स्वभाव र सबै ईश्वरीय प्रकृति एउटै व्यक्तिमा भएको मसीह र सबैका प्रभु हुनुहुन्छ। उहाँले पापरहित जीवन जिउनुभयो र बलिदानको रूपमा मर्नुभयो ताकि हाम्रा पापहरू क्षमा हुन सकून्। उहाँ मरेकाहरूबाट जीवित भई उठ्नुभयो र उहाँ फर्केर आउँदा सबै विश्वासीहरूलाई जीवित पार्नुहुनेछ। उहाँको राज्य सर्वव्यापी र अन्तहीन छ।

## येशुको मानवताको धर्मशास्त्रीय प्रमाण

*कक्षा अगुवाको लागि नोटः यो खण्ड र अर्को खण्ड दुवै ऐच्छिक हुन्। यदि उनीहरूले यी शिक्षाहरूको बारेमा थप बाइबलीय प्रमाण चान्छन् भने अगुवाले तिनीहरूलाई सिकाउन सक्छ।*

येशु हव्वाको सन्तान हुनुहुन्थ्यो (उत्पत्ति ३:१५), अब्राहामको सन्तान (उत्पत्ति २२:१८ सँग प्रेरित ३:२५ तुलना गर्नुहोस्), एक महिलाबाट जन्मनुभएको (गलाती ४:४), मरियमबाट जन्मिएको (मत्ती १:२१-२५), मानिसको पुत्र भनिन्छ (मत्ती १३:३७), र एक सामान्य परिपक्वतामा बढ्दै गरेका थिए। (लूका २:४०, ५२)

जब उहाँ आफ्नो सहर फर्कनुभयो, मानिसहरूको प्रतिक्रियाले देखाउँछ कि उहाँको बाल्यकाल सामान्य थियो (मत्ती १३:५४-५६)।

मानिसले जस्तै आज्ञापालन गर्न उहाँको शरीर थियो (हिब्रू १०:५-९); उहाँ मासु र रगत बन्नुभयो (हिब्रू २:१४); उहाँ हामीजस्तै बनाइएको थियो ताकि उहाँले हामी जस्तै दुःख पाउन सकून् (हिब्रू २:१०-१८); उहाँ दुःखद्वारा सिद्ध हुनुभयो (हिब्रू २:९-१०); र उहाँ मानवीय परीक्षाको अधीनमा हुनुहुन्थ्यो (हिब्रू ४:१५)।

उहाँले मानिसको रूप लिनुभयो (फिलिप्पी २:६-८)।

उहाँ परमेश्वरको अनन्त वचन हुनुहुन्थ्यो र शरीर बनाइनुभयो र पृथ्वीमा आउनुभयो (यूहन्ना १:१४)।

येशुको मानवता ख्रीष्टियान विश्वासको एक आवश्यक कथन हो (यूहन्ना १:१४; १ यूहन्ना ४:२-३)।

## येशुको ईश्वरत्वको धर्मशास्त्रीय प्रमाण

येशुलाई परमेश्वर हुन प्रमाणित गर्ने तीनवटा तरिकाहरू छन्:

१. उहाँलाई परमेश्वर भनिएको छ।
२. उहाँमा ईश्वरको गुण भएको देखाइएको छ।
३. उहाँलाई परमेश्वरको भूमिकामा देखाइएको छ।

### येशुलाई परमेश्वर भनिएको छ

- यूहन्ना १:१, १४ ले अनन्त वचन परमेश्वर हुनुहुन्थ्यो भनी बताउँछ।
- यूहन्ना १२:४१ ले यशैयाले येशुलाई देखेको भनी बताउँछ।
- प्रेरित २०:२८ ले भन्दछ कि परमेश्वरको मण्डली आफ्नै रगतले किनिएको थियो।
- रोमी ९:५ ले भन्दछ कि ख्रीष्ट आउनुभयो, जो सदाको लागि धन्य परमेश्वर हुनुहुन्छ।
- तीतस २:१३ ले उहाँलाई हाम्रा परमेश्वर र मुक्तिदाता येशु ख्रीष्टको रूपमा बुझाउँछ।
- मत्ती १:२३ (यशैया ७:१४ उद्धृत गर्दै) ले उहाँको नाउँको अर्थ "परमेश्वर हामीसँग" हो भनी बताउँछ।

- यशैया ९:६ ले उहाँको नाउँ शक्तिशाली परमेश्वर भनिनेछ भनी बताउँछ।
- १ तिमोथी ३:१६ ले भन्दछ कि परमेश्वर शरीरमा प्रकट हुनुभयो, जाति-जातिहरूका माझमा घोषणा गरियो र महिमामा माथि उचालिनुभयो।
- यूहन्ना १०:३०, ३३ मा, येशुले भन्नुभयो कि उहाँ पिता जस्तै हुनुहुन्छ।
- यूहन्ना ५:१७-१८ मा, उहाँले आफैलाई परमेश्वरसँग बराबरी बनाउनुभएको कुरा यहूदीहरूलाई थाहा थियो।
- यूहन्ना १४:९ मा उहाँले भन्नुभयो, "जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। "
- यूहन्ना २०:२८-२९ मा, थोमाले आफ्नो घाउ देखे र भने, "मेरा प्रभु र मेरा परमेश्वर" र येशुले विश्वास गर्नेहरूलाई आशिष् दिनुभयो।
- यूहन्ना ८:५८ मा, उहाँले आफूलाई म हुँ भन्नुभयो, र यहूदीहरूलाई थाहा थियो कि यो परमेश्वर हुनुको दाबी हो।
- प्रकाश १:१७, प्रकाश २:८, र प्रकाश २२:१३ मा, उहाँले पहिलो र अन्तिम भएको दाबी गर्नुभयो, र यशैया ४४:६ ले यो परमेश्वरको लागि प्रयोग गरिएको शब्दको रूपमा देखाउँछ।
- हिब्रू १:२-३ ले हामीलाई उहाँ पिताको पूर्ण स्वरूप हुनुहुन्छ भनी बताउँछ।
- हिब्रू १:८ मा उहाँलाई परमेश्वरको रूपमा सम्बोधन गरिएको छ।

**येशुमा परमेश्वरका गुणहरू छन्**

**सर्वव्यापी** मत्ती १८:२० मा, येशु ले भन्नुभयो कि जहाँ दुई वा तीन जना विश्वासीहरू सँगै थिए त्यहाँ उहाँ उपस्थित हुनुहुन्छ। मत्ती २८:२० मा, उहाँले सधैं विश्वासीहरूसँग रहने प्रतिज्ञा गर्नुभयो।

**सर्वशक्तिमान।** हिब्रू १:३ ले सिकाउँदछ कि उहाँले आफ्नो वचनको शक्तिले सबै कुरा थाम्नुहुन्छ। फिलिप्पी ३:२१ ले भन्छ कि उहाँले सबै कुरा आफ्नो अधीनमा राख्नुहुन्छ।

**अनन्त।** हिब्रू १३:८ अनुसार उहाँ अनन्त रूपले एक सरह हुनुहुन्छ। हिब्रू १:१२ ले पनि भन्छ कि उहाँ सधैंभरि एकै रूपको हुनुहुन्छ। यो पद भजनसंग्रह १०२:२५-२७ को परमेश्वरको बारेमा बोलिएको उद्धरण हो।

**सर्वज्ञानी।** यूहन्ना २:२४-२५ ले हामीलाई बताउँछ कि उहाँले सबै मानिसहरूको मन जान्नुहुन्थ्यो, र तिनीहरूको हृदयमा के छ भनी थाहा थियो। यूहन्ना १०:१५ मा, जसरी पिताले उहाँलाई चिन्नुभएको थियो त्यसरी नै उहाँले पितालाई चिनेको दाबी गर्नुभयो।

**येशुसँग परमेश्वरको भूमिका छ**

- येशु सृष्टिकर्ता हुनुहुन्छ (कलस्सी १:१६; हिब्रू १:१०)।
- येशुले पाप क्षमा गर्नुभयो (लूका ५:२०-२४, लूका ७:४८)।
- येशु अन्तिम न्यायमा न्याय गर्नुहुनेछ (मत्ती २५:३१-४६; २ कोरिन्थी ५:१०)।

- येशुलाई पिता जस्तै आराधना गरिन्छ (यूहन्ना ५:२२-२३; हिब्रू १:६; प्रकाश ५:१२-१३)।

## पाठ ७ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- मर्कूस १:१-१२
- यूहन्ना ५:१९-२६
- यूहन्ना ६:४४-५१
- यूहन्ना ८:५१-५९
- प्रेरित २:२२-३६
- प्रकाश १:१२-१८

(२) परीक्षा: तपाईंले पाठ ७ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ ७ परीक्षा

(१) मसीहको प्राथमिकता के थियो?

(२) प्रारम्भिक मण्डलीले "येशु प्रभु हुनुहुन्छ" भन्नुको अर्थ के थियो?

(३) येशु कसरी अद्वितीय रूपमा परमेश्वरको पुत्र हुनुहुन्छ?

(४) देहधारण भनेको के हो?

(५) येशु मानिस बन्नु महत्त्वपूर्ण छ भन्ने तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

(६) येशु परमेश्वर हुनुहुन्छ भनी जान्नको लागि महत्त्वपूर्ण तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

(७) बलिदान आवश्यक थियो भन्ने कुनै दुई कारण लेखुहोस?

(८) किन येशु अरू तरिकाले होइन तर क्रूसमा नै मर्नुभयो?

(९) येशुको शारीरिक पुनरुत्थान महत्त्वपूर्ण थियो भनेर तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

# पाठ ८

# मुक्ति

## पाठका उद्देश्यहरू

(१) विद्यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- किन क्रूस धेरै मानिसहरूको लागि एक अपराध हो।
- पापीको अवस्था।
- क्षमाको लागि प्रायश्चितको आवश्यकता।
- पश्चात्तापको अर्थ।
- बचाउने विश्वासका तत्वहरू।
- प्रायश्चित किन सबै मानिसहरू र सबै पापको लागि पर्याप्त छ।
- मुक्तिको व्यक्तिगत आश्वासनको आधार।
- सामान्य रूपमा सृष्टिको मुक्ति।
- मुक्तिको ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्यार्थीले पश्चात्ताप नगरी धर्मको त्रुटि बुझ्नेछ।

## परिचय

► एकसाथ भजनसंग्रह ८५ पढ्नुहोस्। यस खण्डले हामीलाई मुक्तिको बारेमा के बताउँछ?

## क्रूस

सबैभन्दा महत्त्वपूर्ण ख्रीष्टियान प्रतीक क्रूस हो। क्रूसले घटनालाई प्रतिनिधित्व गर्दछ जुन सबै इतिहासको केन्द्र हो। यसले ख्रीष्टियान विश्वास र अरू सबै बीचको भिन्नतालाई प्रतिनिधित्व गर्दछ।

क्रूस धेरै मानिसहरूको लागि एक रहस्य हो। येशु किन मर्नुभयो भनेर तिनीहरूले बुझ्दैनन्। उहाँ हामीलाई माया गर्नुहुन्छ र हामीलाई बचाउन चाहनुहुन्छ भनेर उहाँ मर्नुभयो भनी सुने तापनि, तिनीहरूले यो किन हुनु आवश्यक थियो बुझ्दैनन्। तिनीहरू सोध्छन्, "यदि परमेश्वरले हामीलाई क्षमा गर्न चाहनुहुन्थ्यो भने, उहाँले किन त्यसो गर्न सक्नुभएन?"

पहिलो ख्रीष्टियानहरूले सुसमाचार प्रचार गर्न थाले देखि नै, क्रूसको बारेमा भ्रम पहिलेबाट नै सुरु भयो। (१ कोरिन्थी १:२२-२३ पढ्नुहोस्) यहूदीहरूले परमेश्वरले आफूलाई शक्तिमा देखाउनुहुनेछ भनी सोचेका थिए। उनीहरूले सोचेका थिए कि उनीहरूलाई चाहिएको मुक्ति उत्पीडनबाट छुटकारा हो, तर क्रूसले कमजोरी र असफलता देखाएको जस्तो देखिन्थ्यो।

ग्रीकहरूले सोचेका थिए कि परमेश्वरले आफूलाई बुद्धिमा देखाउनुहुनेछ। उनीहरूले सोचेका थिए कि उनीहरूले आवश्यक परेको मुक्ति जीवनबाट उत्तमता प्राप्त गर्ने बारेको व्याख्या हो, तर क्रूस मूर्खता र असफलताजस्तो देखिन्थ्यो।

► किन क्रूसबाट केही मानिसहरू अपमानित ठान्छन्?

क्रूस धेरै मानिसहरूको लागि एक अपमान हो। धेरै मानिसहरू धार्मिक हुन इच्छुक छन्। तिनीहरू केही कुराहरू विश्वास गर्न, धार्मिक चलनहरू पालन गर्न र सल्लाह लिन इच्छुक छन्। तर तिनीहरू त्यस्ता पापीहरू हुन् जसलाई क्षमाको लागि क्रूस आवश्यक थियो भन्ने विचारमा तिनीहरू क्रोधित छन्। तिनीहरू सोच्छन् कि परमेश्वरले तिनीहरूको कार्य वा चरित्रमाथि आपत्ति गर्नु हुँदैन। क्रूसको अर्थ तिनीहरू पापीहरू हुन् जसलाई क्षमा चाहिन्छ भन्ने भएकाले क्रूसले तिनीहरूको अपमान गर्छ भन्ने उनीहरू बुझ्दछन्।

क्रूसमा येशुको बलिदानपूर्ण मृत्युलाई बुझ्नको लागि, हामीले पापी मानिसको अवस्था र परमेश्वरको पवित्र प्रकृतिले ठूलो दुविधा उत्पन्न गरेको बुझ्नुपर्छ। हामीले बुझ्नुपर्छ किन प्रायश्चितले परमेश्वरलाई क्षमा दिन सम्भव बनायो।

## मानव अवस्था

आदमको पापको कारणले गर्दा, हरेक व्यक्ति जन्मिँदा नै परमेश्वरबाट अलग भइसकेको हुन्छ (रोमी ५:१२)। यसको मतलब प्रत्येक व्यक्ति आत्मकेन्द्रित छ र आफ्नै बाटोमा जान्छ।

मानिसले आआफ्नै इच्छा अनुसार छनौट गर्न सुरु गर्ने बित्तिकै पाप गर्न थाल्छ। **हरेक पापी पापका धेरै कार्यहरूका लागि दोषी छ**। (रोमी ३:२३ पढ्नुहोस्)।

पाप भनेको परमेश्वरको व्यवस्थाको उल्लङ्घन हो (१ यूहन्ना ३:४; याकूब २:१०-११)। किनभने परमेश्वर एकदम न्यायी हुनुहुन्छ, उहाँले पापलाई क्षमा दिनुहुन्न, र प्रत्येक व्यक्तिलाई उसले गरेको कामको लागि न्याय गरिनेछ (२ कोरिन्थी ५:१०; प्रकाश २०:१२-१३)। कुनै पनि व्यक्तिको दोष

> "परमेश्वरको अगाडि पापीलाई कसरी धर्मी ठहराउन सकिन्छ, यो हरेक मानिसको लागि महत्त्वपूर्ण प्रश्न हो, किनकि हामी समय वा अनन्तकालमा परमेश्वरका शत्रु हुँदासम्म त्यहाँ कुनै साँचो शान्ति वा सुनिश्चित आनन्द हुन सक्दैन।"
> जोन वेस्ली
> "विश्वासद्वारा सफाइ"

वा उसको पाप अनुसारको न्यायको बारेमा कुनै प्रश्न छैन। प्रत्येक अविश्वासी पहिले नै दोषी ठहरिएको छ (यूहन्ना ३:१८-१९ पढ्नुहोस्)।

**पश्चात्ताप नगर्ने पापी परमेश्वरको शत्रु हो।** (रोमी ५:१०)। एक पापी परमेश्वरसँग सम्बन्धमा आउन सक्दैन जबसम्म उसले परमेश्वर विरुद्ध गरेका अपराधहरू हटाइँदैन।

पापी पनि यस्तो अवस्थामा छ जसले उसलाई परमेश्वरसँगको सम्बन्धको लागि अयोग्य बनाउँछ। **पापी आफ्नो इच्छामा भ्रष्ट हुन्छ** (एफिसी २:३)। किनभने ऊ पापको दास हो, **पापी आफ्नो अवस्था परिवर्तन गर्न शक्तिहीन** (रोमी ६:२०, रोमी ७:२३ पढ्नुहोस्)।

त्यसोभए पापीलाई चाहिने मुक्ति के हो? पापी दोषी भएका कारण, मुक्तिको अर्थ क्षमा हो। ऊ परमेश्वरको शत्रु हो, यसकारण मुक्तिको अर्थ मेलमिलाप हो। ऊ भ्रष्ट छ, यसकारण मुक्तिको अर्थ शुद्धीकरण हो। ऊ शक्तिहीन छ, यसकारण मुक्तिको अर्थ छुटकारा हो। यी पापीहरूलाई चाहिने मुक्तिका केही पक्षहरू मात्र हुन्।

### दुविधा

मानिसहरूले आफ्नै पापको साटोमा तिर्न सकेनन्। एउटा कारण यो हो कि हामीसँग भएका सबै कुरा जे भए पनि परमेश्वरको नै हो। अझ महत्त्वपूर्ण कारण यो हो कि पाप एक असीम परमेश्वर विरुद्धको अपराध हो, र मानिसहरूसँग तिर्नको लागि असीम मूल्यको केही उपलब्धता छैन।

मानिसहरूले आफ्नो मुक्तिको आवश्यकताका बारेमा गर्न सक्ने कुनै पनि कुरा थिएन; त्यसकारण, मुक्ति हासिल गर्न तिनीहरूको लागि कुनै आवश्यकता तोक्न सकिँदैन। (गलाती ३:२१ पढ्नुहोस्) यदि मानिसहरूले आफ्नै मुक्ति हासिल गर्न सम्भव भएको भए, येशुलाई क्रूसमा मर्नु आवश्यक थिएन। (गलाती २:२१ पढ्नुहोस्)।

► यदि परमेश्वरले क्षमा दिन चाहनुहुन्थ्यो भने, उहाँले क्रूस बिना नै किन क्षमा गर्नुभएन?

परमेश्वर पवित्र र न्यायी भएका कारण, उहाँले सत्य र न्याय अनुसार न्याय गर्नुपर्छ (रोमी २:५-६)। *प्रायश्चित* शब्दले यो तथ्यलाई बुझाउँछ कि येशुको बलिदान हाम्रो लागि परमेश्वरसँग मेलमिलापको बाटो हो।

ख्रीष्टको बलिदान भएको थिएन भनी कल्पना गर्नुहोस्। यदि परमेश्वरले प्रायश्चित बिना नै पाप क्षमा गर्नुभयो भने के हुन्छ?

यदि परमेश्वरले प्रायश्चित नगरी पाप क्षमा गर्नुभयो भने, यो पाप महत्वहीन छ जस्तो देखिन्छ। परमेश्वर अन्यायी र अपवित्र पनि हुनुहुन्छ जस्तो देखिन्छ। परमेश्वरको नजरमा सही गर्ने व्यक्ति र गलत गर्ने व्यक्तिमा थोरै फरक छ जस्तो देखिन्छ।

यदि क्षमा प्रायश्चित बिना भएको भए, परमेश्वरलाई न्यायी र पवित्र परमेश्वरको रूपमा पूजा गर्न सकिँदैन। प्रायश्चित बिनाको क्षमाले अन्ततः उहाँलाई सम्मान गर्नुको सट्टा परमेश्वरको अपमान गर्नेछ, त्यसैले यो गर्न सकिँदैन।

तर परमेश्वर मायालु हुनुहुन्छ र क्षमा गर्न चाहनुहुन्छ। उहाँले सबै मानव जातिलाई पापपूर्ण अवस्थामा छोड्न चाहनुभएन, अनन्तको लागि हराउन चाहनुभएन, यद्यपि यो तिनीहरूको योग्य थियो।

क्रूसमा येशुको बलिदानले आवश्यक पर्ने असीम मूल्यको बलिदान प्रदान गर्‍यो। **पापरहित भएर (१)** (पूर्ण र आफैलाई मुक्तिको आवश्यकता नपर्ने, २ कोरिन्थी ५:२१), र **(२) परमेश्वर र मानिस दुवै भएर, येशु योग्य हुनुभयो।**

प्रायश्चितले क्षमाको लागि आधारको रूपमा आवश्यक पर्ने कुराहरू प्रदान गर्दछ। अब परमेश्वरले पश्चात्ताप गर्ने र उहाँको प्रतिज्ञामाथि विश्वास गर्ने व्यक्तिलाई क्षमा गर्न सक्नुहुन्छ। क्रुसमा भएको बलिदानलाई बुझ्ने कसैले पनि परमेश्वरको लागि पाप गम्भीर छैन भनी सोच्न सक्दैन।

प्रायश्चितले एउटा तरिका प्रदान गर्दछ कि एक न्यायी परमेश्वरले प्रतिज्ञामाथि विश्वास गर्ने पापीलाई धर्मी मान्न सक्नुहुन्छ। (रोमी ३:२६ पढ्नुहोस्) रोमी ३:२०-२६ ले प्रायश्चित कसरी काम गर्छ भन्ने तार्किक व्याख्या दिन्छ।

परमेश्वरले प्रदान गर्नुभएको मुक्तिको साधन मात्र मुक्तिको एक मात्र तरिका हो भनी बाइबलले हामीलाई बताउँछ। यदि एक व्यक्तिले ख्रीष्टमा विश्वासद्वारा अनुग्रहद्वारा मुक्तिलाई अस्वीकार गर्छ भने, उसले मुक्ति पाउन सक्दैन। (मर्कूस १६:१५-१६; प्रेरित ४:१२; हिब्रू २:३ पढ्नुहोस्)।

यसैकारण अनुग्रहद्वारा विश्वासद्वारा मात्र मुक्ति प्राप्त भएको सिद्धान्त जान्न महत्त्वपूर्ण छ। मुक्ति केवल अनुग्रहले हो किनभने हामीले यसलाई कमाउन वा यसको योग्य हुन सक्ने केही छैन। यो केवल विश्वासद्वारा हो किनभने हामी यसलाई पूरा गर्न केही गर्न सक्दैनौं। हामी केवल परमेश्वरको प्रतिज्ञामाथि विश्वास गर्न सक्छौं।

### पहिलो अनुग्रह

► कसले व्यक्तिको मुक्तितर्फ पहिलो कदम चाल्छ, ईश्वर वा व्यक्ति आफैंले?

पापीलाई मुक्तिमा ल्याउनको लागि परमेश्वरले पहिलो कदम चाल्नुभएको छ। उहाँले क्रूसमा येशुको बलिदान प्रदान गरेर क्षमा गर्न आफ्नो इच्छुकता देखाउनुभयो। अब परमेश्वरको अनुग्रह पापीको हृदयमा पुग्छ, उसलाई उसको पापको दोषी ठहराउछ जसकारण उसले क्षमाको खोजी गर्दछ। (तीतस २:११; यूहन्ना १:९; रोमी १:२० पढ्नुहोस्)। परमेश्वरको सहायता बिना पापीले आफ्ना पापहरू त्याग्न शक्तिहीन हुनेछ (यूहन्ना ६:४४)। सुसमाचारप्रति प्रतिक्रिया जनाउने क्षमता परमेश्वरले पापीलाई दिनुहुन्छ। यदि त्यो व्यक्ति बचाइएन भने, परमेश्वरको अनुग्रह नभएको कारणले होइन तर परमेश्वरले दिनुभएको अनुग्रहलाई ग्रहण नगरेका कारणले हो।

येशु सारा संसारका पापहरूका लागि मर्नुभयो, र परमेश्वरले प्रत्येक व्यक्तिलाई बचाउन चाहनुहुन्छ। (२ पत्रुस ३:९; १ यूहन्ना २:२; १ तिमोथी ४:१० पढ्नुहोस्)। परमेश्वरको अनुग्रहले हरेक व्यक्तिलाई प्रतिक्रिया दिने क्षमता दिनुहुन्छ तर उहाँले कसैलाई जबरजस्ती गर्नुहुन्न। यसैले परमेश्वरले पापीलाई पश्चात्ताप गर्न र विश्वास गर्न छनौट गर्न आह्वान गर्नुहुन्छ (मार्कूस १:१५)।

## पश्चात्ताप

► पश्चात्ताप के हो?

पश्चात्ताप गर्नु भनेको फनक्क फर्कनु हो। धर्मशास्त्रीय रूपमा, उसले आफू लाई दोषी र सजायको योग्य ठान्छ र सजायको योग्यको रूपमा देख्छ, ऊ आफ्ना पापहरूबाट फर्कन इच्छुक हुन्छ।

> दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ। (यशैया ५५:७)।

पश्चात्तापको मतलब यो होइन कि एक पापीले आफ्नो जीवन सच्याउनुपर्छ र परमेश्वरले उसलाई क्षमा गर्नु अघि आफैलाई धर्मी बनाउनुपर्छ। त्यो असम्भव छ। तर पापीलाई उसको पापबाट छुटकारा पाउनका लागि परमेश्वरको सामु उ इच्छुक हुनुपर्छ।

► मुक्ति अनुग्रहद्वारा पाइन्छ भने, मुक्तिको लागि पश्चात्ताप किन आवश्यक छ?

क्षमाको लागि विश्वास मात्र आवश्यकता हो, तर पश्चात्ताप बिना मुक्ति माथिको विश्वास रहिरहन सक्दैन। यदि एक व्यक्ति पश्चात्ताप गर्न इच्छुक छैन भने, ऊ पापबाट छुटकारा पाउन चाहँदैन।

यदि परमेश्वरले पाप गरिरहने र पश्चात्ताप गर्न इन्कार गर्ने मानिसहरूलाई क्षमा गर्नुभयो भने, यसले उहाँलाई पृथ्वीको धर्मी न्यायकर्ताको रूपमा अनादर गर्नेछ। पश्चात्ताप आवश्यक छ, किनकि यदि एक व्यक्तिले पश्चात्ताप गर्दैन भने, उसले पापको खराबी स्वीकार गर्दैन। यदि उसले पापबाट फर्कनु पर्ने कारण देख्दैन भने, उसलाई किन क्षमा चाहिन्छ भनेर उसले देख्दैन।

यदि कुनै व्यक्तिले आफूलाई साँच्चै दोषी, बिनाबहाना र सजायको योग्यको रूपमा देखेको छैन भने, उसले पूर्ण रूपमा पश्चात्ताप गरेको छैन। यदि उसले पापी हो भनी स्वीकार गर्छ तर पाप गरिरहन चाहन्छ भने, उसको पश्चात्ताप अपूर्ण छ, किनकि उसले अस्वीकार गरेको कुरा गरिरहन चाहन्छ।

## बचाउने विश्वास

► यदि कसैसँग बचाउने विश्वास छ भने, उसले के विश्वास गर्छ?

जब एक व्यक्तिसँग बचाउने विश्वास हुन्छ, उसले विश्वास गर्छ कि:

**(१) उसले आफूलाई धर्मी ठहराउन केही गर्न सक्दैन।**

> किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ-र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो-कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। (एफिसी २:८-९)।

उसले महसुस गर्छ कि उसले गर्ने कुनै पनि काम ले उसलाई आंशिक रूपमा पनि बचाउन योग्य बनाउँदैन।

**(२) ख्रीष्टको बलिदान उहाँको क्षमाको लागि पर्याप्त छ।**

> उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि। (१ यूहन्ना २:२)।

*प्रायश्चित* भनेको बलिदान हो जसले हामीलाई क्षमा गर्न सम्भव बनाउँछ। हाम्रो क्षमाको लागि ख्रीष्टको बलिदान बाहेक अरू केही आवश्यक छैन।

"बचाउने विश्वास भनेको विश्वासमा रहनु हो, विश्वास जुन पूर्णतया मुक्तिदातामा निर्भर हुन्छ।"
जोन स्टट्

**(३) येशु मृत्युबाट जीवित भई उठ्नुभयो, पाप र मृत्युलाई जित्नुभयो।**

> किनकि यदि तिमीले येशुलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ। (रोमी १०:९)।

पाप र मृत्युलाई हराउन सक्ने एउटै तरिका येशुको पुनरुत्थान थियो। दुवैमाथि आफ्नो पूर्ण विजय प्रमाणित गर्दै येशु फेरि जीवित हुनुभयो।

**(४) परमेश्वरले उहाँमाथिको विश्वासद्वारा मात्र क्षमा गर्नुहुन्छ।**

> यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौ भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। (१ यूहन्ना १:९)।

यदि कसैले मुक्तिको लागि अन्य अवस्थाहरू छन् भन्ने सोच्दछ भने, उसले पूर्ण रूपमा अनुग्रहको सट्टा आंशिक रूपमा कामहरूद्वारा मुक्ति पाउने आशा गर्दछ।

**सुनिश्चितता**

► तिनीहरूले मुक्ति पाएका छन् भनेर मानिसहरू कसरी सुनिश्चित हुन सक्छन्?

केही मानिसहरू आफ्नो भावनाहरूमा निर्भर हुन्छन्, तर भावनाहरू परिवर्तनशील हुन्छन् र भ्रामक हुन सक्छन्।

बाइबलले हामीलाई बताउँछ कि हामी निश्चित रूपमा जान्न सक्छौं कि हामीले मुक्ति पाएका छौं (१ यूहन्ना ५:१३)। हामी विश्वस्त हुन सक्छौं कि परमेश्वरले हामीलाई स्वीकार गर्नुभएको छ। हामी डराएर बाँच्नु पर्दैन, किनभने

परमेश्वरको आत्माले हामीलाई निश्चयता दिनुहुन्छ कि हामी परमेश्वरका धर्मपुत्रहरू हौं। प्रेरित पावलले हामी परमेश्वरका सन्तान हौं भनेर पवित्र आत्माले हाम्रा मानव आत्माहरूलाई गवाही दिनुहुन्छ (रोमी ८:१५-१६)।

यो सुनिश्चितता यति पूर्ण छ कि हामीले न्यायको दिनदेखि डराउनु पर्दैन। (१ यूहन्ना ४:१७ पढ्नुहोस्)। कोही-कोही मानिसहरूले आफूलाई स्वर्गमा ग्रहण गरिनेछ भन्ने आशा राख्छन् तर हामी त्योभन्दा राम्रो निश्चयता पाउन सक्छौं। सामान्यतया मानवतालाई मुक्ति प्रदान गरिएको छ भन्ने विश्वास गर्नु पर्याप्त छैन; एक व्यक्तिले थाहा पाउनु पर्छ कि ऊ आफैले मुक्ति पाएको छ।

परिवर्तन भएको जीवन भनेको व्यक्तिले मुक्ति पाएको प्रमाण हो, तर त्यो प्रमाण पहिलो क्षणमा अवस्थित हुँदैन। मुक्तिको परिणामहरू देखा पर्ने समय छैन। त्यसकारण, पश्चातापको समयमा, परिवर्तन गरिएको जीवन आश्वासनको आधार होइन।

विश्वासीले मुक्तिको लागि धर्मशास्त्रीय मार्ग पछ्याएको थाहा पाएर आफ्नो मुक्तिको बारेमा निश्चित हुन सक्छ। यदि कसैले साँच्चै पश्चात्ताप गरेको छ र बाइबलको निर्देशन अनुसार विश्वास गरेको छ भने, उसलाई विश्वास गर्ने अधिकार छ कि परमेश्वरले उसलाई क्षमा गर्नुहुन्छ र ऊ परमेश्वरको सन्तान भएको छ।

यदि कुनै व्यक्तिले वास्तवमा पश्चात्ताप नगरी आफूले मुक्ति पाएको महसुस गर्ने प्रयास गर्छ भने, ऊ अन्योलमा पर्नेछ र आफूलाई धोका दिन सक्छ।

यदि कुनै व्यक्तिले (१) साँच्चै पश्चात्ताप गर्छ, (२) धर्मशास्त्रमा भएको परमेश्वरको प्रतिज्ञामा विश्वास गर्छ र (३) आत्माको साक्षी ग्रहण गर्छ भने, उसले धोका पाउनेछैन। यो निश्चयता परमेश्वरको वचनमा आधारित छ, जुन पूर्ण रूपमा भरपर्दो छ। परमेश्वरले आफ्ना प्रतिज्ञाहरू सधैं पूरा गर्नुहुन्छ।

## मुक्तिको पक्षहरू को लागि १० शब्दहरू

**मेलमिलाप**: यो शब्दको अर्थ हो कि, जो पहिले शत्रु थिए अब शान्तिमा छन्। मुक्तिमा, परमेश्वरले हामीलाई आफूसँग मिलाउनुहुन्छ र उहाँसँग हाम्रो शान्ति छ। (२ कोरिन्थी ५:१९ पढ्नुहोस्; रोमी ५:१। यी पदहरूले औचित्य र मेलमिलाप दुवैको बारेमा बताउँछन्)।

**पाप-मोचन**: यो शब्दको अर्थ हो कि, अभिलेख मेटिएको छ। मुक्तिमा, हाम्रो पापहरूको अभिलेख मेटाइन्छ। (हिब्रू ८:१२ पढ्नुहोस्)।

**क्रोध शान्त पार्नु**: यो शब्दले कसैको रिस हटाउनको लागि दिइएको कुरालाई जनाउँछ। मुक्तिमा, येशुको बलिदानले हाम्रो विरुद्धमा भएको परमेश्वरको धार्मिक क्रोधलाई हटाउँछ। (१ यूहन्ना २:२ पढ्नुहोस्)।

**मुक्ति**: यो शब्दको अर्थ कसैलाई अर्काको शक्तिबाट बचाइएको हो। मुक्तिमा, हामी शैतान र पापको शक्तिबाट लिइएका छौं। (लूका १:७४; रोमी ६:६, १२-१८ पढ्नुहोस्)।

**उद्धार**: यो शब्दको अर्थ हो कि मूल्य चुक्ता गरिएको थियो ताकि कोही स्वतन्त्र हुन सकून्। मुक्तिमा, येशुको मृत्यु उहाँले हाम्रो निम्ति चुकाउनु भएको मूल्य हो ताकि हामी पापको बन्धन र दण्डबाट मुक्त हुन्छौं। (एफिसी १:७; तीतस २:१४ पढ्नुहोस्)।

**धर्मीकरण:** यो शब्दको अर्थ हो कि कसैलाई धर्मी वा निर्दोष घोषित गरिएको छ। मुक्तिमा, एक दोषी पापीलाई धर्मी गनिन्छ किनभने येशुले उहाँको ठाउँमा दुःख भोग्नुभयो। (रोमी ५:१; २ कोरिन्थी ५:१९ पढ्नुहोस्। यी पदहरूले औचित्य र मेलमिलाप दुवैको बारेमा बताउँछन्)।

**पवित्रीकरण**: यो शब्दको अर्थ कसैलाई पवित्र बनाइएको हो। मुक्तिमा, एक दोषी पापी, परमेश्वरको पवित्र सन्तानमा परिवर्तन हुन्छ। धेरै पत्रहरूले विश्वासीहरूलाई "पवित्रहरू" भनेर उल्लेख गरेका छन्। (एफिसी १:१, फिलिप्पी १:१, कलस्सी १:२ पढ्नुहोस्)।

**धर्मपुत्र-ग्रहण**: यो शब्दको अर्थ कोही अर्कोको कानुनी सन्तान बन्छ। मुक्तिमा हामी परमेश्वरका सन्तान बन्छौं। (यूहन्ना १:१२; रोमी ८:१५ पढ्नुहोस्)।

**पुनर्जन्म / नयाँ जन्म**: यो शब्दको अर्थ कसैले फेरि जीवन सुरु गर्नु हो। मुक्तिमा विश्वासीले आफ्नो भित्रको आत्मिक जीवनको पुनरुत्थानको साथ नयाँ जीवन सुरु गर्दछ। (एफिसी २:१; यूहन्ना ३:३, ५ पढ्नुहोस्)।

**छाप लाउनु / मोहर**: यो शब्दको अर्थ कुनै कुरा कसको स्वामित्वमा छ भनेर देखाउनको लागि त्यसमा चिन्ह लगाइएको हो भनी बुझिन्छ। मुक्तिमा, हामीमा रहेको पवित्र आत्माले हामीलाई परमेश्वरसँग सम्बन्धित व्यक्तिको रूपमा पहिचान गर्नुहुन्छ। (एफिसी १:१३-१४ पढ्नुहोस्)।

### जोगिनुपर्ने त्रुटि: पश्चात्ताप बिनाको धर्म

*कक्षा अगुवाको लागि नोटः कक्षाको सदस्यले यो खण्डको व्याख्या गर्न सक्छ।*

त्यहाँ एक प्रकारको व्यक्ति छ जसले विश्वासद्वारा अनुग्रहद्वारा मुक्ति पाएको सुनेको भरमा उसले पनि मुक्ति पाएको छ भनी सजिलै सोच्छ। उसले साँच्चै पश्चात्ताप गरेको छैन किनभने यो आवश्यक छ भनी उसले देखेको छैन। उसले आफूलाई परमेश्वरको न्यायको योग्य पापीको रूपमा कहिल्यै देखेन। उ सोच्छ कि अनुग्रहको अर्थ ऊ आफ्नो बाटो लाग्न सक्छ। किनभने उसले ख्रीष्टियान धर्मको सत्यलाई स्वीकार गरेकोले, उसले आफूलाई एक ख्रीष्टियान हो भन्ने सोच्दछ, यद्यपि उसमा कुनै परिवर्तन भएको छैन। उसले कहिले पनि आफ्नो स्वार्थ स्वीकार गरेन; बरु, उसले परमेश्वरलाई आफ्नो जीवनको अंशको रूपमा स्वीकार गर्‍यो, र अझै पनि प्रायः आफ्नै इच्छा अनुसार जीवन बिताउँछ। धर्मशास्त्रीय वर्णनअनुसार, परमेश्वरसँगको सम्बन्ध बचाउनका लागि यो शुरुवात होइन।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

### ख्रीष्टियान विश्वासहरूको वक्तव्य

येशु ख्रीष्टको जीवन, मृत्यु र पुनरुत्थानले संसारका पापहरूको लागि प्रायश्चित प्रदान गर्दछ। प्रत्येक व्यक्ति पापको दोषी छ र आफूलाई बचाउन शक्तिहीन छ। पश्चात्ताप गर्ने हरेक पापीले विश्वासद्वारा परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्छ। विश्वासीलाई क्षमा गरिन्छ र पापको शक्ति र दण्डबाट छुटकारा दिइन्छ। पवित्र आत्माले विश्वासीलाई दोषी पापीबाट परमेश्वरको पवित्र आराधकमा परिवर्तन गर्नुहुन्छ। मुक्तिको अर्को कुनै माध्यम छैन। सामान्यतया सृष्टिलाई छुटकारा दिइन्छ र अन्ततः परमेश्वरद्वारा पुनर्स्थापित हुनेछ।

### पुरानो करारमा मुक्ति

*कक्षा अगुवाको लागि नोटः यो खण्ड र अर्को खण्ड दुवै ऐच्छिक हुन्। यदि सदस्यहरूले यी विषयहरूमा रुचि राख्छन् भने कक्षाले तिनीहरूलाई समेट्न सक्छ।*

पुरानो करारमा, परमेश्वरले बलिदानहरू सहितको आराधनाको प्रणाली प्रदान गर्नुभयो। बलिदानहरूले येशुको मृत्युले जस्तै मुक्ति प्रदान गरेनन्। बाइबलले हामीलाई बताउँछ कि "साँढे र बाख्राको रगतले पापहरू हटाउन असम्भव छ" (हिब्रू १०:४)। त्यसोभए किन बलि चढाइयो? तिनीहरू आराधनाका रूपहरू थिए जुन भविष्यमा हुने ख्रीष्टको बलिदानको प्रतीक थियो (हिब्रू १०:१)।

यसको मतलब नयाँ करारको समयसम्म मुक्ति उपलब्ध थिएन भन्ने होइन। जब प्रेरित पावलले विश्वासद्वारा अनुग्रहद्वारा धर्मी ठहराउने सिद्धान्तको व्याख्या गर्नुभयो, यो नयाँ विचार होइन भनेर देखाउनको लागि उहाँले अब्राहाम र दाऊदको उदाहरणहरू दिनुभयो कि (रोमी ४:१-८)। येशुले भन्नुभयो कि निकोदेमसलाई नयाँ जन्मको बारेमा पहिले नै थाहा हुनुपर्छ किनभने उहाँ पुरानो करारका शिक्षक हुनुहुन्थ्यो (यूहन्ना ३:१०)। पावलले तिमोथीलाई पुरानो करारका शास्त्रहरूले उहाँलाई मुक्तिको बारेमा ज्ञानी बनाउनेछ भनेर बताए (२ तिमोथी ३:१५)। त्यसोभए, पुरानो करारमा सुसमाचार उपलब्ध थियो यद्यपि यसलाई नयाँ करारमा जस्तो स्पष्ट शब्दहरूमा वर्णन गरिएको थिएन।

पुरानो करारको समयमा त्यहाँ केही थिए जसले अनुग्रह बुझेका थिए। उनीहरूलाई प्रायश्चितको विवरण वा यसले कसरी काम गर्छ भन्ने थाहा थिएन, तर उनीहरूले विश्वास गरे कि परमेश्वरले क्षमाको लागि आधार प्रदान गर्दै हुनुहुन्छ। त्यो विश्वास व्यक्त गर्नको लागि बलिदानहरू एउटा रूप थियो, जसरी आज हामीसँग पूजा गर्ने तरिकाहरू छन् (उदाहरणका लागि, प्रभुको भोज)। यदि तिनीहरू विश्वास र आज्ञाकारिताको साथ नआएको भए बलिदानहरू बेकार थिए, जसरी हाम्रो आराधनाका रूपहरू बेकार छन् यदि तिनीहरू हृदय र जीवनको अभिव्यक्ति होइनन् जुन परमेश्वरलाई बुझाइन्छ। भजनसंग्रह ५१ र यशैया १:११-१८ ले पुरानो करारको समयमा पश्चात्ताप र विश्वास महत्त्वपूर्ण थियो भनी देखाउँछ।

भजनसंग्रह ८५, जुन ख्रीष्टको प्रायश्चित हुनुभन्दा धेरै वर्ष अघि लेखिएको थियो, परमेश्वरको अनुग्रह र कसरी परमेश्वरले पापलाई क्षमा गर्नुहुन्छ भनेर सुन्दर ढङ्गले वर्णन गर्दछ। यसले उहाँको रिस समाप्त भएको कुरा गर्छ। भजनसंग्रह ८५:१० भन्छ, "प्रेम र विश्वस्तता आपसमा मिल्छन्, धार्मिकता र शान्तिले एक अर्कोलाई चुम्बन गर्छन्।" यो प्रायश्चित मार्फत मुक्ति को एक अद्भुत तस्वीर हो। प्रायश्चित बिना, परमेश्वरको कृपा सत्य द्वारा सीमित हुनेछ कि हामी दोषी छौं। परमेश्वरको धार्मिकताले हामीलाई शान्ति दिनुको सट्टा उहाँको शत्रु बनाउँछ। प्रायश्चितमा, न्याय पूरा हुन्छ, र दया देखाइन्छ।

## सबै सृष्टिको मुक्ति

*बचाइएको* वा *मुक्ति* जस्ता शब्दहरू बाइबलमा व्यापक रूपमा प्रयोग गरिएको छ। तिनीहरूले व्यक्तिगत मुक्ति मात्र होइन त्यो भन्दा अझ बढि कुरालाई जनाँउछ, जसलाई यो पाठमा वर्णन गरिएको छ। यी शब्दहरूले विगतमा के भएको थियो (एफिसी २:८), वर्तमानमा के भइरहेको छ (१ कोरिन्थी १:१८), र भविष्यमा के हुनेछ भनेर बुझाउँछ (मर्कूस १३:१३)। व्यक्तिहरूलाई के हुन्छ भनेर यो अवधारणाले बुझाउन सक्छ (जसलाई यस पाठमा जोड दिइएको छ) तर यसले मानिसहरूका समूहहरूलाई पनि जनाउन सक्छ, जस्तै यहूदीहरू (रोमी १:१६), अन्यजातिहरू (रोमी ११:११), घरपरिवार। (लुका १९:९), वा परिवार (हिब्रू ११:७), वा शारीरिक खतराबाट बचाइएको व्यक्तिलाई सन्दर्भ गर्न सक्छ (मत्ती १४:३०)।

जब पहिलो मानिसहरूले पाप गरे, सबै सृष्टिमा श्राप आयो (उत्पत्ति ३:१७)। जब मुक्ति पूरा हुन्छ, सृष्टि पनि पुनर्स्थापित हुनेछ।

मुक्ति आत्मिक नवीकरणबाट सुरु हुन्छ। विश्वासीहरू पापबाट बचेका छन्, र तिनीहरू परमेश्वरको आशिषमा बाँच्छन्। यद्यपि, तिनीहरूले अझैसम्म पापको श्रापको भौतिक पक्षहरूबाट छुटकारा पाएका छैनन्। तिनीहरूसँग अझै पनि त्यो शरीर छ जुन बूढो हुन्छ र मर्छ।

प्रकृति अझै पनि पापको श्रापमा छ। हामीले संसारलाई परमेश्वरले सुरुमा सृष्टि गरे जस्तो देखेका छैनौं। हानीकारक जीवहरू र जीवहरूले एकअर्कासँगको द्वन्द्वमा भरिपूर्ण भएको प्रकृतिलाई हामी देख्छौं। हाम्रो संसारमा, धेरै प्राणीहरू अरू बाँच्नको लागि मर्नुपर्छ।

समय आउँदैछ जब सबै सृष्टि नवीकरण हुनेछ (प्रकाश २१:१; हिब्रू १:१०-१२)। रोमी ८:१८-२५ ले पापको श्रापबाट मुक्त भएको संसारको ख्रीष्टियान आशाको वर्णन गर्दछ।

## पाठ ८ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- भजनसंग्रह ५१
- यशैया १:११-१८
- रोमी ३:२०-२६
- रोमी ८:१९-२५
- एफिसी २:१-१०

(२) परीक्षा: तपाईंले पाठ ८ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ ८ परीक्षा

(१) क्रूस किन धेरै मानिसहरूको लागि अपमान हो?

(२) प्रत्येक पश्चात्ताप नगर्ने पापीको बारेमा सत्य हुने चारवटा कुराहरू सूचीबद्ध गर्नुहोस्।

(३) प्रायश्चित बिनाको क्षमाले किन परमेश्वरको अपमान गर्छ?

(४) कुन दुई तरिकामा येशु बलिदान हुन योग्य हुनुभयो?

(५) पश्चात्ताप गर्ने पापीको दृष्टिकोण के हो?

(६) यदि कसैसँग मुक्ति दिने विश्वास छ भने, उसले के विश्वास गर्छ?

(७) कुनै व्यक्तिले मुक्ति पाएको छ भनी पक्का गरी कसरी थाह पाउन सक्छ?

# पाठ ९

# मुक्तिका मुद्दाहरू

## पाठका उद्देश्यहरू

(१) विद्यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- पापमाथि विश्वासीको विजयको विशेषाधिकार र महत्त्व।
- विजयी जीवनको लागि परमेश्वरले प्रदान गर्नुहुने अनुग्रह।
- ख्रीष्टसँगको सम्बन्धबाट आउने आत्मिक जीवन।
- अनुग्रहबाट खस्नुको धर्मशास्त्रीय चेतावनी।
- विशेष मुक्तिका मुद्दाहरूको ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्यार्थीले पापमाथि विजय प्राप्त गर्नको लागि उच्च अपेक्षा राख्नेछ।

## परिचय

► एकसाथ रोमी ६ पढ्नुहोस्। यस खण्डले हामीलाई मुक्तिको प्रभावबारे के बताउँछ?

## मुक्तिको प्रमाण

व्यक्तिगत मुक्तिको निश्चयता १ यूहन्नाको पत्रको मुख्य विषयवस्तुमध्ये एक हो। यूहन्नाले यो पत्र लेख्नुको कारण बताए;

"तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु।" (१ यूहन्ना ५:१३)।

► यदि कुनै व्यक्तिले आफूले मुक्ति पाएको नपाएकोमा शङ्का गर्छ भने उसले के गर्नुपर्छ?

यी प्रेरितलाई थाहा थियो कि विश्वासीलाई उसले मुक्ति पाएको निश्चयता चाहिने समय आउनेछ। उनले देखाउँछन कि विश्वासीले आफ्नो निश्चिततालाई आधार राख्न प्रमाण खोज्नु उचित छ। पत्रभरि, उनले प्रमाणका केही उदाहरणहरू दिए, "हामीलाई यसरी थाहा छ।"।[11] उनले भने कि विश्वासीहरूले आफ्नो हृदयलाई आश्वस्त पार्न यो प्रमाण प्रयोग गर्न सक्छन् (१ यूहन्ना ३:१९)।

[11] १ यूहन्ना २:३, ५, २९; १ यूहन्ना ३:१०, १४, १९, २४; १ यूहन्ना ५:२, १८

१ यूहन्नाको पत्रमा सबैभन्दा बढी जोड दिइएको विश्वासीको गुण भनेको पापमाथि विजय।। प्रेरितले भने, "मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशु ख्रीष्ट।" (१ यूहन्ना २:१)। यस भनाइद्वारा, प्रेरितले देखाउँछन्‌ कि विश्वासीले जानाजानी पापबाट स्वतन्त्र जीवन जिउनुपर्छ।[12] उनले तिनीहरूलाई विजयी जीवनको महत्त्व देखाउनको लागि लेखिरहेका छन्।

...मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशु ख्रीष्ट। उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि। (१ यूहन्ना २:१-२)।

यहाँ यूहन्नाले आवश्यकता नभए पनि पाप हुन सक्छ भनी बुझेका छन्। यदि एक विश्वासीले पाप गर्छ भने, ख्रीष्टको बलिदानले त्यो पापको लागि प्रायश्चित गर्न सक्छ भनेर उनले हामीलाई आश्वासन दिन्छन्। यसको अर्थ यो होइन कि एक विश्वासी फेरि पापमा फर्कन सक्छ र पश्चात्ताप बिना स्वतः क्षमा हुन सक्छ। यस पदले केवल बलिदान उपलब्ध छ भनेर बताउँछ, किनकि यो सारा संसार र हरेक पापको लागि हो। हामी जान्दछौं कि सारा संसार स्वतः रूपमा सुरक्षित छैन। यदि कुनै विश्वासीले पाप गर्छ भने, उसले परमेश्वरसँगको सम्बन्धको खातिर पश्चात्ताप गर्नुपर्छ।

१ यूहन्नाका निम्न पदहरूले विश्वासीमा हुने ठूलो भिन्नता जाना-जानी गरिने पापमाथिको विजय हो भनी देखाउँछन्। कोष्ठकमा भएका वाक्यांशहरू थपिएका टिप्पणीहरू हुन्।

यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं। [परमेश्वरको आज्ञा उल्लंघन गर्ने व्यक्तिसँग यो प्रमाणको अभाव हुन्छ।] जसले "म उहाँलाई चिन्छु" भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन। (१ यूहन्ना २:३-४)

पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ। पाप नै व्यवस्था भङ्ग हो। पाप हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरू जान्दछौ। र उहाँमा कुनै पाप छैन। उहाँमा रहने कसैले पाप गरिरहँदैन। पाप गरिरहने कसैले उहाँलाई न देखेको छ न त चिनेको नै छ। (१ यूहन्ना ३:४-६)

साना बालकहरू, कुनै मानिसले तिमीहरूलाई छल्न नपाओस्। जो धार्मिकतामा चल्छ, ऊ धर्मी हो, जस्तो उहाँ धर्मी हुनुहुन्छ। [पाप गर्न जारी राख्दा पनि जसलाई कुनै प्रकारले धर्मी ठह-राइन्छ, त्यस्तो व्यक्ति होइन।]

[12] पाठ ५ मा जाना-जानी गरेका पापको बारेमा राम्ररी चर्चा गरिएको छ।

जसले पाप गर्छ त्यो दियाबलसको हो। किनकि दियाबलसले त सुरुदेखि नै पाप गर्दैआएको छ। दियाबलसका कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो। (१ यूहन्ना ३:७-८)

परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन, किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, र त्यसले पाप गरिरहन सक्दैन, किनभने त्यो परमेश्वरबाट जन्मेको हो। (१ यूहन्ना ३:९)

उहाँका आज्ञा पालन गर्नेहरू सबै उहाँमा रहन्छन्, र उहाँ तिनीहरूमा रहनुहुन्छ। उहाँले हामीलाई दिनुभएको पवित्र आत्माद्वारा हामी जान्दछौं, कि उहाँ हामीमा वास गर्नुहुन्छ। [ख्रीष्टमा बसिरहने कुरा परमेश्वरका आज्ञाहरू तोड्ने कुरासँग मेल खाँदैन।] (१ यूहन्ना ३:२४)

जब हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँका आज्ञाहरू पालन गर्छौं, तब यसैबाट थाहा पाउँछौं, कि हामीले परमेश्वरका सन्तानलाई प्रेम गर्छौं। परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, [साँचो प्रेमले आज्ञापालन गर्न प्रेरित गर्छ। अवज्ञाले प्रेमको अभाव देखाउँछ।] र उहाँका आज्ञाहरू भारपूर्ण छैनन्। (१ यूहन्ना ५:२-३)

किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, [यसको प्रलोभनहरू र आत्मा।] र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो। (१ यूहन्ना ५:४) परमेश्वरबाट उत्पन्न भएको कसैले पनि पाप गरिरहँदैन, तर परमेश्वरका पुत्रले त्यसलाई सुरक्षित राख्नुहुन्छ, र दुष्टले त्यसलाई छुँदैन। (१ यूहन्ना ५:१८)

► यी पदहरूमा विश्वासीको कुन विशिष्ट गुण स्पष्ट छ?

यी पदहरूबाट यो स्पष्ट देखिन्छ कि परमेश्वरको आज्ञाकारितामा जिउनु नै विश्वासीको विशिष्ट गुण हो। जाना-जानी गरिने पापमाथि विजय पाउनु विश्वासीको ठूलो सुअवसर हो।

### १ यूहन्ना १:८ को बारेमा टिपोट

कहिलेकाहीँ विश्वासीले जाना-जानी गरिने पापमाथि विजयी भएर बाँच्न सक्छ भनी इन्कार गर्ने मानिसहरूले १ यूहन्ना १:८ उद्धृत गर्छन्: "यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन।" तर पाप नहुनु भन्नुको अर्थ के हो? के यसको मतलब विश्वासीहरूले पनि जाना-जानी पाप गरिरहेछन् भन्ने हो? यो माथि उद्धृत गरिएको १ यूहन्ना ३ मा भएका कुराहरूसँग मेल खाँदैन। यदि यूहन्नाले पहिले नै "प्रत्येक विश्वासी लगायत हरेक व्यक्तिले पाप गरिरहन्छ" भनेका भए अध्याय ३ मा यी कुराहरू कसरी गर्न सक्थे? यसको अर्थ लाग्दैन।

यस सन्दर्भले यसको अर्थ देखाउँछ। १ यूहन्ना १:७ मा, पापको लागि शुद्धीकरणको प्रतिज्ञा गरिएको छ। यो शुद्धीकरण ज्योतिमा हिंड्नेहरूका लागि हो, जसको अर्थ, सत्य अनुसार परमेश्वरको आज्ञाकारितामा जिउनु हो। जो

अहिले परमेश्‍वरको आज्ञाकारितामा बाँचिरहेका छन् तिनीहरू ख्रीष्टको रगतद्‌वारा आफ्ना विगतका पापहरूबाट शुद्‌ध भएका छन्।

तर कोही कोही मानिसहरू हुन्छन् जसले आफूले गरेको पाप र शुद्‌धीकरणको आवश्यकता इन्कार गर्छन्। तिनीहरू त्यही हुन जो आफ्नो पाप छैन भन्छन् र आफैलाई धोका दिन्छन्। तिनीहरूले कहिल्यै पाप गरेका छैनन्, वा तिनीहरूले ख्रीष्ट बिना आफ्नो पापको समस्या समाधान गरेका छन् भनी तिनीहरूले दाबी गरिरहेका छन्।

१ यूहन्ना १:९ मा फेरि क्षमा र शुद्‌धीकरणको प्रतिज्ञा गरिएको छ। १ यूहन्ना १:१० मा उहाँले फेरि भन्नुभएको छ कि जसले पाप गरेको छैन भन्दछन्, तिनीहरूले परमेश्‍वर स्वयंको विरोध गरिरहेका छन्।

यूहन्नाले ख्रीष्टद्‌वारा प्रदान गरिएको शुद्‌धिकरण र क्षमाको आवश्यकता नभएको ठान्नेहरूको त्रुटि सच्याउनका लागि लेखेका थिए-जसले आफूलाई मुक्तिको आवश्यकता छैन भनी सोचेका थिए। विश्‍वासीहरूले पनि पाप गरिरहन्छन् भनी उनले भनेका थिएनन्, किनभने त्यो कुरा यो पत्रमा उनको मुख्य जोड र प्रत्यक्ष भनाइहरूको विपरीत हुनेछ।

### विजयी जीवनको लागि परमश्‍वरको अनुग्रह

वंशानुगत भ्रष्टता र मानवीय कमजोरीका कारण विजयमा जिउन सधैं सजिलो हुँदैन। यी कारणले गर्दा, धेरै मानिसहरूले जाना-जानी पाप नगरी जिउन असम्भव छ भन्ने विश्‍वास गर्छन्। तर परमेश्‍वरको अनुग्रहमा दुवै समस्याको उत्तर छ।

► वंशानुगत भ्रष्टता भनेको के हो?

***वंशानुगत भ्रष्टता*** भनेको मानिसको नैतिक स्वभावको भ्रष्टता हो जसले उसलाई जन्मदेखि नै पापतर्फ झुकाउँछ। रूपान्तरण पछि, एक विश्‍वासीले पापप्रतिको यो प्रवृत्तिसँग सङ्घर्ष गर्दछ। तर परमेश्‍वरले दैनिक विजयको लागि मात्र होइन, तर वंशानुगत भ्रष्टता हटाउनको लागि अनुग्रह प्रदान गर्नुहुन्छ (प्रेरित १५:९; १ थेसलोनिकी ५:२३; १ यूहन्ना १:७)।

पापी स्वभाव हाम्रो सम्पूर्ण पार्थिव जीवनको लागि हामी अधीनमा हुनुपर्ने अवस्था होइन। विजयमा बाँच्नको लागि, एक विश्‍वासीले यस बिन्दुमा आउन आवश्यक छ जब उसले कुनै आरक्षण बिना आफ्नो हृदय परमेश्‍वरमा अर्पण गर्दछ (रोमी १२:१)। जब पवित्र आत्माले विश्‍वासीलाई भरिदिनु हुन्छ, उँहाले विश्‍वासीलाई परमेश्‍वरलाई पूर्ण रूपमा प्रेम गर्न सक्षम बनाउँनुहुन्छ।

► मानविय कमजोरी के हो ?

***मानवीय कमजोरीहरू*** भनेको शारीरिक वा मानसिक सीमितता वा कमीहरू हुन्। पापमा आदमको पतनको कारण, र निरन्तर पापको माध्यमबाट मानवताको पतनले गर्दा, हामी मानसिक, शारीरिक र भावनात्मक रूपमा परमेश्वरले हामीलाई बनाइदिनुभएको भन्दा कमजोर छौं।

मानवीय कमजोरीहरूले गर्दा हामी गल्ती गर्छौं। हामीलाई कुनै परिस्थितिमा गर्नुपर्ने सही कुरा थाहा नहुन सक्छ। हामीले निश्चित वर्गका मानिसहरू वा जातीय समूहहरूको बारेमा गलत धारणा राख्न सक्छौं। व्यक्तिले मुक्ति पाउँदैमा उसको गलत विचारहरू आफै सुधार हुँदैनन्। गलत विचारहरूले गलत कार्यहरू निम्त्याउँछ किनभने यदि कुनै व्यक्तिले गर्नुपर्ने कुरामा गल्ती गर्छ भने, उसले गलत काम गर्नेछ।

कमजोरीहरूले धेरै कारणवश व्यक्तिलाई सङ्घर्षरत बनाउन सक्छ। सायद उसले धर्मशास्त्रीय सिद्धान्तहरू कसरी लागू गर्ने भनेर सिकेको छैन। हुनसक्छ उसले आफ्नो आवेगहरूको प्रतिरोध गर्न मद्दत गर्ने अनुशासनहरू विकास गरेको छैन। हुनसक्छ उसलाई बलियो राख्न मद्दत गर्ने दैनिक बानी ऊ सँग छैन। हुनसक्छ उसले आत्मामा हिंड्नुको महत्त्व बुझ्दैन।

हामीले अरूको न्याय गर्न हतार गर्नु हुँदैन, किनभने तिनीहरूले जाना-जानी पाप गरेको हामीलाई सधैं थाहा हुँदैन। अक्सर मानिसहरूले ज्ञान र आध्यात्मिक परिपक्वताको कमीको कारण गल्ती गर्छन्।

> "मानिसहरू पवित्रतातिर बहकिंदैनन्। अनुग्रहद्वारा संचालित प्रयास बाहेक, मानिसहरू ईश्वरभक्ति, प्रार्थना, धर्मशास्त्रको आज्ञाकारिता, विश्वास, र प्रभुमा आनन्दित हुन खिचिंदैनन्। हामी समझौता तर्फ बढ्छौं र यसलाई सहिष्णुता भन्छौं; हामी अनाज्ञाकारिता तर्फ बहक्छौं र यसलाई स्वतन्त्रता भन्छौं; हामी अन्धविश्वास तर्फ जान्छौं र यसलाई विश्वास भन्छौं। हामी हराएको आत्म-नियन्त्रणको अनुशासनको कदर गर्छौं र यसलाई विश्राम भन्छौं; हामी प्रार्थना विहीनतातर्फ झुक्छौं र वैधानिकताबाट भागेका छौं भनी सोचेर आफूलाई भ्रममा पार्छौं; हामी ईश्वरहीनता तर्फ सर्छौं र आफैलाई विश्वस्त गराउँछौं कि हामी मुक्त भएका छौं।"
> डी.ए. कार्सन

के तपाईं कहिल्यै यस्तो परीक्षामा पर्नुभएको छ जुन अरू कसैले अनुभव गरेको छैन जस्तो तपाईंलाई लाग्छ? के तपाईंले कहिल्यै सोच्नुभएको छ कि साँच्चै पापमाथि पूर्ण विजयमा बाँच्न सम्भव छ? परमेश्वरले परीक्षामा हाम्रो कमजोरीको लागि पर्याप्त रूपले बल प्रदान गर्ने अनुग्रहको प्रतिज्ञा गर्नुभएको छ:

> मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर तिमीहरूले सहन सकून् भनेर परीक्षाको साथसाथै उम्कने बाटो पनि दिनुहुन्छ। यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ। (१ कोरिन्थी १०:१३)।

► यस पदबाट हामीले के थाहा पाउँछौं?

यस पदले हामीलाई धेरै महत्त्वपूर्ण कुराहरू बताउँछ।

१. **हाम्रो मनुष्यत्वको कारणले परीक्षा आउँछ।**। यसको मतलब यो हो कि तपाईंको सङ्घर्ष तपाईंको लागि मात्र नौलो होइन।

२. **परमेश्वरलाई हाम्रो सीमा थाहा छ।**। हामीले कति सहन सक्छौं भन्ने कुरा उहाँले बुझ्नुहुन्छ। हामी कति सहन सक्छौं हामीलाई थाहा छैन, तर उहाँले थाह गर्नुहुन्छ।

३. **परमेश्वरले हामीमा आउने परीक्षाहरूलाई सीमिगमत गर्नुहुन्छ।** उहाँले हामी विजयमा बाँचेको चाहनुहुन्छ। यस पदको अनुसार, विजय सधैं सम्भव छ।

४. **हामीलाई विजयको लागि चाहिने कु रा परमेश्वरले प्रदान गर्नुहुन्छ।** उहाँले उम्कने बाटो बनाउनुहुन्छ। परमेश्वरले हामी विजयमा बाँचेको चाहनुहुन्छ। उहाँले विजयी जीवनको लागि अनुग्रह दिनुहुन्छ।

## आत्मामा जीवन

► रोमी ८ मा फर्कनुहोस् र यस खण्डमा प्रयोग गरिएका पदहरू हेर्नुहोस्।

रोमी ८ ले विश्वासीको जीवनमा आत्माको कामको अद्‌भुत विवरण दिन्छ। रोमी ८:२६ ले हामीलाई बताउँछ कि हामीले कसरी प्रार्थना गर्ने भनेर हामी जान्दैनौं, तर पवित्र आत्माले हाम्रो माध्यमबाट प्रार्थना गर्नुहुन्छ।

यस अध्यायले विजयी जीवन कसरी जिउने भनेर बताउँछ। यदि हामीले शरीरको सट्टा पवित्र आत्माअनुसार चल्यौं भने हामी दोषी हुने छैनौं (रोमी ८:१, ४)। परमेश्वरले हामीबाट आशा गर्नुभएको धार्मिकतालाई हामीले पूरा गर्न सक्छौं, किनभने आत्माको शक्तिले हामीमा काम गर्छ (रोमी ८:४)।

> "यो परमेश्वरको लागि महत्त्वपूर्ण हुनुपर्दछ, किनकि उहाँले हामीलाई भन्नुहुन्छ कि 'पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन' (हिब्रू १२:१४)। पवित्रता गर्नुपर्ने र गर्न नहुने कुराको सूची होइन। बरु, यो ख्रीष्टसमानता हो।"
> जिम सिम्बाला

यदि व्यक्ति पापमय स्वभावद्‌वारा नियन्त्रित छ भने, उसले परमेश्वरलाई प्रसन्न पार्न सक्दैन (रोमी ८:८), उसमाथि दण्डको आज्ञा हुन्छ (रोमी ८:१), र परमेश्वरद्‌वारा न्याय गरिन्छ (रोमी ८:१३ मा " मर्छौं")। तर पवित्र आत्माको शक्ति र निर्देशनद्‌वारा, हामीले पापपूर्ण कार्यहरू अन्त्य गर्न सक्छौं (रोमी ८:१३-१४)।

## ख्रीष्टमा जीवन

यूहन्ना १५:१-१० मा दाखको बोट र हाँगाहरूको प्रसिद्ध दृष्टान्त छ। यसले केही महत्त्वपूर्ण प्रश्नहरूको जवाफ दिन्छ।

हामी कसरी ख्रीष्टमा रहन्छौं? "यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु।" (यूहन्ना १५:१०)। ख्रीष्टमा रहन छोड्नु भनेको एक व्यक्तिले उहाँको आज्ञा पालन गर्न छोड्नु हो। त्यसपछि के हुन्छ?

"कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्।" (यूहन्ना १५:६)। यदि एक व्यक्तिले आज्ञा पालन गर्न छोड्छ, र यसरी ख्रीष्टमा रहन छोड्छ भने, उसलाई अस्वीकार गरिन्छ। जलाइएको हाँगाहरूको दृष्टान्तले पूर्ण अस्वीकृति देखाउँछ।

"ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ।" (यूहन्ना १५:४)। "ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन्बढ़ी फल फलोस्भनी उहाँले छिँवल्नुहुन्छ।" (यूहन्ना १५:२)। यदि हामी आज्ञाकारितादवारा ख्रीष्टमा रहँदैनौं भने, हामीले फल फलाउन सक्दैनौं। फल फलाउनु भनेको परिवर्तन, आशिष् र परमेश्वरको अनुग्रहदवारा निर्देशित जीवन जिउनु हो। यदि एक व्यक्ति परमेश्वरमा अनाज्ञाकारी हुन्छ भने, ऊ परमेश्वरले प्रदान गर्ने जीवनको प्रवाहबाट अलग हुन्छ र परमेश्वरको अनुग्रहबाट बाँच्न सक्दैन। फल नफलाउनेलाई हरेकलाई अस्वीकार गरिन्छ।

ख्रीष्ट दाखको बोट जस्तै हुनुहुन्छ जसले हामीलाई जीवन दिन्छ (यूहन्ना १५:६)। मुक्ति सम्बन्धको माध्यमबाट प्राप्त हुन्छ। ख्रीष्टबाट अलग हुनु भनेको मुक्तिबाट अलग हुनु हो। परमेश्वरमा भरोसा र आज्ञापालन गरेर हामी ख्रीष्टसँगको बचाउने सम्बन्ध कायम राख्छौं (यूहन्ना १५:१०)।

बत्तिको चिम र बिजुली एउटै अवधारणाको एक आधुनिक दृष्टान्त हो। एउटा चिममा बिजुलीको शक्ति प्रवाह हुँदासम्म ज्योति हुन्छ। चिमलाई त्यसको शक्तिको स्रोतबाट अलग गरेमा त्यसले आफ्नो ज्योति राख्न सक्दैन। त्यसैगरी, ख्रीष्टसँगको हाम्रो सम्बन्धदवारा हामीले अनन्त जीवन पाएका छौं (यूहन्ना १७:३)। उहाँको जीवन हामी भित्र बग्छ। यदि हामीले आफूलाई उहाँबाट अलग गर्यौं भने हामीले त्यो जीवन राख्दैनौं।

### धर्मशास्त्रीय चेतावनीहरू

केही मानिसहरू भन्छन् कि जीवनको पुस्तकमा नाम लेखिएपछि त्यहाँबाट नाम हटाउन सकिने कुनै तरिका छैन। तर त्यहाँ नाम हटाउन सकिने कम्तिमा एउटा तरिका छ:

> अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट केही घटायो भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र सहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ (प्रकाश २२:१९)।

प्रकाशको पुस्तकको अंशलाई शाब्दिक रूपमा हटाएकोमा दोषी ठहरिने व्यक्तिहरू धेरै कम छन्। तर, जीवनको पुस्तकबाट नाम हटाउन सम्भव छ भन्ने तर्क प्रस्तुत गरिएको छ।

जब येशुको, "जसले जित्छ, त्यसलाई यसरी सेता वस्त्र पहिराइन्छ, र म त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिदिनेछैनँ। म त्यसको नाउँ मेरा पिताको सामुन्ने र उहाँका दूतहरूका सामुन्ने स्वीकार गर्नेछु" (प्रकाश ३:५)। भन्नुभयो, उहाँले प्रतिज्ञा र चेतावनी दिनुभयो।

एक पटक, थेस्सलोनिकामा उनका परिवर्तित चेलाहरूले आफ्नो विश्वास त्यागेको हुन सक्छन् भनी पावल चिन्तित थिए। उनले भने कि यदि त्यसो भएको हो भने, सुसमाचार प्रचार गर्ने उनको परिश्रम व्यर्थै जानेछ (१ थेसलोनिकी ३:५)। यसले देखाउँछ कि उसको मूल परिवर्तन बेकार हुने गरी एक विश्वासी आफ्नो विश्वासबाट पूर्ण रूपमा पतन हुन सम्भव छ।

२ पत्रुस २:१८-२१ मा हामीले हाम्रा प्रभु र मुक्तिदाता येशु ख्रीष्टको ज्ञानद्वारा संसारको अशुद्धताबाट उम्केका केही विश्वासीहरूलाई धोका दिने झूटा शिक्षकहरू छन् भनी हामी थाहा पाउँछौं। यी पहिलेका विश्वासीहरूले धार्मिकताको मार्ग जान्दथे तर त्यसलाई छोडिदिए। तिनीहरूले पापपूर्ण जीवन शैलीमा फर्कनु भन्दा कहिल्यै बाटो नचिनेको राम्रो हुनेथियो भनी यस पाठले भन्दछ। यसले देखाउँछ कि एक व्यक्तिले पापमा फर्केर आफ्नो मुक्ति गुमाउन सम्भव छ। यदि एक व्यक्तिको लागि आफ्नो मुक्ति गुमाउन सम्भव थिएन भने, एक व्यक्ति उसले मुक्ति पाउनु अघि भन्दा खराब कहिल्यै हुन सक्दैन।

पुत्रत्व परिवर्तन गर्न सकिन्छ। हामी कुनै समय शैतानको सन्तान (यूहन्ना ८:४४) र क्रोधका सन्तान थियौं (एफिसी २:२), तर जब हामीलाई परमेश्वरले ग्रहण गर्नुभयो (रोमी ८:१५), त्यो पुत्रत्व परिवर्तन हुन्छ। आफ्नो बुबाबाट अलग्गिएको बेला उडन्ता छोराले पुत्रत्वका सबै लाभहरू गुमाए। जब उ फर्कियो, उसको बुबाले उसलाई मरेको भनी उल्लेख गर्नुभयो (लूका १५:३२)।

विश्वासीहरू सुरक्षित महसुस गरेको परमेश्वर चाहनुहुन्छ, तर तिनीहरूको भावनालाई झूटो सुनिश्चततामा आधारित गरेर होइन जसले उनीहरूलाई वास्तविक खतरामा पार्छ। हामीले विश्वासीहरूलाई परमेश्वरले प्रतिज्ञा नगरेको कुराको प्रतिज्ञा गर्नु हुँदैन। हामीले जे गरे पनि हाम्रो मुक्ति गुमाउनबाट सुरक्षित हुनेछौं भनी उहाँले प्रतिज्ञा गर्नुभएको छैन। उहाँले हामीलाई डोर्‍याउन र पापमाथि विजय प्राप्त गर्न सक्षम पार्ने प्रतिज्ञा गर्नुहुन्छ। डरबाट मुक्त हुनको लागि यो पर्याप्त आश्वासन हो।

कहिलेकाहीं विश्वासीहरूले आफ्नो मुक्तिको बारेमा शङ्का गर्छन्। तिनीहरू पक्का हुन सक्छन् कि तिनीहरूले एक पटक मुक्ति पाएका थिए, तर तिनीहरू अझै पनि परमेश्वरसँग बचाउने सम्बन्धमा छन् भन्ने शङ्का गर्छन्। यस महत्त्वपूर्ण प्रश्नमा बाइबलले हामीलाई शङ्कामा छोड्दैन। विश्वासीले न्यायको दिनको लागी निर्धक्क हुनेगरी आफ्नो

मुक्तिको लागी निश्चित भएको परमेश्वरको इच्छा हो, (१ यूहन्ना ४:१७) उसले परमेश्वरको परीक्षा उत्तिर्ण गर्नेछ कि छैन भन्ने दोधारमा परेको होइन।

जब कुनै विश्वासीलाई शङ्का हुन्छ, उसले एक पटक मुक्ति पाएको निश्चित भएको हुनाले त्यसलाई त्यत्तिकै बेवास्ता गर्नु हुँदैन। तपाईं विश्वासमा हुनुहुन्छ कि हुनुहुँदैन भनेर आफैलाई जाँच्नु उपयुक्त हुन्छ (२ कोरिन्थी १३:५)। यदि एक व्यक्तिलाई धर्मशास्त्रीय चरणहरू पछ्याएर उसले मुक्ति पाएको छ भनी थाहा छ, र ख्रीष्टसँग आज्ञाकारी सम्बन्धमा हिंड्दै उहाँमा रहँदै छ, ऊ निश्चित हुन सक्छ कि उसँग आत्मिक जीवन छ।

## जोगिनुपर्ने त्रुटि: न्यून अपेक्षाहरू

*कक्षा अगुवाको लागि नोट: कक्षाका दुई सदस्यहरूले यो खण्ड र अर्को खण्डको व्याख्या गर्न सक्नुहुनेछ।*

पापमाथिको विजय दुईवटा कुराका कारणले मानिसको लागि असम्भव देखिन्छ: मानवीय कमजोरी र वंशानुगत भ्रष्टता। हामीले याद गर्नुपर्छ कि परमेश्वरले हामीलाई मानवीय हदहरू भएकोमा निन्दा गर्नुहुन्न। हामीले उहाँको इच्छा पूरा गर्न सकौं भनेर परमेश्वरले उहाँको आत्माद्वारा शक्ति दिनुहुन्छ। कमजोरी हुनु पाप होइन, कमजोरीले गर्दा कुनै पनि व्यक्तिले पाप गर्नु पर्दैन।

वंशानुगत भ्रष्टता प्रभाव परिवर्तनपछि जारी रहन्छ, तर परमेश्वरले शुद्धीकरणको लागि अनुग्रह प्रदान गर्नुहुन्छ। वंशानुगत भ्रष्टता लिएर जन्मिएकोमा हामीलाई दोष दिइँदैन, तर त्यसबाट प्रभावित भइरहने हो भने यो हाम्रो दोष हो। त्यसैले मानवीय कमजोरी वा वंशानुगत भ्रष्टताले हामीलाई विजयमा बाँच्ने आशा गुमाउने बनाउनु हुँदैन।

ख्रीष्टमाथिको विश्वासद्वारा, हामी उहाँसँग एकताबद्ध छौं। हामी उहाँसँग उहाँको मृत्यु र पुनरुत्थानमा चिनिन्छौं, र हाम्रो लागि यसको अर्थ पापमा मृत्यु र नयाँ जीवनमा पुनरुत्थान हो (रोमी ६:३-११)। उहाँ हामीमा हुनुहुन्छ, र हामी उहाँमा छौं। ख्रीष्टियान जीवन भनेको हामीले उहाँको उदाहरण पछ्याउने सक्दो प्रयास गर्नु मात्र होइन। ख्रीष्टियान जीवन हामी भित्र हुनुभएको ख्रीष्टद्वारा जिइएको छ। पृथ्वीमा हिंड्दा उहाँले पापमाथि विजय प्राप्त गर्नुभयो, र उहाँ अझै पनि हामीमा विजयी रूपमा बाँच्नु भएको छ।

## किन यो महत्त्वपूर्ण छ

एउटा ठूलो सहरको सडकको छेउमा बसेकी एउटी गरिब महिला झुत्रो लगाएकी छिन्। तिनको कपाल फोहोरले अल्झिएको र लट्टा परेको छ। उनको छाला फोहोर र घिनलाग्दो छ। उनी ठूलो निराशामा बसिरहेकी छिन्। अकस्मात्, त्यहाँ ठूलो कोलाहल हुन्छ र एक कुनाको नजिक राज्यका महान राजकुमार आफ्ना भारदारहरूसँग सवार हुन्छन्। राजकुमार सुन्दर, बलियो र दयालु छन्! जब उनको गाडी त्यो फोहोरी महिला बसेको ठाउँबाट जान्छ, राजकुमारले आफ्नो चालकलाई बोलाउँछन्, "रोक्नुहोस्!"

गाडी रोकिने बित्तिकै राजकुमारले आफ्ना नोकरहरूलाई भने, "उही नारी हो जसलाई म विवाह गर्न चाहन्छु!"

अब दृश्य फेरिन्छ। हामी विवाहको दिनको दरबार हेर्छौं। हामी के देख्छौं? अझै पनि आफ्नो फोहोरले अल्झिएको र लट्टा परेको कपाल र झुत्रा लुगा लगाएकी एउटी फोहोरी महिला। उनको वरिपरि उनको विवाहको वस्त्र, साबुन र अत्तरहरू समातेका व्यक्तिगत नोकरचाकरहरू छन्, तर दुलहीले आफ्नो विवाहको दिनको लागि आफूलाई तयार गर्न चासो राख्दिनन्। तीमध्ये एकजना महिलाले सोधिन्, "मेरी मालिक्नी, तपाई बिहेको तयारी गर्न चाहनुहुन्न?" दुलहीले जवाफ दिन्छिन्, "उहाँले मलाई देख्दा र मसँग विवाह गर्न चाहनुहुँदा म यस्तै देखिन्थें, त्यसैले मलाई लाग्छ कि म अहिले जस्तो देखिन्छु त्यसले फरक पार्दैन।"

त्यो मनोवृत्ति देखेर हामी छक्क पर्न सक्छौं। किनकी राजकुमारले उनलाई माया गर्छन्, उनी चाहँदैनन् कि ती नारी पहिल्यैकै अवस्थामा रहोस्। राजकुमारले ती स्त्री आकर्षक नभएको बेला माया गरेकाले, ती राजकुमारको लागि उनी आफू सक्दो राम्रो भएको चाहनुपर्छ।

हामी पापी हुँदा परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ, तर यसको मतलब यो होइन कि पापले केही फरक पार्दैन। उहाँले हामीलाई माया गर्नुहुन्छ त्यसकारण उहाँ हाम्रो अवस्था परिवर्तन गर्न चाहनुहुन्छ। उहाँ हामीलाई माया गर्नुभएकोले हामीले उहाँलाई मन पर्ने छवि र चरित्र लिन चाहनुपर्छ।

## विजयमा बाँच्नका लागि व्यावहारिक निर्देशनहरू

संसारभरि ख्रीष्टियान सत्यलाई अन्धविश्वाससँग मिसाइँदैछ। कसै-कसैले बारम्बार प्रार्थना, भावनात्मक अनुभवहरू, दुष्ट आत्माहरूको हप्काइ (जसको कारण केही पापहरू हुन् भन्ने ठानिन्छ), आत्म-प्रेषित चोट, केही टुनाहरू लगाएर, घर वरिपरि आध्यात्मिक प्रतीकहरू राखेर, वा शरीरमा विशेष तेलको अभिषेक द्वारा पापमाथि विजय सिकाउँछन्। आध्यात्मिक जादुद्वारा विजयको आशा गर्नु गलत हो!

कसैले पापमाथि विजय हासिल गर्नलाई अत्यन्तै सरल तरिकामा सिकाउँछन्, जुन वास्तविक जीवनमा अव्यवहारिक हुन्छ। तिनीहरू भन्छन् कि मुक्ति र आत्माको भरिपुर्णताको अनुभवहरूले पापको शक्तिलाई स्थायी रूपमा नष्ट गर्नेछ। तिनीहरू आध्यात्मिक वृद्धि, अनुशासन र निरन्तर सतर्कताको आवश्यकतालाई जोड दिन असफल हुन्छन्।

संसार र पापमाथि लगातार विजय प्राप्त गर्न असफल भएकाहरूले ईमानदारीपूर्वक आफैलाई निम्न प्रश्नहरू सोध्नु पर्छ:

१. **के म साँच्चै नयाँ गरी जन्मेको छु?** के म मेरो पुरानो जीवनको लागि मरेको छु; के मैले पश्चाताप गरेर यसलाई छोडेको छु? के मसँग ख्रीष्टमा नयाँ जीवन छ-नयाँ मनोवृत्ति, नयाँ इच्छाहरू, परमेश्वरका कुराहरूका लागि नयाँ भोक छ (२ कोरिन्थी ५:१७)? के ख्रीष्ट पवित्र आत्माद्वारा मेरो हृदयमा बास गर्न आउनुभएको छ? के म मानव इच्छा शक्ति मार्फत पापलाई जित्न खोज्दै छु, वा म भित्र वास गर्ने परमेश्वरको शक्तिमा निर्भर छु (गलाती २:२०)?

२. **के म परमेश्वरको वचन मेरो हृदयमा भण्डार गर्दैछु?** भजनरचयिताले गवाही दिए, "तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु।" (भजनसंग्रह ११९:११)। नवजात शिशुले भोकाएर आमाको दुध खाएझैं हामीले परमेश्वरको वचनलाई खानुपर्छ (१ पत्रुस २:२)।

३. **के म आफूलाई पापको लागि साँच्चै मरेको र परमेश्वरको लागि जीवित ठान्छु?** "यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशुमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ।" (रोमी ६:११)। के म ममाथि शक्ति छैन भनी विश्वासका साथ परीक्षालाई अस्वीकार गर्दैछु?

४. **के म विजयको लागि परमेश्वरमा निर्भर छु?** प्रेरित यूहन्नाले घोषणा गरे कि जो व्यक्ति परमेश्वरको परिवारमा जन्मन्छ उसले संसारलाई जित्छ। "किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो।" (१ यूहन्ना ५:४)। प्रेरित पावलले भने कि उनले येशुको क्रूस बाहेक अरू कुनै कुरामा कहिल्यै भरोसा राख्नेछैनन्, किनकि क्रूसद्वारा नै सांसारिक चीजहरूले हामीलाई आकर्षित गर्ने र नियन्त्रण गर्ने शक्ति गुमाउँछन् (गलाती ६:१४)। यदि हामीले सबै धार्मिकताको स्रोत येशुलाई बिर्स्यौं भने हाम्रो लागि निरन्तर विजयको जीवन जिउन असम्भव छ।

५. **के म हरेक दिन विश्वासद्वारा प्रभु येशुलाई आफूमा राख्दै छु र पापको लागि कुनै पनि छुट दिइरहेको छैन?** हामी हाम्रो ख्रीष्टियान यात्रामा जहाँ भए पनि, विजय कहिल्यै स्वतः हुँदैन। मैले होशियारीसाथ येशुको पापप्रति भएको मनोवृत्ति अपनाउनुपर्छ र उहाँको उदाहरण पछ्याउनुपर्दछ। (रोमी १३:१४; एफिसी ४:२४)

६. **के मैले परमेश्वरको आत्मिक हतियार लगाएको छु?** जीवनको युद्धको मैदानमा धेरै विश्वासीहरू शैतानको अग्नीमय बाणहरूद्वारा घाइते भएका छन् किनभने तिनीहरू आफ्नो आत्मिक सुरक्षाप्रति लापरवाह भएका छन् (एफिसी ६:११)।

७. **के म आत्म-अनुशासनको अभ्यास गर्दैछु?** हामी हाम्रो विश्वासमा जतिसुकै परिपक्व भए पनि आत्म-अनुशासनको आवश्यकता हुनेछ। के म मेरो शरीरलाई तालिम दिँदै अनुशासनमा ल्याउँदैछु? प्राकृतिक, ईश्वरद्वारा दिइएको भोक (जस्तैः खाना, निद्रा, वा यौन सम्बन्धको इच्छा) नियन्त्रित हुनुपर्छ, ताकि तिनीहरूले मेरो नवजात आत्माको उद्देश्य पूरा गर्न सकून्। किनभने मेरो शरीर पापले बिगारेको छ, यसका इच्छाहरू सन्तुलनमा छैनन्। शरीरलाई शासन गर्न दिनु हुँदैन; यसले आत्माको सेवा गर्नुपर्छ। पावलले भने कि उनले आफ्नो शरीरलाई अनुशासनमा राखे र आत्मिक रूपमा विस्थापित नहुन त्यसलाई उनको आज्ञा पालन गर्न लगाए (१ कोरिन्थी ९:२५-२७)। यो अनुशासन हरेक ख्रीष्टियान लागि आवश्यक छ।

८. **के म आज्ञाकारितामा बाँचिरहेको छु?** "ज्योतिमा हिंड्नुहोस्" प्रेरित यूहन्नाको सल्लाह हो (१ यूहन्ना १:७)। स्वर्ग जाने बाटोमा धेरै पासोहरू, ठेस लाग्ने ढुङ्गाहरू र खतरनाक ठाउँहरू भएकाले हामीले सधैं परमेश्वरको वचन (भजन ११९:१०५) र पवित्र आत्माको उपस्थिति (यूहन्ना १४:२६) को ज्योतीद्वारा हिँड्नुपर्छ। येश

रगतले हामीलाई शुद्ध राख्छ भनी आज्ञाकारिताले प्रतिज्ञा गर्दछ। अन्धकारको हिँडाइले उज्यालोको बाटोमा फर्किन इन्कार गर्नेहरूलाई ठेस लाग्न र खस्न डोऱ्याउँछ र अन्ततः मृत्युमा पुऱ्याउँछ।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

## ख्रीष्टियान विश्वासहरूको वक्तव्य

विजयी ख्रीष्टयान जीवन जिउनु प्रत्येक विश्वासीको विशेषाधिकार र कर्तव्य हो। विश्वासीले ख्रीष्टसँगको सम्बन्धबाट जीवन पाउँछ। परमेश्वरको इच्छालाई अस्वीकार गर्ने र पापमा फर्कने विश्वासीले विश्वासलाई कमजोर र सम्भावित रूपमा नष्ट गर्छ, जुन परमेश्वरसँग हाम्रो सम्बन्ध हो। परमेश्वरले सशक्त अनुग्रह प्रदान गर्नुहुन्छ, त्यसैले विश्वासीले हरेक परीक्षालाई जित्न सक्छ।

## पाठ ९ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- मत्ती १३:१८-२३
- हिब्रू १०:२३-३९
- याकूब १:२१-२७
- २ पत्रुस १:१-११
- प्रकाश ३:१४-२२

(२) परीक्षा: तपाईंले पाठ ९ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: त तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ ९ परीक्षा

(१) १ यूहन्नाको मुख्य विषयवस्तु के हो?

(२) विश्वासीको कुन विशेषतालाई १ यूहन्नाले सबैभन्दा बढी जोड दिन्छ?

(३) १ कोरिन्थी १०:१३ बाट हामी कुन चार कुराहरू जान्दछौं?

(४) विश्वासी कसरी ख्रीष्टमा निरन्तर रहिरहन्छ?

(५) हामी कसरी ख्रीष्टसँग बचाइने सम्बन्ध कायम राख्छौं?

# पाठ १०

# पवित्र आत्मा

## पाठका उद्देश्यहरू

(१) विद्यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ भनेर देखाउने गुणहरू।
- पवित्र आत्माको व्यक्तित्व र ईश्वरत्वको लागि बाइबलीय प्रमाण।
- किन पवित्र आत्माको व्यक्तित्व र ईश्वरत्व आवश्यक सिद्धान्तहरू हुन्।
- पवित्र आत्माको ऐतिहासिक र वर्तमान गतिविधि।
- पवित्र आत्मासँग विश्वासीको सम्बन्धको व्यावहारिक पक्षहरू।
- पवित्र आत्माको ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्यार्थीले आत्माको वरदानको बारेमा केही सिद्धान्तहरू लागू गर्नेछन्।

## परिचय

► एकसाथ भजनसंग्रह १३९ पढ्नुहोस्। यस खण्डले हामीलाई परमेश्वरको आत्माको बारेमा के बताउँछ?

कोही मानिसहरूले पवित्र आत्मालाई आफ्ना भावनाहरूलाई उत्तेजित गर्ने कुरा, उनीहरूले प्रयोग गर्ने शक्ति, एक अवैयक्तिक शक्ति, वा केवल उपस्थितिको रूपमा सोच्छन्। उदाहरणका लागि, एक यहोवाका साक्षीले यस्तो भन्न सक्छ: "पवित्र आत्मा एक व्यक्ति होइन, र यो त्रिएकको भाग होइन। पवित्र आत्मा परमेश्वरको सक्रिय शक्ति हो जुन उहाँले आफ्नो इच्छा पूरा गर्न प्रयोग गर्नुहुन्छ... एक हदसम्म, यसलाई बिजुलीसँग तुलना गर्न सकिन्छ।"[13]

> "र म पवित्र आत्मामा विश्वास गर्छु,
> प्रभु र जीवन दाता,
> जो पिता र पुत्रबाट आउनुहुन्छ;
> जसलाई पिता र पुत्रसँगै आराधना र महिमा गरिन्छ।
> जसले अगमवक्ताहरूद्वारा बोल्नुभएको थियो।"
> नाइसेन क्रिड

► यहोवाको साक्षीको पवित्र आत्माको अवधारणामा के गलत छ?

यहोवाका साक्षीहरूले पवित्र आत्मालाई अवैयक्तिक शक्तिको रूपमा हेर्छन्। किनभने तिनीहरूसँग परमेश्वरको बाइबलीय समझ छैन, तिनीहरू उहाँसँग सही सम्बन्ध राख्न सक्दैनन्।

---

[13] *Should You Believe in the Trinity*? (New York: The Watchtower Bible and Tract Society, 1989)

हामीले पवित्र आत्माको बारेमा सबै बुझ्ने अपेक्षा गर्नु हुँदैन। येशुले भन्नुभयो कि आत्माको काम हावा जस्तै हो; तपाईले यो सुन्नुहुन्छ, तर यो कहाँबाट आयो वा कहाँ जाँदैछ भनी तपाईलाई थाहा हुँदैन (यूहन्ना ३:८)। तर हामीले आत्माको बारेमा जान्न सक्ने केहि कुराहरु छन्, र ती परमेश्वरसँगको हाम्रो सम्बन्धको लागि महत्त्वपूर्ण छन्।

पवित्र आत्मा र मण्डलीबीचको अन्तरक्रियाको सबैभन्दा धेरै वर्णन गर्ने धर्मशास्त्रको खण्ड प्रेरितको पुस्तक हो। त्यहाँ हामीले मण्डलीले सुरुवातमा पवित्र आत्मालाई कसरी प्रतिक्रिया दियो भन्ने नमुना देख्छौं।

१. तिनीहरूले उहाँको ईश्वरत्वमा पवित्र आत्मालाई सम्मान गरे (प्रेरित ५:३-४ पढ्नुहोस्)।

२. तिनीहरू पवित्र आत्माको उपस्थिति, निर्देशन र गतिविधिको बारेमा सचेत थिए (प्रेरित १५:२८ पढ्नुहोस्)।

३. तिनीहरूले पवित्र आत्मामा आफ्नो निर्भरता र उहाँलाई प्रतिक्रिया दिने आफ्नो जिम्मेवारी महसुस गरे (प्रेरित ४:२४, ३१ पढ्नुहोस्)।

> "हामी पवित्र आत्मामा विश्वास गर्छौं जसले व्यवस्थामा बोल्नुभयो, र अगमवक्ताहरूद्वारा सिकाउनुभयो, र यर्दनमा ओर्लनुभयो, प्रेरितहरूद्वारा बोल्नुभयो, र सन्तहरूमा बस्नु भयो; यसकारण हामी उहाँमा विश्वास गर्छौं: कि उहाँ पवित्र आत्मा, परमेश्वरको आत्मा, सिद्ध आत्मा, सहायक, सृष्टि नगरिएको हुनुहुन्छ, पिताबाट अगाडि बढ्दै हुनुहुन्छ र पुत्रबाट प्राप्त गर्नुहुन्छ, जसमा हामी विश्वास गर्छौं।"
> एपिफानियसको सार, ३७४ ई.सं

पवित्र आत्मासँग त्यस प्रकारको सम्बन्ध राख्नको लागि, हामीले उहाँ एक व्यक्ति हुनुहुन्छ र उहाँ परमेश्वर हुनुहुन्छ भनेर बुझ्नुपर्छ।

## पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ

पवित्र आत्माको येशु जस्तै भौतिक शरीर छैन, तर उहाँ व्यक्ति *हुनुहुन्छ*। एक वास्तविक व्यक्तिमा व्यक्तित्वको विशेषताहरू हुन्छन्, जसमा मन, इच्छा र भावनाहरू समावेश हुन्छन्। के पवित्र आत्माको इच्छा छ? उहाँले आफ्नो इच्छाअनुसार ख्रष्टियानहरूलाई आध्यात्मिक वरदानहरू दिनुहुन्छ। (१ कोरिन्थी १२:११)। के पवित्र आत्माको दिमाग छ? उहाँले परमेश्वरको गहिराइसमेत सबै कुरा खोज्नुहुन्छ, र तिनीहरूलाई जान्नुहुन्छ (१ कोरिन्थी २:१०)। के पवित्र आत्मामा भावनाहरू छन्? हामीलाई पवित्र आत्मालाई दुःखित नतुल्याउन भनिएको छ (एफिसी ४:३०)। यदि पवित्र आत्मालाई दुःखी बनाउन सकिन्छ भने, उहाँसँग भावनाहरू छन्। किनकि पवित्र आत्माको दिमाग, इच्छा र भावनाहरू छन्, हामी जान्दछौं कि उहाँ एक व्यक्ति हुनुहुन्छ।

► पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ भनेर जान्न किन महत्वपूर्ण छ?

व्यक्तिसँग अरूसँग सम्बन्ध राख्ने क्षमता हुन्छ। यदि पवित्र आत्मा एक अवैयक्तिक शक्ति हुनुहुन्थ्यो भने, हामीले उहाँसँग सम्बन्ध राख्न सक्ने थिएनौं। तर फिलिप्पी २:१ र २ कोरिन्थी १३:१४ अनुसार, आत्मा हामीसँग सङ्गति गर्न सक्नुहुन्छ, त्यसैले उहाँ एक व्यक्ति हुनुपर्दछ।

*कक्षा अगुवाको लागि नोटः पवित्र आत्माको व्यक्तित्वको थप बाइबलीय प्रमाणको लागि, "पवित्र आत्माको व्यक्तित्वको बाइबलीय प्रमाण" शीर्षकको यस पाठको अन्त्यमा रहेको खण्ड हेर्नुहोस्।*

## पवित्र आत्मा परमेश्वर हुनुहुन्छ

पवित्र आत्मा सबै जान्ने, सबै देख्ने, सर्वव्यापी ईश्वर हुनुहुन्छ। के तपाईंलाई हननिया र सफिराको कथा याद गर्नुहोस्? हननियाको मृत्यु हुनु अघि, पत्रुसले उनलाई भने, तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो? तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ।" (प्रेरित ५:३-४)। यसबाट, हामी देख्छौं कि पवित्र आत्मासँग झूट बोल्नु भनेको परमेश्वरसँग झुटो बोल्नु जस्तै हो। त्यसकारण, पवित्र आत्मा परमेश्वर हुनुहुन्छ।

**पवित्र आत्माले सबै कुरा जान्नुहुन्छ।**। हामी १ कोरिन्थी २:१०-११ मा देख्छौं कि उहाँलाई परमेश्वरका सबै कुराहरू थाहा छ। त्यसका लागि असीमित दिमाग चाहिन्छ। उहाँले अगमवाणी सहित पुरानो करारका शास्त्रहरूलाई प्रेरित गर्नुभयो, जसको लागि सम्पूर्ण ज्ञान चाहिन्छ। (२ पत्रुस १:२१ पढ्नुहोस्)। हामीलाई भनीएको छ कि वचन परमेश्वरको प्रेरणाद्वारा भएको हो (२ तिमोथी ३:१६), तसर्थ पवित्र आत्मा परमेश्वर हुनुहुन्छ।

**पवित्र आत्मा जतातत्तै उपस्थित हुनुहुन्छ।** भजन १३९:७-१० ले हामीलाई बताउँछ कि कोही पनि व्यक्तिको लागि परमेश्वरको आत्माको उपस्थितिबाट उम्कन सक्ने कुनै ठाउँ छैन। उहाँ प्रत्येक विश्वासीसँग उपस्थित हुनुहुन्छ, किनकि बाइबलले भन्दछ कि यदि कुनै व्यक्तिसँग ख्रीष्टको आत्मा छैन भने, ऊ ख्रीष्टको होइन (रोमी ८:९)। यो सन्दर्भले देखाउँदछ कि ख्रीष्टको आत्मा नै पवित्र आत्मा हुनुहुन्छ।

**पवित्र आत्मासँग सबै शक्ति छ।** परमेश्वरले मात्र गर्न सक्ने कामहरू उहाँले गर्नुहुन्छ। उहाँले पाप, धार्मिकता र न्यायको विषयमा संसारलाई दोषी ठहराउनुहुन्छ (यूहन्ना १६:८)। त्यसो गर्नको लागि, उहाँले प्रत्येक व्यक्तिको अन्तस्करणमा पहुँच राख्न सक्षम हुनुपर्छ र तिनीहरूको दिमागलाई निश्चित सत्यहरू बुझाउन सक्षम हुनुपर्दछ। उहाँले हरेक विश्वासीलाई भित्री शक्ति दिन पनि सक्षम हुनुहुन्छ। (एफिसी ३:१६ पढ्नुहोस्)। आत्माले हरेक विश्वासीको जीवनमा, संसारको जुनसुकै ठाउँमा आत्मिक फल फलाउनुहुन्छ। (गलाती ५:२२-२३ पढ्नुहोस्) ईश्वरीय शक्ति बाहेक अरू केहीले पनि यो गर्न सक्दैन।

हामीलाई लुका १२:१० मा भनीएको छ कि **पवित्र आत्माको निन्दा गर्न सकिन्छ।** केवल परमेश्वरको निन्दा गर्न सकिन्छ, त्यसैले पवित्र आत्मा परमेश्वर हुनुपर्दछ।

**पवित्र आत्मा अनन्त हुनुहुन्छ।** (हिब्रू ९:१४)।

हाम्रो शरीरलाई **परमेश्वरको** मन्दिर भनिन्छ किनभने त्यहाँ पवित्र आत्मा बास गर्नुहुन्छ (१ कोरिन्थी ३:१६)।

बाइबलीय प्रमाणहरूबाट, हामीलाई थाहा छ कि पवित्र आत्मा स्वयम् परमेश्वर, ईश्वरीय त्रिएकताको तेस्रो व्यक्ति हुनुहुन्छ।

► पवित्र आत्माको ईश्वरत्वमा विश्वास गर्नु हाम्रो लागि किन महत्त्वपूर्ण छ?

पवित्र आत्माको ईश्वरत्वमा विश्वास गर्नु महत्त्वपूर्ण छ किनकि तपाईंले उहाँलाई योग्यको सम्मान र सम्मान दिन सक्नुहुन्छ। पवित्र आत्माको आराधना गर्न असफल हुनु गम्भीर कुरा हुन पुग्दछ।

### पवित्र आत्मा पिता र पुत्रबाट अलग हुनुहुन्छ

पवित्र आत्मा पिता र पुत्रबाट भिन्न हुनुहुन्छ भनी भन्नुको अर्थ उहाँहरू मानिसजस्तै फरक व्यक्तित्व हुनुहुन्छ भन्ने होइन। त्रिएकताका सदस्यहरू एकअर्कामा बास गर्नुहुन्छ र सबै एउटै ईश्वर हुनुहुन्छ तर एकअर्कासँग कुरा गर्न, एकअर्कालाई प्रेम गर्न, र एकअर्कासँग र हामीसँग साँचो व्यक्तिगत सम्बन्ध राख्न पर्याप्त भिन्न हुनुहन्छ।

धर्मशास्त्रले त्रिएकताका व्यक्तिहरू बीचको भिन्नता सिकाउँदछ। उदाहरणको लागि, यूहन्ना १४-१६ मा, येशुले बारम्बार एक सहयोगीलाई उल्लेख गर्नुभयो जुन उहाँले आफू पिताकहाँ फर्किंदा पठाउनुहुने थियो। (यूहन्ना १४:१६-१७, २६; यूहन्ना १५:२६; यूहन्ना १६:७, १३-१५ पढ्नुहोस्)। यी सहयोगीले चेलाहरूलाई डोऱ्याउन र तिनीहरूलाई सिकाउनु हुने थियो। यदि येशु र पवित्र आत्मा एउटै व्यक्ति हुनुहुन्थ्यो भने, येशुले पवित्र आत्मालाई *अर्को* सहयोगीको रूपमा उल्लेख गर्नुको कुनै अर्थ हुँदैन। येशुले आफूभन्दा भिन्न अर्को व्यक्तिलाई सङ्केत गरिरहनुभएको हुनुपर्दछ।

येशुले भन्नुभयो कि पवित्र आत्माले आफ्नै अख्तियारमा बोल्नुहुन्न तर ख्रीष्टका कुराहरू प्रकट गर्नुहुन्छ, जुन ख्रीष्टले पिताबाट प्राप्त गर्नुभयो (यूहन्ना १६:१३-१५)। यदि येशु र पिता अनि पवित्र आत्मा एउटै व्यक्ति हुनुहुन्थ्यो भने, त्यो भनाइको अर्थ हुँदैन।

जब येशुले बप्तिस्मा लिनुभयो, स्वर्गबाट एउटा आवाजले भन्यो, "तिमी मेरो प्यारो पुत्र हौ" र पवित्र आत्माले ढुकुरको रूपमा येशुमाथि आउनुभयो (मर्कूस १:१०-११)। त्रिएकताका सबै तीन सदस्यहरू यहाँ एकै समयमा संलग्न छन्, तर एकअर्काबाट अलग छन्।

एक भिन्न व्यक्तिको रूपमा, पवित्र आत्माले पिता र पुत्रसँग अनन्तकालदेखि प्रेम सम्बन्धमा बस्नु भएको छ। परमेश्वरले हामीलाई त्यो सम्बन्धमा भाग लिन सृष्टि गर्नुभयो। परमेश्वर हामीले उहाँसँग सङ्गतिको आनन्द उठाएको

चाहनुहुन्छ (१ यूहन्ना १:३-४), जसरी समयको सुरुदेखि नै त्रिएकताका प्रत्येक सदस्यले अरूसँग सङ्गतिको आनन्द उठाएका छन्। (यूहन्ना १७:२२-२३ पढ्नुहोस्)।

## पवित्र आत्मा सक्रिय हुनुहुन्छ

सृष्टिको समयदेखि नै पवित्र आत्मा संसारमा सक्रिय हुनुहुन्छ। पृथ्वी सृष्टि गर्दा उहाँ उपस्थित हुनुहुन्थ्यो र संलग्न हुनुहुन्थ्यो (उत्पत्ति १:२, २६)। उहाँले विशेष काममा बोलाइएका मानिसहरूलाई विशेष क्षमता दिनुभयो (प्रस्थान ३५:३०-३१; न्यायकर्ता ३:९-१०; न्यायकर्ता १५:१४-१५)। उहाँले अगमवक्ताहरूलाई सन्देशहरू दिनुभयो (यशैया ६१:१)। उहाँले धर्मशास्त्रलाई प्रेरित गर्नुभयो (२ पत्रुस १:२१)। उहाँले सधैं मानिसहरूको हृदयमा काम गर्नुभएको छ, र तिनीहरूलाई परमेश्वरतर्फ फर्काउने प्रयास गर्नुभएको छ (प्रेरित ७:५१)।

उहाँलाई जीवनको आत्मा भनीन्छ। (रोमी ८:२ पढ्नुहोस्) उहाँ नै जसले हामीलाई सृष्टि गर्ने र जीवन दिने आत्मा हुनुहुन्छ। यदि उहाँले संसार छोड्नुभयो भने, सबै जीवन रोकिनेछ, र मानिस माटोमा फर्किनेछ। (अय्यूब ३३:४, अय्यूब ३४:१४-१५)।

नयाँ करारले पवित्र आत्माको कामको नयाँ पक्षलाई परिचय गराएको छ। बप्तिष्मा दिने यूहन्नाले भने कि येशुले मानिसहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ (मत्ती ३:११)। येशुले आफ्ना चेलाहरूलाई पेन्तिकोसमा भएको पवित्र आत्माको बप्तिस्माको पिताको प्रतिज्ञाको आशा गर्न भन्नुभयो (प्रेरित १:४-५, ८)।

येशुले सिकाउनुभएका कुराहरूको सम्झना गराउदै र तिनीहरूलाई सत्यमा डोर्याउदै, पवित्र आत्मा तिनीहरूसँग हुनुहुनेछ भनी येशुले चेलाहरूलाई प्रतिज्ञा गर्नुभयो (यूहन्ना १४:२६, यूहन्ना १६:१३)। येशुले भन्नुभयो कि पवित्र आत्मा अर्को सहायक हुनुहुनेछ (यूहन्ना १४:१६, २६; यूहन्ना १५:२६; यूहन्ना १६:७)। येशुले प्रयोग गर्नुभएको यो ग्रीक शब्दले हाम्रो साथमा हुने, हामीलाई प्रोत्साहन गर्ने र मद्दत गर्नेलाई जनाउँदछ। यसले एक प्रतिनिधिलाई पनि जनाउन सक्छ। पवित्र आत्माले येशुलाई प्रतिनिधित्व गर्नुहुन्छ र उहाँका शब्दहरूको सम्झना गराउनुहुन्छ।[14]

► पवित्र आत्माले गर्ने केही कुराहरू के हुन्?

संसारमा पवित्र आत्माको काम पूर्ण रूपमा व्याख्या गर्न सकिँदैन, तर यहाँ उहाँका केही गतिविधिहरूको सूची छ।

१. उहाँले पापको दोषी ठहराउनुहुन्छ (यूहन्ना १६:८; १ कोरिन्थी २:४; १ थेसलोनिकी १:५)। अन्यथा एक व्यक्तिले आफ्नो पश्चाताप र क्षमाको आवश्यकता महसुस गर्न असम्भव हुनेछ।

२. उहाँले पापमा मरेको व्यक्तिलाई जीवन दिएर पुनर्जीवित गर्नुहुन्छ (तीतस ३:५; एफिसी २:१; यूहन्ना ३:५)।

[14] त्यही शब्द १ यूहन्ना २:१ मा छ, जहाँ येशुलाई पिताको लागि हाम्रो प्रतिनिधि भनीएको छ।

३. उहाँले विश्वासीले मुक्ति पाएको छ भनी व्यक्तिगत निश्चयता दिनुहुन्छ (रोमी ८:१६)।

४. उहाँ हरेक विश्वा सीमा वा स गर्नु हुन्छ (हरेक मुक्ति पाएको व्यक्तिमा पवित्र आत्मा हुन्छ) (रोमी ८:९; १ कोरिन्थी ६:१९)।

५. उहाँले परमेश्वरको सत्यताको समझ दिनुहुन्छ (१ कोरिन्थी २:९-१०, १३-१४; २ कोरिन्थी ३:१४-१७; एफिसी ६:१७)।

६. उहाँले मानिसहरूलाई विशेष सेवाकाइमा बोलाउनुहुन्छ र सेवाकाइको निर्णयहरूमा मार्गदर्शन गर्नुहुन्छ (प्रेरित १३:२-४, प्रेरित १५:२८, प्रेरित १६:६-१०)।

७. उहाँले विश्वासीलाई पवित्र बनाउन, उसको हृदयलाई शुद्ध पार्नु हुन्छ (प्रेरित १५:८-९; १ पत्रुस १:२)।

८. उहाँले पापमाथि विजयी भएर बाँच्नको लागि शक्ति दिनुहुन्छ (रोमी ८:१, ५, १३; गलाती ५:१६)।

९. उहाँले विश्वासीको जीवनमा आत्मिक फल फलाउनु हुन्छ(गलाती ५:२२-२३)।

१०. उहाँले सेवाको लागि वरदानहरू दिनुहुन्छ (१ कोरिन्थी १२:४-१०, २८-३०; रोमी १२:६-८; १ पत्रुस ४:१०-११)।

११. उहाँले सेवाको लागि शक्तिको विशेष अभिषेक दिनुहुन्छ (प्रेरित १:८, प्रेरित १३:९; गलाती ३:५; १ पत्रुस १:१२)।

१२. उहाँले विश्वासीलाई परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्न मद्दत गर्नुहुन्छ (रोमी ८:२६-२७; एफिसी ६:१८)।

१३. उहाँले मण्डलीको एकता र सङ्गति सिर्जस्ृफना गर्नु हुन्छ (एफिसी ४:३; फिलिप्पी २:१)।

## केही सिद्धान्तहरू आत्माका उपहारहरू

*कक्षा अगुवाको लागि नोटः कक्षाको एक सदस्यले यो खण्डको व्याख्या गर्न सक्नुहुनेछ।*

१. आत्माले विभिन्न वरदानहरू, सञ्चालनहरू र प्रशासनहरू मार्फत काम गर्नुहुन्छ (१ कोरिन्थी १२:४-६)।

२. आत्मिक वरदानहरू परमेश्वरको इच्छा अनुसार बाँडिन्छन्, पवित्रता अनुसार होइन (१ कोरिन्थी १२:११, १ कोरिन्थी ४:७)।

३. प्रत्येक व्यक्तिमा आत्माद्वारा दिइएको केही क्षमता हुन्छ (१ कोरिन्थी १२:७)।

४. प्रत्येक विश्वासीबाट कुनै निश्चित उपहारको आशा गर्न सकिँदैन (१ कोरिन्थी १२:८-११, १४-३०)।

५. उपहारहरू सधैं परमेश्वरको महिमाको लागि अरूको सेवामा प्रयोग गरिनुपर्छ (१ कोरिन्थी १२:२१-२२, २५; १ पत्रुस ४:१०-११)।

## अन्य-भाषाको वरदान

सबै ख्रीष्टयानहरू अन्य-भाषाको वरदानको अभ्यासमा सहमत छैनन्। केही ख्रीष्टयानहरूले प्रत्येक विश्वासीले पवित्र आत्मा प्राप्त गर्दा अन्य-भाषाहरूमा बोल्नेछन् भनी विश्वास गर्छन्।

अन्य ख्रीष्टयानहरूले भाषाहरूको वरदान केही विश्वासीहरूलाई फरक भाषा बोल्ने मानिसहरूसँग सञ्चारको लागि दिइएको छ भनी विश्वास गर्छन्। तिनीहरूले यो विश्वास गर्छन् किनभने पेन्तिकोसका वक्ताहरूले थुप्रै भाषाहरू बोलेका थिए (प्रेरित २:६)। तिनीहरू विश्वास गर्छन् कि परमेश्वरले यो वरदान, र अरू कुनै आत्मिक वरदान, उहाँले रोज्नुभएकालाई दिनुहुन्छ (१ कोरिन्थी १२:४-११)। प्रत्येक विश्वासीसँग पवित्र आत्मा भएता पनि (रोमी ८:९) प्रत्येक विश्वासीसँग हुनु पर्ने एउटै वरदान छैन (१ कोरिन्थी १२:२९-३०), र त्यसकारण वरदानले विश्वासीका लागि केही प्रमाणित गर्दैन (१ कोरिन्थी १४:२२) भनी तिनीहरू विश्वास गर्छन् (रोमी ८:९)।

अन्य-भाषाहरूको वरदानको बारेमा विभिन्न विचारहरूले विश्वासीहरूलाई केही प्रकारका सेवाकाईमा सँगै काम गर्नबाट रोक्न सक्छ, तर विश्वासीहरूले यस विषयमा उनीहरूको विचारको लागि एकअर्कालाई न्याय गर्नु हुँदैन।

## पवित्र आत्मा विश्वासीसँग सम्बन्धमा हुनुहुन्छ

यदि तपाईं परमेश्वरसँग सम्बन्धमा हुनुहुन्छ भने, तपाईं पवित्र आत्मासँगको सम्बन्धमा हुनुहुन्छ। त्रिएक परमेश्वरको एक व्यक्तिलाई मात्र जान्न सम्भव छैन। (एफिसी २:१८; यूहन्ना ६:४४ पढ्नुहोस्)।

एक व्यक्तिले मुक्ति पाउन अघि पवित्र आत्माको सिद्धान्त बुझ्न आवश्यक छैन। चेलाहरूलाई आत्माको बारेमा धेरै थाहा थिएन, तर येशुले उनीहरूले आत्मालाई चिन्छन र उहाँ तिनीहरूसँग पहिले नै हुनुहुन्छ भनी बताउनुभयो। (यूहन्ना १४:१७ पढ्नुहोस्)।

पवित्र आत्माको बारेमा सही सिद्धान्त जान्नाले हामीलाई उहाँसँग सही तरिकाले सम्बन्ध राख्न मद्दत गर्छ र उहाँलाई हाम्रो जीवनमा अझ धेरै काम गर्न दिन्छ। उहाँ एक व्यक्ति हुनुहुन्छ भनेर थाह पाउनाले हामी उहाँसँग सम्बन्ध राख्न सक्छौं भनेर जान्न दिन्छ। हामी उहाँसँग कुरा गर्न सक्छौं, र उहाँले हामीसँग कुरा गर्नुहुनेछ। उहाँ सामान्यतया हामीसँग सुन्ने आवाजमा बोल्नुहुन्न, तर उहाँले हामीलाई परमेश्वरको इच्छा र परमेश्वरको प्रेम बुझ्न मद्दत गर्नुहुन्छ। यदि हामी साँच्चै परमेश्वरको इच्छा पूरा गर्न चाहन्छौं भने, हामीले सधैं महसुस नगरे तापनि पवित्र आत्माले हामीलाई मार्गदर्शन गर्नुहुनेछ।

उहाँ एक व्यक्ति हुनुहुन्छ भनेर थाहा पाउनुको अर्थ, हामीले उहाँ केवल एक शक्ति वा भावना हुनुहुन्छ झैं व्यवहार नगर्नु हो। जब हामी ईश्वरको आराधना गर्छौं, हामी उहाँ को हुनुहुन्छ र उहाँ कस्तो हुनुहुन्छ भन्ने बारेमा सोच्दै हुन्छौं, केवल अचेत भावनाको आनन्द लिएर बसेको मात्र हुदैंनौ। जब हामी प्रार्थना गर्छौं, हामी बुद्धिमानीपूर्वक

बोल्छौं र अन्य धर्मका मानिसहरूले जस्तै अवैयक्तिक, जादुई तरिकामा शब्दहरू प्रयोग गर्नुको सट्टा उहाँले हामीलाई के देखाउन सक्नुहुन्छ भनेर बुझ्ने प्रयास गर्छौं।

पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनी जान्दा, यसले हामीलाई आदरपूर्वक आराधना गर्ने मनोवृत्ति दिनुपर्छ। जब हामी प्रार्थना गर्छौं र उहाँको मार्गदर्शन महसुस गर्छौं, उहाँले हामीलाई प्रेम गर्नुहुन्छ, हामीलाई पूर्ण रूपमा चिन्नुहुन्छ, र हाम्रो भविष्य जान्नुहुन्छ भनि हामीले सम्झनु आवश्यक छ। उहाँ पूर्ण अख्तियार पनि हुनुहुन्छ, जसलाई हामीले मान्नुपर्छ।

उहाँ हामीसँग सदाको लागि हुनुहुन्छ। धर्मशास्त्रले भन्छ कि हामी आत्मामा बाँच्दछौं र आत्मामा हिँड्नुपर्छ (गलाती ५:२५)। हामीले उहाँको उपस्थितिमा भए झैं गरी हामीले हाम्रो जीवन बिताउनुपर्दछ, र मण्डलीमा आएर मात्र हामी उहाँको उपस्थितिमा आएका छौं भनी सोच्नु हुँदैन। उहाँ हामीसँग मात्र हुनुहुन्न, उहाँ हामीभित्रै हुनुहुन्छ। यसकारण हामीले शुद्ध र पवित्र जीवन जिउनुपर्छ। (१ कोरिन्थी ६:१९ पढ्नुहोस्)।

हामीले याद गर्नुपर्छ कि आत्माको सर्वोच्च प्राथमिकता हामीलाई पापमाथि विजय दिन र हाम्रो हृदय शुद्ध गर्न (रोमी ८:१३; गलाती ५:१६; प्रेरित १५:८-९)। यदि हामीले उहाँलाई उहाँको सर्वोच्च प्राथमिकता पूरा गर्न दिइरहेका छैनौं भने हामीले अन्य चीजहरूको लागि प्रार्थना गर्नु हुँदैन। हामीलाई पूर्णतया पवित्र बनाउन उहाँलाई विश्वास गर्दै हामीले विश्वासमा प्रार्थना गर्नुपर्छ। (१ थेसलोनिकी ५:२३ पढ्नुहोस्)।

जीवनको सङ्घर्षमा, उहाँले हामीलाई भित्री शक्ति दिनुहुन्छ (एफिसी ३:१६)। उहाँले हामीलाई बुझ्नुहुन्छ, उहाँले हाम्रा परिस्थितिहरू बुझ्नुहुन्छ, र उहाँले हामीलाई चाहिने कुराहरू दिन सक्नुहुन्छ।

सेवकाईमा, हामीलाई निर्देशन दिन, उहाँको वचनलाई शक्ति दिन र अरूको हृदयभित्र आत्मिक परिणामहरू हासिल गर्नको लागि हामीले उहाँमा भरोसा पर्नु पर्छ। यो हामी प्रेरितको पुस्तकमा देख्छौं। कुनै पनि मानवीय क्षमताले आत्माको कामको विकल्प लिन सक्दैन।

यदि तपाईं पहिले नै आत्माले भरिनुभएको छ भने, तपाईंले उहाँसँग सम्बन्ध राख्न बिर्सनु हुँदैन। आत्माले भरिनुको आज्ञा भनेको *निरन्तर* भरिनुको आज्ञा हो। (एफिसी ५:१८ पढ्नुहोस्) हामी निरन्तर भरिनु आवश्यक छ, र यो उहाँसँगको हाम्रो सम्बन्धबाट हुन्छ।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

**ख्रीष्टियान विश्वासहरूको वक्तव्य**

पवित्र आत्मा त्रिएकताको तेस्रो व्यक्ति हुनुहुन्छ, पिता र पुत्रसँग पूर्ण रूपमा ईश्वरीय हुनुहुन्छ। उहाँले पापको दोषी ठहराउनुहुन्छ, पुनरुत्थान गर्नुहुन्छ र हरेक विश्वासीमा पापमाथि विजय र हृदयको शुद्धीकरण दिँदै जीवन

बिताउनुहुन्छ। उहाँ मण्डलीलाई एकताबद्ध बनाउने जीवन हुनुहुन्छ, जसलाई उहाँले आत्माको फल र सेवाको लागि आत्मिक वरदानहरू दिनुहुन्छ।

## पवित्र आत्माको व्यक्तित्वको लागि बाइबलीय प्रमाण

*कक्षा अगुवाको लागि नोट: यो खण्ड ऐच्छिक हो र यदि कक्षा यस विषयका लागि थप बाइबलीय प्रमाणको आवश्यकता महसुस गर्छ भने यसलाई समावेश गर्न सकिन्छ।*

केही मानिसहरूले आत्माको व्यक्तित्वलाई अस्वीकार गर्छन् र उहाँ बिजुली वा गुरुत्वाकर्षण जस्तै अवैयक्तिक शक्ति हुनुहुन्छ भनी भन्छन्। यद्यपि, बाइबलले पवित्र आत्माको वर्णन गरेझैं अवैयक्तिक शक्तिलाई वर्णन गर्नु असम्भव छ। बिजुली बोल्दैन र तर्क गर्दैन; गुरुत्वाकर्षणलाई झुटो भन्न सकिदैन। बुद्धिहीन शक्तिले ईश्वरको इच्छा बुझ्न सक्दैन।

केही मानिसहरू भन्छन् कि यी धर्मशास्त्रहरू वास्तवमा अर्थ नराखि कुनै अमानविय कुराको बारेमा व्यक्ति झैँ बोल्ने, केवल मानवीकरण हुन्। यद्यपि, धर्मशास्त्रले व्यक्तिगत रूपमा आत्माको बारेमा बोल्दछ, र मानिसहरूले उहाँलाई व्यक्तिको रूपमा प्रतिक्रिया दिए। केही ठाउँमा, अलङ्कारिक रूपमा आत्मालाई एक पदार्थ भएझैं भनीएको छ, जस्तै जब बाइबलले आत्मा खन्याइनेछ भनि भन्दछ (प्रेरित २:१७)। बाइबलले सामान्यतया एक व्यक्तिको रूपमा आत्माको कुरा गरेको हुनाले तिनीहरूलाई अलङ्कारिक रूपमा लिनुपर्छ।

पवित्र आत्माको व्यक्तित्वको लागि बाइबलीय प्रमाण:

- मत्ती २८:१९ मा, हामीलाई पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा गर्न भनीएको छ, जसको अर्थ तीनै जनासँग अधिकार छ।
- २ कोरिन्थी १३:१४ ले पवित्र आत्माको सङ्गतिलाई उल्लेख गरेको छ, जसले बौद्धिक सञ्चारलाई जनाउँछ।
- मर्कूस १३:११ मा, विश्वासीहरूलाई सतावटको समयमा पवित्र आत्मा तिनीहरूद्वारा बोल्नुहुनेछ भनी प्रतिज्ञा गरिएको थियो।
- यूहन्ना १४:१७, २६ मा, पवित्र आत्मालाई सिकाउनुहुने र सम्झाउनुहुने सत्यको आत्मा भनिएको छ।
- यूहन्ना १६:७-११ मा, येशुले प्रतिज्ञा पवित्र आत्माले पाप, धार्मिकता र न्यायको संसारलाई दोषी ठहराउनुहुनेछ भनी गर्नुभयो, जसको लागि बौद्धिक सञ्चार आवश्यक छ।
- यूहन्ना १६:१३-१५ ले भन्छ कि पवित्र आत्माले आफ्नै अधिकारमा बोल्नुहुनेछैन, तर ख्रीष्टका कुराहरू घोषणा गर्नुहुनेछ।
- १ कोरिन्थी १२:११ अनुसार, पवित्र आत्माले आध्यात्मिक वरदानहरू कसरी दिने भन्ने छनौट गर्नुहुन्छ।

- हामी परमेश्वरका सन्तान हौं भनेर उहाँले हाम्रा आत्माहरूसँग गवाही दिनुहुन्छ (रोमी ८:१६)।
- उहाँले हाम्रो लागि बुबासँग मध्यस्थता गर्नुहुन्छ र उहाँसँग परमेश्वरको इच्छा बुझ्न सक्ने दिमाग छ (रोमी ८:२६-२७)।
- एफिसी ४:३० अनुसार, उहाँलाई दुःखित तुल्याउन सकिन्छ, जसको मतलब उहाँले उहाँप्रतिको हाम्रो प्रतिक्रिया बुझ्नुहुन्छ र उहाँसँग भावनाहरू छन्।
- उहाँलाई झूट बोल्न सकिन्छ, जसको मतलब उहाँले संचार बुझ्नुहुन्छ (प्रेरित ५:३)।
- उहाँ बोल्नुहुन्छ, निर्देशन दिनुहुन्छ, र उहाँको इच्छा छ जुन मानिसहरूले पालना गर्नुपर्छ (प्रेरित १३:२-४)।
- उहाँले प्रेरितहरूलाई तिनीहरूको मिसनरी यात्राहरूमा निर्देशन दिनुभयो र कहिलेकाहीँ तिनीहरूलाई कुनै ठाउँमा नजान भन्नुभयो (प्रेरित १६:६)।

## पाठ १० क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- प्रेरित १:४-८
- रोमी ८:१-१४
- १ कोरिन्थी २:९-१६
- १ कोरिन्थी १२:१-१३
- गलाति ५:२२-२६

(२) परीक्षा: तपाईंले पाठ १० माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ १० परीक्षा

(१) पवित्र आत्माप्रति प्रारम्भिक मण्डलीको प्रतिक्रियाका तीनवटा विशेषताहरू सूचीबद्ध गर्नुहोस्।

(२) पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ भनेर हामीले कसरी थाहा पाउन सक्छौं?

(३) पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनेर हामीले थाहा पाउने पाँचवटा तरिकाहरू सूचीबद्ध गर्नुहोस्।

(४) पवित्र आत्माका नौ कार्यहरू सूचीबद्ध गर्नुहोस्।

(५) हाम्रो जीवनमा उहाँको कामको लागि पवित्र आत्माको सर्वोच्च प्राथमिकता के हो?

# पाठ ११

# ख्रीष्टियान पवित्रता

## पाठका उद्देश्यहरू

(१) विद्यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- *पवित्र* शब्दको बाइबलीय प्रयोग।
- ख्रीष्टियान पवित्रताको आधारको रूपमा परमेश्वरको पवित्रता।
- आराधना र परमेश्वरसँग सम्बन्धको लागि पवित्रताको महत्व।
- पवित्रीकरणको अनुभवहरूको बाइबलीय उदाहरणहरू।
- आत्मिक परिपक्वताको लागि अभ्यासहरू।
- ख्रीष्टियान पवित्रताको ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) वर्तमान संसारमा परमेश्वरको कृपाले पवित्र बनाउने विषयमा विद्यार्थीलाई विश्वास हुनेछ।

## बाइबलीय शब्द

पुरानो करारमा *पवित्रता* वा *पवित्रीकरण* अनुवाद गरिएको हिब्रू शब्द ६०० भन्दा बढी पटक पाइन्छ। *पवित्र* को लागि हिब्रू र ग्रीक शब्दहरूको मूल अर्थ हो, संसारबाट अलग हुनु, एक उद्देश्यमा समर्पित हुनु।। नयाँ विशिष्ट उद्देश्यको लागि केही पवित्रता पहिलेको प्रयोगबाट अलग गरिएको छ। पुरानो करारमा समर्पित र पवित्र मानिने धेरै कुराहरू नोट गर्नुहोस्:

- पवित्र मैदान। परमेश्वरले मोशासँग भेट गर्ने ठाउँको रूपमा जमिन छुट्याउनुभयो (प्रस्थान ३:५)।

- पवित्र सामदान र मन्दिर। धेरै पवित्र चीजहरू सामदान र मन्दिरसँग सम्बन्धित थिए, जसमा पूजाहारीका लुगाहरू (लेवी १६:३२), रोटी (प्रस्थान २९:३४), र फर्नीचर थिए (प्रस्थान ४०:९)। यी परमेश्वरको आराधनाको लागि अलग गरिएको थियो।

- पवित्र दिनहरू। शबाथको दिनलाई पवित्र रूपमा अलग गरिएको थियो (उत्पत्ति २:३; प्रस्थान २०:८)। प्रायश्चितको दिन जस्तै अन्य यहूदी बिदाहरू पनि विशेष थिए (लेवी २३:२६-२९)। यी दिनहरू विश्राम र प्रतिबिम्ब र आराधनाको लागि छुट्याइएको थियो।

- पवित्र परमेश्वर। बाइबलमा पवित्रताको सबैभन्दा ठूलो उदाहरण परमेश्वर स्वयम् हुनुहुन्छ। परमेश्वरको बारेमा सबै पवित्र छन्। उहाँको नाम पवित्र छ (लेवि २२:२); उहाँका वचनहरू पवित्र छन् (यर्मिया २३:९); उहाँका मार्गहरू पवित्र छन् (भजन ७७:१३)। परमेश्वर आफ्नो ईश्वरीय व्यक्तित्व र स्थानको हकमा कुनै पनि पापी, अशुद्ध, सामान्य, साधारण वा अनुपयुक्तबाट पूर्णरूपमा अलग हुनुहुन्छ।

नयाँ करारमा येशुलाई पवित्र र पापरहित भनेर उल्लेख गरिएको छ (यूहन्ना १७:१९; प्रेरित ४:२७, ३०) (२ कोरिन्थी ५:२१)। स्वर्गदूतहरू (मार्कूस ८:३८) र प्रेरितहरू र अगमवक्ताहरू (एफिसी ३:५) पवित्र भएको रूपमा वर्णन गरिएको छ। यी सबै एक विशेष उद्देश्यको लागि अलग गरिएका थिए।

बाइबलले परमेश्वरका मानिसहरूलाई पवित्र हुन बोलाउँछ (लेवी ११:४४-४५; १ कोरिन्थी १:२; १ पत्रुस १:१५-१६)। यस पाठले परमेश्वरले हामीबाट अपेक्षा गर्नुभएको पवित्रताको व्याख्या गर्नेछ।

## परमेश्वरका पवित्र आराधकहरू

► एकसाथ सबैले भजनसंग्रह ११९:३३-४० पढ्नुहोस्। परमेश्वरले विश्वासीलाई कसरी परिवर्तन गर्नुहुन्छ भन्ने बारे यस खण्डले हामीलाई के बताउँछ?

जब परमेश्वरले आफैलाई प्रकट गर्न थाल्नुभयो, उहाँको पहिलो उद्देश्य उहाँ कस्तो प्रकारको परमेश्वर हुनुहुन्छ भनेर देखाउनु थियो। परमेश्वरले आफूलाई मुख्य रूपमा पवित्र रूपमा वर्णन गर्नुभयो। यशैयाले प्रायः परमेश्वरलाई "इस्राएलका पवित्र जन" भनेर उल्लेख गरे।

परमेश्वरको पवित्रता आराधनाको विषय थियो:

> तिनीहरूले तपाईंको महान् र भय मान्नुपर्ने नाउँको प्रशंसा गरून्-उहाँ पवित्र हुनुहुन्छ। परमप्रभु हाम्रा परमेश्वरको नाउँ उच्च पार, र उहाँको पाउदानमा आराधना गर, उहाँ पवित्र हुनुहुन्छ। (भजनसंग्रह ९९:३, ५)।

परमेश्वरको पवित्रता मानिसको लागि उहाँको आवश्यकताको आधार हो। किनभने उहाँ पवित्र हुनुहुन्छ, उहाँले आफ्ना आराधकहरूलाई पवित्र हुन बोलाउनुहुन्छ। उहाँले भन्नुभयो, "पवित्र हो, किनकि म पवित्र छु" (लेवी ११:४४-४५, लेवी १९:२, लेवी २०:२६, लेवी २१:८)।

इस्राएलका परमेश्वर अन्यजातिहरूका झूटा देवताहरूभन्दा फरक हुनुहुन्थ्यो र फरक प्रकारको आराधना आवश्यक थियो।

> परमप्रभुको डाँड़ामा को उक्लन सक्ला? र उहाँको पवित्रस्थानमा को खड़ा हुन सक्छ? त्यही नै, जसको हात निर्दोष छ, र जसको हृदय निर्मल छ, जसले आफ्नो मनलाई मूर्तितिर लगाएको छैन, र जसले झूटो कुरामाथि शपथ खाँदैन। (भजनसंग्रह २४:३-४)।

यहाँ प्रश्न उठ्छ, "परमेश्वरले कसको आराधना स्वीकार गर्नुहुन्छ?" सबैलाई परमेश्वरको आराधकको रूपमा स्वीकार गरिएको छैन। परमेश्वरका आराधकहरू पवित्र हुनुपर्छ।

परमेश्वरले अपेक्षा गर्नुभएको पवित्रता औपचारिक वा बहाना मात्र होइन; यो वास्तविक पवित्रता हो। नयाँ करारमा परमेश्वरका आराधकहरूको लागि पवित्रताको स्तर दोहोऱ्याइएको छ:

> तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, किनभने यो लेखिएको छ, "तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु।" (१ पत्रुस १:१५-१६)।

*आचरणले* व्यवहार र व्यक्तिको सम्पूर्ण जीवनशैलीलाई जनाउँछ। उहाँका आराधकहरू औपचारिक रूपमा मात्र पवित्रभएको वा तिनीहरू वास्तवमा पवित्र नभएको बेलामा पवित्र भनिएको परमेश्वरले चाहनुहुन्न। उहाँ आफ्ना आराधकहरूले पवित्र जीवन बिताएको आशा गर्नुहुन्छ।

► आराधनासँग पवित्रता जोडिएको केही कारणहरू के के हुन्?

आराधना गर्न पवित्रता महत्त्वपूर्ण छ किनभने

१. **हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँ जस्तै बन्न चाहन्छौं।** परमेश्वरको आराधना गर्नु भनेको उहाँ सबैभन्दा अद्भुत प्राणीको अस्तित्वमा हुनुहुन्छ भनी देख्नु र उहाँ जस्तो हुनुहुन्छ उहाँलाई आराधना गर्नु हो। आराधना गर्नु भनेको उहाँको स्वभावको गुणको कदर गर्नु हो। परमेश्वरको प्रकृति अनिवार्य रूपमा पवित्र छ, त्यसैले यदि हामीले परमेश्वरको प्रकृतिलाई साँच्चै मनपराउँछौं भने, यद्यपि हामीले पाप र अशुद्धतालाई आफैंमा देख्यौं भनेपनि हामीले यसलाई घृणा गर्नेछौं।

२. **हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँलाई खुशी पार्न चाहन्छौं।** आराधना वास्तवमा के हो भनी हामीले बुझ्यौं भने परमेश्वरको आवश्यकताले हामीलाई अचम्मित बनाउन सक्दैन। हामी डरले उहाँको आराधना गर्दैनौं। उहाँले हामीलाई आशीर्वाद दिनुभएकोले मात्र उहाँको आराधना गर्दैनौं। हामीले उहाँलाई प्रेम गरेकाले हामी उहाँलाई आराधना गर्छौं।

### रूपान्तरणमा पवित्रीकरण

बाइबलले प्रत्येक विश्वासीको जीवनमा के भएको छ भनेर बुझाउन *पवित्रीकरण* शब्द प्रयोग गर्दछ। पावलले लेखे " कोरिन्थमा भएका परमेश्वरको मण्डलीलाई, **जो ख्रीष्ट येशूमा पवित्र भएको छ** र सन्त हुनका लागि बोलाइएका छन्," (१ कोरिन्थी १:२)। पावलले लेखे, "तिमीहरू कोही यस्तै थियौ, **तर तिमीहरू धोइयौ,** पवित्र पारियौ, प्रभु येशु ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ" (१ कोरिन्थी ६:११)। कोरिन्थीहरू पहिले नै पवित्र भइसकेका थिए यद्यपि तिनीहरू आत्मिक परिपक्वतामा पुगेका थिएनन् र अझै पनि ख्रीष्टमा दुधे बालकका रूपमा सांसारिक मानिसहरू थिए (१ कोरिन्थी ३:१)।

*पवित्रीकरण* शब्द, यी कोरिन्थीहरूलाई सन्दर्भ गर्दा, यसको सबैभन्दा सामान्य अर्थमा प्रयोग भइरहेको छ। कोरिन्थीहरू पाप र संसारबाट अलग गरिएका थिए र परमेश्वरसामु छुट्टाइएका थिए। तिनीहरू पक्कै पनि पवित्रीकरणमा परिपक्व थिएनन्, तर तिनीहरू पुरानो जीवनबाट अलग थिए र अब परमेश्वरको परिवारको हिस्सा भएका थिए।

जब हामी पहिलो पटक परमेश्वरसँग भेट्छौं, पाप, उहाँसँगको हाम्रो सम्बन्धमा बाधा हो। त्यसकारण हामीले पश्चात्ताप नगरेसम्म, क्षमा नगरेसम्म र नयाँ हृदय नदिइएसम्म परमेश्वरसँगको हाम्रो सम्बन्ध सुरु हुन सक्दैन।

"एक बूढो हिन्दू मानिसले एमी कारमाइकललाई सोधे, 'हामीले धेरै प्रचार सुनेका छौं,
के तपाईं हामीलाई जीवन देखाउन सक्नुहुन्छ
आफ्नो प्रभु येशुको?'"

एकै समयमा जब हामी परमेश्वरसँग मेलमिलापमा छौं, हामी परिवर्तन भएका छौं (तीतस ३:५)। आध्यात्मिक रूपमा, हामी नयाँ प्राणीहरू बनेका छौं। हामी पापको शक्तिबाट छुटकारा पाएका छौं, र हामी परमेश्वरलाई खुशी पार्न चाहन्छौं। ख्रीष्टियान पवित्रता तब सुरु हुन्छ जब एक व्यक्ति बचाइन्छ।

बाइबलले हामीलाई सिकाउँछ कि मुक्तिले तुरुन्तै पवित्र जीवनतर्फ लैजान्छ। मुक्ति ल्याउने परमेश्वरको अनुग्रहले हामीलाई वर्तमान युगमा आत्म-नियन्त्रित, ईमानदार र ईश्वरीय जीवन जिउन सिकाउँछ (तीतस २:११-१२)। मुक्तिको उद्देश्य भनेको हामीलाई पापबाट मुक्त गर्नु र हामीलाई पवित्र बनाउनु हो, ताकि हामी परमेश्वरसँगको सम्बन्धमा बाँच्न सकौं (लूका १:७४-७५, रोमी ६:२, ११-१६)।

## पवित्रीकरणमा बढ्नु

जब हामी परमेश्वरसँगको सम्बन्धमा बाँचिरहेका छौं, हामी उहाँको सत्यतालाई अझ बढी बुझ्दै पवित्रतामा बढ्दै जान्छौं। ज्योतिमा हिंड्नु भनेको परमेश्वरको आज्ञा पालन गरिरहनु हो जसरी हामीले उहाँको सत्यताको बारेमा अझ धेरै सिक्न सक्छौं (१ यूहन्ना १:७)। उहाँलाई कुन कुराले खुसी तुल्याउँछ र कुन कुराले असन्तुष्ट गर्छ भनेर हामीले राम्ररी बुझ्दा उहाँको सत्यता र पवित्र आत्माको शक्तिद्वारा हामी परिवर्तन हुन्छौं।

परमेश्वरलाई प्रेम गर्ने व्यक्ति पूर्णतया पवित्र हुन चाहन्छ। उसले आफ्नो कार्य मात्र परिवर्तन गर्न चाहँदैन। उ आफ्नो मनसाय पूर्णतया शुद्ध भएको चाहान्छ। दाऊदले प्रार्थना गरे कि उनी पापमाथि पूर्ण विजयमा बाँच्न सक्षम हुनेछन्, त्यसपछि प्रार्थना गरे कि उनको वचन र उनको हृदयको ध्यानले पनि परमेश्वरलाई प्रसन्न तुल्याउँछ। (भजनसंग्रह १९:१२-१४ भजनसंग्रह ११९:७, ३४, ३६, ६९, ८०, र ११२ पनि हेर्नुहोस्)।

आत्मिक परिपक्वताको सम्पूर्ण प्रक्रियालाई पवित्रीकरण भनिन्छ। पवित्रीकरण पाप र संसारबाट बढ्दो रूपमा अलग हुने, र बढ्दो रूपमा परमेश्वरमा समर्पित हुने जीवनभरको प्रक्रिया हो। यो संसारको ढाँचा अनुरूप नहिँड्न पावलको चेतावनी र "आफ्नो मनको नवीकरणद्वारा [निरन्तर] रूपान्तरित हुनुहोस्" (रोमी १२:२) को सल्लाहबाट चित्रण गरिएको छ। संसारबाट अलग हुनु र हृदयको रूपान्तरण ख्रीष्टियानको जीवनमा एक निश्चित समयमा पूरा हुने

अनुभवहरू होइनन्। जब विश्वासी प्रभुसँग हिंड्छ उसले निरन्तर विकास र बृद्धिको अनुभव गर्दछ। यी सबै *पवित्रीकरण* शब्दमा समावेश छन्।

## वंशानुगत भ्रष्टता र पवित्रीकरण

***वंशानुगत भ्रष्टता*** मानिसको नैतिक स्वभावको भ्रष्टताले उसलाई जन्मदेखि नै पापतिर झुकाउँछ। धर्मशास्त्रीहरूले कहिलेकाहीं यसलाई "मूल पाप" भन्ने गर्छन् किनभने यो हाम्रो प्रकृतिको पापपूर्णता हो जुन हामी आदमको पापको कारणले जन्मेका छौं।

प्रत्येक व्यक्ति आत्म-केन्द्रित र पापतिर झुकेको संसारसँग जन्मिएको छ। परमेश्वरले हामीलाई इच्छा र शक्ति दिनुभएन भने हाम्रा इच्छाहरू सही छनौट गर्न स्वतन्त्र छैनन् (रोमी ६:१६-१७)। वंशानुगत भ्रष्टताले घमण्ड, ईर्ष्या, घृणा र क्षमाशीलता जस्ता भित्री पापहरूलाई उत्प्रेरित गर्छ। यसले पापका कार्यहरूलाई पनि उत्प्रेरित गर्छ।

► एक व्यक्तिले मुक्ति पाएपछि, के उसले अझै पनि वंशानुगत भ्रष्टतामा हुन्छ?

मुक्ति पाएको व्यक्ति अब वंशानुगत भ्रष्टताको नियन्त्रणमा हुँदैन। यदि उसले अझै पनि यसलाई नियन्त्रण गरेको भए, ऊ पापमा बाँचिरहेको हुनेछ र मुक्ति पाउनेछैन। बाइबलले हामीलाई बताउँछ कि शारीरिक मनद्वारा नियन्त्रित व्यक्तिलाई निन्दा गरिन्छ (रोमी ८:६-८, १३)। मुक्ति पाएको व्यक्ति वंशानुगत भ्रष्टताको नियन्त्रणमा छैन र पवित्र आत्माको शक्तिद्वारा पापमाथि विजयी भएर बाँच्न सक्छ (रोमी ८:१, ९, १३)।

यद्यपि, जबसम्म कुनै व्यक्ति शुद्ध हुँदैन, मुक्ति पाएको व्यक्तिमा अझै पनि उसमा वंशानुगत भ्रष्टताको प्रभाव रहन्छ। पावलले कोरिन्थीका विश्वासीहरूलाई भने कि तिनीहरू अझै पनि शारीरिक छन् र तिनीहरूले मुक्ति पाएको भए तापनि संसारका मानिसहरू जस्तै मनोवृत्ति थिए। (१ कोरिन्थी ३:१-३ पढ्नुहोस्) नयाँ ख्रीष्टियनको लागि त्यस्तो अवस्थामा हुनु सामान्य कुरा हो भनी पनि उहाँले संकेत गर्नुभयो। उहाँले भन्नुभयो कि संसारिक हुनु भनेको ख्रीष्टमा बालक जस्तै हुनु हो।

यस अवस्थामा एक विश्वासीले परमेश्वरलाई प्रेम गर्दछ, तर आफ्नो सम्पूर्ण हृदय, आत्मा, मन र शक्तिले परमेश्वरलाई प्रेम गर्न सक्दैन (मत्ती २२:३७)। उहाँ पावलले जस्तै भन्न सक्नुहुन्न कि उहाँसँग परमेश्वरको बोलावट पछ्याउने एउटै उद्देश्य छ (फिलिप्पी ३:१३-१५)। उसलाई थाहा छ कि उसको हृदयको केही विचारहरू परमेश्वरलाई स्वीकार्य छैन (भजनसंग्रह १९:१४)।

"पवित्रीकरण मेरो लागि परमेश्वरले के गरून् भन्ने मेरो विचार होइन; पवित्रीकरण भनेको उहाँ मेरो लागि के गर्न चाहनुहुन्छ भन्ने परमेश्वरको विचार हो, र उहाँले मलाई मन र आत्माको मनोवृत्तिमा ल्याउनु पर्छ जहाँ कुनै पनि मूल्यमा म उहाँलाई पूर्ण रूपमा पवित्र गर्न दिनेछु।"
ओस्वाल्ड च्याम्बर्स

परमेश्वरले हामीलाई यो अवस्थामा छोड्नु हुन्न। पुरातन समयमा पनि परमेश्वरले इस्राएललाई प्रतिज्ञा गर्नुभएको थियो कि उहाँले अनुग्रहको काम गर्नुहुनेछ जसले तिनीहरूलाई आफ्नो सम्पूर्ण हृदयले उहाँलाई प्रेम गर्न सक्षम बनाउनेछ। (व्यवस्था ३०:६ पढ्नुहोस्)।

दाऊदले अनुग्रहको लागि प्रार्थना गरे जुन क्षमाभन्दा बाहिर थियो। उनी पापमा फसेको थियो र उनको हृदयमा समस्याको कारणले यस्तो भएको महसुस भयो। उनलाई थाहा थियो कि पाप उनको स्वभावमा थियो, तर उनले विश्वास गरे कि परमेश्वरमा उनलाई पूर्णतया पवित्र हुनु आवश्यक थियो। उनले पूर्ण शुद्धताको लागि प्रार्थना गरे। (भजनसंग्रह ५१:५-१० पढ्नुहोस्)।

"हामी वरपरको संसारको सम्बन्धमा मण्डलीको दोहोरो जिम्मेवारी छ। एकातिर हामीले संसारमा बाँच्ने, सेवा गर्ने र साक्षी दिने हो। अर्कोतर्फ हामी संसारबाट दूषित हुनबाट जोगिनै पर्छ। त्यसैले हामीले न त संसारबाट भागेर आफ्नो पवित्रता जोगाउन खोज्ने हो न त संसारलाई अनुकूल बनाएर आफ्नो पवित्रताको त्याग गर्ने हो।"
जोन स्टोट

नयाँ करारमा विश्वास गर्नेहरूलाई परिवर्तन पछि अर्को विशेष घटनामा बोलाइयो। थेसलोनिकी विश्वासीहरू विश्वासीहरूको अद्भुत उदाहरण थिए जसले सुसमाचारलाई स्वीकार गरेका थिए, मूर्तिहरूबाट फर्केका थिए, सतावट सहेका थिए, पवित्र आत्मामा आनन्दित थिए र येशुको पुनरागमनको लागि पर्खिरहेका थिए (१ थेसलोनिकी १:६-१०)। तैपनि तिनीहरूको विश्वासमा केही कमी थियो। यो कुनै लामो प्रक्रियामा वा मृत्युमा प्रदान गरिने कुरा थिएन, किनभने पावलले भने कि यो उहाँको भ्रमणको बेला हुन सक्छ। (१ थेसलोनिकी ३:१० पढ्नुहोस्) उहाँले प्रार्थना गर्नुभयो:

> शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशु ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्। तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ। (१ थेसलोनिकी ५:२३-२४)।

पावलले प्रार्थना गरे कि यी विश्वासीहरू पूर्ण रूपमा पवित्र भएर। प्रभु फर्कनुहुँदा परिणाम यो हुनेछ कि विश्वासीहरू शरीर, प्राण र आत्मामा निर्दोष हुनेछन्।

पेन्तिकोसमा येशुका चेलाहरूले अनुग्रहको विशेष कार्य अनुभव गरे। हामी जान्दछौं कि तिनीहरू त्यो समयभन्दा पहिले नै मुक्ति पाएका थिए, किनकि येशुले भन्नुभयो कि तिनीहरू संसारका होइनन्, तिनीहरू उहाँ र पिताका हुन्, र तिनीहरूको नाम स्वर्गमा लेखिएको थियो (यूहन्ना १५:३, यूहन्ना १७:१४, ९-१०; लूका १०:२०)। तर तिनीहरू आत्म-केन्द्रित थिए र तिनीहरूसँग परमेश्वरको प्राथमिकताहरू थिएनन्। बारम्बार येशुले तिनीहरूलाई तिनीहरूको पापी मनोवृत्तिको लागि सच्याउनुभयो। (मर्कूस ९:३३-३४; मर्कूस १०:३५-४१; लूका ९:५४-५५ पढ्नुहोस्)।

येशुको पुनरुत्थानपछि, उहाँ स्वर्गमा फर्कनुभन्दा ठीक अघि, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो कि तिनीहरू संसारमा उहाँको साक्षी हुनेछन्। तर उहाँले तिनीहरूलाई भन्नुभयो कि तिनीहरूले पहिले पवित्र आत्माले बप्तिस्मा लिनुपर्छ। (लूका २४:४९; यूहन्ना २०:२२; प्रेरित १:२-५, ८ पढ्नुहोस्)। उहाँले तिनीहरूलाई पवित्र आत्माको कामको बारेमा धेरै कुरा बताइसक्नुभएको थियो, विशेष गरी यूहन्ना १४-१६ मा।

पेन्तिकोसको दिनमा चेलाहरू पवित्र आत्माले भरिएका थिए (प्रेरित २:४)। यसले उनीहरूको प्रेरणा, प्राथमिकता र कार्यहरू परिवर्तन गर्‍यो। नयाँ करारका बाँकी घटनाहरूमा, चेलाहरूले ख्रीष्टको जस्तो मनोवृत्ति र प्राथमिकताहरू प्रदर्शन गरे, यद्यपि तिनीहरूसँग अझै पनि गलत बझाई र गल्तीहरू थिए। पत्रुस र यूहन्नाले लेखेका पत्रहरूले ख्रीष्टको सन्देश र हृदयलाई प्रतिबिम्बित गर्दछ। पवित्र आत्माको प्रशस्तताले उनीहरूलाई आफ्ना सारा हृदय, प्राण, दिमाग र शक्तिले प्रभु आफ्ना परमेश्वरलाई प्रेम गर्न र आफ्ना छिमेकीहरूलाई आफूलाई जस्तै प्रेम गर्न सक्षम बनायो (मत्ती २२:३७-३९)। किनभने तिनीहरू पूर्णतया पवित्र आत्मामा समर्पित भएका थिए, उहाँ तिनीहरूद्वारा जिउनुभयो, जसरी उहाँ ख्रीष्टद्वारा जिउनुभएको थियो (लूका ४:१, १४, १८; प्रेरित २:२२)।

केही ख्रष्टियान शिक्षकहरूले पवित्रीकरणको प्रक्रियामा ध्यान केन्द्रित गर्छन्, र अरूले सङ्कटको घटनामा ध्यान केन्द्रित गर्छन्। पेन्तिकोसको अनुभव र पवित्र आत्माको बप्तिस्मा मानिसहरूले पवित्रीकरणको विशेष घटनाको अनुभव गर्ने उदाहरण हो। तथ्य यो हो कि केही कुरा बारम्बार पूर्ण वा अनुभव गर्न सकिन्छ भने यो सङ्केत गर्दछ कि यो कुरा कुनै समयको एक बिन्दुमा गरिन्छ। यो महत्त्वपूर्ण छ कि, विश्वास र पूर्ण आत्मसमर्पणको एक क्षणमा पनि हामीले सुसमाचारले के गर्न सक्छ भनेर सीमित नगरौं (रोमी १२:१-२)। येशुले आफ्नो मृत्यु र पुनरुत्थान मार्फत उपलब्ध गराउनुभएको सबै कुराहरू तिनीहरू सबैलाई उपलब्ध छन् जसले:

१. येशुसँग आफूहरू पनि पापको लेखी मरेको ठान्छन् (रोमी ६:११)
२. शरीरमा पापलाई राज्य गर्न दिँदैनन् (रोमी ६:१२)
३. आफ्ना शरीरलाई धार्मिकताको साधनको रूपमा प्रस्तुत गर्छन् (रोमी ६:१३)

इतिहासभरि, महान् ख्रष्टियानहरू जोन बुन्यान, हडसन टेलर, ड्वाइट एल. मूडी, सैमी मोरिस, ओसवाल्ड चेम्बर्स, फ्रान्सिस रिडले ह्याभरगल, र एमी कारमाइकल जस्ता पुरुष र महिलाहरू सहित, आत्माले भरिएको जीवन र परमेश्वरसँगको गहिरो सम्बन्धमा प्रवेश गर्ने क्षणहरूको गवाही दिएका छन्।[15]

यद्यपि यो महत्त्वपूर्ण छ कि हामीले एक क्षणमा परमेश्वरले गर्न सक्ने कुरालाई सीमित गर्नुहुदैँन, यो पनि महत्त्वपूर्ण छ कि हामीले पवित्रीकरणको प्रक्रियामा पवित्र आत्माको कामलाई बिर्सनु हुँदैन। यद्यपि यस प्रकारको पवित्रीकरणलाई कहिलेकाहीँ पूर्ण रूपमा वर्णन गरिएको छ, यो स्तरले त्यहाँ थप विकास हुन सक्दैन भन्ने सङ्केत गर्दैन। उदाहरणका

---

[15] तपाईंले Shepherds Global Classroom को 'पवित्र जीवनको धर्मसिद्धान्त र अभ्यास' पाठ्यक्रममा यी धेरै कथाहरू पढ्न सक्नुहुन्छ।

लागि, फ्रेन्च बोल्न सिकेको मतलब यो होइन कि कसैले अझ राम्रो फ्रेन्च बोल्न सिक्न जारी राख्न सक्दैन। बारम्बार पवित्र भएकाहरू एक विन्दुमा आएका छन् जब उनीहरूले पवित्रताको अनुभव गरे जुन उनीहरूले पहिले अनुभव गरेका थिएनन्। यद्यपि, यो पूर्णताको पूर्ण अवस्था होइन। यो पवित्रताको जीवन हो जहाँ विश्वासीले निरन्तर विकास गरिरहन्छ।

## पवित्रता र ख्रीष्टयान परिपक्वता

बाइबलले परिपक्व विश्वासीको जीवनको वर्णन गर्दछ। पवित्र आत्माले विश्वासीको जीवनमा ख्रष्टियान गुणहरू विकास गर्न काम गर्नुहुन्छ। आत्माको काममा शुद्धीकरण वा अभिषेकका विशेष क्षणहरू र क्रमिक प्रक्रियाहरू पनि समावेश हुन्छन्। एक विश्वासी परिपक्व विश्वासीको बाइबलीय विवरणसँग मेल नखाने आध्यात्मिक जीवनबाट सन्तुष्ट हुनु हुँदैन।

हिब्रूहरूका लेखकले भने कि उनका केही पाठकहरू अझै पनि बालकहरू जस्तै छन् (हिब्रू ५:१२)। उहाँले तिनीहरूलाई ख्रीष्टको प्राथमिक सिद्धान्त छोडेर **परिपक्वता**मा जान आग्रह गर्नुभयो (हिब्रू ६:१)।

विश्वासीहरूका लागि प्रेरितहरूको प्रार्थनाले हाम्रो लागि परमेश्वरको इच्छा देखाउँछ।

### प्रेम

पावलले प्रार्थना गरे, " प्रभुले तिमीहरूलाई एकले-अर्कासँग र सबै मानिससँग **प्रेममा बढ्ने र प्रशस्त भइरहने** तुल्याऊन्..." (१ थेसलोनिकी ३:१२-१३)। उनले एफिसीहरूका लागि पनि प्रार्थना गरे:

> र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ। एफिसी ३:१७-१९।

पावलले प्रार्थना गरिरहेका थिए कि यी विश्वासीहरू प्रेममा वृद्धि र प्रशस्त हुनेछन्। १ कोरिन्थी १३ मा, पावलले एक परिपक्व विश्वासीमा त्यो प्रेम कस्तो हुनुपर्छ भनेर वर्णन गर्नुभयो। पवित्रताको जीवन भनेको केवल आफ्नो सारा हृदय, प्राण, मन र शक्तिले परमेश्वरलाई प्रेम गर्नु र आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु हो (लूका १०:२७)। यो त्यस्तो प्रकारको सम्बन्ध हो जुन पवित्र मानिसहरूको परमेश्वर र तिनीहरूका सँगी मानवहरूसँग हुन्छ।

### निर्दोषता

पावलले थिसलोनिकीहरूका लागि प्रार्थना गरे, कि परमेश्वरले तिनीहरूको हृदयको **पवित्रतामा निर्दोष** स्थापित गरून् (१ थेसलोनिकी ३:१२-१३)। दुई अध्यायपछि, उहाँ प्रार्थना गर्नुहुन्छ कि तिनीहरू यति पवित्र हुनेछन् कि तिनीहरूको सम्पूर्ण प्राण र आत्मा र शरीरलाई प्रभु येशु ख्रीष्टको आगमनमा **दोषरहित** राखिनेछ (१ थेसलोनिकी ५:२३)।

*दोषरहितता* को अर्थ हरेक तरिकामा पूर्णता होइन। एक निर्दोष व्यक्तिले गल्ती गर्छ तर उसमा हुनुपर्ने उसको चरित्र र व्यवहार उसमा हुन्छ।

### भित्री शक्ति

पावलले एफिससका विश्‍वासीहरूलाई तिनीहरूको भित्री अस्तित्वमा उहाँको आत्माद्‌वारा **शक्तिद्‌वारा बलियो** हुने प्रार्थना गरे (एफिसी ३:१५-१६)। विश्‍वासमा बढ्दै जाँदा भित्री चरित्र बलियो हुन्छ। भित्री शक्ति भनेको सही छनौट गर्ने र गलत निर्णयहरूलाई अस्वीकार गर्ने क्षमता हो।

### हामीमा ख्रीष्टकव निवास

पावलले **ख्रीष्ट तिनीहरूको हृदयमा वास गरून्** भनी प्रार्थना गर्दै एफिसीको प्रार्थना जारी राखे (एफिसी ३:१७)। यस खण्डमा "वास" अनुवाद गरिएको शब्दको अर्थ अस्थायी रूपमा कतै बस्नु मात्र नभई स्थायी रूपमा बस्नु हो। यो शब्दको चित्रले सङ्केत गर्दछ कि येशु हामीसँग भेट्न मात्र होइन हामीसँग बस्न चाहनुहुन्छ। ख्रीष्टले निरन्तर आत्मिक जीवन बिताउनेहरूसँग सहज र सन्तुष्ट महसुस गर्नुहुन्छ।

### परमेश्‍वरको पूर्णता

तिनीहरू **परमेश्‍वरको सम्पूर्ण पूर्णताले भरिपूर्ण होस्** (एफिसी ३:१४-१९) प्रार्थना गरेर पावलले एफिसी प्रार्थनाको निवेदन अंशको अन्त्य गर्छन्। यसले आध्यात्मिक वास्तविकतालाई वर्णन गर्न भौतिक दृष्टान्त प्रयोग गरिरहेको छ। यसको मतलब यो हो कि भगवानले हामीका सबै अङ्गहरू, हाम्रो मन, इच्छाहरू, भावनाहरू, गतिविधिहरू, मनोवृत्ति, रुचि, र प्रतिक्रियाहरूलाई पूर्ण रूपमा नियन्त्रण गर्न चाहनुहुन्छ। बाइबलमा पाइने पवित्र जीवनका सबै विवरणहरूमध्ये, यो सबैभन्दा ठूलो हुन सक्छ-भक्तिले भरिपूर्ण हुनु कि त्यहाँ कुनै अभक्ति छैन।

अर्को दुई पदहरूले यस प्रार्थनाको अन्त्य गर्दछ:

> उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ, उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र ख्रीष्ट येशुमा सदासर्वदा महिमा होस्। आमेन। (एफिसी ३:२०-२१)।

यो आशीर्वादले बताउँछ कि परमेश्‍वरले हामीले सोध्न वा सोच्न सक्ने भन्दा धेरै गर्न सक्नुहुन्छ। पावलले आर्थिक प्रचुरताको बारेमा होइन तर आत्मिक जीवनको बारेमा कुरा गरिरहेका छन्। हामीले पवित्रता र परिपक्वताको स्तरलाई कम आकलन गर्नु हुँदैन जुन हामी भित्र काम गर्ने शक्तिले हामीलाई पुग्न मद्दत गर्न सक्छ।

## ख्रीष्टियान अभ्यासहरू

नयाँ करारले हामीलाई पवित्रता र परिपक्वतातर्फ अगाडि बढाउन अभ्यासहरू दिन्छ।

> "सस्तो अनुग्रह भनेको [काल्पनिक] अनुग्रह हो जुन हामीले आफैलाई दिन्छौं। सस्तो अनुग्रह भनेको पश्चात्ताप बिना क्षमाको प्रचार हो, मण्डली अनुशासन बिना बप्तिस्मा, स्वीकार नगरी मेलमिलाप... सस्तो अनुग्रह भनेको चेलापन बिनाको अनुग्रह, क्रूस बिनाको अनुग्रह, जीवन्त र सदेह, येशु ख्रीष्ट बिनाको अनुग्रह हो।"
>
> डाईट्रीच बोनहोईफर

**असल विवेक राख्नुहोस्।** पावलले तिमोथीलाई जानकारी दिए कि राम्रो युद्ध लड्ने तरिका (विजयी ख्रीष्टियान जीवनको लागि एक दृष्टान्त), विश्वास र असल अन्तस्करण हो (१ तिमोथी १:१८-१९)।[16] पावलले यो पनि भने, "यसैले परमेश्वरप्रति र मानिसहरूप्रति म सधैँ शुद्ध विवेक राख्ने प्रयत्न गर्दछु" (प्रेरित २४:१६)। हाम्रो अन्तस्करणको कुरा सुन्दा हामीलाई पश्चात्ताप गर्न, क्षतिपूर्ति गर्न, कसैसँग मेलमिलाप गर्न वा हाम्रो व्यवहार परिवर्तन गर्न सक्छ। असल विवेक हुनुको अर्थ हो कि व्यक्तिहरूले पापहरू स्वीकार गर्नेछन् र तिनीहरूले गल्ती गरेको महसुस गर्दा पश्चात्ताप गर्नेछन्।

**आफूलाई परमेश्वरमा समर्पण गर्नुहोस्।** रोमी १२:१ मा भएको शक्तिशाली आग्रहमा पावलले लेख्छन्, "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक आराधनाको रूपमा **आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।**" रोमी विश्वासीहरूले आफूलाई परिवर्तन गरिसकेपछि आफूलाई परमेश्वरसामु प्रस्तुत गरिसकेका थिए। यद्यपि, यहाँ पावलले परमेश्वरप्रति थप पूर्ण भक्ति गर्न आग्रह गरिरहेका छन्।

**संसारको अनुरूप नहुनुहोस्** (रोमी १२:२)। संसारको अनुरूप हुनु भनेको अविश्वासी समाजको परिप्रेक्ष्यले प्रभाव पार्नु हो, यसको मूल्यमान्यता बाँडफाँड गर्ने र अविश्वासीहरूले जस्तो व्यवहार गर्नु हो। संसारका मानिसहरूले स्वार्थी र अन्यायपूर्ण हुनुको औचित्य पाउँछन् र पापपूर्ण तरिकामा शारीरिक इच्छाहरू पूरा गर्छन्। विश्वासी फरक हुन्छ (२ कोरिन्थी १०:३-४)।

**आफ्नो मन नवीकरण गर्नुहोस्।** पावलले रोमीहरूलाई यसो भन्दै सल्लाह जारी राख्छन्,

---

[16] पावल विशेष गरी चिन्तित थिए कि पास्टरहरूको स्पष्ट विवेक छ किनभने उनले यस मुद्दालाई पास्टर तिमोथीलाई आफ्ना पास्टरीय पत्रहरूमा तीन थप पटक जोड दिए, जसमा "राम्रो अन्तस्करण" (१ तिमोथी १:५) र "स्पष्ट अन्तस्करण समावेश छ"। (१ तिमोथी ३:८-९; २ तिमोथी १:३)।

> यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक। (रोमी १२:२)।

संसारले सोच्ने तरिकालाई जति धेरै अस्वीकार गर्छ र परमेश्वरको सोचाइलाई अँगाल्छ, उति धेरै परिवर्तन हुन जान्छ।

**ज्योतिमा हिँड।** यूहन्नाले लेखे, "तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशुको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।" (१ यूहन्ना १:७)। ज्योति सत्यको लागि बोलीको चित्र हो। यसरी, उज्यालोमा हिंड्नु भनेको सत्य सिक्नु र त्यसलाई अनुसरण गरिरहनु हो।

**विश्वासद्वारा दुःख सहने।** १ पत्रुस ५:१० मा पत्रुसको आशीर्वादले पुनर्स्थापित, बलियो र स्थिर विश्वासी हुनुको महिमापूर्ण उद्देश्यलाई औंल्याउँछ, तर त्यहाँ पुग्ने एउटा अप्ठ्यारो तरिकाको वर्णन गर्दछ। "**सबै अनुग्रहका परमेश्वरले ख्रीष्टमा आफ्नो अनन्त महिमाको निम्ति तिमीहरूलाई बोलाउनुभएको छ। तिमीहरूले केही बेर कष्ट भोगेपछि** उहाँले नै तिमीहरूलाई फेरि नयाँ पार्नुहुनेछ, स्थिर गर्नुहुनेछ र शक्तिशाली पार्नुहुनेछ" (१ पत्रुस ५:१०)। दुःखसँग हाम्रो मनोवृत्ति शुद्ध गर्ने र हाम्रो व्यवहार सुधार्ने तरिका छ। परमेश्वरले हामीलाई विकास गर्ने बलियो बनाउनकव् लागि दुःखकष्टलाई अनुमति दिनुहुन्छ। हामीले यसलाई स्वीकार गर्नुपर्छ र परमेश्वरले हामीलाई के सिकाउँदै हुनुहुन्छ भनेर सिक्ने प्रयास गर्नुपर्छ (२ कोरिन्थी १२:७-१०)।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

### ख्रीष्टियान विश्वासहरूको वक्तव्य

जब एक पापीले पश्चात्ताप गर्दछ र परमेश्वरको अनुग्रह द्वारा रूपान्तरण हुन्छ ख्रीष्टियान पवित्रता सुरु हुन्छ। जब विश्वासी परमेश्वरको इच्छाको आफ्नो समझमा बढ्छ र पालन गर्न जारी राख्छ ऊ आत्मिक रूपमा बढ्दै जान्छ। पवित्रता भनेको परमेश्वरको काम हो जसमा उहाँले विश्वासीलाई शुद्ध गर्नुहुन्छ र उहाँलाई पवित्र चरित्र र जीवनमा ल्याउनुहुन्छ।

## पाठ ११ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- यशैया ६:१-८
- प्रेरित २:१-१८
- १ कोरिन्थी १०:१-१३
- १ थेसलोनिकी ५:१४-२४
- तीतस २:११-१४

(२) परीक्षा: तपाईंले पाठ ११ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ ११ परीक्षा

(१) पवित्र को आधारभूत अर्थ के हो?

(२) परमेश्वरको लागि पवित्र हुनुको अर्थ के हो?

(३) आराधना गर्न पवित्रता किन महत्त्वपूर्ण छ?

(४) ख्रीष्टियान पवित्रता कहिले सुरु हुन्छ?

(५) ज्योतिमा हिड्नुको अर्थ के हो?

(६) आजीवन पवित्रीकरणको प्रक्रियामा विश्वासीलाई के हुन्छ?

(७) वंशानुगत भ्रष्टता भनेको के हो?

(८) प्रभु फर्कनुहुँदा एक विश्वासी कसरी शरीर, प्राण र आत्मामा निर्दोष हुन सक्छ?

# पाठ १२

# मण्डली

## पाठका उद्‌देश्यहरू

(१) विद्‌यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- मण्डलीको उत्पत्ति।
- एक जीवित संस्थाको रूपमा मण्डली।
- जीवित, स्थानीय निकायको रूपमा मण्डली।
- विश्वव्यापी मण्डलीको एकताको आधार।
- स्थानीय मण्डलीको एकताको आधार।
- मण्डलीका संस्कारहरू।
- मण्डलीका उद्‌देश्यहरू।
- मण्डलीको ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्‌यार्थीले स्थानीय मण्डलीमा आफ्नो जिम्मेवारी देख्नेछ।

## मण्डलीको उत्पत्ति

► एकसाथ सबै एफिसी ३:३-१० पढ्नुहोस्। यस खण्डले हामीलाई मण्डलीको बारेमा के बताउँछ?

नयाँ करार अघि शताब्दीको दौडान, मण्डली एक रहस्य थियो जुन पूर्ण रूपमा प्रकट भएको थिएन। त्यहाँ मानिसहरू थिए जसले परमेश्वरको अनुग्रहको अनुभव गरेका थिए र उहाँसँगको सम्बन्धमा बाँचेका थिए (रोमी ४:१-८), तर मण्डली अझै स्थापित भएको थिएन।

► मण्डली सुरुवात कहिलेबाट भयो?

मण्डली येशुको जीवन र सेवकाईबाट सुरु भयो। मण्डली उहाँले प्रदान गर्नुभएको मुक्तिमा निर्माण गरिएको थियो (मत्ती १६:१६-१८)। पेन्तिकोसको दिनमा मण्डलीको युग सुरु भयो। त्यस दिनदेखि, मण्डलीले पृथ्वीमा ख्रीष्टको भौतिक र दृश्य नेतृत्व बिना पवित्र आत्माको शक्तिमा काम गर्नेछ (यूहन्ना १६:७)।

येशुले आफ्ना चेलाहरूलाई आफ्ना सिद्‌धान्तहरू संसारभर फैलाउन र स्थापित गर्ने अधिकार दिनुभयो (मत्ती २८:१८-२०) र पवित्र आत्माले तिनीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुन्छ भनी प्रतिज्ञा गर्नुभयो (यूहन्ना १६:१३)। मण्डलीलाई

प्रेरितीय भन्न सकिन्छ किनकि प्रेरितीय शिक्षाहरू मण्डलीको आधारभूत सिद्धान्तहरू हुन्। ती आधारभूत सिद्धान्तहरूको विरोध गर्ने कुनै पनि विश्वासहरूलाई ख्रष्टियान भनिनु हुँदैन।

मण्डलीको उत्पत्ति तलको समयमा भएको हो:

१. येशुको सेवकाई
२. ख्रीष्टद्वारा प्रदान गरिएको मुक्ति
३. पेन्तिकोसको दिनमा भएको घटना
४. प्रेरितिय सिद्धान्तको विकास

### एक जीवित संस्थाको रूपमा मण्डली

मण्डलीलाई एउटा परिवारसँग तुलना गरिएको छ जसमा परमेश्वर पिता हुनुहुन्छ र विश्वासीहरू भाइबहिनीहरू हुन् (मत्ती १२:४८-५०, कलस्सी १:२)। मण्डलीलाई एउटा राष्ट्र भनिन्छ जसको कुनै एकल जाति वा प्राकृतिक उत्पत्ति छैन (१ पत्रुस २:९-१०)। मण्डलीलाई भौतिक शरीरसँग तुलना गरिएको छ, जसको शिर ख्रीष्ट हुनुहुन्छ (एफिसी ४:१५-१६, एफेसी ५:३०)। सदस्यहरू मिलेर काम गर्छन् र एकअर्काको हेरचाह गर्छन् (१ कोरिन्थी १२:१४, २६)।

शरीरको एक सदस्यको रूपमा, एक ख्रष्टियान भित्र मण्डलीमा अनिर्भरताको मनोवृत्ति हुनुहुँदैन। उसलाई अन्य सदस्यहरू चाहिन्छ, र उनीहरूलाई उसको आवश्यकता छ (१ कोरिन्थी १२:२१)। मण्डली बिना आत्मिक रूपमा आत्मनिर्भर भएर जिउनु ख्रष्टियानको लागि गलत हो।

मण्डलीबाट अलग हुनु भनेको ख्रीष्टले पृथ्वीमा गरिरहनुभएको कामबाट अलग हुनु हो। मण्डलीलाई आदर र प्रेम नगर्नु भनेको ख्रीष्टलाई आदर र प्रेम नगर्नु हो।

### जीवित, स्थानीय निकायको रूपमा मण्डली

त्यहाँ एक विश्वव्यापी मण्डली छ, तर मण्डली स्थानीय रूपमा पनि अवस्थित छ। शरीरका अङ्गहरू एकै ठाउँमा सँगै नभएसम्म काम गर्न सक्दैनन्। पावलले कोरिन्थीका विश्वासीहरूलाई लेखे कि तिनीहरू ख्रीष्टको शरीर थिए (१ कोरिन्थी १२:२७), जसले स्थानीय मण्डली त्यो ठाउँको लागि ख्रीष्टको शरीर हो भन्ने संकेत गर्छ।

परमेश्वरले स्थानीय मण्डलीलाई विश्वासको परिवारको रूपमा रच्नुभएको छ:

१. आत्मिक वरदानहरू भएको शरीरको रूप मा कार्य गर्दै
२. सङ्गतिमा भएकाहरूको विविध आवश्यकताहरू पूरा गर्दै (मानव र ईश्वरीय स्रोतहरू दुवैको साथ)
३. जीवनको हरेक पक्षमा संसारलाई परमेश्वरको बुद्धिको प्रदर्शन गर्दै
४. अविश्वासीहरूलाई रूपान्तरित हुन र परिवारमा प्रवेश गर्न आमन्त्रित गर्दै

वास्तविक सङ्गतिले अर्थशास्त्र समावेश गर्दछ किनभने सङ्गतिमा भएकाहरूले सँगै जीवन बाँड्छन् र एकअर्काको आवश्यकताको ख्याल राख्छन् (याकूब २:१५-१६, याकूब १:२७)। यदि कुनै सदस्यले मण्डलीमा भाग लिइरहेको छ र सकेसम्म जिम्मेवारी लिइरहेको छ भने ती ख्रीष्टमा रहेका भाइ वा बहिनीको आवश्यकतामा सहयोग गर्नु मण्डलीको जिम्मेवारी हो।

स्थानीय मण्डलीलाई बलियो बनाउन र निर्माण गर्नको लागि परमेश्वरले आत्मिक वरदानहरू र सेवकाईको लागि विशेष बोलावटहरू दिनुहुन्छ (एफिसी ४:११-१२)।

स्थानीय मण्डलीले आफ्नो समुदायको सेवा गर्दछ। पहिलो प्राथमिकता आत्मिक हो, सुसमाचार प्रचार गर्नु र सबै मुद्दाहरूमा परमेश्वरको सत्यलाई बढावा दिनु। मण्डलीले समुदायमा भौतिक आवश्यकताहरू पूरा गरी सेवा गर्दछ तर मण्डलीको आत्मिक सङ्गतिमा रहेका मानिसहरूलाई प्राथमिकता दिन्छ (गलाती ६:१०)।

## मण्डलीको सिद्धता

मण्डलीलाई पवित्र र कुनै दोषरहित बनाउनको लागि येशुले आफूलाई अर्पण गर्नुभयो (एफिसी ५:२७)। मण्डलीले पापलाई कहिल्यै माफी दिनु हुँदैन, यद्यपि यो सधैं क्षमा गर्न तयार हुनुपर्छ। अगुवाहरू पवित्र जीवनको उदाहरण हुनुपर्छ (१ तिमोथी ३:२-३)। यदि मण्डलीको सदस्यले पाप गर्छ भने, उसले पश्चात्ताप नगरेको खण्डमा उसको सामना गर्नुपर्छ र अन्ततः सङ्गतिबाट हटाइनुपर्छ (१ कोरिन्थी ५:११-१३)।

► मण्डली किन अपूर्ण छ?

मण्डलीका मानिसहरू हरेक हिसाबले सिद्ध हुनेछैनन्। मण्डलीले सुसमाचार प्रचार गर्ने हुनाले, मण्डलीमा यस्ता मानिसहरू छन् जसले अहिलेसम्म पापबाट पश्चात्ताप गरेका छैनन्। बचाइएकाहरूमध्ये पनि, तिनीहरूको जीवनमा विसङ्गतिहरू रहनेछन् किनभने तिनीहरूले अझै पनि आफ्नो जीवनका सबै विवरणहरूमा सत्यलाई कसरी लागू गर्ने भनेर बुझेका छैनन्। परिपक्व ख्रीष्टियनहरूमा समेत, त्यहाँ विसङ्गति र गलत मनोवृत्ति हुन सक्छ किनभने एक परिपक्व ख्रीष्टियन पनि अझै आध्यात्मिक वृद्धिको प्रक्रियामा छ। मानिसहरूलाई आत्मिक परिपक्वतामा ल्याएर परमेश्वरको वचनलाई निरन्तर सिकाउनु र लागू गर्नु मण्डलीको कामको भाग हो (एफिसी ४:११-१६; २ तिमोथी ३:१६-१७)।

## मण्डलीलाई परिभाषित गर्नु

**विश्वव्यापी मण्डली सबै समयहरू र स्थानहरूका सबै विश्वासीहरूको समावेश हो।** यसलाई कहिलेकाहीं अदृश्य मण्डली भनिन्छ किनभने त्यहाँ कुनै पार्थिव सङ्गठन छैन जसले विश्वव्यापी मण्डलीलाई व्यवस्थापन गर्छ वा यसका सदस्यहरूको सूची छ।

**स्थानीय मण्डली भनेको एक ठाउँमा विश्वास गर्नेहरूको समुदाय हो जसले सँगै ख्रीष्टको शरीरको काम गर्छन्।** यदि एक समूह अधिक सीमित उद्देश्यको लागि बनाइएको हो भने त्यो एक मण्डली होइन।

यहाँ स्थानीय मण्डलीको अझ विस्तृत परिभाषा छ जसले यसलाई अन्य प्रकारका समूहहरूबाट छुट्याउन मद्दत गर्छ: "बप्तिस्मा प्राप्त विश्वासीहरूको समूह आराधना, सम्पादन, सेवा, सङ्गति, र प्रचारप्रसारको लागि सँगै मिलेर; आत्मिक नेतृत्व स्वीकार गर्दै; शरीरमा विभिन्न उपहारहरू मार्फत समाजका सबै क्षेत्रहरूलाई सेवा गर्न इच्छुक; र नियमित रूपमा विधिहरूको अभ्यास गर्दै।"[17]

## विश्वव्यापी मण्डलीको एकता

त्यहाँ सबै ठाउँ र समयको लागि एउटा मण्डली छ। येशुले भन्नुभयो, "म मेरो मण्डली बनाउनेछु," "मण्डलीहरू" होइन। प्रेरित पावलले लेखे कि त्यहाँ एउटै शरीर, एउटै आत्मा र एउटै आशा छ, जसरी एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा छ (एफिसी ४:४-६)।

> "यदि तिम्रो मन ठिक छ, मेरो जस्तै तिम्रो हृदयमा छ भने, मलाई धेरै कोमल स्नेहले माया गर्नुहोस्, भाइभन्दा नजिकको साथीको रूपमा; ख्रीष्टमा एक भाइको रूपमा, नयाँ यरूशलेमको एक सँगी नागरिक, हाम्रो मुक्तिको एउटै कप्तान अन्तर्गत एउटै युद्धमा संलग्न एक सँगी सिपाहीको रूपमा। राज्यमा एक साथीको रूपमा र येशुको धैर्यता र उहाँको महिमाको संयुक्त उत्तराधिकारीको रूपमा मलाई प्रेम गर्नुहोस्।"
> जोन वेस्ली
> *"क्याथोलिक आत्मा" वचनबाट संक्षिप्त*

प्रारम्भिक ख्रीष्टियान विश्वास-मतहरूले "क्याथोलिक मण्डली" लाई बुझाउँछ। यसले रोमन क्याथोलिक मण्डलीलाई होइन, तर सबै ख्रीष्टियानहरुलाई समेट्ने सर्वव्यापी मण्डली, वा विश्वव्यापी मण्डलीछ।

सार्वभौमिक मण्डलीको एकता एउटै संस्था, एउटै केन्द्रीय प्रशासन अन्तर्गत हुनु होइन। यो ख्रीष्टको पुनरागमन अघि कहिल्यै हुनेछैन। केही मानिसहरू यो हुन सक्छ भन्ने चाहन्छन्, तर स्पष्ट रूपमा यो परमेश्वरको इच्छा थिएन किनभने येशुले चेलाहरूलाई सच्याउनुभयो जब तिनीहरूले सोचेका थिए कि एक व्यक्तिले आफ्नो सङ्गठनबाट अलग सेवकाई गर्नु हुँदैन (लूका ९:४९-५०)। यदि येशुले विश्वव्यापी मण्डलीमाथि केन्द्रीय प्रशासन राख्न चाहनुभएको भए, उहाँ भौतिक रूपमा पृथ्वीमा नै यसको नेतृत्व गर्न सक्नुहुन्थ्यो। यद्यपि, येशुले देख्नुभयो कि यदि येशु भौतिक रूपमा पृथ्वीमा रहनुभयो भने संसारभरि पवित्र आत्माको विविध कार्यहरू हुने थिएन (यूहन्ना १६:७)।

---

[17] David Dockery, Southern Baptist Consensus and Renewal: A Biblical, Historical, and Theological Proposal (Nashville: B&H Publishing Group, 2008), १२७

► विश्वव्यापी मण्डलीको एकता के मा आधारित छ?

विश्वव्यापी मण्डलीको एकता तलका विषयहरूमा आधारित छ

१. प्रेरितहरूका सिद्धान्तहरू

२. रूपान्तरण गर्ने ख्रीष्टसँगको सम्बन्ध

"म विश्वास गर्न आएको छु कि साँच्चै पवित्र हृदयको चिन्ह यो हो कि यसले आफ्नो कल्याणको बारेमा भन्दा अर्काको मुक्तिको बारेमा बढी चासो राख्छ।"
डेनिस किन्लं

सैद्धान्तिक एकताको मतलब यो होइन कि ख्रष्टियानहरू सबै कुरामा सहमत हुन्छन्, सबै महत्त्वपूर्ण सिद्धान्तहरूमा पनि। यसको मतलब यो हो कि तिनीहरूले परमेश्वर र ख्रीष्टको प्रकृति र सुसमाचारका आवश्यक कुराहरूको बारेमा आवश्यक सिद्धान्तहरू साझा गर्छन्। ती बिना, तिनीहरूले एउटै परमेश्वरको आराधना गर्दैनन् वा उहाँको अनुग्रहको अनुभव गर्दैनन्।

ख्रीष्टियान एकताको लागि सिद्धान्त मात्र आवश्यक छैन। ख्रीष्टसँगको आफ्नो परिवर्तनको सम्बन्धको कारण ख्रीष्टियानहरूले एकअर्कासँग सम्बन्धको बन्धन साझा गर्छन्। किनभने तिनीहरूले पापबाट पश्चात्ताप गरेका छन्, ख्रीष्टमा आफ्नो विश्वास राखेका छन् र पवित्र आत्मा पाएका छन्, तिनीहरूसँग विशेष सम्बन्ध छ। ख्रीष्टियानहरू धेरै तरिकामा फरक भएता पनि संसारभरि एकअर्कालाई चिन्छन्।

## स्थानीय मण्डलीको एकता

आवश्यक ख्रीष्टियान सिद्धान्तहरू धारण गर्ने र ख्रीष्टसँगको रूपान्तरण सम्बन्धमा रहेको जस्तो देखिने कुनै पनि व्यक्तिलाई हामी ख्रीष्टियानको रूपमा स्वीकार गर्न सक्छौं। तर स्थानीय मण्डलीको सैद्धान्तिक सम्झौता धेरै विस्तृत हुनुपर्छ।

स्थानीय मण्डली भनेको मानिसहरूको समूह हो जो सँगै आराधना गर्न, सुसमाचार प्रचार गर्न, धर्मान्तरित र युवाहरूलाई अनुशासित बनाउन, समुदायको सेवा गर्न र ख्रीष्टियान जीवनको व्यावहारिक विवरणहरू सिकाउन प्रतिबद्ध छन्। मानिसहरू एकसाथ त्यो उद्देश्य पूरा गर्नको लागि, तिनीहरू सिद्धान्तका धेरै विवरणहरूमा सहमत हुनुपर्छ।

उदाहरणको लागि, हुनसक्छ स्थानीय मण्डलीमा एक व्यक्तिले हरेक युवा व्यक्ति र भर्खर विश्वासमा आएका नयाँहरूलाई अन्य भाषाहरूको वरदानको लागि प्रार्थना गर्न भन्छन्। तर त्यो मण्डलीका अन्य अगुवाहरूले विश्वास गर्दैनन् कि भाषाहरूको वरदान प्रत्येक विश्वासीलाई दिने प्रतिज्ञा गरिएको छ। तिनीहरू चिन्तित छन् कि यदि तिनीहरूले परमेश्वरको इच्छा नभएको कुरा अनुभव गर्ने प्रयास गरे भने मानिसहरू आत्मिक भ्रममा पर्छन्। स्पष्ट

रूपमा, यी मानिसहरूलाई स्थानीय मण्डलीमा सँगै काम गर्न गाह्रो हुनेछ। अगुवाहरूले त्यस व्यक्तिलाई विश्वासी ठाने तापनि, उनीहरूले त्यस सभामा भ्रम सिर्जना गर्न सक्ने सिद्धान्तहरू सिकाउन दिनु हुँदैन।

स्थानीय मण्डलीले सँगै जीवन जिउने र सेवकाईको अभ्यास गर्ने तरिकालाई प्रभाव गर्ने सिद्धान्तहरूमा सहमत हुन आवश्यक छ। मण्डलीको लागि तिनीहरूले साझा गर्ने सिद्धान्तहरूको लिखित बयान हुनु राम्रो हो। कथन कोही विश्वासी हो कि भनेर निर्धारण गर्न प्रयोग गरिएको छैन। यसले कुन सिद्धान्तहरूले विश्वासीहरूको समूहलाई नजिक र नियमित आराधना र सेवाको लागि एकताबद्ध गर्दछ भनी देखाउँछ।

### मण्डलीका पवित्र-विधिहरू

येशुले मण्डलीलाई दुईवटा पवित्र-विधिहरू दिनुभयो। तिनीहरूलाई रीतिहरू वा समारोह पनि भन्न सकिन्छ।

**बप्तिस्मा** ख्रीष्टको मृत्यु र पुनरुत्थानको प्रतीक हो (रोमी ६:३-४)। बप्तिस्मा एउटा गवाही हो कि विश्वासीले ख्रीष्टसँग पहिचान गर्दछ र पापको लागि मृत्यु र ख्रीष्टमा नयाँ जीवनको अनुभव गरेको छ। बप्तिस्माले व्यक्तिलाई बचाउँदैन। बप्तिस्मा भनेको रूपान्तरण भएको सार्वजनिक गवाही हो (यूहन्ना ३:७-८)।



**प्रभु भोज** येशुले उहाँको क्रूसमा टाँग्नुअघि चेलाहरूसँगको अन्तिम भोजनमा स्थापना गर्नुभएको थियो (१ कोरिन्थी ११:२३-२५)। रोटी र दाखमद्यले हाम्रो मुक्तिको लागि बलिदानको रूपमा येशुको शरीर र रगतलाई प्रतिनिधित्व गर्दछ।[18] जसरी हामी भौतिक जीवनको लागि खाना खान्छौं, हामी हाम्रो आत्मिक जीवनको लागि उहाँको बलिदानमा निर्भर रहन्छौं (यूहन्ना ६:५३-५८)।

संस्कारहरूलाई "अनुग्रहको माध्यम" भन्न सकिन्छ। यदि तिनीहरू विश्वास र आज्ञाकारिता बिना गरिन्छ भने तिनीहरूले अनुग्रह प्रदान गर्दैनन्। ती अभ्यासहरू हुन् जुन परमेश्वरले हामीलाई दिनुभएको छ, र यदि विश्वासमा गरिन्छ भने, तिनीहरू परमेश्वरबाट अनुग्रह प्राप्त गर्ने माध्यम हुन्।

► मण्डलीका केही उद्देश्यहरू के हुन्?

---

[18] तस्विर: अक्टोबर १४, २०२२ The Lord's Supper" taken by Allison Estabrook https://www.flickr.com/photos/sgc-library/52476662295/ बाट लिइएको, CC BY ४.० अन्तर्गत इजाजतपत्र प्राप्त।

## नयाँ करारमा फेला परेका स्थानीय मण्डलीका केही उद्देश्यहरू

मण्डलीले गर्नुपर्नेः

१. सुसमाचार प्रचार (मत्ती २८:१८-२०)

२. मण्डलीको रूपमा आराधना गर्ने (१ कोरिन्थी १४:२६)

३. धर्मसिद्धान्त कायम राख्ने (१ तिमोथी ३:१५; यहूदा १:३)

४. पास्टरहरूलाई आर्थिक रूपमा सहयोग गर्ने (१ तिमोथी ५:१७-१८)

५. मिसनरीहरू पठाउने र सहयोग गर्ने (प्रेरित १३:२-४; रोमी १५:२४)

६. खाँचोमा परेका सदस्यहरूलाई साहयता गर्ने (रोमी १२:१३; १ तिमोथी ५:३)

७. पापमा परेका सदस्यहरूलाई अनुशासनमा राख्ने (१ कोरिन्थी ५:९-१३)

८. बप्तिस्मा र प्रभुको भोज अभ्यास गर्ने (मत्ती २८:१९; १ कोरिन्थी ११:२३-२६)

९. विश्वासीहरू परिपक्व बनाउने (एफिसी ४:१२-१३)

१०. समुदायको आवश्यकताहरू पूरा गर्ने (गलाती ६:१०; एफिसी ४:२८; हिब्रू १३:१६)

> "म विश्वास गर्दिनँ कि परमेश्वरले हाम्रो मण्डली जीवन भवनहरू र सेवाहरूमा केन्द्रित भएको चाहनुहुन्छ। बरु, परमेश्वरले हाम्रा मण्डलीहरू–हाम्रो जमघटहरूले जुनसुकै विशिष्ट रूपहरू लिए पनि–सक्रिय चेलापन, मिशन र एकताको खोजीमा केन्द्रित भएको चाहनुहुन्छ।"
> फ्रनसिस च्यान

यी धैरै कुराहरू एक व्यक्तिले एक्लो रूपमा गर्न सक्दैन। यी उद्देश्यहरू विश्वासीहरूको समूह र नेतृत्वको संरचनाद्वारा सहयोगमा निर्भर हुन्छन्।

परमेश्वरले प्रत्येक विश्वासीलाई स्थानीय मण्डलीमा प्रतिबद्ध हुन र त्यस मण्डलीलाई संसारमा आफ्नो उद्देश्य पूरा गर्न मद्दत गर्न बोलाउनुहुन्छ। जबसम्म कुनै सदस्यले मण्डलीमा सेवा गर्दैन, उसले ख्रीष्टको शरीरको सदस्यको रूपमा आफ्नो उद्देश्य पूरा गर्दैन।

## जोगिनुपर्ने त्रुटि: आत्मिक व्यक्तिवाद

*कक्षा अगुवाको लागि नोटः कक्षाको सदस्यले यो खण्डको व्याख्या गर्न सक्छ।*

केही मानिसहरू स्थानीय मण्डलीको हिस्सा बन्ने प्रतिबद्धता कहिल्यै गर्दैनन्। तिनीहरू कुनै पनि आइतवार कुनै पनि मण्डलीमा उपस्थित हुन स्वतन्त्र महसुस गर्न चाहन्छन्। तिनीहरूले मण्डलीको कुनै पनि सेवकाईलाई सहयोग

गर्न सक्दैनन् किनभने मण्डली तिनीहरूमा भर पर्न सक्दैन। तिनीहरूसँग आत्मिक सङ्गति र जवाफदेहितालाई अनुमति दिने सम्बन्धहरू छैनन्। यदि सबै ख्रीष्टियानहरूले त्यसै गरे भने, त्यहाँ कुनै मण्डलीहरू हुनेछैनन्।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

## ख्रीष्टियान विश्वासहरूको वक्तव्य

ख्रीष्टले एउटा पवित्र, विश्वव्यापी मण्डली निर्माण गर्नुभएको छ, जसलाई स्थानीय मण्डलीहरूमा ख्रीष्टको शरीरको रूपमा व्यक्त गरिएको छ। मण्डलीले प्रेरितहरूको सिद्धान्तहरू राख्छ र सबै सत्यको रक्षा गर्दछ। मण्डली परमेश्वरको परिवार हो, सङ्गतिको साथ जसले सबै आवश्यकताहरू पूरा गर्दछ। मण्डलीले परमेश्वरको आराधना गर्छ, संसारलाई सुसमाचार प्रचार गर्छ र विश्वासीहरूलाई चेला बनाउँछ।

## पाठ १२ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- १ कोरिन्थी ५:१-१३
- १ कोरिन्थी ६:१-८
- १ कोरिन्थी १२:१४-३१
- एफिसी ४:११-१६
- याकूब २:१-९

(२) परीक्षा: तपाईंले पाठ १२ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ १२ परीक्षा

(१) मण्डलीको युग कहिले सुरु भयो?

(२) मण्डलीलाई किन प्रेरितीय भन्न सकिन्छ?

(३) मण्डलीको उत्पत्तिका चार पक्षहरू के हुन्?

(४) विश्वव्यापी मण्डली को हो?

(५) स्थानीय मण्डली के हो?

(६) क्याथोलिक मण्डलीको मूल अर्थ के थियो?

(७) कुन दुई कुरामा विश्वव्यापी मण्डली सहमत छ?

(८) मण्डलीसँग आफू सहमत भएको सिद्धान्तहरूको लिखित सार हुनु किन राम्रो हुन्छ?

(९) स्थानीय मण्डलीका छ वटा उद्देश्यहरू सूचीबद्ध गर्नुहोस्।

# पाठ १३

# अनन्त नियति

## पाठका उद्देश्यहरू

(१) विद्यार्थीले व्याख्या गर्न सक्षम हुनेछन्:

- स्वर्गको प्राथमिक गतिविधि।
- धर्मशास्त्रमा प्रकट गरिएको स्वर्गका विशेषताहरू।
- धर्मशास्त्रमा प्रकट गरिएको अनन्त दण्डका विशेषताहरू।
- अनन्त दण्डको तथ्यलाई अस्वीकार गर्ने धर्महरूको केही उदाहरणहरू।
- अनन्त दण्डको न्याय।
- अनन्त गन्तव्यको ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्यार्थीले याद गर्नेछ कि केही कार्यहरूको अनन्त परिणामहरू छन् जुन कहिल्यै परिवर्तन हुँदैन।

## भाग १: विश्वासीहरूको अनन्त नियति

► एकसाथ सबैले प्रकाश २१ पढ्नुहोस्। यस खण्डले हामीलाई विश्वासीहरूका ागि भविष्यको बारेमा के बताउँछ?

सारा सृष्टि परमेश्वरको महिमाको लागि अस्तित्वमा छन्, तर स्वर्ग ब्रह्माण्डको केन्द्रीय दृश्य हो, जहाँ परमेश्वरलाई उहाँको स्वरूपमा बनाएका प्राणीहरूद्वारा उच्च स्तरमा पूजा गरिन्छ। (प्रकाश ५:११-१४ पढ्नुहोस्)। परमेश्वरको महिमा स्वर्गमा यस्तो पूर्णतामा प्रकट हुनेछ कि यो सहरको ज्योति हुनेछ (प्रकाश २१:२३)। यो त्यो ठाउँ हो जहाँ हामीले परमेश्वरलाई यति धेरै चिन्न सक्छौं कि हामीले उहाँको अनुहार देख्नेछौं (प्रकाश २२:४)।

स्वर्गमा, विश्वासीहरूले परमेश्वरको आराधनामा पूर्ण तृप्ति र आनन्द पाउँछन्। भजनसंग्रह १६:११ भन्छ, "तपाईंले मलाई जीवनको मार्ग देखाउनुभएको छ। तपाईंको उपस्थितिद्वारा तपाईंले आनन्दले मलाई गद्गद् पार्नुहुनेछ। तपाईंको दाहिने बाहुलीमा अनन्त आनन्द छ।" आनन्द र आराधना जोडिएको कुरा उपयुक्त छ। परमेश्वरले हामीलाई उहाँको स्वरूपमा सृष्टि गर्नुभयो, ताकि हामीले उहाँको स्वभावलाई उहाँ को हुनुहुन्छ भनेर उहाँको आराधना गर्न सकौं। हामीलाई हाम्रा भावनाहरू, प्रेम गर्ने क्षमता र बुद्धि दिइएको छ ताकि हामी परमेश्वरको आराधना गर्न सकौं।

येशुले आफ्ना चेलाहरूलाई यी कथनहरू दिनुभयो:

> तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ। (यूहन्ना १४:१-३)।

येशुका शब्दहरूले हामीलाई स्वर्गको बारेमा केही कुराहरू बताउँछ। सबैभन्दा महत्त्वपूर्ण कुरा स्वर्ग परमेश्वरको घर हो। येशुले यसलाई आफ्नो पिताको घर भन्नुभयो। अर्को महत्त्वपूर्ण तथ्य यो हो कि हामी कुनै दिन त्यहाँ परमेश्वरसँग बस्न सक्छौं।

स्वर्गको प्रतिज्ञाले हामी पृथ्वीमा बाँच्ने तरिकालाई निर्देशित गर्नुपर्छ। अनन्त मूल्यमान्यतामा बाँच्ने व्यक्तिले पृथ्वीमा सबैभन्दा राम्रो काम गर्नेछ। स्वर्गीय इनामको आशा गर्ने व्यक्तिलाई कठिनाइ सहने र परमेश्वरको इच्छा पूरा गर्न प्रयास गर्ने प्रोत्साहन हुन्छ। सतावटमा परेकोलाई येशु भन्नुहुन्छ, "तब रमाओ, र अत्यन्त खुसी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए।" (मत्ती ५:१२)।

**स्वर्गका विशेषताहरू**

► हामीलाई स्वर्गको बारेमा थाहा भएका केही वर्णनहरू के हुन्?

कहिलेकाहीँ पृथ्वीका मानिसहरूले आफूले चाहेको घर किन्न सक्दैनन्, वा तिनीहरूले आफ्नो घरलाई आफूले चाहेको जस्तो बनाउन सक्दैनन्। तर परमेश्वरसँग असीम शक्ति र स्रोतहरू छन्, त्यसैले हामी जान्दछौं कि उहाँको घर ठीक त्यस्तै हो जुन उहाँ चाहनुहुन्छ। त्यसकारण, पूर्णतया स्वर्ग परमेश्वरको प्रकृतिसँग अनुरूप छ।

स्वर्गमा कुनै पाप हुनेछैन। स्वर्गका सबै प्राणीहरू, चाहे स्वर्गदूतहरू वा मानव वा अन्य प्राणीहरू, पूर्ण रूपमा पवित्र हुनेछन्। (प्रकाश २१:८, २७ पढ्नुहोस्)।

पीडा, दुःख, द्वन्द्व र खतरालगायत पापका सबै परिणामहरूबाट स्वर्ग मुक्त हुनेछ। (प्रकाश २१:४ पढ्नुहोस्) सृष्टिमा रोग, बुढ्यौली र मृत्यु लगायतका सरापहरू हुनेछैनन्। (प्रकाश २२:३ पढ्नुहोस्)।

> "यदि म आफैंमा यस्तो इच्छा फेला पार्छु जुन यस संसारको कुनै पनि अनुभवले पूरा गर्न सक्दैन भने, यसको सबैभन्दा सम्भावित व्याख्या यो हो कि म अर्को संसारको लागि बनाइएको हुँ। सायद सांसारिक सुखहरू यसलाई सन्तुष्ट पार्नका लागि कहिल्यै थिएनन्, तर केवल यसलाई जगाउनको लागि, वास्तविक कुराको सुझाव दिनको लागि। … मैले यसलाई अर्को देशमा दबाब दिन र अरूलाई पनि त्यसै गर्न मद्दत गर्न जीवनको मुख्य उद्देश्य बनाउनु पर्छ।"
>
> सि.एस्. लुवीस्
>
> *केवल ख्रीष्टियान धर्म*

स्वर्गको सुन्दरता वर्णन गर्न सकिँदैन। हामीलाई दिइएको विवरणहरूमा बिल्लौरको पर्खालहरू, मोतीका ढोकाहरू, दुर्लभ रत्नहरूको जगहरू, र सुनका सडकहरू समावेश छन्। (प्रकाश २१:१८-२१ पढ्नुहोस्)।

**को र कहिले?**

स्वर्ग पापबाट पश्चात्ताप गर्ने र येशु ख्रीष्टलाई मुक्तिदाता र प्रभुको रूपमा विश्वास गर्नेहरूका लागि तयार गरिएको छ (यूहन्ना ३:१६)। बाइबलले हामीलाई बताउँछ कि यदि हामी अनन्त मूल्यमान्यताहरूमा बाँच्यौं भने, हामी स्वर्गमा अनन्त र सुरक्षित खजानामा लगानी गर्न सक्छौं। (मत्ती ६:२० पढ्नुहोस्)। स्वर्ग लाखौं उद्धार गरिएका मानिसहरू र स्वर्गदूतहरूले भरिएको छ (प्रकाश ५:८-११)।

मानिस कहिले स्वर्ग जान्छ? येशुले क्रूसमा मर्ने चोरलाई भन्नुभयो कि तिनीहरू त्यस दिन स्वर्गमा सँगै हुनेछन् (लूका २३:४३)। पावलले भने कि शरीरबाट अनुपस्थित हुनु भनेको प्रभुसँग उपस्थित हुनु हो (२ कोरिन्थी ५:८)। त्यसकारण, हामी जान्दछौं कि विश्वासी मृत्युको समयमा स्वर्गमा जान्छ। येशुको पुनरागमनमा अझै जीवित रहेका विश्वासीहरू मृत्युलाई पार नगरी स्वर्गमा जान्छन्। (१ कोरिन्थी १५:५१-५२; १ थेसलोनिकी ४:१३-१८ पढ्नुहोस्)।

## भाग २: अविश्वासीहरूको अनन्त नियति

यो सजाय पाएको व्यक्तिको मृत्यु भए तापनि पृथ्वीमा सजायहरू कहिलेकाहीं समाप्त हुन्छन्। तर येशुले अनन्त सजायको वर्णन गर्नुभयो। उहाँले भन्नुभयो,

> त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ। तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्।' (मत्ती २५:४१, ४६)

येशु र प्रेरितहरूले नरक, अग्नि-कुण्ड र अनन्त दण्डको अस्तित्व रहेको पुष्टि गर्नुभयो। येशुले हामीलाई यो डरलाग्दो ठाउँबाट बच्न चेतावनी दिनुभयो। यहाँ येशु र प्रेरितहरूबाट कथनहरू छन्।

> युगको अन्त्यमा यस्तै हुनेछ, स्वर्गदूतहरूले आएर दुष्टहरूलाई धर्मीहरूका बीचबाट छुट्ट्याउनेछन्, र उनीहरूलाई आगोको भट्टीमा फालिदिनेछन्। त्यहाँ मानिसहरू रुनेछन्र दाह्रा किट्नेछन्। (मत्ती १३:४९-५०)।

फरिसीहरूलाई बोल्दै येशुले भन्नुभयो, "सर्पहरू, साँभे सर्पका बच्चा हो, तिमीहरू नरकको दण्डदेखि कसरी उम्कनेछौ?" (मत्ती २३:३३)

अर्को पटक जब येशुले फरिसीहरूसँग कुरा गरिरहनुभएको थियो, उहाँले एक जना मानिसको यातनाको वर्णन गर्नुभयो जो मरे र हेडिसमा गएको थियो:

नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेर्‍यो र टाढ़ामा अब्राहाम र उनको साथमा लाजरसलाई देख्यो। अनि उसले कराएर भन्यो, 'हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औँलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु।' (लूका १६:२३-२४)

प्रेरित पावलले येशु प्रकट हुनुहुनेछ भनेर लेख्छन्

यो तब हुन्छ, जब प्रभु येशु आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ। परमेश्‍वरलाई नचिन्‍नेहरूलाई र हाम्रा प्रभु येशुको सुसमाचार नमान्‍नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ। तिनीहरूले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन् (२ थेसलोनिकी १:७-९)।

पत्रुस लेख्छन्

स्वर्गदूतहरूले पाप गर्दा परमेश्‍वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति पातालको अन्धकारमा जकड़िराख्नुभयो। (२ पत्रुस २:४)

यूहन्ना लेख्छन्

तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्। जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो। (प्रकाश २०:१०, १५)

यस ठाउँलाई वर्णन गर्न प्रयोग गरिएका शब्दहरू याद गर्नुहोस्: आगो, यातना, बदला, विनाश, अन्धकार, बन्धनहरू, न्याय, रोइ, र दाँत किट्ने।

येशुले भन्नुभयो

यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। (मत्ती ५:२९-३०)

येशुले भन्नुभयो कि दुवै आँखा र हातले नरकमा फालिनु भन्दा आफ्नो दाहिने आँखा निकाल्नु र दाहिने हात काट्नु राम्रो हो। येशुले शरीरको विच्छेदनलाई प्रोत्साहन दिनुभएको थिएन, ती पृथ्वीमा जतिसुकै बहुमूल्य देखिए तापनि, हामीलाई पाप र नरकमा पुर्याउँने कुनै पनि गतिविधिलाई रोक्नको लागि भन्नुभएको थियो।

► नरकको बारेमा आफ्नो सिद्धान्तमा गलत भएका केही धर्महरू के हुन्?

बाइबलले हामीलाई बताउँछ कि मृत्युले मानिसको परीक्षा समाप्त गर्छ, र त्यो नरक (१) अनन्त, (२) अपरिवर्तनीय, र (३) पीडादायी छ। यो बाइबलीय सत्यलाई नास्तिकहरूद्वारा अस्वीकार गरिएको छ जसले मृत्यु पछि केही छैन भन्छन्, र यहोवाका साक्षीहरू, मोर्मनहरू, र विश्वव्यापीवादीहरू जसले नरक छैन भन्छन्। मृत्युले मानिसको परीक्षण समाप्त हुन्छ भन्ने तथ्यलाई रोमन क्याथोलिकहरूले अस्वीकार गरेका छन् उनीहरूले विश्वास गर्छन् कि मृत्यु पछि मानिसको अवस्थाको उपचार हुन सक्छ।

नरकको अस्तित्वलाई अस्वीकार गर्नेहरू छन् किनभने तिनीहरूले यसलाई अन्यायपूर्ण ठान्छन्। तिनीहरू भन्छन् कि यदि पाप समयको एक सीमित स्थानमा भयो भने, यो अनन्त सजायको लागि मात्र हुन सक्दैन। सेन्ट अगस्टिनले आपराधिक कानूनको उदाहरणको साथ यो आपत्तिको जवाफ दिए। केही मिनेटमा डकैती भयो भने केही मिनेटको मात्रै सजाय हुनुपर्छ र? तुरुन्तै लाग्ने हत्याले अपूरणीय क्षति निम्त्याउँछ। धर्मशास्त्रमा, हामी देख्छौं कि अनन्त र असीम परमेश्वरको विरुद्धमा पापले अनन्त दण्डको परिणाम दिन्छ, यद्यपि यो सीमित जीवनकालमा गरिएको थियो।

► नरक किन अनन्त छ?

नरक अनन्त छ किनभने:

१. पाप एक असीम परमेश्वर विरुद्धको अपराध हो।
२. पश्चात्ताप नगर्ने पापीहरूले परमेश्वरलाई दिनुपर्ने अनन्त सेवा अस्वीकार गर्छन्।
३. हामी अनन्त प्राणीहरू हौं, यदि हामीले परमेश्वरबाट अलग हुने छनौट गर्‍यौं भने हाम्रो जाने अर्को ठाउँ छैन।

पृथ्वीमा हामी हाम्रा निर्णयहरू परिवर्तन गर्न सक्षम हुन चाहन्छौं। यो धेरै गम्भीर देखिन्छ कि एक छनौटको परिणाम अनन्त हुन सक्छ। हामी भविष्यमा दोस्रो मौका हुनेछ भन्ने सोच्न मन पराउँछौं, यद्यपि हामी अहिले जानाजानी छनौट गर्दैछौं। तर परमेश्वरले हाम्रो परीक्षण अवधिलाई जीवनभर सीमित गर्नुहुनेछ भन्ने कुरा अव्यावहारिक छैन।

कसै-कसैले नरकमा विश्वास गर्न इन्कार गर्छन् किनभने उनीहरूलाई आश्चर्य छ कि मायालु परमेश्वरले कसैलाई यी पदहरूले वर्णन गरेजस्तो भयानक ठाउँमा कसरी पठाउन सक्नुहुन्छ। हामीले यो मनमा राख्नुपर्छ कि परमेश्वरले कोही पनि हराएको चाहनुहुन्न तर सबैजना पश्चात्ताप र मुक्तिमा आएको चाहनुहुन्छ। यो कुरा बाइबलले धेरै ठाउँमा उल्लेख

गरेको छ। (२ पत्रुस ३:९; १ तिमोथी २:४; प्रेरित १७:३० पढ्नुहोस्)। नरकमा जानेहरूले आफूलाई यस भयानक ठाउँमा राख्ने छनौट गरेका छन्। कोही पनि संयोगवश नरकमा ठक्कर खाँदैन। जानेहरूले परमेश्वर, धार्मिकता र मुक्तिलाई अस्वीकार गरेर ठाउँ रोजेका छन्।

सबै असल कुराहरू परमेश्वरबाट आएको हुनाले, परमेश्वरलाई अस्वीकार गर्नु भनेको सबै असल कुराहरूलाई अस्वीकार गर्नु हो। शान्तता, डर र पीडाबाट सुरक्षा, र एक आरामदायक ठाउँ राम्रो चीजहरू हुन् जुन केवल परमेश्वरले प्रदान गर्न सक्नुहुन्छ। परमेश्वरबाट पूर्ण अलग हुनु भनेको राम्रो कुराको अभाव हो, र त्यो नरक हो।

परमेश्वरलाई धन्यवाद दिनुहोस् कि येशु ख्रीष्टको प्रायश्चित कार्यद्वारा, उहाँको प्रेमले हामीलाई आउने क्रोधबाट बच्न सम्भव बनायो (१ थेसलोनिकी १:१०; १ थेसलोनिकी ४:९)। नरकको पीडाको सट्टा, हामी मुक्तिको आनन्द र स्वर्गको आश्चर्यमा भाग लिन सक्छौं। हामीले परमेश्वरप्रति पश्चात्ताप र हाम्रा प्रभु येशु ख्रीष्टमा विश्वास रोज्दा हामीले हाम्रो भाग्यको लागि स्वर्ग रोज्छौं (फिलिप्पी ३:२०, प्रेरित २०:२१)।

> "अन्ततः नरकको सिद्धान्तमा आपत्तिहरू यो प्रश्नमा आउनै पर्छः 'तपाईले परमेश्वरलाई अरू के कुरा गर्न अनुरोध गर्नुहुन्छ?' तिनीहरूका विगतका पापहरू मेटाउन र नयाँ सुरवात गर्न, कठिनाइमा हुँदा चमत्कारी मद्दतले सहयोग गर्ने? तर उहाँले यसअघि नै यसो गर्ने प्रस्ताव गरिसकेका छन्। तिनीहरूलाई क्षमा गर्न? तर तिनीहरूले क्षमा पाउन अस्वीकार गर्छन्। तिनीहरूलाई एक्लै छोड्ने? अफसोस, म डराउँछु उहाँले यस्तै गर्नुहुन्छ।"
>
> सि.एस्. लुवीस्
>
> *द प्रॉब्लेम अफ पेन* बाट व्याख्या गरिएको

### जोगिनुपर्ने त्रुटि: अनन्त परिणामहरू बिर्सने

पार्थिव जीवनमा, धेरै निर्णयहरू अन्तिम देखिँदैन। पर्याप्त समयको साथ, धेरै गल्तीहरू सच्याउन सकिन्छ। हामीले सम्झनुपर्छ कि धेरै निर्णयहरूको अनन्त परिणामहरू छन्। हामीलाई थाहा छैन हामी कहिले मर्नेछौं, र हाम्रो परीक्षणको समय समाप्त हुनेछ। मृत्यु पछि हामी हाम्रो आफ्नै अनन्त भविष्यलाई असर गर्ने कार्यहरू वा अरूलाई उनीहरूको निर्णयहरूमा प्रभाव पार्ने कार्यहरू परिवर्तन गर्न सक्षम हुनेछैनौं।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

### ख्रीष्टियान विश्वासहरूको वक्तव्य

हरेक व्यक्ति स्वर्ग वा नर्कमा अनन्त रूपमा रहनेछ। स्वर्ग परमेश्वरको घर हो जहाँ विश्वासीहरू परमेश्वरसँग बस्नेछन्, आनन्दसाथ उहाँको आराधना गर्नेछन्। स्वर्गमा कुनै पाप छैन, न त त्यसबाट आउने कुनै पनि दुःख। Pleख्रीष्टद्वारा आफ्ना पापहरूबाट मुक्ति नपाएका सबैका लागि नरक अनन्त, अपरिवर्तनीय, र पीडादायी सजायको ठाउँ हो। नरक अनन्त परमेश्वरको विरुद्धमा जानाजानी पापको लागि उचित सजाय हो।

## पाठ १३ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- यशैया ५:११-१६
- मत्ती ५:२७-३०
- लूका १६:१९-३१
- प्रकाश २२:१-५
- प्रकाश २२:१०-१७

(२) परीक्षा: तपाईंले पाठ १३ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ १३ परीक्षा

(१) स्वर्गको प्राथमिक गतिविधि के हो?

(२) स्वर्गमा नहुने चारवटा कुराहरूको सूची बनाउनुहोस्।

(३) स्वर्ग को जान्छन्?

(४) विश्वासीहरू कहिले स्वर्गमा जान्छन्?

(५) बाइबलले हामीलाई नरकको बारेमा के तीनवटा कुरा बताउँछ?

(६) व्यक्तिले आफ्नो हात काट्नु पर्छ भनेर येशुले के भन्न खोज्नु भएको थियो?

(७) नरक अनन्त छ भन्ने तीन कारणहरू सूचीबद्ध गर्नुहोस्।

# पाठ १४

# अन्तिम घटनाहरू

## पाठका उद्‌देश्यहरू

(१) विद्‌यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- अन्तिम घटनाहरूको विषयहरूमा महत्त्वको स्तरहरू।
- ख्रीष्टको पुनरागमन र ख्रीष्टियान जीवनको लागि यसको अर्थ।
- सबै मानिसहरूको पुनरुत्थान र शरीरको मूल्य।
- सबै नैतिक प्राणीहरूको अन्तिम न्याय।
- परमेश्वरको अनन्त राज्य।
- अन्तिम घटनाहरू ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्‌यार्थीले अनन्तकालको दृष्टिकोणबाट पार्थिव जीवनलाई हेर्नुको महत्त्व थाहा पाउनेछ।

## परिचय

► एकसाथ सबैले दानिएल ७:९-१४ पढ्नुहोस्। यस खण्डले हामीलाई भविष्यको बारेमा के बताउँछ?

बाइबलीय अगमवाणीमा यी विषयहरू समावेश छन्: जनावरको चिन्ह, तुरही, ठूलो सङ्कष्ट, ख्रीष्ट विरोधी, सात वर्ष, १००० वर्ष, ठूलो सेतो सिंहासन, शहर तल आउँदैछ, आगोको कुण्ड।

► बाइबलको अगमवाणीमा तपाई के के समस्याहरूबारे सोच्नुहुन्छ?

## महत्वका स्तरहरू

अगमवाणीका छलफलहरू प्रायः प्रमुख सत्यताहरूको सट्टा साना प्रश्नहरूमा केन्द्रित हुन्छन्। अगमवाणीका विषयहरू सबै समान रूपमा महत्त्वपूर्ण छैनन्। हामी यस पाठ्यक्रममा अगमवाणीको बारेमा सबै कुरा जान्ने प्रयास गर्दैनौं।

कहिलेकाहीँ मानिसहरूले जनावरको चिन्ह कस्तो देखिन्छ, ख्रीष्ट विरोधी कुन देशबाट आउनेछन्, र दुई साक्षीहरू को हुनेछन् भनेर आश्चर्यचकित हुन्छन्। यी ति प्रश्नहरू हुन् जसको बाइबलले स्पष्ट रूपमा जवाफ दिँदैन, र तिनीहरूको बारेमा बहस गर्नु सार्थक छैन।

बाइबलले थप व्याख्या गर्ने अन्य विषयहरू छन्। येशु सङ्कष्टको सुरुमा, बीचमा वा अन्त्यमा आउनुहुनेछ कि भनेर केही उदाहरणहरू छन्। र सहस्राब्दी शाब्दिक १,००० वर्ष हो वा होइन। यद्यपि, यी सिद्धान्तहरू सुसमाचारको लागि

आवश्यक छैनन्। तपाईंले यी प्रश्नहरू मध्ये एकमा अर्कोको विचारसँग असहमत हुनुहुन्न भन्दैमा तपाईंले कसैसँगको सङ्गति तोड्नु हुँदैन।

बाइबलीय अगमवाणीमा केही आवश्यक सत्यहरू छन्। यी ति सत्यहरू हुन् जुन यति स्पष्ट छन् कि बाइबलमा विश्वास गर्ने सबैले तिनीहरूलाई स्वीकार गर्छन्। यी सिद्धान्तहरूले ख्रीष्टियान जीवन र ख्रीष्टियान सिद्धान्तको सम्पूर्ण प्रणालीलाई असर गर्छ। आउनुहोस् बाइबलीय अगमवाणीमा अन्तिम घटनाहरूको बारेमा प्रकट गरिएका चार आवश्यक सत्यहरू हेरौं।

### येशुको भौतिक पुनरागमन

येशु यस पृथ्वीमा दृश्यात्मक रूपमा फर्कनुहुनेछ। यद्यपि उहाँ आत्मिक रूपमा पृथ्वीमा विश्वासीहरूसँग उपस्थित हुनुहुन्छ, उहाँ आफ्नो महिमित, सारा पृथ्वीको दृष्टिमा पुनरुत्थानको रूपमा फर्कनुहुनेछ। (प्रकाश १:७ पढ्नुहोस्)।

► येशु फर्कनुहुँदा के-के हुनेछन्?

ख्रीष्टको पुनरागमन पार्थिव इतिहासको चरमोत्कर्ष हुनेछ। संसारका राज्यहरू ख्रीष्टका राज्यहरू हुनेछन्। उहाँप्रति वफादार भएकाहरूलाई पुरस्कृत र सम्मान गरिनेछ। उहाँको विरुद्धमा विद्रोह गर्नेहरूलाई पतन गरिनेछ, र उहाँसँग सबै विरोधहरू जित्ने शक्ति हुनेछ। (मत्ती २६:६४ पढ्नुहोस्)। हरेक घुँडा टेक्नेछ, र हरेक जिब्रोले येशु प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नेछ (फिलिप्पी २:१०-११)।

मरेका ख्रीष्टियनहरू येशुसँग शासन गर्न पुनरुत्थान हुनेछन् (२ तिमोथी २:१२)। उहाँ प्रकट हुँदा तिनीहरू र जीवित सबै ख्रीष्टियानहरूको प्रभुलाई भेट्न पुनरुत्थान हुनेछ। (१ थेसलोनिकी ४:१६-१७)।

येशुको पुनरागमन सबै ख्रीष्टियनहरूको धन्य आशा हो। (तीतस २:१३ पढ्नुहोस्) उहाँको पुनरागमनको अर्थ के हो भनेर सोच्नुहोस्: सतावट, पीडा र शोकको अन्त्य; सन्त र ख्रीष्टियन प्रियजनहरुसँग पुनर्मिलन; हाम्रो विश्वास व्यर्थ भएको छैन भन्ने प्रमाण; येशु आफैंको दृश्य; र स्वर्गमा प्रवेश र परमेश्वरसँग अनन्त जीवनको पूर्णता। यी मध्ये कुनै पनि कुरा उहाँको फर्किने समयमा भर पर्दैन, तर उहाँले प्रतिज्ञा गरेअनुसार उहाँ फर्कनुहुनेछ भन्ने कुरामा मात्र भर पर्छ।

"मृत्यु र अन्तिम पुनरुत्थानको दिनलाई खुशीसाथ नपर्खनेले ख्रीष्टको विद्यालयमा कसैले पनि प्रगति गरेको छैन। हामी प्रभुको आगमनको आकांक्षाका साथ प्रतीक्षा गरौं किनभने यो सबै भन्दा खुशीको कुरा हो। उहाँ हामीकहाँ उद्धारकर्ताको रूपमा आउनुहुनेछ र उहाँको जीवन र महिमाको त्यो धन्य उत्तराधिकारमा हामीलाई डोर्याउनुहुनेछ।"
जोन क्याल्भिन
*शिक्षाहरू* बाट लिइएको

येशुले भन्नुभयो कि उहाँ शक्ति र महिमाका साथ फर्कनुहुनेछ (मत्ती २४:३०)। उहाँले आउनुहुने प्रतिज्ञा गर्नुभयो र आफ्ना मानिसहरूलाई उहाँसँग बस्नको लागि लैजानुहुन्छ (यूहन्ना १४:३)। स्वर्गदूतहरूले भने कि उहाँ जसरी स्वर्गमा जानुभएको थियो त्यसरी नै उहाँ फर्कनुहुनेछ (प्रेरित १:११)। यस संसारको लागि परमेश्वरको अन्तिम योजना स्थापित गर्न ख्रीष्ट फर्किने प्रतीक्षा गर्दै प्रेरितहरूले पश्चात्तापको प्रचार गरे। (प्रेरित ३:१९-२१ पढ्नुहोस्)। येशु यस पृथ्वीमा फेरि शक्ति र महिमामा फर्कनुहुनेछ भन्ने कुरा नयाँ नियममा बारम्बार सिकाइएको छ।[19]

यद्यपि त्यहाँ येशुको दोस्रो आगमन भन्दा पहिले चिन्हहरू छन्, हामीलाई ठ्याक्कै थाहा छैन उहाँ कहिले फर्कनुहुन्छ। विश्वासीहरूका लागि सधैं येशुको आगमनको आशा गर्नु र त्यसअनुसार जीवन बिताउनु राम्रो हो। (मर्कूस १३:३३-३७ पढ्नुहोस्)।

► येशु किन फर्किदै हुनुहुन्छ?

हामी यस्तो संसारमा बस्छौं जहाँ अधिकांश मानिसहरू परमेश्वरको विरुद्धमा विद्रोहमा छन्। सम्पूर्ण सृष्टि पापको श्रापबाट ग्रस्त छ। राजनैतिक कार्य, सामाजिक सुधार, सुधारिएको शिक्षा वा समृद्ध अर्थतन्त्रले संसारलाई कहिल्यै सिद्ध बनाउँदैन। येशुले आफ्नो सृष्टिलाई ठीक गर्न फर्कने राजाको रूपमा अचानक प्रवेश गर्नुहुनेछ।

सबै मानिसहरू पापी छन्, तर यदि तिनीहरू स्वेच्छाले अहिले परमेश्वरको राज्यमा सामेल भए भने, तिनीहरू आउँदै गरेको न्यायबाट बच्न सक्छन्। पश्चात्ताप गर्ने र विश्वास गर्नेहरूका बीचमा परमेश्वरको राज्यले काम गरिरहेको छ (मर्कूस १:१४-१५, मर्कूस ९:१)। त्यो राज्य येशुको पुनरागमनमा पूर्ण रूपमा र खुला रूपमा आउनेछ।

► हामीलाई थाहा छ कि येशु फेरि आउँदै हुनुहुन्छ यसकारण हामी कसरी जिउनु पर्छ ?

हामीले प्रारम्भिक ख्रष्टियानहरूको प्राथमिकताहरू सम्झनुपर्छ। हामीलाई हाम्रो विश्वास (१ कोरिन्थी १६:१३) र सहनशिलता (मत्ती २४:१३) अन्त्यसम्म जोगाइराख्न बोलाइएको छ। हामीलाई आनन्द र संसारका चीजहरूमा रमाएर ख्रीष्टको आगमनको बारेमा नबिर्सन चेतावनी दिइएको छ (लूका २१:३४-३६)। हामी अनन्त मूल्यहरू अनुसार बाँचिरहेका छौं किनकि यस संसारका चीजहरू बितेर जानेछन् (२ पत्रुस ३:११-१३)। हामीलाई उहाँको उपस्थितिको लागि आकाशमा हेरेर होइन, तर उहाँको आगमनले हामीलाई तयारी नभएको अवस्थामा भेट्टाउनुहोला भनेर आत्मिक रूपमा सतर्क रहन भनिएको छ (मर्कूस १३:३३-३७)। हामी पवित्रताको लागि प्रार्थना गर्छौं र शुद्ध जीवन बिताउँछौं किनभने हामी उहाँ जस्तै हुन चाहन्छौं (१ यूहन्ना ३:३)।

आज येशु आउनुहुनेछैन भनी जीवन बिताउनेहरू उहाँको पुनरागमनको लागि तयार हुनेछैनन्। येशुको आगमन बिजुली जस्तै हुनेछ (मत्ती २४:२७; १ कोरिन्थी १५:५२), यति अचानक कि उहाँ प्रकट भएपछि कसैलाई पनि केही परिवर्तन

---

[19] १ थेसलोनिकी ४:१५-१६; २ थेसलोनिकी १:७, १०; तीतस २:१३; हिब्रू ९:२८; याकूब ५:७-८; १ पत्रुस १:७, १३; २ पत्रुस १:१६, २ पत्रुस ३:४, १२; १ यूहन्ना २:२८

गर्न समय हुनेछैन। १ थेसलोनिकी ५:१-६ ले देखाउँछ कि जो अन्धकारमा छन्, जो यस संसारको लागि बाँचिरहेका छन्, प्रभुको पुनरागमनले छक्क पर्नेछन्। तिनीहरूको लागि, उसको पुनरागमन चोरको घुसपैठ जस्तै हुनेछ। विश्वासीहरूका लागि, उहाँको पुनरागमन डरलाग्दो हुनेछैन, तर दुलहीको लागि दुलहाको आगमन जस्तै ठूलो आनन्द ल्याउनेछ (यूहन्ना १४:२-३)।

हामी येशुको आगमनको पर्खाइमा छौं

१. अनन्त प्राथमिकताहरू राखेर
२. पवित्रतामा जीवन बिताएर
३. प्रार्थनाद्वारा आत्मिक रूपमा आफूलाई सुरक्षित राख्दै

## सबै मानिसको शारीरिक पुनरुत्थान

हामीलाई थाहा छ कि शरीरको अनन्त मूल्य छ किनभने बाइबलले सबै मानिसहरूको पुनरुत्थान सिकाउँछ। पुनरुत्थानको सिद्धान्त आवश्यक छ। हामी यो जान्दछौं किनभने प्रेरित पावलले सबै १ कोरिन्थी १५ अध्यायमा पुनरुत्थानको सिद्धान्तको रक्षाको बारेमा लेख्नुभएको छ। पुनरुत्थानलाई अस्वीकार गर्नु भनेको सुसमाचारको इन्कार हो भनी उहाँले व्याख्या गर्नुभयो। यदि त्यहाँ कुनै पुनरुत्थान छैन भने, येशु जीवित हुन सक्नुहुन्न (१ कोरिन्थी १५:१३)। यदि येशु मृतकबाट जीवित भई उठ्नुभएन भने, सुसमाचार सत्य हुन सक्दैन, र कोहीले पनि साँच्चै मुक्ति पाएनन् (१ कोरिन्थी १५:१७)।

प्रत्येक व्यक्तिको पुनरुत्थान हुनेछ, तर सबै मानिसहरूको पुनरुत्थान एकै समयमा हुनेछैन। येशु फर्किंदा, उहाँले सबै ख्रीष्टियानहरूलाई उठाउनुहुनेछ, मरेकाहरूलाई उठाउनुहुनेछ (१ थेसलोनिकी ४:१६-१७; प्रकाश २०:६)। पापहरूमा मरेकाहरूलाई पहिलो पुनरुत्थानको लागि स्वीकार गरिएको छैन। तिनीहरू पछिको समयमा न्यायको लागि उठाइनेछन् (प्रकाश २०:१३)।

ख्रष्टियानहरू येशु जस्तै महिमित शरीरहरूमा उठाइनेछन् (१ यूहन्ना ३:२)। अपरिवर्तित पापीहरू अनन्त दण्डको लागि कुनै अर्को रूपमा उठ्नेछन् (यूहन्ना ५:२८-२९)।

"हे मृत्यु, तिम्रो खिल कहाँ छ?
हे पाताल, तिम्रो विजय कहाँ छ?
ख्रीष्ट जीवित हुनुभयो, र तँ चाहिँ समाप्त भइस्।
ख्रीष्ट जीवित हुनुभयो, र दुष्टात्माहरू तल फ्याँकिए।
ख्रीष्ट जीवित हुनुभयो, र स्वर्गदूतहरू रमाउँछन्।
ख्रीष्ट जीवित हुनुभयो, र जीवन स्वतन्त्र भयो।
ख्रीष्ट जीवित हुनुभयो,
र चिहान मरेकाहरूबाट खाली गरियो:
किनकि ख्रीष्ट, मृत्युबाट जीवित हुनुभएर,
उहाँ सुतेकाहरूका अगुवा र तिनीहरूलाई जीवित
बनाउनुहुने हुनुभएको छ।
उहाँको महिमा र शक्ति सदासर्वदा रहोस्। आमेन।"
क्रिसोस्टोम,
"इस्टर होमिली"

► यदि तपाईंले शरीर पुनरुत्थान हुनेछ भनेर विश्वास गर्नुभएन भने, यसले तपाईंलाई के फरक पार्छ?

हामी एक दिन पुनरुत्थान हुनेछौं भन्ने विश्वासले हाम्रो जीवनशैलीलाई असर गर्छ। यसलाई अस्वीकार गर्ने मानिसहरूका उदाहरणहरू हेरेर हामी सिद्धान्तको व्यावहारिक प्रभावहरू देख्न सक्छौं। कोरिन्थीको मण्डलीका केही मानिसहरूले मानव शरीर पुनरुत्थान हुनेछ भनी इन्कार गरे। यस त्रुटिलाई विश्वास गर्नेहरू दुई स्थानमा विभाजित भए।

कतिपयले भने, **"शरीरको पुनरुत्थान नहुने भएकोले, आत्मा मात्रै महत्त्वपूर्ण छ**। यसको मतलब यो हो कि हामीले शरीरमा गरेका पापहरू गम्भीर छैनन्। हामी व्यभिचार पनि गर्न सक्छौं किनभने शरीर जसरी पनि त्यागिनेछ।"

केही कोरिन्थीहरूले "खाना पेटको लागि र पेट खानाको लागि हो" भन्ने नारा लगाएको जस्तो देखिन्थ्यो, जसको अर्थ शरीर चाहनाहरूको भोग मात्र हो। पावलले तिनीहरूलाई भने कि मानिसहरूलाई शरीरको दुरुपयोगको लागि न्याय गरिनेछ (१ कोरिन्थी ६:१३)। उहाँले भन्नुभयो कि शरीर प्रभुको लागि हो, र उहाँले येशुको शरीरलाई उठाए जस्तै परमेश्वरले हाम्रो शरीरलाई उठाउनुहुनेछ (१ कोरिन्थी ६:१४)।

अरूले भने, **"शरीरको पुनरुत्थान नहुने भएकोले, यो बेकार र दुष्ट हुनुपर्छ।** हामीले सबै शारीरिक इच्छाहरूलाई दबाउनुपर्दछ, स्वादिलो खानेकुरा खाने वा विवाहको आनन्द लिनु हुँदैन।"

यी दुबै त्रुटिहरू पुनरुत्थानलाई अस्वीकार गर्दै आएका हुन्। पुनरुत्थानको इन्कारले शरीरलाई अवमूल्यन गर्छ। तर पुनरुत्थानको ख्रीष्टियान सिद्धान्तले शरीरलाई मूल्य दिन्छ।

► १ कोरिन्थी ६:१४, १५, १९-२० पढ्नुहोस्।

यी पदहरूले ख्रीष्टियनहरूको शरीर बहुमूल्य छन् भनेर देखाउँछन् किनभने तिनीहरू

- उद्धार गरिएका छन्
- पवित्र आत्माका मन्दिरहरू हुन्
- ख्रीष्टका सदस्यहरू हुन्
- पुनरुत्थान र महिमित हुनेछन्

पुनरुत्थानको सिद्धान्त आवश्यक छ किनभने यसको अर्थ

- येशु मृत्युबाट जीवित भई उठ्नुभएको हो।
- सबै मानिसहरू जीवित भई उठाइनेछन्।
- शरीरको अनन्त मूल्य छ।
- सुसमाचार सत्य छ।

## न्याय

जसको नाम जीवनको पुस्तकमा छैन न्यायको दिन साँच्चै तिनीहरूको लागि अन्त हो। यो तिनीहरूको अस्तित्वको अन्त्य होइन, तर यो तिनीहरूको छनौट गर्ने अवसरको अन्त्य हो। अनन्तकालसम्ममा, मानिसहरूले आफ्ना निर्णयहरूको अनन्त परिणामहरू अनुभव गर्नेछन्, जुन कहिल्यै उल्टाउन सकिँदैन।

न्यायले हाम्रा छनोटहरूलाई तिनीहरूको तत्काल नतिजाभन्दा बढि महत्त्व दिन्छ। केही मानिसहरू सोच्छन् कि जबसम्म तिनीहरूले आफ्ना कार्यहरूको परिणामहरू नियन्त्रण गर्न सक्छन्, त्यहाँ चिन्ताको मान्न पर्ने अरू केही छैन। तिनीहरू विश्वास गर्न चाहन्छन् कि यदि पापले वास्तवमा कुनै हानि गर्दैन तिनीहरूको पाप खराब छैन। वास्तवमा, सबै पापले हानि गर्छ। तर यदि यसले यस जीवनमा हानि ल्याएन भने पनि, न्यायको कारणले पाप गम्भीर छ। परमेश्वरको वचनले मानिसहरूलाई तिनीहरूका कामहरूको लागि न्याय गरिनेछ भनी बताउँछ। (२ कोरिन्थी ५:१०; रोमी २:६-११ पढ्नुहोस्)।

न्यायमा, कसैलाई अनन्त दण्ड र अरूलाई अनन्त इनाममा पठाइनेछ। धर्मशास्त्रले अपरिवर्तित पापीहरूका लागि न्यायको एउटा दृश्य वर्णन गर्दछ जुन तिनीहरूका पापपूर्ण कामहरूको लागि दण्डको सामना गर्न पुनरुत्थान हुन्छन्। (प्रकाश २०:११-१५ हेर्नुहोस्)। ख्रीष्टियनहरूका लागि अर्को न्याय छ, जहाँ तिनीहरूले सार्थक, दिगो नतिजाहरू भएका कामहरूको लागि इनाम पाउनेछन्। (१ कोरिन्थी ३:१४-१५ पढ्नुहोस्)।

न्यायको अर्थ कुनै दिन पाप रहनेछैन भन्ने हो। पाप नभएको संसारको कल्पना गर्न गाह्रो छ, तर एक दिन परमेश्वरको विरुद्धमा सबै विद्रोह समाप्त हुनेछ।

हामी निरन्तर डरमा बाचेको, वा त्यो डर सही तरिकाले जीवनको जिउनका लागि हाम्रो उद्देश्य बनेको परमेश्वरको योजना होइन। यद्यपि, अगाडिको निर्णयको चेतनाले हामीलाई जवाफदेहीताको भावना दिन्छ जसले हाम्रो जीवनलाई मार्गदर्शन गर्दछ।

हामीले तलका कुराहरू बुझ्नको लागि न्यायको बारेमा जान्नुपर्छ

१. पापको महत्त्व
२. परमेश्वरप्रति हाम्रो जवाफदेहीता
३. हाम्रो रोजाइको महत्त्व
४. सबै पापको अन्त्य

## परमेश्वरको अनन्त राज्य

केही दर्शन र धर्महरूका अनुसार, समय सदाको लागि चक्रमा चल्छ, कुनै प्रारम्भ वा अन्त्य बिना, र कुनै घटनाहरू जसले चीजहरू सदाको लागि परिवर्तन गर्दैन। तर बाइबल अनुसार, समयको सुरुवात हुन्छ र घटनाहरूको शृङ्खलाले

अन्त्यमा पुग्छ। बाइबलले सृष्टि, त्यसपछि मानिसको दुखद पतन, त्यसपछि परमेश्वरले मानव इतिहासको शताब्दीयौंदेखि काम गरिरहनुभएको मुक्तिको योजनाको वर्णन गर्दछ।

उत्पत्ति ३ मा हामीले पापको सुरुवात पाउँछौं। प्रकाशको पुस्तकमा पापलाई परमेश्वरको अनन्त सहरबाट बहिष्कृत गरिएको छ (प्रकाश २१:२७)। उत्पत्तिमा हामी जीवनको रूखको क्षति र मृत्युको सजाय देख्छौं (उत्पत्ति ३:२२-२४)। प्रकाशमा हामी जीवनको रूखको पुनर्स्थापना, जीवनको पुस्तकमा नामहरू, र जीवनको पानीको नदीमा निमन्त्रणा देख्छौं (प्रकाश २२:१-२, १९)।

परमेश्वरको पूर्ण र अनन्त राज्यको आगमनले परमेश्वरको योजना पूरा गर्नेछ। परमेश्वर सधैं आफ्नो ब्रह्माण्डको राजा हुनुभएको छ, तर मानिसको पतनदेखि नै अधिकांश मानवजाति परमेश्वरको राज्यको विरुद्धमा विद्रोहमा छन्। त्यो विद्रोह अचानक अन्त्य हुनेछ, र परमेश्वरले प्रतिद्वन्द्वी बिना अनन्त शासन गर्नुहुनेछ। परमेश्वरले चाहनुभए अनुसार संसार पूर्ण रूपमा हुनेछ, जस्तै स्वर्ग छ।

### जोगिनुपर्ने त्रुटि: पार्थिव ध्यान

पार्थिव जीवन सधैंभरि चलिरहन्छ जस्तो गरी बाँच्ने मानव प्रवृत्ति छ। हामी हाम्रा अवस्थाहरू सुधार गर्ने, हाम्रा समस्याहरू समाधान गर्ने, र हामीलाई सन्तुष्ट बनाउने वातावरण सिर्जना गर्ने प्रयास गर्छौं। हामी अब्राहामजस्तै हुनुपर्छ जसले पालमा बस्दा र बारम्बार सर्ने समयको लागि अनन्त घरको अपेक्षा गरेका थिए (हिब्रू ११:८-१०, १४-१६)। हामीले सम्झनु आवश्यक छ कि हामीले निर्माण गर्ने चीजहरू, हामीसँग भएका चीजहरू, र हामीले सिर्जना गर्ने अवस्थाहरू सबै अस्थायी हुन्। हामीले अनन्त मूल्य भएका चीजहरूको लागि काम गर्नुपर्छ।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

### ख्रीष्टियान विश्वासहरूको वक्तव्य

येशु उहाँले प्रतिज्ञा गरे अनुसार फर्कनुहुनेछ, विगतका विश्वासीहरूलाई पुनरुत्थान गर्दै, र सबै विश्वासीहरूलाई आफ्नो राज्यमा शासन गर्न लैजानुहुनेछ। हरेक मानिस उसको कामको लागि न्यायको सामना गर्न मरेकाहरूबाट जीवित गरिनेछन्। उसलाई या त अनन्त इनाम दिइनेछ वा अनन्त दण्डको सजाय दिइनेछ। परमेश्वरको राज्य पूर्ण रूपमा आउनेछ, र परमेश्वरले अनन्त शासन गर्नुहुनेछ।

## पाठ १४ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- दानिएल २:३१-४५
- मत्ती २५:३१-४६
- १ कोरिन्थी १५:५१-५८
- २ पत्रुस ३:१-१४
- प्रकाश २०:११-१५

(२) परीक्षा: तपाईंले पाठ १४ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ १४ परीक्षा

(१) बाइबलीय अगमवाणीमा दिइएका अन्तिम घटनाहरूको बारेमा चार आवश्यक सत्यहरू के हुन्?

(२) येशु फर्किंदा ख्रीष्टियानहरूलाई के हुनेछ?

(३) हामीले येशुको आगमनको लागि कसरी पर्खनुपर्छ?

(४) पुनरुत्थानको सिद्धान्त किन आवश्यक छ?

(५) न्यायको बारेमा जान्दा, हामी के चार कुरा बुझ्नेछौं?

# पाठ १५

# प्राचीन विश्वासका मतहरू

## पाठका उद्देश्यहरू

(१) विद्यार्थीले व्याख्या गर्न सक्षम हुनेछ:

- विश्वासको सारको रूपमा विश्वासका मतहरूको उद्देश्य र उपयोग।
- विश्वासका मतहरूको केही बाइबलीय उदाहरणहरू।
- तीन ऐतिहासिक विश्वासका मतहरूको उत्पत्ति र विषयवस्तु।
- किन आधुनिक ख्रीष्टियानहरूले ऐतिहासिक ख्रीष्टियान धर्मलाई पक्रिराख्नु पर्छ।
- विश्वासको ख्रीष्टियान विश्वासहरूको वक्तव्य।

(२) विद्यार्थीले प्रारम्भिक मण्डलीको आधारभूत विश्वासलाई मौलिक ख्रीष्टियान धर्मको रूपमा महत्व दिनेछन्।

## परिचय

► एकसाथ सबैले २ यूहन्ना पढ्नुहोस्। यस खण्डले हामीलाई मण्डलीको मौलिक सिद्धान्तहरूको महत्वबारे के बताउँछ?

### विश्वासका मतहरूको सुरुआत

आवश्यक ख्रीष्टियान विश्वासहरूको सारांश विश्वासको मत हो। प्रारम्भिक मण्डलीले बाइबलीय सिद्धान्तलाई संक्षेप गर्न आवश्यक देख्यो।

► मण्डलीलाई किन विश्वासको मत आवश्यकता पऱ्यो? के बाइबल पर्याप्त थिएन? [20]

त्यहाँ सधैं त्यस्ता मानिसहरू हुन्छन् जसले बाइबललाई विश्वास गरेको दाबी त गर्छन् तर बाइबलको विरोध गर्ने सिद्धान्तहरू सिकाउँछन्।



*एथेनासियस, लगभग २९६-३७३ ले एउटा प्रसिद्ध ग्रन्थ "अन द इनकारनेसन" लेखे जसमा उनले येशूको पूर्ण ईश्वरत्व र पूर्ण मनुष्यत्व ख्रीष्टियान विश्वासको लागि किन महत्वपूर्ण थियो भनेर वर्णन गरे। उहाँ नाइसियन परिषदमा प्रभावशाली हुनुहुन्थ्यो, जहाँबाट नाइसियन विश्वासको मत आयो।*

---

[20] तस्विर: "S. Athanasius", retrieved from Bibliothèque Sainte-Geneviève Images, https://archive.org/details/EST84RESP8A, सार्वजनिक डोमेन।

मण्डलीले साँचो ख्रीष्टियान धर्मलाई झुटा सिद्धान्तहरूबाट छुट्टाउन बाइबलीय धर्मसिद्धान्तको कथनहरू विकास गरेको छ।

सिद्धान्तको पहिलो कथन "**येशु प्रभु हुनुहुन्छ**" थियो, जसको अर्थ येशु नै परमेश्वर हुनुहुन्छ भन्ने थियो। ***प्रभु येशु ख्रीष्ट*** शब्दहरूले पनि एक कथन बनायो, कि येशु नै मसीह हुनुहुन्छ (*क्रिस्टोस*) र उहाँ परमेश्वर हुनुहुन्छ। एक व्यक्ति जसले येशुलाई प्रभु भन्न वा *प्रभु येशु ख्रीष्ट* शब्दहरू प्रयोग गर्न अस्वीकार गर्‍यो, ऊ विश्वासी होइन।

पछि त्यहाँ मानिसहरू थिए जसले आफूलाई ख्रष्टियान हुँ भनी दाबी गरे तर विश्वास गरेनन् **येशु साँच्चै मानव हुनुहुन्थ्यो**। यसकारण यूहन्नाको पहिलो पत्रमा हामीले यो विश्वासको मतको कथन पाउछौं "यसैबाट तिमीहरू परमेश्वरका आत्मालाई चिन्छौ कि हरेक आत्मा जसले येशु ख्रीष्ट शरीरमा आउनुभएको हो भनी स्वीकार गर्छ, सो परमेश्वरबाट हो। येशुलाई स्वीकार नगर्ने हरेक आत्मा परमेश्वरबाट होइन, तर त्यो ख्रीष्ट विरोधीको आत्मा हो, जसको विषयमा "त्यो आउँछ" भन्ने तिमीहरूले सुनेका छौ। अब त्यो यस संसारमा आइसकेको छ" (१ यूहन्ना ४:२-३)। प्रेरितले यसो पनि भने कि यदि कुनै व्यक्तिले ख्रीष्टको सिद्धान्तहरू इन्कार गर्छ भने उसले पाप गर्छ र ऊ परमेश्वरको होइन (२ यूहन्ना १:९)।

"अनन्त मुक्तिको लागि यो आवश्यक छ कि उहाँले हाम्रा प्रभु येशु ख्रीष्टको अवतारलाई पनि सही रूपमा विश्वास गर्नुहुन्छ। किनभने सही विश्वास भनेको हामीले विश्वास गर्नु र स्वीकार गर्नु हो कि हाम्रा प्रभु येशु ख्रीष्ट, परमेश्वरका पुत्र, परमेश्वर र मानिस हुनुहुन्छ।"
*एथेनासियन विश्वासको मत*

धेरै कथनहरू लेखिएको सबैभन्दा प्रारम्भिक विश्वासको मत १ तिमोथी ३:१६ मा छ:

> हामी स्वीकार गर्दछौं, कि हाम्रो विश्वासको रहस्य अति महान् छ: उहाँ स्वयम् शरीरमा प्रकट हुनुभयो, पवित्र आत्माद्वारा धर्मी ठहरिनुभयो, स्वर्गदूतहरूबाट देखिनुभयो, जाति-जातिहरूका माझमा प्रचारिनुभयो, संसारमा विश्वास गरिनुभयो, महिमामा माथि उचालिनुभयो।

हामीलाई १ तिमोथीको विश्वासको मतले सम्बोधन गरिरहेको सबै समस्याहरू थाहा छैन, तर यसले परमेश्वर शरीरमा प्रकट हुनुभएको थियो भन्दछ तर यसले येशुको ईश्वरत्व र मनुष्यत्वलाई जोड दिन्छ।

यी छोटो विश्वासको मतका कथनहरूले एउटा उद्देश्य पूरा गर्‍यो। यदि भर्खर विश्वासमा आएको एक ख्रीष्टियानले येशुमा विश्वास गरेको दाबी गर्ने अर्को व्यक्तिलाई भेट्यो भने, त्यस ख्रीष्टियानले सोध्न सक्छ, "के तपाईं येशुलाई प्रभु हुनुहुन्छ भन्ने विश्वास गर्नुहुन्छ?" वा "के तपाईं येशु शरीरमा आउनुहुने परमेश्वर हुनुहुन्छ भन्ने विश्वास गर्नुहुन्छ?" यदि त्यस व्यक्तिले "होइन" भन्यो भने, त्यस ख्रीष्टियानलाई थाहा भयो कि त्यस व्यक्तिलाई वास्तवमा येशु र प्रेरितहरूले सिकाएको कुराको बारेमा थाहा थिएन वा स्वीकार गर्दैन।

पेन्तिकोस पछिका केही शताब्दीहरूमा, मण्डलीले त्रिएक, ख्रीष्टको देहधारण र पवित्र आत्माको पहिचानको बारेमा स्पष्ट कथनहरू बनाउन आवश्यक ठाने। तिनीहरूले झुटा शिक्षा विरुद्धको रक्षाको रूपमा सैद्धान्तिक स्तरहरू स्थापना गरे। विश्वासको सार, प्रत्येक ख्रीष्टियानले विश्वास गर्ने आधारभूत सत्यहरूको सारांश हो।

विश्वासको सारहरूले हरेक मुद्दालाई समेट्न सक्दैन, तर यदि कुनै व्यक्तिले ती प्रारम्भिक विश्वासको सारहरूमा कुनै कुरालाई अस्वीकार गर्यो भने त्यस व्यक्तिलाई ख्रीष्टियान मानिने थिएन। विश्वासको सारहरू ख्रीष्टयान विश्वासलाई परिभषित गर्ने प्रयासहरू थिए।

यहाँ मण्डलीका प्रारम्भिक तीनवटा विश्वासका मतहरू छन्।

### प्रेरितहरूको विश्वासको मत

प्रेरितहरूको विश्वासको मत प्रेरितहरूले लेखेका थिएनन्, तर यो दोस्रो शताब्दीमा प्रेरितहरूको सिद्धान्तहरू व्यक्त गर्न लेखिएको थियो।

> म परमेश्वर सर्वशक्तिमान् पितामा विश्वास गर्छु, स्वर्ग र पृथ्वीको सृष्टिकर्ता;
>
> म येशु ख्रीष्टमा विश्वास गर्छु, उहाँको एकमात्र पुत्र, हाम्रा प्रभु। जो पवित्र आत्माबाट गर्भधारण हुनुभयो र कन्या मरियमबाट जन्मनुभयो। उहाँले पन्तियस पिलातसको अधीनमा दुःख भोग्नुभयो, क्रूसमा टाँगिनुभयो, मर्नुभयो र गाडिनुभयो। उहाँ नरकमा ओर्लनुभयो। उहाँ फेरि पुनरुत्थान हुनुभयो। उहाँ स्वर्गमा उक्लनुभयो र सर्वशक्तिमान् परमेश्वर पिताको दाहिने हातमा विराजमान हुनुहुन्छ; त्यहाँबाट उहाँ जीवित र मरेकाहरूको न्याय गर्न आउनुहुनेछ।
>
> म पवित्र आत्मा, पवित्र क्याथोलिक मण्डली, सन्तहरूको भेट, पापको क्षमा, शरीरको पुनरुत्थान, र अनन्त जीवनमा विश्वास गर्छु।

यस्तो देखिन्छ कि यस विश्वास-मतको उद्देश्य येशु साँच्चै मानव हुनुहुन्थ्यो र कन्याबाट जन्मनुभएको थियो भनेर अस्वीकार गर्नेहरूका गल्ती पर्दाफास गर्नु थियो। येशु साँच्चै मर्नुभयो वा उहाँ शारीरिक रूपमा मृत्युबाट पुनरुत्थान हुनुभयो भनी अस्वीकार गर्नेहरू पनि थिए।

पवित्र आत्माको बारेमा प्रेरितहरूको विश्वासको सारमा धेरै थोरै भनिएको छ। यो यसकारण होइन कि मण्डलीलाई पवित्र आत्मा को हो भनेर थाहा थिएन; यो यसकारण हो कि उहाँको पहिचानको बारेमा झुटा शिक्षाहरूले मण्डलीलाई चुनौती दिएको थिएन।

यहाँ यो *क्याथोलिक* शब्दको सामान्य अर्थ "सार्वभौमिक" हो र यसको मतलब त्यहाँ एक साँचो मण्डली छ।

"पापको क्षमा" ले काम वा रीतिद्वारा नभई अनुग्रहद्वाराको मुक्तिलाई जनाउँछ।

## नाइसियन विश्वासको मत

३२५ मा एउटा मण्डली परिषदमा नाइसियन विश्वासको मतको स्थापित गरिएको थियो। यसको उद्‌देश्य ख्रीष्टको ईश्वरत्व र पवित्र आत्माको सिद्‌धान्तहरूको रक्षा गर्न थियो। ३८१ मा अर्को परिषदमा केही कथनहरू थपिएका थिए। यो विश्वासको मतले पहिले नआएका केही मुद्‌दाहरूको सामना गर्छ।

> हामी एउटै परमेश्वरमा विश्वास गर्छौं, सर्वशक्तिमान् पिता, स्वर्ग र पृथ्वीका सबै दृश्य र अदृश्य थोकहरूको सृष्टिकर्ता।
>
> अनि एउटै प्रभु येशु ख्रीष्टमा, परमेश्वरका एकमात्र पुत्र, जो सबैभन्दा पहिले प्रारम्भमा पिताबाट जन्मनुभएको, परमेश्वरबाट आउनुभएको परमेश्वर, ज्योतिबाट आउनुभएको ज्योति, साँचो परमेश्वरबाट आउनुभएको साँचो परमेश्वर, जन्माइनु भएको हो, सृष्टि गरिनु भएको होइन; पिताको जस्तै महत्व भएको। उहाँबाट सबै थोक सृष्टि भयो। हाम्रो लागि र हाम्रो मुक्तिको लागि उहाँ स्वर्गबाट आउनुभयो; उहाँ पवित्र आत्माद्‌वारा देहधारी हुनुभयो र कन्या मरियमद्‌वारा जन्मनुभयो, र मानिस हुनुभयो। उहाँ हाम्रो लागि पन्तियस पिलातसको शासनमा क्रूसमा टाँगिनुभयो; कष्ट भोगेर मर्नुभयो र गाँडिनुभयो। धर्मशास्त्रअनुसार तेस्रो दिन उहाँ फेरि जीवित हुनुभयो। उहाँ स्वर्गमा उक्लनुभयो र पिताको दाहिने हातमा विराजमान हुनुहुन्छ, उहाँ फेरि महिमाका साथ जीवित र मरेकाहरूको न्याय गर्न आउनुहुनेछ।
>
> र हामी पवित्र आत्मा, प्रभु, जीवन दिने माथि विश्वास गर्छौं। उहाँ पिता र पुत्रबाट आउनुहुन्छ, र पिताको साथमा पुत्रको आराधना र महिमा गरिन्छ।
>
> हामी एउटै पवित्र क्याथोलिक र प्रेरितीय मण्डलीमा विश्वास गर्छौं। हामी पापहरूको क्षमाको लागि एउटै बप्तिस्मा पुष्टि गर्छौं। हामी मृतकहरूको पुनरुत्थान, र आउने संसारमा जीवनको प्रतीक्षा गर्छौं।

► तपाईंले विश्वासको मतमा देख्नुभएको केही चीजहरू के हुन् जुन प्रेरितहरूको विश्विको सारमा थिएनन्?

यहाँ हामी त्रिएकका तीनवटै व्यक्तिहरूको बारेमा विस्तारित भनाइहरू देख्छौं। येशु परमेश्वर हुनुहुन्छ यद्‌यपि उहाँको ईश्वरत्वलाई कमजोर भनी विश्वास दाबी गर्नेहरूबाट बचाउको लागि ख्रीष्टको पूर्ण ईश्वरत्वलाई जोड दिइएको छ। उहाँ अनन्त हुनुहुन्छ (सबै युगहरू अघि), सृष्टि गरिनुभएको होइन, र परमेश्वर पितासँग जे छ त्यो उहाँसँग छ। पितालाई परमेश्वर भनिने कारणले गर्दा येशुलाई परमेश्वर भनिन्छ।

पवित्र आत्मालाई पिता र पुत्रलाई जस्तै आराधना गर्नुपर्छ, जसले उहाँ परमेश्वर हुनुहुन्छ भनी पुष्टि गर्छ।

## चाल्सेडोनियन विश्वासको मत

चाल्सेडोनियनको विश्वासको मत ४५१ मा लेखिएको थियो। यसको उद्देश्य ख्रीष्टको देहधारणका सिद्धान्तहरूको रक्षा गर्न नै थियो। कुनै पनि पक्षलाई अर्थहीन बन्ने गरी कम नगरी, ख्रीष्टको पूर्ण ईश्वरत्व र पूर्ण मनुष्यत्वको सिद्धान्तको रक्षा गर्नु लेखकहरूको चासो थियो।

अन्तमा लेखकहरूले भने कि उनीहरूले यी सिद्धान्तहरूलाई मण्डलीमा धर्मशास्त्रीय र परम्परागत रूपमा मान्छन्। तिनीहरूले नयाँ विचारहरू विकास गरिरहेका थिएनन् तर मण्डलीले सधैं विश्वास गरेको कुराको रक्षा गरिरहेका थिए।

> तसर्थ, पवित्र पितालाई पछ्याउँदै, एउटै पुत्र, हाम्रा प्रभु येशु ख्रीष्ट, एउटै व्यक्तिलाई ईश्वरत्वमा सिद्ध र मनुष्यत्वमा पनि सिद्ध, साँच्चै ईश्वर र साँच्चै मानव, तर्कसङ्गत आत्मा र शरीर भएको स्वीकार गर्नुपर्छ भन्ने शिक्षामा हामी सबै एकताबद्ध हुन्छौं। उहाँ आफ्नो ईश्वरत्व अनुसार पिताको रूपमा समान सारको हुनुहुन्छ, र उहाँको मनुष्यत्व अनुसार उहाँ हामी जस्तै सारको हुनुहुन्छ, सबै कुरामा हामी जस्तै, तर पाप बिना। प्रारम्भमा, उहाँको ईश्वरत्व अनुसार उहाँ पिताबाट जन्मनुभएको थियो। अन्तिम दिनहरूमा, हाम्रो लागि र हाम्रो मुक्तिको लागि, उहाँ कन्या मरियम, उहाँको मनुष्यत्व अनुसार परमेश्वरकी आमाबाट जन्मनुभएको थियो। उहाँ जन्मनुभएको एकमात्र ख्रीष्ट, पुत्र, प्रभु, हुनुहुन्छ जसलाई अपरिवर्तनशील, विभाजन गर्न नसकिने, र छुट्टाउन नसकिने, दुईवटा स्वभावमा प्रस्तुत गरिएको छ जसमा हामी झुक्किनु हुँदैन। यी दुई स्वभावहरूका कारण उहाँको पृथक स्वभावहरू नष्ट भएका छैनन् बरु उहाँको स्वभावको विशेषताहरू संरक्षित भएका छन्, र ती एकै समयमा एक व्यक्ति र एक अस्तित्वमा प्रकट हुन्छ, दुई व्यक्तिहरूमा छुट्याइएको छैन वा विभाजित गरिएको छैन, तर उहाँ एक र एउटै पुत्र हुनुहुन्छ, र जन्मनुभएको, परमेश्वरको वचन, प्रभु येशु ख्रीष्ट। जसरी अगमवक्ताहरूले सुरुदेखि नै उहाँको बारेमा बोलेका थिए, र येशु ख्रीष्टले हामीलाई निर्देशन दिनुभएको थियो, र पिताहरूको परिषदले हामीलाई विश्वास सुम्पनुभएको छ।

► के तपाईंले यस विश्वासको मतमा विशेष रूपमा जोड दिइएको केही कुराहरू देख्नुहुन्छ?

ख्रीष्टको ईश्वरत्व येशुसँग खाली स्वर्गमा मात्र भएको तर पृथ्वीमा नभएकव कुरो थिएन। प्रारम्भिक ख्रीष्टियानहरूले येशु साँच्चै शरीरमा परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्थे। पृथ्वीमा हुँदा उहाँसँग परमेश्वर र मानिसका विशेषताहरू पूर्ण रूपमा थिए। ख्रीष्टको यो स्वभावलाई उनीहरूले पृथक योग्यता भएको मुक्तिदाताको रूपमा मान्दथे।

## आजको विश्वासको मत

मण्डली सुरु भएको शताब्दीयौं बितिसकेको छ। संसार विभिन्न तरिकाले परिवर्तन भएको छ। धेरै नयाँ धार्मिक विश्वासहरू विकास भएका छन्।

> "तर जुनसुकै सिद्धान्त नयाँ छ त्यो गलत हुनुपर्छ; किनकि पुरानो धर्म मात्र सत्य हो; र कुनै पनि सिद्धान्त सही हुन सक्दैन, जबसम्म त्यो 'जो सुरुदेखि थियो' जस्तै हुँदैन।"
> जोन वेस्ली
> "विश्वासीहरू पापमा"

केही मानिसहरू सोच्छन् कि त्यहाँ कुनै पनि सिद्धान्तहरू छैनन् जुन उस्तै रहनु पर्छ। तिनीहरू आफूले चाहेको कुरामा विश्वास गर्न स्वतन्त्र महसुस गर्छन् र अझै पनि आफूलाई ख्रीष्टियान भन्छन्।

► के हामीले मण्डलीको प्रारम्भिक विश्वासको सारहरूलाई विश्वास गर्न आवश्यक छ?

प्रारम्भिक विश्वासका मतहरूमा वर्णन गरिएको बाइबलको परमेश्वर परिवर्तन हुनुहुन्न। पहिलेका विश्वासीहरू जान्दथे कि उनीहरूको विश्वासको कारणले परमेश्वरले उनीहरूलाई बचाउनुभयो। परमेश्वरको स्वभाव र मुक्तिको स्रोतको विषयका यी कथनहरू सुरुबाट नै आधारभूत ख्रीष्टियान विश्वास थिए।

यी सबै सिद्धान्तहरू नबुझेर वा तिनीहरूलाई सही रूपमा नबुझेर पनि कुनै व्यक्तिको उद्धार हुन सम्भव छ। सुसमाचारका लागि सबै सिद्धान्तहरू आवश्यक हुँदैनन्। कुनै व्यक्तिले आफूलाई थाहा भएको सत्यतालाई इन्कार गर्न सक्दैन र अझै पनि ख्रीष्टियान बन्नसक्छ, तर केही कुराहरूमा ऊ गलत हुनसक्छ।

यस पाठमा भएका प्राचीन विश्वासका मतहरूले आवश्यक सिद्धान्तहरूको बारेमा मात्र कुरा गर्छन्। यदि कुनै मण्डलीले परमेश्वरको बारेमा यी आवश्यक कुराहरू भन्दा फरक दृष्टिकोण राख्छ भने, तिनीहरूले मुक्तिको अर्को माध्यम पनि आविष्कार गर्नुपर्छ, जुन अर्को सुसमाचार हो। यदि तिनीहरूले त्यसो गर्छन् भने, तिनीहरूले आफूलाई ख्रीष्टयान भन्नुहुँदैन किनभने तिनीहरू नयाँ धर्मको अविष्कार गर्दैछन्।

निस्सन्देह, प्रत्येक व्यक्ति आफूले चाहेको कुरा सोच्न स्वतन्त्र छ, तर यदि उसमा ख्रीष्टियान विश्वास छैन भने, ऊ येशुको साँचो अनुयायी होइन।

सुरुका केही शताब्दीहरूमा हामीसँग आजको जस्तो सम्प्रदायहरू थिएनन्। त्यहाँ एउटा मण्डली थियो। त्यसैले विश्वासको सार सम्पूर्ण मण्डलीद्वारा दिइएका बयानहरू नै हुने गर्थे। आज, बाइबलको अख्तियारलाई सम्मान गर्ने मण्डलीहरूले विश्वासका मतहरू माथि विश्वास राख्छन्, यद्यपि तिनीहरू धेरै अन्य मुद्दाहरूमा असहमत छन्।

परमेश्वरसँगको सम्बन्ध सबैभन्दा महत्त्वपूर्ण कुरा हो भनी प्रारम्भिक मण्डलीलाई थाहा थियो। परमेश्वरसँगको सम्बन्धद्वारा उनीहरू बचाइएका हुन भन्ने कुरा उनीहरूलाई थाहा थियो। यसकारण परमेश्वर कस्तो हुनुहुन्छ भनी निश्चित हुनु उनीहरूको लागि आवश्यक छ।

यहूदाको पुस्तकले हामीलाई सचेत गराउँछ कि हामीले सुरुमा मण्डलीमा सुम्पिएको विश्वासको रक्षा गर्नुपर्छ (यहूदा १:३)। हामीले सेवाकाइमा विश्वासयोग्य भएर सुसमाचार प्रचार गर्दा, विश्वासीहरूलाई अनुशासित बनाउँदा र उहाँले बोलाउनुहुनेहरूलाई तालिम दिने काम गर्दा परमेश्वरले उहाँको सत्यलाई अभिषेक गर्नुभएको होस्।

### जोगिनुपर्ने त्रुटि: साम्प्रदायिक अहङ्कार

एउटै सङ्गठनमा एकताबद्ध भएको मण्डलीहरूको समूहलाई सम्प्रदाय भनिन्छ। त्यहाँ हजारौं सम्प्रदायहरू छन् जसले ख्रीष्टियान भएको दाबी गर्छन्। त्यहाँ हजारौं स्वतन्त्र मण्डलीहरू पनि छन् जुन कुनै सम्प्रदायको भाग होइनन्।

कहिलेकाहीं सम्प्रदायहरू सुसमाचारवादबाट सुरु हुन्छन्। यदि कुनै क्षेत्रमा धेरै धर्म परिवर्तन गर्नेहरू छन्, र तिनीहरूको हेरचाह गर्न कुनै सम्प्रदाय छैन भने, एउटा नयाँ सम्प्रदाय गठन हुन सक्छ। एउटा देशमा मिसन सङ्गठनको कामबाट एक सम्प्रदाय सुरु हुन सक्छ।

त्यस्ता व्यक्तिहरूको समूहबाट कहिलेकाहीँ एउटा सम्प्रदायको उत्पत्ति हुन्छ जसले आफूहरू भएका मण्डलीले कुनै एउटा महत्त्वपूर्ण सिद्धान्तलाई इन्कार गरेको वा वेवास्ता गरेको भनी तिनीहरू ठान्छन्। तिनीहरूले सैद्धान्तिक रूपमा सही हुने उद्देश्यले नयाँ सम्प्रदाय सुरु गर्छन्। तिनीहरूले बाइबललाई ख्रीष्टियानहरूको अन्य समूहहरू भन्दा फरक रूपमा बुझ्छन्, तिनीहरूका केही सिद्धान्तहरू अन्य सम्प्रदायहरू भन्दा फरक हुन्छन्।

सम्प्रदायहरूले आराधनाको लागि उचित रूपहरू र ख्रीष्टियान जीवनको विवरणहरूको बारेमा परम्पराहरू पनि विकास गर्छन्। सम्प्रदायहरू तिनीहरूको परम्परामा एकअर्काबाट भिन्न छन्।

धेरैजसो ख्रीष्टियान सम्प्रदायहरूले आफू एक मात्र साँचो मण्डली भएको दाबी गर्दैनन्। यदि कुनै मण्डलीले यस संसारमा परमेश्वरको पूर्ण मण्डली भएको दाबी गर्छ भने यसमाथि विश्वास गर्नुहुँदैन।

अविश्वासीहरूले प्रायः ख्रीष्टियान धर्मको विभाजन र विविधताको कारण विरोध गर्छन्। अविश्वासीहरूले सोच्छन् कि ख्रीष्टियान धर्मका विभिन्न सम्प्रदायहरू सबै एकअर्काको विरोधाभासपूर्ण छन्। संसारका धेरै मानिसहरूले ख्रीष्टियानहरूमा थोरै एकता छ भन्ने ठान्छन्।

सम्प्रदाय वा स्थानीय मण्डली जुन साँच्चै ख्रीष्टियान हो उसले प्रारम्भिक ख्रीष्टियान विश्वासका मतहरूका सिद्धान्तहरूमा विश्वास गर्छ। यो सबै ख्रीष्टियान सङ्गठनहरूमा अवस्थित सैद्धान्तिक एकता हो। साना सैद्धान्तिक मुद्दाहरू र परम्पराहरूमा ठूलो विविधता छ, तर हामीले ती भिन्नताहरूको कारणले त्यो मण्डली वास्तवमा ख्रीष्टियान होइन भनेर भन्न मिल्दैन।

## जोगिनुपर्ने त्रुटि: व्यक्तिगत विश्वासहरूको गलत बुझाइ

एक ख्रीष्टियान व्यक्ति परमेश्वरसँगको सम्बन्धमा रहँदा, उसले बाइबलको सत्यताको विषयमा आफ्नो बुझाइको विकास गर्छ। ऊ सधैं अरूहरूको जस्तै निष्कर्समा नपुग्न सक्छ। जसै उसले बाइबलको सत्यतालाई आफ्नो दैनिकीमा लागू गर्दछ, उसले आफ्नो निम्ति अरू ख्रीष्टियानहरूले गरे भन्दा फरक सिद्धान्तहरू र नियमहरू बनाउनेछ।

जसरी एक व्यक्तिले आफ्नो विश्वासको बारेमा सोच्दछ, उसले प्रारम्भिक ख्रीष्टियान धर्मका महत्त्वपूर्ण सिद्धान्तहरूलाई इन्कार गर्न स्वतन्त्र छु भन्ने महशुस गर्नुहुँदैन जबसम्म उसले अबदेखि म ख्रीष्टियन नै होइन भन्ने निर्णय गर्दैन।

एक ख्रीष्टियानले आफ्नो मण्डलीको स्थापित सिद्धान्तहरूमा पनि विश्वास गर्न सक्षम हुनुपर्छ। यदि उसले आफ्नो मण्डलीको सिद्धान्तहरू गलत छ भनी विश्वास गर्दछ भने मण्डलीमा सदस्यको रूपमा वास्तवमै समर्पित हुन कठिन हुन्छ।

एक ख्रीष्टियान व्यक्ति आफ्नो मण्डलीको शिक्षाद्वारा निर्देशित हुनेछ, तर उससँग आफ्नो व्यक्तिगत विश्वास हुन सक्छ जुन उसको मण्डलीका अन्य सदस्यहरू भन्दा फरक हुन पनि सक्छ। व्यक्तिगत विश्वास भनेको बाइबलमा प्रत्यक्ष रूपमा भनिएको कुरा होइन; यो बाइबलको सत्यलाई केही विषयहरूमा लागू गर्ने कसैको प्रयास हो।

हरेक ख्रीष्टियानले बाइबलको सत्यलाई आफ्नो परिस्थितिमा इमान्दारीपूर्वक लागू गर्नुपर्छ, तर उसले आफ्नो निष्कर्षबाट अरूलाई न्याय गर्न हतार गर्नु हुँदैन। सबै ख्रीष्टियानहरूले प्रारम्भिक विश्वासको सारहरूका सिद्धान्तहरू धारण गर्ने अपेक्षा गर्नु हाम्रो लागि सही छ, र मण्डलीका सदस्यहरूले आफ्नो मण्डलीको सिद्धान्तहरू धारण गरेको आशा गर्नु पनि हाम्रो लागि सही छ, तर एक ख्रीष्टियानको लागि अरू मानिसहरू उसका सबै व्यक्तिगत विश्वासहरूसँग सहमत भएको आशा गर्नु ठीक होइन।

► विश्वासको सार कम्तिमा दुई पटक सँगै पढ्नुहोस्।

## ख्रीष्टियान विश्वासहरूको वक्तव्य

धर्मशास्त्रले हामीलाई ख्रीष्टियान धर्मको मौलिक सिद्धान्तहरूलाई पक्रन र रक्षा गर्न बताउँछ। प्रारम्भिक ख्रीष्टियानहरूले सुसमाचार र परमेश्वरसँगको हाम्रो सम्बन्धको लागि आवश्यक विश्वासहरू बताए। ती कथनहरूले अझै पनि आवश्यक ख्रीष्टियान धर्मलाई परिभाषित गर्दछ।

## पाठ १५ क्रियाकलाप

(१) खण्ड कार्य: प्रत्येक विद्यार्थीलाई तल सूचीबद्ध गरिएका खण्डहरूमध्ये एउटा तोकिने छ। अर्को कक्षा सत्र अघि, तपाईंले त्यस खण्ड पढ्नुपर्नेछ र त्यसले यो पाठको विषयको बारेमा के भन्छ भनेर एउटा अनुच्छेद लेख्नुपर्नेछ।

- १ तिमोथी ३:१६
- १ तिमोथी ४:१-७
- तीतस १:७-१४
- १ यूहन्ना ४:१-३, १४-१५; १ यूहन्ना ५:१२
- यहूदा १:३-१३

(२) परीक्षा: तपाईंले पाठ १५ माथिको परीक्षणको साथ अर्को कक्षा सुरु गर्नुहुनेछ। तयारीका क्रममा परीक्षाका प्रश्नहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

(३) शिक्षण क्रियाकलाप: तपाईंको कक्षा बाहिरको शिक्षण समय तालिका बनाउन र रिपोर्ट गर्न नबिर्सनुहोस्।

## पाठ १५ परीक्षा

(१) विश्वासको मत भनेको के हो?

(२) येशुको बारेमा पहिलो सैद्धान्तिक कथनमध्ये दुई को नाम दिनुहोस्।

(३) धर्मशास्त्रमा पहिलो विश्वासको मतको सन्दर्भ के हो जसले धेरै कथनहरू बनाउँछ?

(४) प्रेरितहरूको विश्वासको मतको उद्देश्य के थियो?

(५) नाइसीयन विश्वासको मतको उद्देश्य के थियो?

(६) चाल्सेडोनियन विश्वासको मतको उद्देश्य के थियो?

# सिफारिस गरिएका स्रोतहरू

यस पाठमा छलफल गरिएका विषयहरूको बारेमा थप अध्ययन गर्न, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।


**परमेश्वरको पुस्तक**

Dockery, David S. *Christian Scripture*. Nashville: Broadman and Holman, 1995.

**परमेश्वरका गुणहरू**

Purkiser, W.T., ed. *Exploring Our Christian Faith*. Kansas City, MO: Beacon Hill Press, 1960.

Tozer, A. W. *The Knowledge of the Holy*. New York: Harper and Row, 1961.

**द ट्रिनिटी**

Morey, Robert. *The Trinity: Evidence and Issues*. Iowa Falls: Word Bible Publishers, 1996.

White, James. *The Forgotten Trinity: Recovering the Heart of Christian Belief*. Minneapolis: Bethany House Publishers, 1998.

**मनूष्यत्व**

Purkiser, W.T., ed. *Exploring Our Christian Faith*. Kansas City, MO: Beacon Hill, 1978. (See Chapter 10: "What is Man?")

**पाप**

Wesley, John. "The Doctrine of Original Sin," in *The Complete Works of Wesley. Vol. 9.*

Wilcox, Leslie. *Profiles in Wesleyan Theology*. Salem, OH: Schmul Publishing, 1985. (See Chapter 7: "Origin and Nature of Sin," 141-170.)

**आत्माहरू**

Lewis, C. S. *The Screwtape Letters*. New York: Macmillan Co., 1968.

Wesley, John. "Satan's Devices." *Wesley's 52 Standard Sermons*. Salem, OH: Schmul Publishing, 1988.

**ख्रीष्ट**

Strobel, Lee. *The Case for Christ*. Grand Rapids: Zondervan, 1998.

Zacharias, Ravi. *Jesus Among Other Gods*. Nashville: Word Publishing, 2000.

**मुक्ति**

Purkiser, W. T., ed. *Exploring Our Christian Faith*. Kansas City, MO: Beacon Hill Press, 1960. (See Chapter XI and XII: "Man's Predicament," and "The Doctrine of Atonement.")

Wilcox, Leslie. *Profiles in Wesleyan Theology*. Salem, OH: Schmul Publishing, 1985. See Chapters 9-10: "Atonement" and "Conditions of Reconciliation," 171-214.

Wiley, H. Orton and Culbertson, Paul T. *Introduction to Christian Theology*. Kansas City, MO: Beacon Hill Press, 1946.

**मुक्तिका मुद्दाहरू**

Shank, Robert. *Life in the Son*. Minneapolis: Bethany House Publishers, 1989.

Wiley, H. Orton and Culbertson, Paul T. *Introduction to Christian Theology*. Kansas City, MO: Beacon Hill Press, 1946.

**पवित्र आत्मा**

Carter, Charles. *The Person and Ministry of the Holy Spirit: A Wesleyan Perspective*. Grand Rapids: Baker Book House, 1974.

Murray, Andrew. *Andrew Murray on the Holy Spirit*. New Kensington: Whitaker House, 1998.

**मण्डली**

Noll, Mark. *Turning Points*. Grand Rapids: Baker Academic, 1997.

Oden, Thomas. *Life in the Spirit*. Peabody: Prince Press, 2001.

**अनन्त नियति**

Lewis, C. S. "The Weight of Glory," in *The Weight of Glory and Other Addresses*. New York: Macmillan Publishing, 1980.

Purkiser, W.T., ed. *Exploring Our Christian Faith*. Kansas City, MO: Beacon Hill Press, 1967. (See Chapter XXVIII, "The Future Life.")

Wesley, John. "The Great Assize." *Wesley's 52 Standard Sermons*. Salem, OH: Schmul Publishing, 1988.

**अन्तिम घटनाक्रम**

Ladd, George Eldon. *The Blessed Hope*. Grand Rapids: Eerdmans, 1992.

Wiley, H. Orton & Culbertson, Paul T. *Introduction to Christian Theology*. Kansas City, MO: Beacon Hill Press, 1949.

**प्राचीन विश्वासका सारहरू**

Gonzalez, Justo L. *The Story of Christianity, Vol. I*. New York: Harper, 2010.

Noll, Mark. *Turning Points: Decisive Moments in the History of Christianity*. Grand Rapids: Baker, 2012.

# क्रियाकलापको रेकर्ड

विद्यार्थीको नाम ____________________________

प्रत्येक कार्य पूरा भएपछि प्रारम्भिक। विद्यार्थीले ७०% वा सोभन्दा बढी अंक प्राप्त गर्दा परीक्षाहरूलाई "पूर्ण" मानिन्छ। Shepherds Global Classroom प्रमाणपत्र प्राप्त गर्न सबै कार्यहरू सफलतापूर्वक पूरा गरिनुपर्छ।

| पाठ | खण्ड | परीक्षण |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |
| ११ | | |
| १२ | | |
| १३ | | |
| १४ | | |
| १५ | | |

| कक्षा बाहिरको अध्यापन | |
|---|---|
| मिति | मिति |
| | |
| | |
| | |

Shepherds Global Classroom पूरा भएको प्रमाणपत्रको लागि आवेदन हाम्रो वेबपेज www.shepherdsglobal.org मा पूरा गर्न सकिन्छ। प्रमाणपत्रहरू डिजिटल रूपमा SGC का अध्यक्षबाट आफ्ना विद्यार्थी(हरू) को तर्फबाट आवेदन पूरा गर्ने प्रशिक्षकहरू र सहजकर्ताहरूलाई पठाइनेछ।